समतामूलक समाज जलजलाको सार
कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार

# जलजला गाउँपालिकाको दोस्रो आवधिक योजना

## (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

अन्तिम प्रतिवेदन

## जलजला गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### लामाखेत, पर्वत

### गण्डकी प्रदेश

# जलजला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लामाखेत, पर्वत
## गण्डकी प्रदेश, नेपाल

च.नं. मितिः

प.सं.

## शुभकामना

नेपाली जनताको ठूलो त्याग, तपस्या र बलिदानबाट प्राप्त संविधानसभाबाट जारी भएको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रको परिकल्पना गरेको छ । संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी एकल र साझा अधिकार सहितका तीन तहको सरकारको व्यवस्था गरेको हो । यी तीनै तहका सरकारहरू सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्त बमोजिम सञ्चालन हुने व्यवस्था गरेको छ । सङ्घ, प्रदेश र स्थानीय तहको दोस्रो निर्वाचन भई तीनै तहको निर्वाचित सरकार दृढताका साथ **"सुशासन, सामाजिक न्याय र समृद्धि"** को दीर्घकालीन सोच पूरा गर्न अगाडि बढिरहेको छ । राजनीतिक आन्दोलनपछि समृद्धिको युग पनि सुरु भइसकेको छ । सङ्घीय संरचना अनुरूप भएको दोस्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिबाट तीनै तहका सरकारहरू सञ्चालित छन् ।

निर्वाचनको क्रममा जनतासँग गरिएको प्रतिबद्धता अनुरूप विकासका सबै चरणमा जनताले परिवर्तन खोजिरहेका छन् । गाउँपालिकाको विकास र समृद्धिको चाहनालाई मूर्त रूप दिन यस आवधिक योजना तयार गरिएको हो । **"समता मूलक समाज जलजलाको सार; कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार"** दीर्घकालीन सोचलाई कार्यान्वयन गर्न र सामाजिक न्यायसहितको उच्च तथा दिगो आर्थिक वृद्धिदर हासिल गर्दै जीवनस्तरमा सुधार ल्याउने लक्ष्य पूरा गर्न उद्देश्य, रणनीति, कार्य नीति, प्रमुख कार्यक्रम र अपेक्षित उपलब्धि समेत तर्जुमा गरिएको छ । जलजला गाउँपालिका प्राकृतिक स्रोत र सांस्कृतिक सम्पदा सहितको ऐतिहासिक महत्त्व बोकेको समता तर्फ उन्मुख गाउँपालिका हो। यस गाउँपालिकाका अधिकांश सूचकहरू अरू पालिकाको तुलनामा राम्रा छन् । दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गरी उपलब्ध स्रोत र साधनलाई प्राथमिकताका साथ मितव्ययी तरिकाले परिचालन गर्दै नतिजा मूलक पारदर्शिता, जनसहभागिता, जवाफदेहिता, प्रभावकारी अनुगमन तथा भ्रष्टाचार नियन्त्रण जस्ता विषयमा विशेष जोड दिइएको यो आवधिक योजनालाई सफल कार्यान्वयन गर्न जलजला गाउँपालिका दृढताका साथ लाग्ने प्रण गर्दै यसको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न सबै सरोकारवालाहरूलाई हार्दिक अनुरोध गर्दछु ।

अन्तमा, यस आवधिक योजना तर्जुमा गर्ने कार्यमा अहोरात्र खट्ने तथा जुट्ने यहाँका स्थानीय राजनैतिक दलहरू, गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधिहरू, कर्मचारीहरू, उद्योग वाणिज्य सङ्घ, गैसस, समुदायमा आधारित अन्य सङ्घ संस्थाहरू लगायत परामर्शदाता संस्था श्री प्रज्ञा रिसर्च एण्ड डेभलपमेन्ट कन्सल्टेण्ट प्रा.लि. बूढानीलकण्ठ काठमाण्डौ लाई धन्यवाद ज्ञापन गर्दछु

धन्यवाद

राजु प्रसाद आचार्य

अध्यक्ष

# जलजला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## लामाखेत, पर्वत

## गण्डकी प्रदेश, नेपाल

च.नं. मितिः

प.सं.

## शुभकामना

विकास निरन्तर चली रहने एक गतिशील प्रक्रिया हो। सामाजिक, आर्थिक, भौतिक र सांस्कृतिक संरचनाहरूको निर्माण र पुनः निर्माणसँग मात्र सम्बद्ध हुने होइन की समकालीन समाजको मनोवैज्ञानिक र सामाजिक चेतना युक्त परिवर्तनसँग पनि यो आबद्ध हुनुपर्छ । समाज र जनता प्रति केन्द्रित भई विकासले सामाजिक परिवर्तनमा नयाँ दिशा र गतिशीलता थप्नु पर्छ । समय क्रमसँगै जनताका आवश्यकताहरू वढ्दै, फेरिदैं र परिवर्तन हुदै जाने गर्छन् । देशले अवलम्बन गर्ने योजनाबद्ध विकास प्रयासले जनताले खोजेको परिवर्तित परिवेशलाई आत्मसाथ गर्नुपर्छ । सीमित स्रोतले अनन्त आवश्यकताहरूलाई सम्बोधन गर्न योजना र कार्यक्रमहरूका साथै संस्थागत संयन्त्रहरू बीच समन्वय, सहकार्य र सामूहिक प्रयास जरुरी हुन्छ ।

नेपाली जनताले लामो संघर्ष, त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत जनताले निर्वाचित गरी पठाएका प्रतिनिधिहरूबाट गाउँपालिकाको दोस्रो पञ्चवर्षीय आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमा गरिएको हो । वर्तमान स्थानीय सरकारले प्रचलित कानुन र लोकतन्त्रका आधारभूत मूल्य मान्यताको पालनामा अटल रही **"समता मूलक समाज जलजलाको सार; कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार"** दीर्घकालीन सोच अगाडि सारिसकेको छ ।

योजनाको शब्दशः कार्यान्वयन भए मात्र योजनाका परिकल्पना र अठोटहरू वास्तविकतामा रूपान्तरण हुन्छन् । सबै विकासका कार्यक्रमहरूलाई यीनै क्षेत्रहरूमा मुखरित गराई गाउँपालिकालाई समृद्धिको मार्गमा डोर्याउने रूपरेखा सहित आवधिक योजनाको दस्तावेज तयार गरिएकोले यो योजना कार्यान्वयनमा सहजता आउने विश्वास लिएको छु । योजनाले लक्षित गरेका उद्देश्यहरू हासिल गर्ने गाउँपालिकाको प्रयासमा सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, सहकारी ,सामुदायिक, गैरसरकारी संस्थाहरू सबैको सहयोग, समन्वय र साझेदारीको आवश्यकता पर्दछ । तसर्थ सुशासन, सामाजिक न्याय र समृद्धिको अभियानलाई सहयोग गर्न तयार पारिएको यो गाउँपालिकाको दोस्रो आवधिक योजनाले मुलुककै समृद्धिको लागि पनि महत्त्वपूर्ण योगदान पुग्ने भएकोले यसको कार्यान्वयनमा सबैले हातेमालो गर्नु आजको माग हो । यस गाउँपालिकाको आवधिक योजना तर्जुमाको कार्यमा सहयोग गर्ने परामर्शदाता संस्था लगायत सम्पूर्ण सहयोगी निकाय तथा संस्थाहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

दीपक आचार्य (आकाश)

उपाध्यक्ष

# जलजला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## लामाखेत, पर्वत

## गण्डकी प्रदेश, नेपाल

च.नं.  मितिः

प.सं.

## शुभकामना

नेपाल सरकारद्वारा १६औं पञ्चवर्षीय आवधिक योजनाको लागि तयार गरिएको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** वृहत् सोच सहितको योजना र गण्डकी प्रदेशद्वारा दोस्रो आवधिक योजनाको लागि तयार गरिएको **"आत्मनिर्भर र समुन्नत प्रदेश सम्मानित प्रदेश वासी"** वृहत् सोच सहितको आवधिक योजनाले राखेका परिमाणात्मक लक्ष्यहरू पूरा गर्ने सोच सहित यो आवधिक योजना तर्जुमा गरिएको हो । यस गाउँपालिकाले पाँच वर्षे आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमा गरी विभिन्न प्रकृतिका योजना/आयोजना/कार्यक्रमहरू समावेश गरेको छ । वार्षिक तथा गौरवका आयोजनाहरू समावेश गरी तर्जुमा गरिएको आवधिक योजनामा **योजना बैंक** को पनि व्यवस्था गरिएको छ । सम्पूर्ण जलजला बासीहरूसँग अन्तर क्रियात्मक छलफल र गहन अध्ययन सहित तलबाट माथि अर्थात् Bottom up Approach का आधारमा व्यापक जनसहभागितामा आवधिक योजना तयार गरी प्रस्तुत गर्न पाउँदा हामीलाई खुसी लागेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४(५) को सहभागिता सम्बन्धी प्रावधानहरू अनुसरण गर्दै स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसार तयार गरिएको यो जलजला गाउँपालिकाको दोस्रो आवधिक योजना २०८०/०८१-२०८४/०८५ ले यस अवधि भित्र वार्षिक योजना छनौट गर्ने र ती योजनाहरू लागू गर्ने कार्यमा एक मार्गदर्शक दस्तावेजको रूपमा सहयोग गर्नेछ भन्ने हामीलाई विश्वास लागेको छ । कुनै पनि योजनाले आफै केही परिणाम मुखी कार्य गर्दैन । तसर्थ यो आवधिक योजना तयारी पश्चात् यस ले राखेका लक्ष्य र निर्देश गरिएका रणनीतिहरूको अवलम्बन गर्दै ५ वर्षको अवधिमा सम्पन्न गर्नु पर्ने आयोजनाहरू कार्यान्वयन गर्ने जिम्मा यस गाउँपालिकामा रहेको छ । जसरी यो आवधिक योजना तयारी गर्ने कार्यमा यस गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षहरू ज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, कर्मचारी वर्ग, विषय विशेषज्ञ, स्थानीय राजनीतिक दलहरू र सम्पूर्ण नगरवासीहरूको साथ र रचनात्मक सहयोग रहेको छ त्यसरी नै कार्यान्वयनको पाटोमा पनि सबै गाउँ वासीहरूको सक्रिय सहभागिता सहित रचनात्मक सहयोगको अपेक्षा गरेका छौं ।

अन्तमा,

यस गाउँपालिकाले तय गरेको **"समता मूलक समाज जलजलाको सार; कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार"** भन्ने दूरदृष्टि पूरा गर्न यो आवधिक योजनाले कोशे ढुङ्गाको रूपमा कार्य गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

फणीन्द्र प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत

## विषयसूची

**पहिलो त्रिवर्षीय योजनालाई फर्केर हेर्दा ........ १**

**परिच्छेद — एकः परिचय ........ ११**
१.१ पृष्ठभूमि ........ ११
१.२ आवधिक योजना तर्जुमाको उद्देश्य ........ १३
१.३ आवधिक योजना तर्जुमा प्रक्रिया ........ १४

**परिच्छेद — दुईः जलजलाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ........ १७**
२.१ गाउँपालिकाको परिचय ........ १७
२.२ आर्थिक विकास अवस्था ........ २३
२.२.१ कृषि तथा खाद्य सुरक्षा ........ २३
२.२.२ पर्यटन तथा संस्कृति ........ २६
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ........ २८
२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा ........ ३०
२.२.५ सहकारी ........ ३२
२.३ सामाजिक विकासको अवस्था ........ ३२
२.३.१ स्वास्थ्य तथा पोषण ........ ३२
२.३.२ शैक्षिक विकास ........ ३३
२.३.३ खानेपानी तथा सरसफाइ ........ ३४
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ ३५
२.३.५ युवा, खेलकुद तथा कला ........ ३७
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ........ ३८
२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ ३८
२.४.२ सडक, पुल तथा यातायात ........ ४०
२.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा ........ ४१
२.४.४ सूचना, सञ्चार तथा प्रविधि ........ ४३
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ ४४
२.५.१ वन तथा जैविक विविधता ........ ४४
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ ४५
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ........ ४९
२.५.४ महामारी तथा विपद् व्यवस्थापन ........ ५०
२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ ५१
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ........ ५१
२.६.२ सङ्गठनात्मक विकास ........ ५२
२.६.३ स्रोत परिचालन ........ ५३
२.६.४ योजना व्यवस्थापन ........ ५४

**परिच्छेद — तीनः सोच तथा विकासको अवधारणा......५५**
३.१ पृष्ठभूमि......५५
३.२ प्रमुख समस्या तथा चुनौती......५६
३.३ प्रमुख सम्भावना तथा अवसर......५८
३.४ सोच, लक्ष्य तथा उद्देश्य......६१
३.५ निर्देशक सिद्धान्त......६२
३.६ परिमाणात्मक लक्ष्य......६३
३.७ रणनीति तथा प्राथमिकता......६६
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट......७३
३.९ गाउँ गौरवका आयोजनाहरू......७४

**परिच्छेद — ४ः आर्थिक विकास......७७**
४.१ कृषि तथा पशुपन्छी......७७
४.१.१ पृष्ठभूमि......७७
४.१.२ समस्या तथा चुनौती......७८
४.१.३ सम्भावना तथा अवसर......७९
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना......८०
४.१.५ कार्यक्रम तथा आयोजना......८३
४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका......८७
४.१.७ अनुमान तथा जोखिम पक्ष......८९
४.२ सिँचाइ......९०
४.२.१ पृष्ठभूमि......९०
४.२.२ समस्या तथा चुनौती......९०
४.२.३ सम्भावना तथा अवसर......९१
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना......९१
४.२.५ कार्यक्रम तथा आयोजना......९४
४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका......९५
४.२.७ अनुमान तथा जोखिम पक्ष......९६
४.३ पर्यटन, संस्कृति तथा सम्पदा......९७
४.३.१ पृष्ठभूमि......९७
४.३.२ समस्या तथा चुनौती......९८
४.३.३ सम्भावना तथा अवसर......९८
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना......९९
४.३.५ कार्यक्रम तथा आयोजना......१०३
४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका......१०४
४.३.७ अनुमान तथा जोखिम पक्ष......१०५
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति......१०७
४.४.१ पृष्ठभूमि......१०७
४.४.२ समस्या तथा चुनौती......१०७

४.४.३ सम्भावना तथा अवसर ....................१०८
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....................१०९
४.४.५ कार्यक्रम तथा आयोजना ....................१११
४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ....................११२
४.४.७ अनुमान तथा जोखिम पक्ष ....................११४
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ....................११५
४.५.१ पृष्ठभूमि ....................११५
४.५.२ समस्या तथा चुनौती ....................११५
४.५.३ सम्भावना तथा अवसर ....................११६
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....................११६
४.५.५ कार्यक्रम तथा आयोजना ....................११९
४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ....................१२०
४.५.७ अनुमान तथा जोखिम पक्ष ....................१२१

**परिच्छेद — ५: सामाजिक विकास ....................१२२**
५.१ स्वास्थ्य तथा पोषण ....................१२२
५.१.१ पृष्ठभूमि ....................१२२
५.१.२ समस्या तथा चुनौती ....................१२३
५.१.३ सम्भावना तथा अवसर ....................१२४
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....................१२४
५.१.५ कार्यक्रम तथा आयोजना ....................१२७
५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ....................१२९
५.१.७ अनुमान तथा जोखिम पक्ष ....................१३१
५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन ....................१३२
५.२.१ पृष्ठभूमि ....................१३२
५.२.२ समस्या तथा चुनौती ....................१३३
५.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....................१३४
५.२.५ कार्यक्रम तथा आयोजना ....................१३९
५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ....................१४०
५.२.७ अनुमान तथा जोखिम पक्ष ....................१४२
५.३ खानेपानी तथा सरसफाइ ....................१४३
५.३.१ पृष्ठभूमि ....................१४३
५.३.२ समस्या तथा चुनौती ....................१४३
५.३.३ सम्भावना तथा अवसर ....................१४४
५.३.४ उपक्षेत्र गत लक्ष्य,  उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....................१४४
५.३.५ कार्यक्रम तथा आयोजना ....................१४६
५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ....................१४७
५.३.७ अनुमान तथा जोखिम पक्ष ....................१४७
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ....................१४८

५.४.१ पृष्ठभूमि.....१४८
५.४.२ समस्या तथा चुनौती.....१४९
५.४.३ सम्भावना तथा अवसर.....१४९
५.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१५०
५.४.५ कार्यक्रम तथा आयोजना.....१५३
५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१५६
५.४.७ अनुमान तथा जोखिम पक्ष.....१५७
५.५ युवा तथा खेलकुद.....१५८
५.५.१ पृष्ठभूमि.....१५८
५.५.२ समस्या तथा चुनौती.....१५८
५.५.३ सम्भावना तथा अवसर.....१५९
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१६०
५.५.५ कार्यक्रम तथा आयोजना.....१६२
५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१६३
५.५.७ अनुमान तथा जोखिम पक्ष.....१६४

**परिच्छेद — ६: पूर्वाधार विकास.....१६५**
६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण.....१६५
६.१.१ पृष्ठभूमि.....१६५
६.१.२ समस्या तथा चुनौती.....१६६
६.१.३ सम्भावना तथा अवसर.....१६७
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१६८
६.१.५ कार्यक्रम तथा आयोजना.....१७०
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१७२
६.१.७ अनुमान तथा जोखिम पक्ष.....१७३
६.२ सडक, पुल तथा यातायात.....१७४
६.२.१ पृष्ठभूमि.....१७४
६.२.२ समस्या तथा चुनौती.....१७५
६.२.३ सम्भावना तथा अवसर.....१७५
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१७६
६.२.५ कार्यक्रम तथा आयोजना.....१७८
६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१८०
६.२.७ अनुमान तथा जोखिम पक्ष.....१८१
६.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा.....१८२
६.३.१ पृष्ठभूमि.....१८२
६.३.२ समस्या तथा चुनौती.....१८२
६.३.३ सम्भावना तथा अवसर.....१८३
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१८३
६.३.५ कार्यक्रम तथा आयोजना.....१८५

६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१८६
६.३.७ अनुमान तथा जोखिम पक्ष.....१८७
६.४ सूचना, सञ्चार तथा प्रविधि.....१८८
६.४.१ पृष्ठभूमि.....१८८
६.४.२ समस्या तथा चुनौती.....१८८
६.४.३ सम्भावना तथा अवसर.....१८९
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१८९
६.४.५ कार्यक्रम तथा आयोजना.....१९२
६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....१९३
६.४.७ अनुमान तथा जोखिम पक्ष.....१९४

**परिच्छेद — ७ः वन, वातावरण तथा विपद व्यवस्थापन विकास.....१९६**
७.१ वन तथा जैविक विविधता.....१९६
७.१.१ पृष्ठभूमि.....१९६
७.१.२ समस्या तथा चुनौती.....१९७
७.१.३ सम्भावना तथा अवसर.....१९८
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१९८
७.१.५ कार्यक्रम तथा आयोजना.....२०१
७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....२०२
७.१.७ अनुमान तथा जोखिम पक्ष.....२०३
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन.....२०४
७.२.१ पृष्ठभूमि.....२०४
७.२.२ समस्या तथा चुनौती.....२०५
७.२.३ सम्भावना तथा अवसर.....२०५
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....२०६
७.२.५ कार्यक्रम तथा आयोजना.....२०८
७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....२०९
७.२.७ अनुमान तथा जोखिम पक्ष.....२०९
७.३ वातावरण तथा फोहोर मैला व्यवस्थापन.....२११
७.३.१ पृष्ठभूमि.....२११
७.३.२ समस्या तथा चुनौती.....२१२
७.३.३ सम्भावना तथा अवसर.....२१२
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....२१३
७.३.५ कार्यक्रम तथा आयोजना.....२१५
७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.....२१६
७.३.७ अनुमान तथा जोखिम पक्ष.....२१७
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता.....२१८
७.४.१ पृष्ठभूमि.....२१८
७.४.२ समस्या तथा चुनौती.....२१८

७.४.३ सम्भावना तथा अवसर ....... २१९
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना ....... २१९
७.४.५ कार्यक्रम तथा आयोजना ....... २२२
७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ....... २२३
७.४.७ अनुमान तथा जोखिम पक्ष ....... २२४

**परिच्छेद — ८ः संस्थागत तथा सुशासन विकास ....... २२५**
**८.१ संस्थागत विकास तथा सुशासन** ....... २२५
८.१.१ पृष्ठभूमी ....... २२६
८.१.२ समस्या तथा चुनौती ....... २२७
८.१.२ सम्भावना तथा अवसर ....... २२७
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....... २२७
८.१.५ कार्यक्रम तथा आयोजना ....... २३१
८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ....... २३३
८.१.७ अनुमान तथा जोखिम पक्ष ....... २३५

**परिच्छेद — ९ः कार्यान्वयन व्यवस्था ....... २३६**
९.१ पृष्ठभूमि ....... २३६
९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना ....... २३६
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट ....... २३७
९.४ स्रोत अनुमान तथा प्रक्षेपण ....... २३८
९.४.१ राजस्व परिचालनको अवस्था ....... २३८
९.४.२ खर्च अवस्थाको विश्लेषण ....... २३९
९.४.३ अपुग स्रोत व्यवस्थापन ....... २४०
९.५ स्रोत परिचालन रणनीति ....... २४१
९.६ आवधिक योजना कार्यान्वयन ....... २४२
९.६.१ योजना कार्यान्वयन ....... २४२
९.६.२ कार्यान्वयन प्रक्रिया ....... २४४
९.७ अनुगमन तथा मूल्याङ्कन योजना ....... २४५
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ....... २४६
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ....... २४७
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ....... २४८

**सन्दर्भ सामाग्री ....... २५०**

**अनुसूचीहरू ....... २५१**
अनुसूची — १ः वडागत छलफलका आधारमा सङ्कलित आगामी ५ वर्षकालागि प्रस्तावित कार्यक्रमहरू ....... २५१

## तालिका सूची

तालिका १: प्रथम आवधिक योजनाको आर्थिक सामाजिक र भौतिक लक्ष्य तथा उपलब्धिको विवरण....................... ९
तालिका २: वडागत छलफल योजना तर्जुमा गोष्ठी सञ्चालनको विवरण.........................................................१५
तालिका ३: जलजला गाउँपालिकाको पुन संरचना अघि र पछिको अवस्था....................................................१८
तालिका ४: जनसङ्ख्याको वडा गत वितरणको अवस्था ............................................................................२०
तालिका ५: भाषाका आधारमा जनसङ्ख्या विवरण....................................................................................२१
तालिका ६: धार्मिक आस्थाका आधारमा जनसङ्ख्या विवरण .....................................................................२१
तालिका ७: उमेर समूहका आधारमा जनसङ्ख्या विवरण..........................................................................२२
तालिका ८: जलजला गाउँपालिकाको कृषि तथा पशुपालन सर्वेक्षणको विवरण ..............................................२४
तालिका ९: जलजला गाउँपालिकाको कृषि विकासको अवस्था ...................................................................२५
तालिका १०: कृषक परिवारले चलन गरेको जग्गाको विवरण .....................................................................२५
तालिका ११: जलजला गाउँपालिकाको साना उद्यम सञ्चालकको प्रकार .........................................................२८
तालिका १२: आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्याको विवरण ............................................................३०
तालिका १३: गाउँपालिकाको खानेपानीको स्रोत सम्बन्धी विवरण ..............................................................३४
तालिका १४: शौचालय प्रयोगको प्रकार ...........................................................................................३५
तालिका १५: महिलाको प्रजनन अवस्थाका आधारमा जनसङ्ख्या विवरण......................................................३५
तालिका १६: घरमूलीका आधारमा घरपरिवारको विवरण ..........................................................................३८
तालिका १७: घरको अपनत्व सम्बन्धी विवरण.........................................................................................३९
तालिका १८: घरको छानाको प्रकार ..................................................................................................३९
तालिका १९: प्रकाशका लागि ऊर्जाको प्रयोगको स्थिति...........................................................................४१
तालिका २०: खाना पकाउने इन्धनको प्रकार ........................................................................................४२
तालिका २१: सञ्चारका उपकरणको उपलब्धता......................................................................................४३
तालिका २२: जलजला गाउँपालिकाको धरातलीय स्वरूप अनुसार भौगोलिक विभाजन .......................................४५
तालिका २३: धरातलीय भिरालोपनको स्थिति.......................................................................................४६
तालिका २४: गाउँपालिकाको पाखाको मोहोडा ......................................................................................४७
तालिका २५: जलजला गाउँपालिका को वडागत भू-उपयोगको अवस्था.........................................................४७
तालिका २६: जलजला गाउँपालिकाका निर्देशक सिद्धान्तहरू .....................................................................६२
तालिका २७: अपेक्षित परिमाणात्मक उपलब्धि.......................................................................................६३
तालिका २८: जलजला गाउँपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू...............................................६६
तालिका २९: आवधिक योजनामा खर्च व्यहोर्ने स्रोतहरू...........................................................................७३
तालिका ३०: गाउँपालिकाको आय अनुमान (रू. हजारमा) .........................................................................७३
तालिका ३१: गाउँ गौरवका आयोजनाहरू................................................................................................७४
तालिका ३२: गाउँ गौरवका आयोजनाहरूको साङ्केतिकरण .........................................................................७५
तालिका ३३: कृषि तथा पशुपालनका रणनीति तथा कार्य नीतिहरू.................................................................८०
तालिका ३४: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजना ...................................................................८३

तालिका ३५: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण....................८५
तालिका ३६: कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका....................८७
तालिका ३७: सिँचाइका रणनीति तथा कार्य नीतिहरू....................९१
तालिका ३८: सिँचाइका कार्यक्रम तथा आयोजना....................९४
तालिका ३९: सिँचाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण....................९४
तालिका ४०: सिँचाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका....................९५
तालिका ४१: पर्यटनका रणनीति तथा कार्य नीतिहरू....................९९
तालिका ४२: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजना....................१०३
तालिका ४३: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण....................१०३
तालिका ४४: पर्यटन, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका....................१०४
तालिका ४५: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्य नीति....................१०९
तालिका ४६: उद्योग, व्यापार, व्यावसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजना....................१११
तालिका ४७: उद्योग, व्यापार, व्यवसाय तथा आपुर्तिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण....................१११
तालिका ४८: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका अपेक्षित उपलब्धि तथा नतिजा खाका....................११२
तालिका ४९: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति....................११६
तालिका ५०: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजना....................११९
तालिका ५१: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण....................११९
तालिका ५२: श्रम, रोजगारी र सामाजिक सुरक्षाका अपेक्षित उपलब्धि तथा नतिजा खाका....................१२०
तालिका ५३: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्य नीतिहरू....................१२४
तालिका ५४: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजना....................१२७
तालिका ५५: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण....................१२८
तालिका ५६: स्वास्थ्य तथा पोषणका अपेक्षित उपलब्धि तथा नतिजा खाका....................१२९
तालिका ५७: शिक्षाका रणनीति तथा कार्य नीतिहरू....................१३४
तालिका ५८: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजना....................१३९
तालिका ५९: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण....................१३९
तालिका ६०: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका अपेक्षित उपलब्धि तथा नतिजा खाका....................१४०
तालिका ६१: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्य नीतिहरू....................१४५
तालिका ६२: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजना....................१४६
तालिका ६३: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण....................१४६
तालिका ६४: खानेपानी तथा सरसफाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका....................१४७
तालिका ६५: महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्य नीतिहरू १५०
तालिका ६६: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजना....................१५३
तालिका ६७: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण....................१५४
तालिका ६८: महिला, बालबालिका तथा लक्षित वर्गका अपेक्षित उपलब्धि तथा नतिजा खाका....................१५६
तालिका ६९: युवा तथा खेलकुदका रणनीति तथा कार्य नीतिहरू....................१६०
तालिका ७०: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजना....................१६२

तालिका ७१: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १६२
तालिका ७२: युवा तथा खेलकुदका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १६३
तालिका ७३: आवास तथा बस्ती विकासका रणनीति तथा कार्य नीतिहरू ........ १६८
तालिका ७४: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजना ........ १७०
तालिका ७५: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १७१
तालिका ७६: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १७२
तालिका ७७: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्य नीतिहरू ........ १७६
तालिका ७८: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजना ........ १७८
तालिका ७९: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १७९
तालिका ८०: सडक, पुल तथा यातायातका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १८०
तालिका ८१: ऊर्जाका रणनीति तथा कार्य नीतिहरू ........ १८३
तालिका ८२: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजना ........ १८५
तालिका ८३: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १८५
तालिका ८४: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १८६
तालिका ८५: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्य नीतिहरू ........ १९०
तालिका ८६: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजना ........ १९२
तालिका ८७: सञ्चार तथा सूचना प्रविधिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १९२
तालिका ८८: सूचना, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १९३
तालिका ८९: वन तथा भूसंरक्षणका रणनीति तथा कार्य नीतिहरू ........ १९९
तालिका ९०: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजना ........ २०१
तालिका ९१: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ २०१
तालिका ९२: वन तथा जैविक विविधताका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २०२
तालिका ९३: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ........ २०६
तालिका ९४: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजना ........ २०८
तालिका ९५: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ २०८
तालिका ९६: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २०९
तालिका ९७: फोहोर मैला व्यवस्थापनका रणनीति तथा कार्य नीतिहरू ........ २१३
तालिका ९८: वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजना ........ २१५
तालिका ९९: वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ २१५
तालिका १००: वातावरण तथा फोहोर मैला व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २१६
तालिका १०१: विपद् व्यवस्थापनका रणनीति तथा कार्य नीतिहरू ........ २१९
तालिका १०२: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजना . २२२
तालिका १०३: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ २२२
तालिका १०४: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २२३

तालिका १०५: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्य नीतिहरू ........ २२८
तालिका १०६: संस्थागत विकासका कार्यक्रम तथा आयोजना ........ २३१
तालिका १०७: संस्थागत विकासका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ २३२
तालिका १०८: संस्थागत विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २३३
तालिका १०९: विषयक्षेत्र अनुसार अनुमानित बजेट ........ २३७
तालिका ११०: राजस्व परिचालनको अवस्था ........ २३९
तालिका १११: खर्च बाँडफाँटको प्रक्षेपण ........ २४०
तालिका ११२: अपुग स्रोत व्यवस्थापन ........ २४०
तालिका ११३: वार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा ........ २४५
तालिका ११४: अनुगमन तथा मूल्याङ्कन खाका ........ २४८

# पहिलो त्रिवर्षीय योजनालाई फर्केर हेर्दा

नेपाली जनताको दोस्रो ठूलो जनआन्दोलन २०६२/०६३ बाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सहितको नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय सरकारको रूपमा स्थापित जलजला गाउँपालिकाले पहिलो पटक २०७७ सालमा प्रथम त्रिवर्षीय योजना (आ.व. २०७८/०७९-२०८०/०८१) तर्जुमा गरी कार्यान्वयन गरेको थियो । पर्वत जिल्लाको सुदूर उत्तरतर्फको भागलाई समेटेर गठन भएको जलजला गाउँपालिकाको आवधिक योजना निर्माण गर्दा सङ्घीय सरकारद्वारा तर्जुमा गरिएको पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१)मा समावेश दीर्घकालीन लक्ष्य, अन्तर्राष्ट्रिय स्तरमा व्यक्त प्रतिबद्धताहरू, गण्डकी प्रदेश सरकारद्वारा तर्जुमा गरिएको प्रथम प्रदेश योजनाको मर्म र भावना लगायत स्थानीय नागरिकहरूको विकासको चाहना, निर्वाचित जनप्रतिनिधिहरूको भावना, विज्ञ तथा विभिन्न सरोकारवालाहरू ले दिएको सुझाव समेतलाई आधार मानी तर्जुमा गरिएको थियो ।

जलजला गाउँपालिकाले प्रथम आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ तथा यसले निर्दिष्ट गरेका बस्ती वडा हुँदै गाउँपालिकाका सम्पूर्ण योजना तर्जुमाका चरणहरूलाई स्थानीय मौलिक एवं परम्परागत ज्ञान, अनुभव, प्रविधि तथा नयाँ ज्ञान, अनुभव र प्रविधिको स मिश्रण स्वरूपलाई व्यवस्थित तवरले परिचालन गर्ने प्रयास गरिएको थियो । उल्लिखित चरणहरूमा स्थानीय जनप्रतिनिधिहरू, राजनैतिक दल, विषयगत शाखाहरू, गैर-सरकारी सङ्घ/संस्थाहरू, नागरिक समाज, बुद्धिजीवीहरू, निजी क्षेत्र समेतको सक्रिय सहभागितामा तर्जुमा गरिएको थियो ।

संविधानले तय गरेको विकासको कार्य दिशा बमोजिम राष्ट्रिय अर्थतन्त्रलाई समाजवाद उन्मुख, आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउने सोचलाई कार्यान्वयन गर्दै दिगो विकास सहितको समृद्धिको मार्गमा राष्ट्रलाई अघि बढाउने सङ्घीय सरकारको पन्ध्रौं योजनाको सोच अनुरूप नै जलजला गाउँपालिकाले पहिलो आवधिक योजना तर्जुमा गरेको हो । नेपालमा २०५४ सालपछि धेरै लामो अन्तरालमा (२०७४ सालमा) सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरू सहितको गाउँपालिकाले गरेको पहिलो अभ्यासबाट प्राप्त दस्तावेज भएको कारण पनि भावी योजना तर्जुमा गर्ने सन्दर्भमा यसलाई आधार स्तम्भ मान्न सकिन्छ । तत्कालीन अवस्थामा गाउँपालिकाले आवधिक योजनामा योजना तथा बजेट तर्जुमा गर्दा गरिबी न्यूनीकरण, आर्थिक वृद्धि, सुशासन, विकास, सामाजिक समावेशीकरण, लोकतन्त्र आदिमा विशेष ध्यान दिइएको थियो ।

जलजला गाउँपालिकाको पहिलो आवधिक योजनालाई निर्देशित गर्नका लागि जन केन्द्रित तथा प्रतिफल मुखी विकास, बाल मैत्री शासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, अवसरमा समता र समानता, दिगो

पन, वातावरण, जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन मैत्री विकास, स्थानीयता तथा विश्वव्यापी करण, संस्थागत विकास तथा सुशासन आदि क्षेत्रमा विशेष जोड दिइएको थियो । त्यसैगरी स्थानीय स्रोत व्यवस्थापन र परिचालन सार्वजनिक निजी तथा सहकारी साझेदारीको सिद्धान्त, अभियानात्मक विकास र सामाजिक न्याय, समन्वयात्मक विकास, आवधिक योजना तथा वार्षिक योजना बीच तालमेल आदि सिद्धान्तहरू तय गरिएको थियो ।

प्राकृतिक रूपमै फलफूल तथा तरकारी खेती प्रशस्त मात्रामा उत्पादन हुने पालिकाको दीर्घकालीन सोच "फलफूल तथा कृषि उपजको आधारशिला-सुखी, समृद्ध र समता मूलक हाम्रो जलजला" कायम गरिएको थियो । गाउँपालिकाको विकासको लागि प्राप्त अनुदान तथा आन्तरिक स्रोत साधनहरूको अधिकतम मात्रमा परिचालन गरी समृद्ध एवम् समता मूलक जलजला निर्माणको आधार तय गर्ने गरी लक्ष्य किटान गरिएको थियो । प्रमुख उद्देश्यहरूमा उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुण स्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै आर्थिक विकासको आधार तयार गर्नु, गुण स्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको सर्व सुलभ पहुँचको सु निश्चितता गरी सामाजिक विकासमा सशक्त पालिका निर्माण गर्ने, स्थानीय आवश्यकताको पहिचान गरी पूर्वाधार विकासलाई प्राथमिकता दिने आदि रहेका थिए । यसैगरी वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै विपद् व्यवस्थापन र जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण गर्ने, सामाजिक न्याय र सुशासन स्थापित गरी समृद्ध हासिल गर्ने आदि समेत उल्लेख गरिएका थिए ।

बजेट तथा कार्यक्रमलाई प्राथमिक करण गर्ने सन्दर्भमा गाउँपालिकाले पूर्वाधार विकासको क्षेत्रमा कुल बजेटको ७० प्रतिशत अर्थात् रु.१३४५३८१०००/- बजेट विभिन्न उपक्षेत्र गत क्रियाकलापहरूमा विनियोजन गरिएको थियो । त्यसैगरी सामाजिक विकासको क्षेत्रलाई दोस्रो प्राथमिकता दिई रु २२६८३९०००/- (१२%) बजेट विनियोजन गरी कार्यान्वयन गरिएको थियो । विषयगत क्षेत्रको दृष्टिकोणले विश्लेषण गर्दा आर्थिक विकासको क्षेत्रमा कुल बजेटको रु २०५७०६०००/- (११%) बजेट विनियोजन गरिएको थियो भने चौथो प्राथमिकतामा परेको वन, वातावरण तथा विपद् व्यवस्थापनमा रु १२२४९३०००/- (६%) बजेट विनियोजन भएको थियो । अरू क्षेत्रको तुलनामा कम उपक्षेत्र भएको संस्थागत विकासको क्षेत्र पाँचौं प्राथमिकता अर्थात् अन्तिममा रहेको थियो जसमा झन्डै रु.२१३९८०००/- (१%) बजेट विनियोजन भएको थियो ।

## १. पूर्वाधार विकास क्षेत्र

आवधिक योजनामा पूर्वाधार विकास क्षेत्र अन्तर्गत यातायात विकासको लागि गाउँपालिकाको केन्द्र लामाखेत (कालीगण्डकी नदीको नजिक मालढुङ्गा-बेनी सडकको साइट) बाट जनसङ्ख्याको ठूलो हिस्सा भएका सबै माथिल्लो वडाहरू समेटी बाहिरी र भित्री चक्रपथ निर्माण गरी सडक सञ्चालनमा सबै स्थानीयहरूको पहुँच विस्तार गर्ने नीति अङ्गीकार गरिएको थियो ।

आवधिक योजना तर्जुमा गर्ने सन्दर्भ होस वा बजेट विनियोजन गर्ने सन्दर्भ होस उच्च स्थानमा अर्थात् पहिलो प्राथमिकतामा परेको पूर्वाधार विकासको क्षेत्रमा कुल बजेटको रु.१३४५३८१०००/- अर्थात् (७०%) बजेट विभिन्न उपक्षेत्रगत क्रियाकलापहरूमा विनियोजन गरिएको थियो जसमा यातायात पूर्वाधारमा सबैभन्दा बढी रु ११८२५५००००/- (८८%) विनियोजन भएको थियो भने दोस्रो प्राथमिकतामा आवास तथा बस्ती विकास उपशीर्षकमा रु १४८९१५०००/- (११%) बजेट विनियोजन गरिएको थियो । त्यसैगरी तेस्रो प्राथमिकतामा सञ्चार तथा सूचना प्रविधि उपशीर्षकमा रु ९१०६०००/- (०.६५%), ऊर्जा विकास अन्तर्गत जैविक तथा वैकल्पिक ऊर्जाको क्षेत्रमा रु. ४८१००००/- (०.३५%) बजेट विनियोजन गरी कार्यक्रम तर्जुमा गरिएको थियो ।

पूर्वाधार अन्तर्गत यातायात विकासमा गाउँपालिकाका प्रायः सबै बस्तीमा ग्रामीण कच्चि सडकको ट्र्याक खोल्ने कार्य पुरा भएको छ तर ग्रामीण सडकको स्तर उन्नतिको कार्य भने लक्ष्य अनुसार कार्यान्वयन हुन सकेको छैन । वारी-बेणी, माझफाँट, लेकफाँट, शालिजा पुग्ने ग्रामीण सडकको केही खण्डमा स्तर उन्नति कार्य गरिएको छ भने वडा नं. ४ मोहनचोकबाट फड्केढुङ्गा जाने ७०० मिटर बाटो पिच गर्ने कार्य सम्पन्न भएको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा कुश्माको वडा नं. २ अर्मादीदेखि भाटेवारी हुँदै जलजला गाउँपालिकाको वडा नं. ९ बनौं जाने ग्रामीण सडक पिच गर्ने कार्यको झण्डै ९५ प्रतिशत काम सम्पन्न भएको छ । वडा नं. ८ खनियाघाट दम्बाखोला नजिकदेखि सोही वडाको वडा कार्यालयसम्म पुग्ने ग्रामीण सडकको झण्डै १ कि.मि. बाटो ढलान गर्ने कार्य पनि सम्पन्न भएको छ । बाँकी ग्रामीण सडकहरूको वर्षाको सिजनमा सरसफाइ गर्नका साथै सामान्य रूपमा स्तर उन्नति गर्ने कार्यहरू नियमित रूपमा भइरहेका छन् ।

आवास तथा बस्ती विकास अन्तर्गत वडा नं. ३ को वडा कार्यालय बाहेक सबै वडा कार्यालयका भवनहरू निर्माण गर्ने उद्देश्य अनुरूप वडा नं. १, २,४,८ र ९ मा भवनहरू निर्माण सम्पन्न भई सञ्चालनमा आइ सकेका छन् । वडा नं. ७ र ८ अन्तर्गत कालीगण्डकी किनारमा बसोबास गर्दै आएका सर्वसाधारणहरूको घर २०७७ सालमा आएको बाढी पहिरोले क्षति गरेकोले १४ वट नयाँ घरहरू असल छिमेकी नामक गैर-सरकारी संस्थाको समेत सहयोगमा निर्माण गरिएको थियो ।

सञ्चार तथा सूचना प्रविधि अन्तर्गत गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूलाई प्रविधि मैत्री बनाउने प्रयास गरिएको थियो । योजना अवधिको अन्त्य सम्ममा कार्यपालिकाको कार्यालय सहित सबै वडा कार्यालयहरू सफ्टवेयरमैत्री भई सेवा प्रवाह गरिरहेका छन् ।

### १.१ योजनाबाट गरिएको अपेक्षा र प्राप्त उपलब्धि

पूर्वाधार विकासको क्षेत्रमा आवधिक योजनाबाट राखिएको अपेक्षा र प्राप्त उपलब्धिका बारेमा अध्ययन गर्दा अधिकांश सूचकहरूले प्रतिफल प्राप्त गरेको अवस्था छ । ३० मिनेट सम्मको दूरीमा सबै घर परिवारको (१००%) सडक पहुँच पुगेको हुनेछ भन्ने अपेक्षा राखिएकोमा झण्डै ८० प्रतिशत घरपरिवारमा पहुँच पुगेको छ । सर्वयाम सडकको लम्बाइ ८५ कि. मि. राखिएकोमा योजना अवधिभरमा ४५ कि. मि. पुरा भएको छ । त्यसैगरी यातायात सुचारु सडकको लम्बाइ ७० कि.मि. राखिएकोमा योजना अवधिभर १६० कि. मि. पुरा भएको छ । ग्राभेल सडक ३० कि. मि. पुरा गर्ने लक्ष्य राखिएकोमा १५ कि.मि. मा सीमित गरिएको छ ।

### १.२ योजना कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरू

आवधिक योजनामा समावेश भएका योजना/कार्यक्रमको कार्यान्वयन गर्ने सन्दर्भमा २०७७ सालबाट विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ ले लामो समयसम्म ठूलो असर गर्‍यो । २०७७ सालमा गाउँपालिकाको कार्यालय पुरा ४ महिना बन्द गरेर कोभिड नियन्त्रणको लागि सबै जनप्रतिनिधि कर्मचारीहरू खटिन परेको थियो । २०७८ सालमा पनि कोभिड-१९ महामारीका कारण सहज ढङ्गले विकासका कामहरू सञ्चालन हुन सकेनन् । सङ्घीय सरकारले सालबसाली स्थानीय सरकारलाई उपलब्ध गराउँदै आएको बजेट सिलिङ्ग महङ्गीको तुलनामा वृद्धि हुन सकेन । जलजला गाउँपालिकाको प्रमुख आम्दानीको स्रोतका रूपमा रहेको कालीगण्डकी नदीबाट नदी जन्य पदार्थ उत्खनन गर्न रोक लगाउँदा झण्डै वार्षिक ४ करोडसम्म राजस्वमा कमी आयो । यसबाट पनि तर्जुमा गरिएका योजना/कार्यक्रमहरू कार्यान्वयन गर्न सहज भएन । त्यसैगरी द्रुतगतिमा बढ्दै गएको देशब्यापी महङ्गीले पनि योजना कार्यान्वयनमा ठूलो असर गर्यो । आवधिक योजनामा समावेश गरिएको बजेट कार्यान्वयनको सन्दर्भमा अपूरो भएका कारण पनि योजनाहरू सहज ढङ्गले सञ्चालन हुन सकेनन् । उल्लिखित समस्याहरूको अतिरिक्त स्थानीय सरकारमा बढी राजनैतिक खिचातानी हुनु, पूर्वाधार विकाससँग सम्बन्धित योजना तथा कार्यक्रमहरूले गुणस्तर कायम गर्न आवश्यक दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु आदि रहेका छन् ।

## १. सामाजिक विकास

दोस्रो प्राथमिकतामा परेको सामाजिक विकास क्षेत्रलाई कुल बजेट मध्ये रु २२६८३९०००/- (१२%) बजेट विनियोजन गरी सोही अनुसारका उपक्षेत्रहरूमा रहेर योजनाहरू तर्जुमा गरिएको थियो । यो क्षेत्रभित्र सबैभन्दा बढी अर्थात् पहिलो प्राथमिकतामा शिक्षा उपक्षेत्र परेको थियो जसमा रु. ५९७९२०००/-(२६%) बजेट विनियोजन गरिएको थियो । त्यसैगरी दोस्रो प्राथमिकतामा स्वास्थ्य तथा पोषण रु. ५४८५००००/-(२४%), तेस्रो प्राथमिकतामा युवा तथा खेलकुद रु. ३८१२२०००/-(१७%) र चौथो प्राथमिकतामा खानेपानी तथा सरसफाइमा रु. ३६८५३०००/-(१६%) बजेट विनियोजन गरी कार्यक्रमहरू तर्जुमा गरिएको थियो । त्यसैगरी पाँचौं प्राथमिकतामा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक समावेशीकरणमा रु. ३०८०५०००/-(१४%) बजेटको हिस्सा विनियोजन भएको थियो । सामाजिक विकास क्षेत्रको छैठौं प्राथमिकतामा सामाजिक सुरक्षा तथा संरक्षण रु. ३६०००००/-(२%) र अन्तिम तथा सातौं प्राथमिकतामा जनसङ्ख्या तथा बसाइ सराई रु. २८१७०००/-(१%) बजेट विनियोजन गरिएको थियो ।

## २.१ योजनाबाट गरिएको अपेक्षा र प्राप्त उपलब्धि

आवधिक योजनामा दोस्रो प्राथमिकताको क्षेत्रमा परेको सामाजिक विकास क्षेत्र अन्तर्गत ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार ७९ प्रतिशत रहेकोमा योजना अवधिभरिको लक्ष्य ८१ प्रतिशत राखिएको मा योजना अवधिको अन्त्य सम्ममा ९५ प्रतिशत पुगेको छ । आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या आधार वर्षमा ९५ प्रतिशत रहेकोमा योजना अवधि भर ९८ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको मा योजना अवधि भर ९९ प्रतिशत पुगेको छ । शिक्षा तर्फ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति अन्तर्गत ५ वर्ष माथिको साक्षरता दर ९० प्रतिशत बाट ९५ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको मा योजना अवधिमा कुनै उपलब्धि हासिल नभएको देखिन्छ । त्यसैगरी गाउँपालिकामा स्वास्थ्य सेवा सर्व सुलभ बनाउने अपेक्षा अन्तर्गत ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेको जनसङ्ख्या ७० प्रतिशत बाट वृद्धि गरी ८१ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा उपलब्धि ८० प्रतिशत पुगेको छ । स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या ९५ प्रतिशत पुगेको हुनेछ भनी लक्ष्य लिइएको मा हाल ९० प्रतिशत रहेको छ । सेप्टिटङ्की सहितको शौचालय भएको परिवार ९५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा हाल ६०.१६ प्रतिशत मा सीमित छ । महिला घरेलु हिंसा १३ प्रतिशत बाट घटाएर ५ प्रतिशतमा झार्ने लक्ष्य राखिएको मा हाल ७ प्रतिशत नै रहेको छ । विद्युतमा पहुँच प्राप्त घर धुरी सङ्ख्या ९९.५ बाट १०० पुऱ्याउने लक्ष्य लिइएको मा हाल ९९.५ प्रतिशत रहेको छ ।

## २.२ योजना कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरू

आवधिक योजनालाई कार्यान्वयन गर्ने महत्त्वपूर्ण समयमा कोभिड- १९ जस्तो विश्वव्यापी महामारीले कार्यान्वयन तहमा ठूलो असर गर्यो । सामाजिक विकास क्षेत्रमा विनियोजित बजेट शीर्षकलाई कटौती गरी

बजेट रकमान्तर मार्फत स्वास्थ्य उपक्षेत्रमा थप बजेटको व्यवस्था गरी कोभिड विरुद्धको उपचार र रोकथामको क्षेत्रमा लगानी गरिएको थियो । सामाजिक विकास क्षेत्रमा समावेश भएका अन्य धेरै कार्यक्रमहरू रकमान्तर भएका कारण सञ्चालन हुन सकेनन् । त्यसैगरी स्थानीय राजस्व सङ्कलनमा व्यापक कटौती हुने, केन्द्रीय बजेट सिलिङ बढ्न नसक्ने, गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सामाजिक विकासको क्षेत्रलाई कम महत्त्व दिने, गाउँपालिकामा बढी राजनीतिक खिचातानी हुने आदि कारणहरूले गर्दा लक्ष्य अनुसार उपलब्धि प्राप्त गर्न सहज नभएको गाउँपालिकाको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## ३ आर्थिक विकास

आर्थिक विकास अन्तर्गत जलजला गाउँपालिका कृषि, तरकारी तथा फलफूलको लागि गण्डकी प्रदेशमा नाम कमाएको क्षेत्र मानिन्छ । यो क्षेत्रको लागि आवधिक योजनामा कुल बजेटको रु. २०५७०६०००/- (११%) बजेट विनियोजन गरिएको थियो । उपक्षेत्र गत रूपमा हेर्दा कृषिलाई पहिलो प्राथमिकता दिई रु. ७०४९८०००/- (३४%) विनियोजन गरिएको थियो । यसैगरी दोस्रो प्राथमिकता उद्योग, वाणिज्य तथा आपूर्ति रु. ५२६४३०००/- (२६%) र तेस्रो प्राथमिकतामा सिँचाई तथा जलस्रोत परेको थियो जसमा ३२५८५०००/- (१६%), बजेट छुट्टाइएको थियो । चौथो प्राथमिकतामा पर्यटन रु. २१६२४०००/- (११%), पाँचौं प्राथमिकतामा पशु विकास कार्यक्रम रु. १२२३४०००/- (६%), छैठौंमा वन, वनस्पति तथा वनसम्पदा रु. १०१०५०००/- (५%), तथा सातौं तथा अन्तिम उपक्षेत्र पोषण तथा खाद्य सुरक्षामा रु. ६०१७०००/- (२%) बजेट विनियोजन गरिएको थियो ।

### ३.१ योजनाबाट गरिएको अपेक्षा तथा प्राप्त उपलब्धि

मानवीय आधारभूत आवश्यकतासँग प्रत्यक्ष सम्बन्ध जोडिएको आर्थिक विकास क्षेत्रलाई जलजला गाउँपालिकाले आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा तेस्रो प्राथमिकतामा राखेर योजना, कार्यक्रम तथा बजेट विनियोजन गरेको थियो । कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी जलजला गाउँपालिकालाई कृषि उपजमा आत्म निर्भर बनाउने प्रतिफल राखिएको मा प्रमुख बालीको उत्पादकत्व (धान, कोदो, मकै, फापर, गहुँ, जौ) प्रति हेक्टर १.९ बाट वृद्धि गरी २.३ मे.टन प्रति हेक्टर पुऱ्याउने लक्ष्य रहेकोमा हाल २.५ मे.टन प्रति हेक्टर पुगेको छ । सुन्तलाको उत्पादकत्व ८.४ मे. टन प्रति हेक्टर बाट १० मे.टन प्रति हेक्टर पुऱ्याउने लक्ष्य रहेकोमा हाल ९ मे.टन प्रति हेक्टर, आलु बालीको उत्पादकत्त्व १५ मे. टन प्रति हेक्टर बाट १८ मे.टन प्रति हेक्टर पुऱ्याउने लक्ष्य रहेकोमा हाल १४.५ मे.टन प्रति हेक्टर, किवीको उत्पादकत्व ४.५ मे. टन प्रति हेक्टर ५.६ मे.टन प्रति हेक्टर पुऱ्याउने लक्ष्य रहेकोमा हाल ११ मे.टन

प्रति हेक्टर पुगेको छ । नदी जन्य आम्दानीबाट वार्षिक आम्दानी ० बाट वृद्धि गरी रु १०० प्रतिशत पुऱ्याउने लक्ष्य भए पनि सर्वोच्च अदालतको अन्तरिम आदेशका कारण नदी जन्य पदार्थको उत्खनन तथा सङ्कलन योजना अवधि भर हुन सकेन । ४० प्रतिशत खेती योग्य जमिनमा वृद्धि गरी ४५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा उपलब्धि जम्मा ४० प्रतिशत नै रहेको छ । पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या ५० बाट बढाएर ११० पुऱ्याउने लक्ष्य रहेकोमा योजना अवधि भरमा ७० पुगेको छ ।

## ३.२ योजना तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरू

अन्य क्षेत्रहरू जस्तै आर्थिक विकास क्षेत्र र यो सँग सम्बन्धित उपक्षेत्रहरूमा पनि सहज रूपमा योजना तथा कार्यक्रमहरू सञ्चालन हुन सकेनन् । निर्धारण गरिएका योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि अति आवश्यक पर्ने बजेटको स्रोत भनेको स्थानीय सरकारको राजस्व र प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान रकम हो । कोभिड-१९ लगायत अन्तर्राष्ट्रिय प्रभावका कारण नेपालमा बढ्दै गएको आर्थिक मन्दीले योजना तथा कार्यक्रम कार्यान्वयनमा अवरोध सिर्जना गर्यो । गाउँपालिकाको आन्तरिक राजस्व ह्वात्तै घट्नु, स्थानीय तहलाई प्राप्त हुने केन्द्रीय सिलिङमा समय सापेक्ष वृद्धि हुन नसक्नू, कृषि, पशु जस्ता महत्त्वपूर्ण उपक्षेत्रहरूमा बजेट अभावका कारण प्राविधिक कर्मचारीहरू नियुक्त गरेर सहजीकरण गर्न नपाउनु, बसाइ सराईको चापलाई घटाउन नसक्नू, युवाहरू विदेश पलायन हुनु आदि जस्ता कारणहरूले गर्दा लक्ष्य अनुसारको उपलब्धि हासिल हुन नसकेको तीतो यथार्थता गाउँपालिकामा रहेको छ ।

# ४ वातावरण तथा विपद् व्यवस्थापन

गाउँपालिकाले प्रथम आवधिक योजनामा वन वातावरण तथा विपद् व्यवस्थापनलाई बजेट विनियोजन तथा कार्यक्रम तर्जुमाको सन्दर्भमा चौथो स्थान अर्थात् चौथो प्राथमिक क्षेत्रमा राखिएको थियो । यो क्षेत्रभित्रका उपक्षेत्रहरूको प्राथमिकता र विनियोजित बजेटको अवस्थालाई केलाउँदा फोहरमैला व्यवस्थापनलाई पहिलो प्राथमिकता सहित रु. ३५४५००००/-(२९%), दोस्रोमा विपद् व्यवस्थापनमा रु. ३२३८७०००/-(२६%), तेस्रो स्थानमा वन तथा भू-संरक्षण रु. २४२९८०००/-(२०%) बजेट विनियोजन भएको थियो । यसैगरी वातावरण संरक्षण तथा जलवायु परिवर्तनको शीर्षकमा रु. ८९६००००/-(७%) बजेट विनियोजन गरिएको थियो ।

## ४.१ योजनाबाट गरिएको अपेक्षा तथा प्राप्त उपलब्धि

आवधिक योजनामा चौथो स्थान अर्थात् प्राथमिकतामा परेको वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी क्षेत्रमा ३ वटा उपक्षेत्र कायम गरी कार्यक्रम तथा योजना तर्जुमा गर्नका साथै सोही अनुसार बजेट विनियोजन गरिएको थियो । आवधिक योजनामा वन तथा भू-संरक्षण उपक्षेत्र अन्तर्गत रुख बिरुवाले

ढाकेको वा हरियाली वा वन क्षेत्र ३७.०९ प्रतिशतबाट बढाएर ४० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा हाल ४०.५ प्रतिशत पुगेको छ । त्यसैगरी वातावरण संरक्षण तथा जलवायु परिवर्तन अन्तर्गत कम्तीमा पनि १ वटा अनुकूलन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने लक्ष्य राखिएको मा हाल सम्म अनुकूलन योजना तर्जुमा गरिएको छैन । फोहर मैला व्यवस्थापन तर्फ गाउँपालिकामा कम्तीमा १ फोहर मैला विसर्जन केन्द्र निर्माण गर्ने लक्ष्य रहेकोमा जलजला गाउँपालिका वडा नं. ३ स्थित वारी-बेणी नजिक निश्चित क्षेत्र तोकी फोहोर व्यवस्थापन गरिएको छ ।

## ४.२ योजना तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरू

आवधिक योजनामा चौथो प्राथमिकतामा परेको वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा निर्धारित लक्ष्य पुरा गर्नका लागि विभिन्न तीनवटा उपशीर्षकहरूमा कार्यक्रम तथा योजना तर्जुमा गरी बजेट विनियोजन गरिएको थियो ।यो क्षेत्रमा पनि विनियोजित बजेटको अभाव हुनु, स्थानीय राजस्व सङ्कलनमा कमी आउनु, प्रदेश तथा केन्द्रीय तहबाट बजेट सिलिङ्ग वृद्धि भएर आउन नसक्नू, कोभिड-१९ ले असर गर्नु, वर्षै पिच्छे बाढी पहिरो आइरहनु, फोहर मैलालाई उचित व्यवस्थापन गर्न नसक्नू आदि प्रमुख समस्या तथा चुनौतीहरूका रूपमा रहेका छन् ।

## ५. संस्थागत विकास

आवधिक योजनामा संस्थागत विकासले पाँचौं स्थान अर्थात् अन्तिम प्राथमिकता पाएको थियो । यो क्षेत्र अन्तर्गतका उपक्षेत्रहरू जस्तैः सेवा प्रवाह र सुशासनमा रु. १२७९३०००/- (६०%), मानव संसाधन तथा क्षमता विकास शीर्षकमा रु. ५२५००००/-(२४%) र तथ्याङ्क प्रणालीमा रु. ३३५५०००/- (१६%) बजेट विनियोजन गरिएको थियो ।

## ५.१ योजनाबाट गरिएको अपेक्षा तथा प्राप्त उपलब्धि

प्रथम आवधिक योजनामा संस्थागत विकासको क्षेत्रलाई पाँचौं प्राथमिकतामा राखेर नीति, बजेट तथा कार्यक्रमहरू तर्जुमा गरिएको थियो । संस्थागत क्षेत्रमा सूचकहरू पुरा गर्ने क्रममा कार्यालय र सबै वडा कार्यालयहरूमा कर (शुल्क) भुक्तानीको लागि सफ्टवेयरको व्यवस्था गर्नका साथै PAMS, SUTRA लगायत पञ्जीकरण शाखामा पनि सफ्टवेयर सञ्चालन हुँदै आएको छ ।

गाउँपालिकाको शासन प्रणाली, समावेशी, कार्यमूलक, जनमुखी तथा परिणाम मुखी, पारदर्शी र उत्तरदायी हुनेछ भन्ने अपेक्षा अन्तर्गत कर्मचारी पदपूर्ति ९८ प्रतिशत बाट १०० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा यसको उपलब्धि पनि पुरा भएको छ । कार्यपालिकाको बैठक सङ्ख्या ४० बाट ५० पुऱ्याउने लक्ष्य

रहेकोमा आवश्यकता अनुसार नियमित हुन सकेको देखिन्छ । औसत वार्षिक बेरुजू ३ प्रतिशत बाट ० प्रतिशत मा झार्ने लक्ष्य भएको भए ता पनि यो सूचकले उल्लेख्य प्रगति गर्न सकेको छैन । मानव संसाधन तथा क्षमता विकासको क्षेत्र अन्तर्गत कर्मचारीको कुल दरबन्दी सङ्ख्या ३६ बाट ५० पुऱ्याउने लक्ष्य रहेकोमा हाल ४६ रहेको छ । तथ्याङ्क प्रणाली अन्तर्गत व्यवस्थित सूचना प्रणाली सङ्ख्या १ बाट १ नै कायम राख्ने लक्ष्य पुरा भएको छ । त्यसैगरी लोकतन्त्र र सुशासन अन्तर्गत राष्ट्रिय एकता, सुरक्षा, मानव अधिकार, सङ्घीय शासन प्रणाली, स्थानीय तहको सन्तुलित विकास, शासकीय सुधार, प्रशासकीय सुशासन, वित्तीय सुशासन, भ्रष्टाचार निवारण आदिमा राखिएको लक्ष्य औसतमा झन्डै ४० प्रतिशत मात्र प्रतिफल वा उपलब्धि प्राप्त हुन सकेको गाउँपालिकाको प्रतिवेदनमा उल्लेख छ ।

## ५.२ योजना तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरू

संस्थागत विकासको क्षेत्र पनि स्थानीय तथा राष्ट्रिय परिस्थितिबाट अछुत रहन सकेन । यो क्षेत्रमा तर्जुमा गरिएका योजना तथा कार्यक्रमहरूलाई कोभिड-१९ जस्तो विश्वव्यापी महामारीले प्रत्यक्ष असर गर्यो । त्यसैगरी राष्ट्र व्यापी रूपमा फैलिएको आर्थिक मन्दी, द्रुतगतिमा बढेको महङ्गी, आदिलाई पनि योजना कार्यान्वयनमा चुनौतीको रूपमा लिन सकिन्छ । स्थानीयस्तरमा राजस्व सङ्कलनमा कमी आउनु, राजनैतिक खिचातानी बढ्नु, सीप मूलक तथा प्राविधिक जनशक्तिको अभाव आदिलाई पनि समस्याको रूपमा लिइएको छ ।

**तालिका १: प्रथम आवधिक योजनाको आर्थिक सामाजिक र भौतिक लक्ष्य तथा उपलब्धिको विवरण**

| क्र.सं | सूचक | एकाइ | आधार वर्ष (२०७८/०७९) | आ. व. २०८०/०८१ सम्मको लक्ष्य | योजना अवधि २ वर्ष (२०७९/८०) सम्मको प्रगति | प्राप्त उपलब्धि |
|---|---|---|---|---|---|---|
| १ | ट्र्याक खोलिएको सडक | कि. मि. | १५० | १७० | १६० | १० |
| २ | विद्युत सेवा प्राप्त घरधुरी | प्रतिशत | ९७.५ | १०० | ९८.६१ | १.११ |
| ३ | खानेपानी सेवा प्राप्त घरधुरी | प्रतिशत | ९० | ९५ | ९४.१६ | ४.१६ |
| ४ | औसत आयु* | वर्ष | ७१ | ७५ | ७३ | २ |
| ५ | वार्षिक प्रति व्यक्ति आय* | अमेरिकी डलर | १२५० | १४५० | १५०० | २५० |
| ६ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ८२ | ९५ | ८२ | ० |
| ७ | बेरोजगारी दर | प्रतिशत | ३ | १ | ८ | -५ |
| ८ | निरपेक्ष गरिबी | प्रतिशत | ४ | १ | १.५ | २.५ |
| ९ | आर्थिक रूपले सक्रिय जनसङ्ख्या | प्रतिशत | ६० | ६२ | ६२.८६ | २.८६ |

| क्र.सं | सूचक | एकाइ | आधार वर्ष (२०७८/०७९) | आ. व. २०८०/०८१ सम्मको लक्ष्य | योजना अवधि २ वर्ष (२०७९/८०) सम्मको प्रगति | प्राप्त उपलब्धि |
|---|---|---|---|---|---|---|
| १० | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत | ४० | १०० | ८० | ४० |
| ११ | सर्वयाम सडक | कि.मि. | ४० | ८५ | ४५ | ५ |
| १२ | राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युतीकरण भएको परिवार | प्रतिशत | ९९.५ | १०० | ९९.५ | ० |
| १३ | खाना पकाउने इन्धनका रूपमा विद्युत प्रयोग गर्ने परिवार | प्रतिशत | १० | ४० | २० | १० |
| १४ | मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ९० | १०० | ९८ | ८ |
| १५ | ईन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत | २५ | ५० | ५२ | २७ |
| १६ | माध्यमिक तह (९-१२) मा कुल भर्नादर | प्रतिशत | ५८ | ८८ | ५८ | ० |
| १७ | आधारभूत तह (१-८) मा कुल भर्नादर | प्रतिशत | १०२.७ | १०३ | १०२.७ | ० |
| १८ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ७० | ८५ | ७४ | ४ |
| १९ | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | २ | १ | १.५ | ०.५ |
| २० | उपभोगको दुइ तिहाई खानामा खर्च गर्ने जनसङ्ख्या | प्रतिशत | ३५ | २५ | ३८ | ३ |

# परिच्छेद — एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले आत्मसाथ गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्ने तथा नेपाल सरकारले १६औं योजनाको अवधारणा पत्रमा लिइएको **"सुशासन सामाजिक न्याय र समृद्धि"** को सोचलाई साकार पार्ने जिम्मेवारी तीनै तहका सरकारहरूमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका स्थानीय सरकारका काम, कर्तव्य र अधिकारहरू पुरा गर्न, १६औं योजनाले लिएको लक्ष्य प्राप्त गर्न, सङ्घीय सरकारद्वारा जारी दिगो विकासका लक्ष्यहरू र ती लक्ष्यका परिमाणात्मक लक्ष्यहरू सहित सूचकहरू पुरा गर्ने दायित्व पनि संविधानतः तीनै तहका सरकारहरूमा निहित छ । सार्वजनिक वित्त व्यवस्था प्रभावकारी बनाउनका लागि केन्द्र सरकार र प्रदेश सरकारद्वारा तयार गरिएका आवधिक योजनाहरूका लक्ष्यसँग तादाम्यता हुने गरी सबै स्थानीय सरकारहरूले आवधिक योजना तयार गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापनले मात्र आम्दानीका स्रोतहरूको महत्त्व उपयोग गर्ने, वितरण प्रणालीमा प्रभावकारीता ल्याउने, प्रभावकारी रूपमा खर्च गर्न सक्ने क्षमता बढोत्तरी गर्ने र वित्तीय जोखिमहरूको पूर्वानुमान गरी जोखिमहरूबाट सिर्जना हुन सक्ने नकारात्मक प्रभावहरूको न्यूनीकरण गर्ने जस्ता काममा सहयोग पुऱ्याउँछ ।

राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा हरेक स्थानीय तहले विकासका क्रियाकलापहरू अघि बढाउनु पूर्व वार्षिक तथा आवधिक योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तह, प्रदेश र केन्द्रले तयार गर्ने योजनामा एकरूपता आउने गरी योजना निर्माण गर्न स्थानीय तहले आवधिक योजना तर्जुमा गर्न सहज होस् भन्ने उद्देश्यले सबै स्थानीय तहको एउटै खाकामा योजना आउने गरी व्यवस्था गरिएको हो । यस दिग्दर्शनमा स्थानीय तहले योजना तयार गर्दा आबद्ध गर्नुपर्ने विषय बस्तुलाई स्पष्ट रूपमा समावेश गरिएको छ । नेपाल सरकारको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) र गण्डकी प्रदेश सरकारको पहिलो आवधिक योजना (२०७६/०७७-२०८०/०८१) तर्जुमा गरी कार्यान्वयन भइरहेको छ । स्थानीय सरकारहरूले सङ्घीय सरकार र प्रदेश सरकारद्वारा तयार गरिएका दस्तावेजहरूलाई आधार मानेर आ-आफ्नो आवधिक योजना तयार गर्नुपर्ने आवश्यकता महसुस गरेका छन् । यसै सन्दर्भमा यस पालिकाले २०८०/०८१ को वार्षिक बजेट नीति तथा कार्यक्रममा आवधिक योजना निर्माण गर्ने व्यवस्था गरेको हो ।

समग्रमा जलजला गाउँपालिका को आवधिक योजना भनेको पालिका को आगामी पाँच वर्षको विकासको मार्ग चित्र हो । यसले विकासका प्राथमिकता, आकलित बजेट तथा आम्दानीका सम्भाव्य स्रोतहरू समेतको किटान गरेको हुन्छ । आवधिक योजनाले निर्धारित समयभित्र गाउँपालिका को समग्र आर्थिक, सामाजिक,

पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास लगायतका क्षेत्रहरूमा लक्ष्य तथा उद्देश्य निर्धारण गर्दछ । तोकिएको अवधिभित्र परिणाम हासिल गर्न दीर्घकालीन सोच, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकता पहिचान एवम् विकासमूलक गतिविधि सञ्चालनको लागि आवश्यक लागत सहितको स्पष्ट मार्ग चित्र बनाउन सहजीकरण गर्दछ ।कुनै पनि ठाउँको आवधिक योजनाले उक्त ठाउँको हालको अवस्था र प्राप्त भएको र हुन सक्ने स्रोत र साधनलाई समेत मध्यनजर गरी तयार गरेको हुन्छ । योजना आफैंमा केही महत्त्वकांक्षी हुने भए ता पनि आवधिक योजना निर्माण गर्दा SMART अर्थात् (Specific Measurable, Attainable, Realistic and time bound) को सिद्धान्तलाई अनुसरण गर्न सकेको खण्डमा परिणाममूखी योजना निर्माण गर्न सहज हुन सक्छ ।

यस योजना पालिका को समग्र विकासको रणनीति योजना सहितको मार्ग चित्र (Strategic and Indicative Planning Framework) हो जसले पालिका लाई मध्यकालीन, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न र प्राथमिकताका क्षेत्रहरू निर्धारण गरी स्रोत विनियोजन एवम् स्रोत परिचालन गर्ने आधार दस्तावेजको रूपमा काम गर्ने अपेक्षा गरिएको छ । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया पद्धति बमोजिम बस्ती, वडा हुँदै गाउँसभा तथा कार्यालयमा कार्यरत कर्मचारी, क्रियाशिल राजनैतिक दलका प्रमुख वा प्रतिनिधिहरू तथा अन्य स्थानीय सरोकारवाला पक्षको सहभागिता सुनिश्चित गरिएको थियो।

## योजना तयारीको कानुनी आधार

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्ने अठोट सहित नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति तथा कार्यक्रमले स्थानीय तहको विकासको गतिलाई मार्गदर्शन गर्दछ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४ (१) मा भनिएको छ- "स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीति गत विषय, क्षेत्र गत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने छ" । स्थानीय सरकारले आफ्नो योजना तर्जुमा गर्दा सङ्घीय सरकार, प्रदेश सरकारको सोच, उद्देश्य, लक्ष्य, नीति तथा कार्यक्रम र समय सीमासँग समायोजन हुने गरी सुशासन, वातावरण, बाल मैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा अनुकूलन, विपद् व्यवस्थापन जस्ता अन्तर सम्बन्धित विषयहरूका अतिरिक्त स्थानीय स्रोत साधन र जन अपेक्षालाई आधार बनाउने गरिन्छ । गाउँपालिका को यस आवधिक विकास योजना तर्जुमा गर्दा निम्नअनुसारका दस्तावेजहरूको आधार लिइएको थियो-

१. नेपालको संविधान,

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

३. नेपाल सरकारको पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१),

४. गण्डकी प्रदेशको पहिलो आवधिक योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१),

५. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८,

६. दिगो विकासका लक्ष्य,

७. विकासका अन्तर सम्बन्धित विषय

८. स्थानीय सरकारद्वारा तर्जुमा गरिएका ऐन कानुन तथा अन्य दस्तावेजहरू,

९. स्थानीयस्तरमा क्रियाशिल राजनैतिक दलका घोषणापत्र, नीति तथा कार्यक्रमहरू,

१०. स्थानीय तहको आन्तरिक राजस्वको अवस्था,

११.सङ्घीय सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने बजेट सिलिङ,

१२.नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका सन्धि, सम्झौता र प्रतिबद्धताहरू ।

## १.२ आवधिक योजना तर्जुमाको उद्देश्य

गाउँपालिका क्षेत्रको समष्टि गत आर्थिक तथा सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र उपलब्धि हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित क्रियाकलापहरू सहितको मार्ग चित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि स्थानीय सरकारले तय गरेका लक्ष्य प्राप्ति तर्फ विकासको गतिलाई डोऱ्याउने काम गर्दछ । पालिका को नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैर-सरकारी, सहकारी समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई गोलबद्ध गरी एकीकृत तथा समष्टि गत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु यस पञ्चवर्षीय योजना (आवधिक विकास योजना आ.व.२०८१/०८२-२०८५/०८६) तर्जुमाको प्रमुख उद्देश्य हुनेछ । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन्-

- स्थानीय तहले दीर्घकालीन सोच तयार गरी सोही सोच पुरा गर्न रणनीति तथा कार्य नीतिका आधारमा अल्पकालीन, मध्यम कालीन तथा दीर्घकालीन योजनाहरू सहभागिता मूलक पद्धतिका आधारमा छनोट गर्नु,
- छनोट गरिएका योजनाहरू कार्यान्वयन गर्न आवश्यक पर्ने लागतको प्रक्षेपण र स्रोत विश्लेषण गरी स्रोत सहभागिताको आकलन गर्नु,
- विकासमूलक गतिविधिहरू एकीकृत तरिकाले पालिका को नेतृत्वमा एक द्वार प्रणाली अनुसार सञ्चालन गर्नु,

- प्राथमिकता प्राप्त योजना र क्रियाकलापहरूमा लगानी सुरक्षित गर्न मध्यकालीन खर्च संरचना तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि मार्ग प्रशस्त गर्नु,

## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

जलजला गाउँपालिका को १२औं गाउँसभाले आवधिक योजना तर्जुमा गर्ने निर्णय गरे पश्चात् आर्थिक वर्ष २०८०/०८१ को प्रथम चौ मासिकबाट परामर्शदाताको छनोटको लागि सार्वजनिक खरिद ऐनको प्रक्रिया प्रारम्भ भएको हो । राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको लागि जारी गरिएको आवधिक योजना तर्जुमा दिग्दर्शन, २०७८ मा भएको व्यवस्था अनुसार सम्पूर्ण आवधिक योजना तर्जुमाको कार्य सम्पादन गर्ने गरी गाउँपालिका र परामर्शदाता बीच भएको सम्झौता-पत्रमा उल्लिखित सर्तहरूको आधारमा आवधिक योजनाका प्रक्रियाहरूलाई अगाडि बढाइएको हो । योजनालाई बढी सहभागिता मूलक, यथार्थ परक, कार्यान्वयन योग्य र सर्व स्वीकार्य गराउन देहायका प्रक्रिया तथा विधिहरू अवलम्बन गरिएको छ-

### क अभिमुखीकरण तथा तयारी कार्यशाला गोष्ठी

प्रस्ताव स्वीकृत भई कार्य सम्झौता भएपछि पालिका का जनप्रतिनिधिहरू, कार्यरत कर्मचारी (वडा सचिव र सामाजिक परिचालक समेत) लगायत स्थानीय सरोकारवालाहरू सहभागी प्रारम्भिक गोष्ठी २०८० साल कार्तिक १९ गतेदेखि २१ गतेसम्म ३ दिन सञ्चालन भएको थियो । गोष्ठीमा आवधिक योजनालाई व्यापक जनसहभागिताका आधारमा जन अपेक्षा तथा वास्तविकता अनुसार तोकिएको समयभित्र प्रचलित कानुन तथा आवधिक योजना तर्जुमा दिग्दर्शन पहिलो संशोधन २०७८ को २.४.१ मा भएको व्यवस्था अनुसार योजना तर्जुमाको समग्र प्रक्रियालाई सहयोग, निर्देशन र समन्वय गर्न गाउँपालिका का अध्यक्ष राजु प्रसाद आचार्यको अध्यक्षतामा एक आवधिक योजना तर्जुमा निर्देशक समिति गठन गरिएको थियो । दिग्दर्शन २०७८ को २.४.३ अनुसार आवधिक योजना तर्जुमा सम्बन्धी कार्यशाला व्यवस्थापन, सञ्चालन र सहजि करण तथा योजना तर्जुमा कार्यशालाको छलफल, निष्कर्ष तथा उपलब्धिहरूलाई अभिलेखीकरण गरी आवधिक योजनाको दस्तावेज लिपिबद्ध गर्न प्रमुख प्रशासकीय अधिकृत श्री फणीन्द्र प्रसाद आचार्यको संयोजकत्वमा एक संयोजन तथा सहजि करण समिति गठन गरिएको थियो । आवधिक योजनाका विभिन्न प्रक्रियाहरू पुरा गरी चरण बद्ध रूपमा तयारी, विश्लेषण, योजना तर्जुमा र स्वीकृति गरी चार चरणमा १५ कार्यहरू पुरा गर्ने प्रयोजनमा मार्गदर्शन गर्नका लागि देहाय बमोजिमको एक आवधिक योजना तर्जुमा कार्यतालिका तथा जिम्मेवारी कार्यतालिका गोष्ठीबाट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय भएको थियो ।उक्त गोष्ठीमा विकासका ५ वटा क्षेत्र तथा १९ वटा उपक्षेत्रमा पाँच वर्षे आवधिक योजनामा बजेटको आकार निर्धारण गर्ने कार्य समेत गरिएको थियो ।

## ख वडागत योजना तर्जुमा गोष्ठी सञ्चालन

वडाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरू, विद्यालयका प्र.अ. लगायतका शिक्षक कर्मचारीहरू, स्थानीय बुद्धिजीवीहरू, उद्योगी तथा व्यवसायीहरू लगायत गैर-सरकारी सङ्घ/संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा वडा कार्यालयमा २ सहजि करण टोली मार्फत १/१ दिने योजना तर्जुमा गोष्ठी मिति देहायको स्थान र मितिमा सञ्चालन गरिएको थियो ।

तालिका २: वडा गत छलफल योजना तर्जुमा गोष्ठी सञ्चालनको विवरण

| वडा/स्थान | मिति र समय | सहज कर्ता टिमको नेतृत्व | छलफलको स्थान |
|---|---|---|---|
| वडा नं. १ बाँसखर्क | २०८०/०९/०८ बिहान ११.०० बजे | पुरुषोत्तम खतिवडा | वडा कार्यालय |
| वडा नं. २ माझफाँट | २०८०/०९/०७ बिहान ११.०० बजे | पुरुषोत्तम खतिवडा | वडा कार्यालय |
| वडा नं. ३ माझफाँट | २०८०/०९/०९ बिहान ११.०० बजे | पुरुषोत्तम खतिवडा | वडा कार्यालय |
| वडा नं. ४ माझफाँट | २०८०/०९/१० बिहान ११.०० बजे | पुरुषोत्तम खतिवडा | वडा कार्यालय |
| वडा नं. ५ लेकफाँट | २०८०/०९/०८ बिहान ११.०० बजे | लिलाधर सुवेदी | वडा कार्यालय |
| वडा नं. ६ शालिजा | २०८०/०९/०७ बिहान ११.०० बजे | लिलाधर सुवेदी | वडा कार्यालय |
| वडा नं. ७ धाइरिङ | २०८०/०९/०९ बिहान ११.०० बजे | लिलाधर सुवेदी | वडा कार्यालय |
| वडा नं. ८ नाग्लीवाङ | २०८०/०९/१२ बिहान ११.०० बजे | लिलाधर सुवेदी | वडा कार्यालय |
| वडा नं. ९ बनौं | २०८०/०९/१० बिहान ११.०० बजे | लिलाधर सुवेदी | वडा कार्यालय |

वडा कार्यालयमा वडा अध्यक्षको अध्यक्षता, राजनैतिक दलको सक्रिय सहभागिता, स्थानीयवासीको व्यापक उपस्थितिमा बस्ती तथा वडाका योजनाहरू सङ्कलन गर्ने कार्य सम्पन्न गरिएको थियो । गोष्ठीमा ३५ जना स्थानीय सरोकारवालाहरू देखि ८७ जना सम्मको सहभागिता रहेको थियो ।

## ग तथ्याङ्क प्रमाणीकरण

गाउँपालिकाको वस्तुगत विवरणमा उल्लेख भएका तथ्याङ्कहरूलाई विषयगत समितिहरूमा छलफल गरी योजनामा संलग्न गरिएका प्रमुख सूचकहरू समेत निर्धारण गरिएको थियो ।

## घ दीर्घकालीन सोचको निर्क्योल

गाउँपालिकाको दोस्रो आवधिक योजनाको दीर्घकालीन सोच निर्क्योल गर्ने मिति २०८०/१२/१९ र २० मा आयोजना गरिएको गोष्ठीमा सबै सरोकारवालाहरूलाई ५ समूहमा विभाजन गरी स्नोवल विधिको माध्यमद्वारा सहभागीहरूको सक्रिय सहभागितामा छलफल अघि बढाइएको थियो । गोष्ठीमा सर्वसम्मत रूपमा दीर्घकालीन सोच पारित गरी सोही सोचका आधारमा पाँच वर्षे आवधिक योजनाका लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरिएको छ ।

### ङ अवसर, समस्या तथा चुनौतीहरूको पहिचान

पालिकाको आवधिक योजना तर्जुमा पूर्व जलजला गाउँपालिका का विद्यमान समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचान गर्न हरेक विषयगत क्षेत्रहरू जस्तै आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकासको छुट्टाछुट्टै अध्ययन गरी विश्लेषण गरिएको छ ।

### च क्षेत्र गत उद्देश्य, रणनीति कार्य नीति तथा प्राथमिकता निर्धारण

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा हरेक विषयगत क्षेत्रहरू जस्तै आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकासका उपक्षेत्रहरूको छुट्टाछुट्टै क्षेत्र गत उद्देश्य, रणनीति, कार्य नीति सहित प्राथमिकता निर्धारण गर्ने कार्य भएको छ । यसका साथै सबै विषयगत उपक्षेत्रहरूको नतिजा सूचक पनि निर्धारण गरिएको छ ।


### छ मस्यौदा प्रतिवेदन लेखन तथा प्रेषण

उपरोक्त चरणहरू पुरा गरी विज्ञ समूहले गाउँपालिका बाट प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा मस्यौदा प्रतिवेदन तयार गरी आवश्यक सुधार तथा सुझावका लागि गाउँ कार्यपालिकाको कार्यालयमा प्रेषण गर्ने कार्य भएको हो । पालिका बाट प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधिभित्र अन्तिम प्रतिवेदन गाउँपालिका को कार्यालयमा प्रेषण गरिएको छ ।

# परिच्छेद — दुईः जलजलाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ गाउँपालिकाको परिचय

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्ने पर्वत जिल्ला एक पहाडी जिल्ला हो । नेपाल सरकारको मिति २०७३ साल फागुन ३० को निर्णय अनुसार पर्वत जिल्लाका साबिकमा कायम रहेका ४७ गाविसहरू र एक कुश्मा नगरपालिकालाई समायोजन गरी गठन भएका ७ स्थानीय तहहरू मध्ये जलजला गाउँपालिका एक हो । पर्वत जिल्लाको सुदूर उत्तर तर्फ रहेका साबिक बाँसखर्क, माझफाँट, लेकफाँट, शालिजा, धाइरिङ, नाग्लीवाङ र बनौ गाविसहरू समायोजन भइ नौवटा वडाहरूमा विभाजित गाउँपालिकाको नाम यो क्षेत्रको धुरीमा रहेको सिमसार क्षेत्र जलजलाको नामबाट नामकरण गरिएको हो । साबिक माझफाँट गाविसलाई ३ वटा वडा (२,३ र ४) र अन्य ६ साबिक गाविसहरूलाई एक-एक वडामा कायम गरी हाल ९ वडामा पुन संरचना गरिएको हो ।  जलजला गाउँपालिकाको केन्द्र साबिक




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

माझफाँट गाविस अन्तर्गत वडा नं. ४ लामाखेतस्थित घर्ती चोकमा रहेको छ । गण्डकी प्रदेशको राजधानी पोखरादेखि गाउँपालिकाको केन्द्र लामाखेत ८० कि.मि. को दूरीमा रहेको छ । पर्वत जिल्लाको जिल्ला

सदरमुकाम कुश्मा बजारदेखि २३ कि.मि. को दूरीमा रहेको गाउँपालिकाको केन्द्र म्याग्दी जिल्लाको सदरमुकाम बेनीबजारको नजिक (७०० मिटरको दूरीमा) दक्षिणतर्फ रहेको छ भने बागलुङ जिल्लाको जिल्ला सदरमुकाम बागलुङ बजारदेखि १४ कि.मि. को दूरीमा रहेको छ ।

## गाउँपालिकाको नामकरण

जलजला गाउँपालिका र मोदी गाउँपालिका को उत्तरी खण्डमा फैलिएर रहेको पर्वत जिल्लाकै पौराणिक र ऐतिहासिक महत्त्व बोकेको कालञ्जर हम्पाल पर्वतको काखमा अवस्थित प्रसिद्ध सिमसार क्षेत्र जलजला भन्ने स्थानको नामबाट यस गाउँपालिका को नाम जलजला भनी नामकरण गरिएको हो । पर्वत जिल्लाका २ वटा गाउँपालिका (मोदी र जलजला) यही जलजला कालञ्जर पहाडको काखमा अवस्थित छन् । पौराणिक कालमा देवराज इन्द्रले बनाउनु भएको भनिएको सरोवर यही जलजला थियो र यो मानसरोवर जत्तिकै थियो भनी वृहननारदीय पुराणको पुरुषोत्तम माहात्म्यमा उल्लेख गरिएको छ । जैविक विविधताले भरिपूर्ण रहेको, अनेकौं प्रजातिका चराचुरुङ्गी, जनावर, रुख बिरुवा र जडीबुटीहरू पाइने यो क्षेत्र पर्या-पर्यटन तथा धार्मिक पर्यटनका दृष्टिले उत्कृष्ट गन्तव्य स्थलका रूपमा रहेको छ ।

## २.१.१ गाउँपालिकाको भौगोलिक अवस्था, राजनैतिक र प्रशासनिक संरचना

### भौगोलिक अवस्थिति

- ✓ अक्षांशः २८° १६' ०१" देखि २८° २३' २९" उत्तरी अक्षांश,
- ✓ देशान्तरः ८३° ३४' ०३" देखि ८३° ३८' ३९" पूर्वी देशान्तर,
- ✓ सबभन्दा कम उचाइः ७६० मिटर कालीगण्डकी नदीको किनार,
- ✓ सबभन्दा बढी उचाइः ३००९ मिटर कालञ्जर हम्पाल पहाडको उच्च शिखर,
- ✓ कुल क्षेत्रफलः ५३६ ब.कि.मि., (८५९९.७ हेक्टर) ।

### गाउँपालिकाको सिमाना

- पूर्वः पर्वत जिल्ला स्थित मोदी गाउँपालिका र कुश्मा नगरपालिका ।
- पश्चिमः म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका ।
- उत्तरः म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका ।
- दक्षिणः म्याग्दी जिल्लाको बेनी नगरपालिका र बागलुङ जिल्लाको बागलुङ नगरपालिका ।

**तालिका ३: जलजला गाउँपालिकाको पुन संरचना अघि र पछिको अवस्था**

| हाल कायम वडा | साविक गाविस | साविक वडा | वडा कार्यालयको केन्द्र | कैफियत |
|---|---|---|---|---|
| १ | बाँसखर्क | १ देखि ९ सम्म | माथिल्लो गाउँ | |
| २ | माझफाँट | ६,८ र ९ | विमिराबोट | |

| हाल कायम वडा | साविक गाविस | साविक वडा | वडा कार्यालयको केन्द्र | कैफियत |
|---|---|---|---|---|
| ३ | माझफाँट | ३ र ७ | कोट | |
| ४ | माझफाँट | १,२,४ र ५ | फडकेढुङ्ग | |
| ५ | लेकफाँट | १ देखि ९ सम्म | गिद्धेश्वर | |
| ६ | शालिजा | १ देखि ९ सम्म | शालिजा | |
| ७ | धाइरिङ | १ देखि ९ सम्म | घाखेत | |
| ८ | नाग्लीवाङ | १ देखि ९ सम्म | डहरमुनी | |
| ९ | बनौं | १ देखि ९ सम्म | बनौ गाउँ | |

## राजनैतिक एवं प्रशासनिक विभाजन

- प्रदेशः गण्डकी,
- जिल्लाः पर्वत,
- जिल्ला सदरमुकामः कुश्मा
- गाउँपालिका को केन्द्रः वडा नं. ४ लामा खेत, माझफाँट
- जम्मा वडा सङ्ख्याः ९,

## २.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

जलजला गाउँपालिका प्राकृतिक तथा सांस्कृतिक सुन्दरताले विभूषित तथा विविधता युक्त एक रमणीय गाउँपालिका हो । यो गाउँपालिका मनोरम जलजला सहितको कालञ्जर हम्पाल पर्वत (जसको नाम पुराण ग्रन्थमा समेत उल्लेख गरिएको छ) को काखमा अवस्थित छ । जैविक विविधताले भरिपूर्ण, अनेकौं प्रजातिका चराचुरुङ्गी, जनावर, रुख बिरुवा र जडीबुटीहरू पाइने यो क्षेत्र पर्या-पर्यटन तथा धार्मिक पर्यटनका दृष्टिले उत्कृष्ट गन्तव्य स्थलका रूपमा रहेको छ । गाउँपालिकाको दक्षिण दिशाबाट विश्वका एकमात्र शालिग्राम शिला पाइने नदीको नामबाट प्रख्यात कालीगण्डकी (श्री कृष्णा गण्डकी) नदीको महिमा पनि कम महत्त्वको छैन । दम्बाखोला, लुङदीखोला, लस्तीखोला लगायतका खोलाहरू गाउँपालिकाको आर्थिक तथा सामाजिक, सांस्कृतिक विकासका लागि कम महत्त्वका छैनन् । गाउँपालिकाको वडा नं. ५ मा रहेको फलामेडाँडा, वडा नं. ९ बनौंमा रहेको धवलागिरी अञ्चलका तीन जिल्ला (पर्वत, बागलुङ र म्याग्दी) का जिल्ला सदरमुकामहरू टाउको नहल्लाइकन देख्न सकिने पिकपइन्ट आदिलाई पनि प्राकृतिक सम्पदाको रूपमा लीन सकिन्छ । गाउँपालिका को कुल क्षेत्रफल ८५९९.७ हेक्टर मध्ये सबैभन्दा बढी बनले ढाकेको क्षेत्र ४०.५२% रहेको छ । गाउँपालिका को प्रायः सबै वडाहरूमा पाइने कटिङ ढुङ्गाको बजार बागलुङ, कुश्मा, पोखरा हुँदै काठमाण्डौ स्थित भक्तपुरको जडीबुटी भन्ने स्थानमा ठूलो परिमाणमा थोक व्यापार हुने गर्दछ ।

धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेका स्थान तथा मन्दिरहरू जस्तै धाइरिङका भूमेथान, सिद्धबाबाको थान, नाग्लीवाङका लक्ष्मीनारायण मन्दिर तथा शुक्लेश्वर महादेव मन्दिर, माझफाँटको कर्णेलको दरबार, मल्लाज कोट भगवती मन्दिर, पुर्णगाउँ पोखरी, शिवालय गुफा, लेखफाँटमा रहेको डाडाकोट, गरुडेश्वर मन्दिर, फलामेडाँडा, गलेश्वर मन्दिर, बनौंको मण्डली थान, भूमेथान, भैरमथान, सिद्धथान आदि जस्ता प्रसिद्ध प्राकृतिक तथा धार्मिक सम्पदाहरूले यो क्षेत्र धनी छ । उल्लिखित प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूका कारण यो गाउँपालिका आर्थिक विकासको प्रबल सम्भावना बोकेको गाउँपालिकाको रूपमा परिचित छ ।

यहाँका हिन्दू तथा बौद्ध धर्म मान्नेहरूका प्रमुख चाड तथा मेलाहरूमा वैशाखे सक्रान्ति, बुद्ध पूर्णिमा, जेठी पूर्णिमा, दशहरा,कर्कट वा साउने स क्रान्ति, नागपञ्चमी, कृष्णा जन्माष्टमी, जनैपूर्णिमा, हरितालिका तीज, सोर्हश्राद्ध, दशै, तिहार, माघे क्रान्ति, फागु पुर्णिमा, चैत्र दशै वा चैत्राष्टमी आदि रहेका छन् ।

### २.१.३ जानसाङ्ख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ का अनुसार जलजला गाउँपालिका मा जम्मा घरघरी सङ्ख्या ५९६१ रहेको छ । गाउँपालिका मा बसोबास गर्ने जम्मा जनसङ्ख्या २१११९ रहेकोमा महिला ११०४४ र पुरुष १००७५ रहेको छ । यो सङ्ख्या २०६८ सालको राष्ट्रिय जनगणना भन्दा ३३५ ले कम हो । राष्ट्रिय जनगणना २०६८ मा कुल जनसङ्ख्या २१४५४ रहेको थियो ।

जलजला गाउँपालिका को कूल जनसङ्ख्याको लैङ्गिक अनुपात ९१.२३ रहेकोमा सबैभन्दा बढी वडा नं. १ को १००.४५ र सबैभन्दा कम वडा नं. ४ को ८४.३३ रहेको छ भने औसत परिवार आकार ३.५४ रहेकोमा वडा नं. ९ मा सबैभन्दा ठूलो औसत परिवार आकार (४.०३) र वडा नं. ६ मा सबैभन्दा सानो औसत परिवार आकार (३.२१) रहेको देखिन्छ (राष्ट्रिय जनगणना २०७८)।

तालिका ४: जनसङ्ख्याको वडा गत वितरणको अवस्था

| वडा नं. | घरधुरी | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात | औसत परिवार आकार |
|---|---|---|---|---|---|---|
| १ | २३८ | ४५१ | ४४९ | ९०० | १००.४५ | ३.७८ |
| २ | ७०३ | ११५४ | १३६२ | २५१६ | ८४.७३ | ३.५८ |
| ३ | ११८८ | २००४ | २१९३ | ४१९७ | ९१.३८ | ३.५३ |
| ४ | ६९९ | ११७३ | १३९१ | २५६४ | ८४.३३ | ३.६७ |
| ५ | ६१० | ९८५ | १०३७ | २०२२ | ९४.९९ | ३.३१ |
| ६ | ५६४ | ८९६ | ९१६ | १८१२ | ९७.८२ | ३.२१ |
| ७ | ८९६ | १५५० | १६२३ | ३१७३ | ९५.५० | ३.५४ |
| ८ | ७३६ | १२३४ | १३८३ | २६१७ | ८९.२३ | ३.५६ |

| वडा नं. | घरधुरी | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात | औसत परिवार आकार |
|---|---|---|---|---|---|---|
| ९ | ३२७ | ६२८ | ६९० | १३१८ | ९१.०१ | ४.०३ |
| **जम्मा** | **५९६१** | **१००७५** | **११०४४** | **२१११९** | **९१.२३** | **३.५४** |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

मातृ भाषाका आधारमा जलजला गाउँपालिका को कूल जनसङ्ख्याको ९५.५५ प्रतिशतले नेपाली भाषा बोल्ने गरेकोमा धुट मगर भाषा २.४२ प्रतिशत सहित दोस्रो ठूलो मातृभाषाका रूपमा रहेको देखिन्छ । यस पालिका मा मैथिली, भोजपूरी, तामाङ, नेवारी, गुरुङ, हिन्दी, मगर (खाम), छन्त्याल लगायतका मातृ भाषीहरू समेत रहेको देखिन्छ ।

**तालिका ५: भाषाका आधारमा जनसङ्ख्या विवरण**

| मातृ भाषा | जनसङ्ख्या | | | |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | प्रतिशत |
| नेपाली | ९५९० | १०५९० | २०१८० | ९५.५५ |
| मैथिली | १४ | ८ | २२ | ०.१० |
| भोजपूरी | ६९ | २५ | ९४ | ०.४५ |
| तामाङ | १७ | १३ | ३० | ०.१४ |
| नेवारी | २० | २६ | ४६ | ०.२२ |
| मगर (धुट) | २४३ | २६८ | ५११ | २.४२ |
| गुरुङ | ६ | ९ | १५ | ०.०७ |
| हिन्दी | २३ | १२ | ३५ | ०.१७ |
| मगर (खाम) | ४९ | ४८ | ९७ | ०.४६ |
| छन्त्याल | २२ | २८ | ५० | ०.२४ |
| अन्य | २२ | १७ | ३९ | ०.१८ |
| **जम्मा** | **१००७५** | **११०४४** | **२१११९** | **१००.००** |

स्रोतः राष्ट्रिय जनगणना २०७८

धार्मिक आस्थाका आधारमा जलजला गाउँपालिका को कूल जनसङ्ख्याको ८८.८० प्रतिशतले हिन्दू धर्ममा आस्था राख्ने गरेकोमा बौद्ध धर्ममा आस्था राख्ने ७.९० प्रतिशत सहित दोस्रो ठूलो धर्मका रूपमा रहेको देखिन्छ । यस पालिका मा इस्लाम, किराँत, क्रिस्चियन, प्रकृति तथा बोन धर्ममा आस्था राख्ने समेत रहेको देखिन्छ ।

**तालिका ६: धार्मिक आस्थाका आधारमा जनसङ्ख्या विवरण**

| धार्मिक आस्था | जनसङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
| हिन्दू | ८८९३ | ४२.११ | ९८६० | ४६.६९ | १८७५३ | ८८.८० |
| बौद्ध | ८१७ | ३.८७ | ८५१ | ४.०३ | १६६८ | ७.९० |

| धार्मिक आस्था | जनसङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
| इस्लाम | ८७ | ०.४१ | ६३ | ०.३० | १५० | ०.७१ |
| किराँत | ३ | ०.०१ | २ | ०.०१ | ५ | ०.०२ |
| क्रिस्चियन | १५२ | ०.७२ | १६४ | ०.७८ | ३१६ | १.५० |
| प्रकृति | १११ | ०.५३ | ९६ | ०.४५ | २०७ | ०.९८ |
| बोन | १२ | ०.०६ | ८ | ०.०४ | २० | ०.०९ |
| **जम्मा** | **१००७५** | **४७.७१** | **११०४४** | **५२.२९** | **२१११९** | **१००.००** |

स्रोतः राष्ट्रिय जनगणना २०७८

जलजला गाउँपालिका मा आर्थिक रूपले सक्रिय जनसङ्ख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्या) कूल जनसङ्ख्याको ६२.२१ प्रतिशत छ । यो उमेर समूहलाई गाउँपालिका ले विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रिय जनशक्ति पलायन हुनबाट रोकी गाउँपालिका को विकासमा ठूलो फड्को मार्ने अवसर रहेको छ ।

उच्च उत्पादन र उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई वैज्ञानिक, र प्रभावकारी बनाउन सकिन्छ । यसरी गाउँपालिका को समृद्धिका प्रमुख क्षेत्रका रूपमा रहेका पर्यटन, आधुनिक कृषि तथा पशुपालन र सूचना प्रविधिसँग सम्बन्धित विषयमा विश्व विद्यालयस्तरको शैक्षिक संस्थाको विकास गरी जनसांख्यिक लाभ लिन सकिन्छ ।

कूल जनसङ्ख्याको २५.०८ प्रतिशत जनसङ्ख्या १५ वर्ष मुनीको रहेको छ भने १२.७१ प्रतिशत जनसङ्ख्या ६० वर्ष माथिको रहेको छ । पाँच वर्ष उमेर समूहका आधारमा १५-१९ वर्ष उमेर समूहका सबैभन्दा बढी रहेको साथै १०- ४० वर्षको जनसङ्ख्या अधिक रहेको हुँदा जनसाङ्ख्यिक लाभ लीन सकिने प्रशस्त सम्भावना रहेको छ ।

**तालिका ७: उमेर समूहका आधारमा जनसङ्ख्या विवरण**

| उमेर समूह | जनसङ्ख्या | | | |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | प्रतिशत |
| ००-०४ वर्ष | ८०० | ६८९ | १४८९ | ७.०५ |
| ०५-०९ वर्ष | ९५६ | ८४२ | १७९८ | ८.५१ |
| १०-१४ वर्ष | १०६६ | ९४३ | २००९ | ९.५१ |
| १५-१९ वर्ष | १०८१ | १०२३ | २१०४ | ९.९६ |
| २०-२४ वर्ष | ९४९ | १०२१ | १९७० | ९.३३ |
| २५-२९ वर्ष | ७२७ | ९६५ | १६९२ | ८.०१ |

| उमेर समूह | जनसङ्ख्या | | | |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | प्रतिशत |
| ३०–३४ वर्ष | ६०८ | ८५६ | १४६४ | ६.९३ |
| ३५–३९ वर्ष | ६०९ | ८६० | १४६९ | ६.९६ |
| ४०–४४ वर्ष | ५६० | ६९६ | १२५६ | ५.९५ |
| ४५–४९ वर्ष | ४९६ | ६१९ | १११५ | ५.२८ |
| ५०–५४ वर्ष | ५३० | ५८१ | ११११ | ५.२६ |
| ५५–५९ वर्ष | ४४४ | ५१४ | ९५८ | ४.५४ |
| ६०–६४ वर्ष | ३९६ | ४६६ | ८६२ | ४.०८ |
| ६५–६९ वर्ष | ३२१ | ३७३ | ६९४ | ३.२९ |
| ७०–७४ वर्ष | २३५ | २४३ | ४७८ | २.२६ |
| ७५–७९ वर्ष | १५० | १७६ | ३२६ | १.५४ |
| ८०–८४ वर्ष | ८५ | १०५ | १९० | ०.९० |
| ८५–८९ वर्ष | ४१ | ४२ | ८३ | ०.३९ |
| ९०–९४ वर्ष | १४ | २० | ३४ | ०.१६ |
| ९५+ वर्ष | ७ | १० | १७ | ०.०८ |
| **जम्मा** | **१००७५** | **११०४४** | **२१११९** | **१००.००** |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

जलजला गाउँपालिका को भू–उपयोगको अवस्था हेर्ने हो भने ४४.९ प्रतिशत (३६.९३ वर्ग कि.मि.) भू–भाग खेती योग्य कृषि जमिन रहेको छ । जलजला गाउँपालिकामा पनि निर्वाह मुखी खेती प्रणाली परम्परादेखि चली आएको छ । यहाँका प्रमुख उत्पादनमा मकै, गहुँ, कोदो, सिमी, भटमास, फापर र धान बालीहरू हुन् । यस गाउँपालिकाको कुल क्षेत्रफल करिब ८२.२६ वर्ग किमि मध्ये खेती योग्य जमिनको ४०.६ प्रतिशत सिँचाइ युक्त खेत तथा ५९.४ प्रतिशत पाखो जमिन रहेको छ । यस गाउँपालिकामा प्रशस्त चरन क्षेत्र भएकोले गाई, भैंसी, भेडा, बाखा र बङ्गुर तथा हाँस, कुखुरा जस्ता पशु पन्छी पालनको सम्भावना रहेको देखिन्छ ।

जलजला गाउँपालिका को आर्थिक-सामाजिक लगत सङ्कलन २०८० को तथ्याङ्क अनुसार यस गाउँपालिका मा उत्पादन हुने कुल अन्न बाली मध्ये धान ३४८०० मुरी, मकै ९८०५ मुरी, कोदो ४९२८ मुरी, गहुँ ७४१३ मुरी वार्षिक उत्पादन हुने गरेको छ । तेलहन बाली सामान्य रूपमा १६६० मुरी मात्रै उत्पादन हुने गर्दछ । आलु, प्याज, काउली आदि जस्ता तरकारीहरू भने राम्रो मात्रामा उत्पादन हुने जलजलामा सुन्तला, कागती, किवी, आलुबखडा र निबुवा प्रमुख फलफूल बालीहरू हुन् । आलु उत्पादनको केन्द्र

जलजलामा वार्षिक १५९५९२० मुरी उत्पादन हुने गरेको देखिन्छ भने जलजल बासीको आय स्रोतको मुख्य हिस्सेदार मानिएको सुन्तला खेतीबाट वार्षिक १६८५२८५ केजी उत्पादन भई यहाँको अर्थतन्त्रलाई टेवा पुगेको देखिन्छ । यस पालिका मा व्यावसायिक तरकारी खेती गर्ने परिवार ७४४ रहेको कुरा प्राप्त तथ्याङ्कले उजागर गरेको छ भने पालिका का ६० प्रतिशत भन्दा बढी अर्थात् ३४१६ परिवारको करेसाबारी छ ।

तालिका ८: जलजला गाउँपालिकाको कृषि तथा पशुपालन सर्वेक्षणको विवरण

| क्र सं | विवरण | एकाइ | जम्मा |
|---|---|---|---|
| १ | धानको उत्पादन (वार्षिक) | मुरी | ३४८०० |
| २ | मकैको उत्पादन (वार्षिक) | मुरी | ९८०५ |
| ३ | कोदोको उत्पादन (वार्षिक) | मुरी | ४९२८ |
| ४ | आलुको उत्पादन (वार्षिक) | मुरी | १५९५२९० |
| ५ | गहुँको उत्पादन (वार्षिक) | मुरी | ७४१३ |
| ६ | तोरी/तेलहनको उत्पादन (वार्षिक) | मुरी | १६६० |
| ७ | सिमी/दलहनको उत्पादन (वार्षिक) | मुरी | ३४५९ |
| ८ | सुन्तलाको उत्पादन (वार्षिक) | केजी | १६८५२८५ |
| ९ | माछाको उत्पादन (वार्षिक) | केजी | ८८७ |
| १० | गाई | सङ्ख्या | ७०० |
| ११ | भैंसी | सङ्ख्या | २९८९ |
| १२ | बाखा | सङ्ख्या | ८४३८ |
| १३ | भेडा | सङ्ख्या | ७३८ |
| १४ | कुखुरा | सङ्ख्या | ३८५३८ |
| १५ | हाँस | सङ्ख्या | २६२१ |
| १६ | सुँगुर/बंगुर | सङ्ख्या | ४५३ |
| १७ | करेसाबारी भएको परिवार | सङ्ख्या | ३४१६ |
| १८ | दूधको उत्पादन (दैनिक) | लिटर | ६५०६ |
| १९ | अण्डाको उत्पादन (दैनिक) | सङ्ख्या | ८५०० |
| २० | व्यावसायिक तरकारी खेती गर्ने परिवार | सङ्ख्या | ७४४ |
| २१ | व्यावसायिक पशुपालन गर्ने परिवार | सङ्ख्या | २६० |

स्रोतः जलजला गाउँपालिकाको आर्थिक-सामाजिक लगत सङ्कलन २०८०

पशुपालनको उर्वरभूमी जलजलामा व्यावसायिक पशुपालन गर्ने परिवार सङ्ख्या २६० रहेको छ भने यस पालिकामा ३८५३८ कुखुरा, ८४३८ बाखा, २९८९ भैंसी, २६२१ हाँस, ७३८ भेडा, ७०० गाई तथा ४५३ बङ्गुर पालिएको देखिन्छ (जलजला गाउँपालिकाको आर्थिक-सामाजिक लगत सङ्कलन २०८०) ।

जलजला गाउँपालिकामा बसोबास गर्ने मानिसहरूमा कृषि पेशा गर्ने सबैभन्दा बढी ३८२० परिवार सङ्ख्या अर्थात् ६७.१२ प्रतिशत रहेका छन् । राष्ट्रिय कृषि गणना २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा

१०१४.४ हेक्टर जमिनमा खेती गरिन्छ भने ३८०८ परिवारले ९६८.१ हेक्टर जमिनमा अस्थायी बाली लगाउने गरेका छन् । स्थायी बाली लागेको १०८.३ हेक्टरमा ११७२ परिवारको सम्लग्नता रहेकोमा स्थायी चौर चरन, निजी बनबनेलो, पोखरी तथा अन्य जग्गा भएका परिवार सङ्ख्या ३८२० रहेको छ र सो प्रयोजनका लागि २३४.७ हेक्टर जमिन प्रयोग भएको देखिन्छ ।

**तालिका ९: जलजला गाउँपालिकाको कृषि विकासको अवस्था**

| विवरण | | परिमाण |
|---|---|---|
| कृषक परिवारको जम्मा सङ्ख्या | | ३८२० |
| कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | | १३५७.३ |
| जम्मा खेतीयोग्य जग्गा | परिवार सङ्ख्या | ३८२० |
| | क्षेत्रफल (हेक्टर) | १०१४.४ |
| अस्थायी बाली लागेको जग्गा | परिवार सङ्ख्या | ३८०८ |
| | क्षेत्रफल (हेक्टर) | ९६८.१ |
| अन्य खेतीयोग्य जग्गा | परिवार सङ्ख्या | ४२२ |
| | क्षेत्रफल (हेक्टर) | ४६.३ |
| स्थायी बाली लागेको जग्गा | परिवार सङ्ख्या | ११७२ |
| | क्षेत्रफल (हेक्टर) | १०८.३ |
| स्थायी चौरचरन, निजी बनबनेलो, पोखरी तथा अन्य जग्गा | परिवार सङ्ख्या | ३८२० |
| | क्षेत्रफल (हेक्टर) | २३४.७ |

स्रोतः राष्ट्रिय कृषिगणना २०७८

जलजला गाउँपालिकाको कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल १३५७.३ हेक्टर रहेकोमा परिवारको हकको जग्गामात्र कमाउने परिवार सङ्ख्या २७०७ रहेको छ भने १११३ परिवारसँग एकभन्दा बढी प्रकारको जमिनको स्वामित्व रहेको देखिन्छ (राष्ट्रिय कृषि गणना २०७८)।

**तालिका १०: कृषक परिवारले चलन गरेको जग्गाको विवरण**

| विवरण | | | परिमाण |
|---|---|---|---|
| कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर.) | | | १३५७.३ |
| एक प्रकारको स्वामित्व | परिवारको हकको जग्गामात्र कमाउने | परिवार सङ्ख्या | २७०७ |
| | | क्षेत्रफल (हेक्टर) | ९३०.९ |
| | अरूको हकको जग्गामात्र कमाउने | परिवार सङ्ख्या | ० |
| | | क्षेत्रफल (हेक्टर) | ० |
| | अन्य प्रकारको उपभोग अन्तर्गत | परिवार सङ्ख्या | ० |

| | | | |
|---|---|---|---|
| | | क्षेत्रफल (हेक्टर) | ० |
| एकभन्दा बढी प्रकारको स्वामित्व | | परिवार सङ्ख्या | ११९३ |
| | | क्षेत्रफल (हेक्टर) | ४२६.५ |

स्रोतः राष्ट्रिय कृषि गणना २०७८

कृषिलाई व्यावसायिकता प्रदान गर्न सुन्तला, आलु, खाद्यान्न बाली र तरकारी पकेट क्षेत्रको विकास गरिएको छ, जसमा सुन्तलाको पकेट क्षेत्रको रूपमा बाँसखर्क गण्डकी प्रदेशमा नै चर्चित नाम हो भने माँझफाँट पनि यस क्षेत्रको सुन्तला पकेट क्षेत्रका रूपमा प्रख्यात छ । त्यस्तै ताजा तरकारी र खाद्यान्न बालीतर्फ धाइरिङ र नाङ्लीबाङ तथा आलुमा शालिजा, लेकफाँट, बनौ, धाइरिङ र नाङलीबाङ समेत चर्चित क्षेत्रहरू हुन्  (जलजला गाउँपालिकाको वस्तुगत विवरण, २०७५)।

समुद्र सतहदेखि ७६०-३१०० मी. को उचाइसम्म रहेको यस पालिका मा कृषि जन्य उत्पादनको विविधताको सम्भावना दर्साउँछ जसमा अन्न बाली, नगदे बाली, तरकारी बाली एवं सुन्तला जन्य फलफूल र अन्य फलफूलको राम्रो उत्पादन लिन सकिन्छ । त्यसैगरी पशु पन्छी तर्फ बाखा र कुखुरा पालनको व्यवसाय गर्न सकिने सम्भावना छ । प्राविधिक ज्ञान र सीप, प्रविधि, सिँचाई, पूँजी र बजारको यथोचित व्यवस्थापन गर्ने हो भने यस क्षेत्रमा ३ गुणा उत्पादन बढाउन सकिने देखिन्छ । कृषि क्षेत्रबाट आर्थिक विकास गर्नलाई यहाँको कृषि प्रणालीलाई वैज्ञानिक कृषि प्रणालीमा रूपान्तरण गर्नु आवश्यक छ । त्यसको लागि हाल यस पालिका ले हाल सालै सम्पन्न गरेको कृषिको समग्र अवस्थाको अध्ययनलाई आधार मानी योजना तर्जुमा गर्न जरुरी हुनेछ

## २.२.२ पर्यटन तथा संस्कृति

कालीगण्डकीको किनार (७६० मिटर) देखि कालज्ञर हम्पाल पर्वत (३१०० मिटर) सम्म फैलिएको यस गाउँपालिका को अधिकांश भाग भिरालो रहेको छ ।



कालीगण्डकीको किनार आसपासको क्षेत्र




घुमाउनेताल, बगर, बेनी, लामाखेत, मिलनचोक, लस्ती, फर्से; नागलीवाङको ओढारे, सेरा; धाइरिङको बाँसकोट, सल्यान; माझ फाँटको बेंसीफाँट, फङ्केढुङ्गा आदि क्षेत्रमा अलि सम्म परेको फराकिलो फाँटहरू रहेका छन् । बनौं, शालिजा, लेकफाँट, धाइरिङको माथिल्लो भाग, बाँसखर्कको प्राय सबैजसो भाग पाल्टे परेर रहेको छ । गाउँपालिकाका केही भागमा अग्ला भिर पहरा पनि रहेका छन् । कालञ्जर हम्पाल पर्वत क्षेत्र लगायत सबै वडामा बाक्लो वनक्षेत्र रहेको छ ।



जलजला गाउँपालिका मा पर्यटन विकासको ठूलो सम्भावना रहेको छ । यस गाउँपालिका मा पनि नेपालका अन्य पहाडी भेगमा झैं रमणीय डाँडाकाँडा, सुन्दर हिमालका दृश्य, धार्मिक मठ मन्दिर, गुफा, ताल, कुण्ड, झरना, कला तथा सांस्कृतिक नाँचगान लगायतका सम्पदा छन् । कुल जनसङ्ख्याको एक चौथाइ भाग मगरहरू भएका कारण भीरमौरीको मह काढ्ने, हेम्फै, सोरठी, मारुनी, घाटु, हनुमान् नाँच जस्ता कतिपय मौलिक संस्कृति यहाँको जनजीवनमा देख्न सकिन्छ । गाउँपालिका को विकास र समृद्धिको प्रमुख आधारका रूपमा रहेको एक क्षेत्र पर्यटन पनि हो । पर्यटन उद्योगको विकासका लागि पर्यटकीय स्थल, न्यानो आतिथ्यता, होटेल, रेष्टुरेण्ट, रिसोर्ट, शान्त र रमणीय पद मार्ग आदिको योगदान ठूलो रहेको हुन्छ ।

यस गाउँपालिका मा पनि विभिन्न स्थानमा पर्यटकीय पद मार्गहरू रहेका छन् । गाउँपालिका मा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि घर आवास (होमस्टे) सेवाले ठूलो सहयोग पुर्याउँदै आएको छ । पर्यटन क्षेत्रको विकासको लागि ठूला-ठूला होटेल तथा रेस्टुराँको स्थापना र सञ्चालन हुँदै गर्दा यस किसिमका घर वास सुविधाले पर्यटन क्षेत्रको विकासमा सहयोग पुऱ्याउन सक्ने देखिन्छ । शालिजा, लेक फाँट, बनौं तथा बाँस खर्कमा रहेका मगर समुदायको वस्ति रहेका ठाउँहरूमा घर वास सेवा सञ्चालन गरिएका छन् । वडा नं. ६





शालिजाको तारे, गाम, ओखेनी तथा लेकफाँटको कुवापानी र लोप्रेमा व्यक्तिगत रूपमा पनि आवास सुविधा सञ्चालन गरिएको छ । प्राकृतिक दृश्यावलीकन, मगर संस्कृतिको पहिचान, घुमाउनेतालदेखि नागी, मोहरेडाँडा, फलामेडाँडा, जलजला हुँदै हम्पाल पर्वतसम्म पुग्ने पद मार्ग, वनौं हल्जुरे यहाँका प्रमुख पर्यटकीय आकर्षणहरू हुन् । विशेष गरी ऐतिहासिक मन्दिर, पोखरी, सामुदायिक वन क्षेत्र, संग्रहालय, रिसोर्ट र रेस्टुरेन्टको प्रवर्द्धन मार्फत गाउँपालिका ले पर्यटनलाई बढवा दिइरहेको देखिन्छ । पालिका को तथ्याङ्कअनुसार गाउँपालिका मा १५० वटा धार्मिक स्थलहरू रहेका छन् भने यहाँका तीन दर्जन बढी पर्यटकीय स्थलहरूमा वार्षिक रूपमा करिब ५००० जना पर्यटकहरूले भ्रमण गरेको देखिन्छ । जलजला गाउँपालिका मा हाल सम्म ५ वटा पर्यटकीय स्तरको होटेल भएकोमा पालिका भ्रमणमा आउने पर्यटकका सेवाका लागि ३२ वटा साधारण होटेल र २ वटा होम स्टे रहेका छन् (जलजला गाउँपालिका को आर्थिक-सामाजिक लगत सङ्कलन २०८०)।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

जलजला गाउँपालिका मा ७११ वटा उद्योग/ व्यवसाय दर्ता भई सञ्चालनमा रहेका भए ता पनि अझ १५० वटा भन्दा बढी उद्योग व्यवसायहरू दर्ता हुन बाँकी रहेका छन् । पालिका मा सञ्चालित उद्योग व्यवसाय मध्ये सबैभन्दा बढी वडा नं. ३ मा र सबैभन्दा कम वडा नं. १ मा छन् (जलजला गाउँपालिका, रोजगार शाखा २०८०) । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार जलजला गाउँपालिका का ५९६१ परिवार मध्ये ९०.७३ प्रतिशत (५४०९ परिवार) ले कुनै उद्यम सञ्चालन न गरेकोमा सबैभन्दा बढी २५३ परिवारले व्यापार/व्यवसाय गर्ने गरेको देखिन्छ ।

**तालिका ११: जलजला गाउँपालिकाको साना उद्यम सञ्चालकको प्रकार**

| विवरण | | | घरपरिवार सङ्ख्या |
|---|---|---|---|
| साना उद्यम सञ्चालन नगर्ने परिवार | | | ५४०९ |
| साना उद्यमका प्रकार | कपडा सिलाइ-बुनाइ | पुरुष | ४८ |
| | | महिला | ८८ |
| | व्यापार/व्यवसाय | पुरुष | १०६ |
| | | महिला | १४७ |
| | ढुवानी सेवा | पुरुष | २३ |
| | | महिला | ७ |
| | सेवा | पुरुष | २३ |
| | | महिला | ३४ |
| | अन्य | पुरुष | ७ |
| | | महिला | ८ |
| | उल्लेख नभएका | | ६१ |
| **जम्मा** | | | **५९६१** |

स्रोतः राष्ट्रिय जनगणना २०७८



गाउँपालिकामा ३ वटा मझौला उद्योग दर्ता भई सञ्चालनमा रहेकोमा स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योगको सङ्ख्या १० रहेको छ । स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योगको सङ्ख्या १५ रहेको जलजलाको ढुङ्गा खानी तथा नदी जन्य पदार्थ आन्तरिक आम्दानीको मुख्य स्रोत रहेको छ र ढुङ्गा खानीको ढुङ्गा तथा नदी जन्य पदार्थ कच्चा पदार्थको रूपमा वार्षिक १०००० मे. टन निकासी हुने गरेको छ ।

पालिका का विभिन्न ३ ठाउँमा स्थानीय सामानको बजार सञ्चालन रहेकोमा उत्पादन र बजारी करण सहकारी संस्था सङ्ख्या २० तथा थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना करिब २००० रहेको जलजलामा होलसेल पसलको सङ्ख्या ५ वटा रहेको छ (जलजला गाउँपालिका, रोजगार शाखा २०८०) ।



जलजला गाउँपालिका को वडा नं. ३ को वारी बेनी बजार नै यहाँको व्यापार व्यवसायको मुख्य केन्द्र हो । पूर्ण रूपमा आयातमा निर्भर यहाँको व्यापार व्यवसाय बेनी बजार, बागलुङ बजार र कुश्मा बजारमा केन्द्रित छ । स्थानीय स्तरमा पाइने कच्चा पदार्थहरू र जडीबुटीमा आधारित उद्योग विकासको प्रचुर सम्भावना रहेको छ । घरेलु स्तरमा उत्पादित उत्पादनहरूको बजारी करणको लागि स्थानीय पालिका ले खेल्ने सहजि करण र समन्वय कारी भूमिका अति महत्त्वपूर्ण हुन्छ । यस गाउँपालिका मा झोला उद्योग, जूस उद्योग, अल्लोबाट कपडा उद्योग, नेपाली कागजका सामाग्रीहरू, गलैंचा, भाङ्ग्रो, स्विटर, ढाका कपडा फर्निचर उद्योग, ग्रील उद्योग, कागज उद्योग, कुटानी- पिसानी मिलहरू, सिलाइ एवम् बुनाइ उद्योग, होटेल एवम् लजहरू, मेटल उद्योग आदि सञ्चालनमा रहेका छन् (जलजला गाउँपालिका को रोजगार शाखा २०८०)।

उद्योगको कमीको कारण गाउँपालिकामा उपलब्ध कच्चा पदार्थको पर्याप्त मात्रमा उपयोग हुन सकेको छैन । तसर्थ यहाँ दैनिक उपभोग्य सामग्री र अन्य आधारभूत मालसामान छिमेकी पालिका बाट आयात गर्नु पर्ने अवस्था छ । गाउँपालिका बाट आलु, सुन्तला, दूध, मह, तरकारी तथा पशु जन्य उत्पादनहरू निर्यात हुने गरेको छ । कृषिमा आधारित साना तथा मझौला उद्योगहरूको स्थापना र औपचारिक क्षेत्रको विस्तार मार्फत उपभोग्य वस्तु, निर्माण सामग्री, कृषि तथा पशु जन्य उद्योग, अचार बनाउने, मुढा बनाउने, गुडि या बनाउने, मैनबत्ती बनाउने जस्ता साना उद्योगहरूको विकास गरी थोरै पूँजी र सामान्य प्रविधिबाटै रोजगारीको विस्तार गरी आयात प्रतिस्थापन गर्न सकिने देखिन्छ ।



## २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकलाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । यसको साथै सबै नागरिकले स्वदेश वा वैदेशिक रोजगारीको छनौट गर्न पाउने अधिकारको पनि संविधानमा सुनिश्चित गरिएको छ । देशको ५६ प्रतिशत घर धुरीले विप्रेषण प्राप्त गरिरहेको सन्दर्भमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि विगतका योजनाहरूले समेट्न नसकेको यथार्थ हो । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवं उपलब्धि मूलक बनाउन र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभवलाई उत्पादन मूलक क्षेत्रमा परिचालनका लागि प्रोत्साहन गर्न सुरक्षित वैदेशिक रोजगारीको सवाललाई गाउँपालिका ले आफ्नो योजनामा समेट्न आवश्यक रहेको छ ।

तालिका १२: आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्याको विवरण

| वडा नं. | विवरण | १० वर्ष माथिको जनसङ्ख्या | आर्थिक क्रियाकलापमा सक्रिय | | | आर्थिक क्रियाकलापमा निष्क्रिय | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|
| | | | प्राय सक्रिय रहने | | प्राय सक्रिय नरहने | | |
| | | | रोजगार | बेरोजगार | | | |
| १ | सङ्ख्या | ७८० | १५८ | ११ | ४५६ | १५५ | ० |
| | प्रतिशत | १००.०० | २०.२६ | १.४१ | ५८.४६ | १९.८७ | ०.०० |
| २ | सङ्ख्या | २०८३ | ५५३ | ६४ | ४०३ | १०५१ | १२ |
| | प्रतिशत | १००.०० | २६.५५ | ३.०७ | १९.३५ | ५०.४६ | ०.५८ |
| ३ | सङ्ख्या | ३४९९ | ११५१ | ९९ | ५८६ | १६५२ | ११ |
| | प्रतिशत | १००.०० | ३२.९० | २.८३ | १६.७५ | ४७.२१ | ०.३१ |
| ४ | सङ्ख्या | २१६८ | ६३५ | ३१ | ७०४ | ७९४ | ४ |
| | प्रतिशत | १००.०० | २९.२९ | १.४३ | ३२.४७ | ३६.६२ | ०.१८ |
| ५ | सङ्ख्या | १७४५ | १०४२ | ५० | १८३ | ४६६ | ४ |

| वडा नं. | विवरण | १० वर्ष माथिको जनसङ्ख्या | आर्थिक क्रियाकलापमा सक्रिय | | | आर्थिक क्रियाकलापमा निष्क्रिय | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|
| | | | प्राय सक्रिय रहने | | प्राय सक्रिय नरहने | | |
| | | | रोजगार | बेरोजगार | | | |
| | प्रतिशत | १००.०० | ५९.७१ | २.८७ | १०.४९ | २६.७० | ०.२३ |
| ६ | सङ्ख्या | १५७४ | १०५७ | १५ | ११३ | ३८८ | १ |
| | प्रतिशत | १००.०० | ६७.१५ | ०.९५ | ७.१८ | २४.६५ | ०.०६ |
| ७ | सङ्ख्या | २६७५ | ९४९ | १४६ | ५७० | १००४ | ६ |
| | प्रतिशत | १००.०० | ३५.४८ | ५.४६ | २१.३१ | ३७.५३ | ०.२२ |
| ८ | सङ्ख्या | २१७९ | ९५० | १२ | ३८९ | ८२७ | १ |
| | प्रतिशत | १००.०० | ४३.६० | ०.५५ | १७.८५ | ३७.९५ | ०.०५ |
| ९ | सङ्ख्या | ११२९ | ७९७ | ५ | ८० | २४४ | ३ |
| | प्रतिशत | १००.०० | ७०.५९ | ०.४४ | ७.०९ | २१.६१ | ०.२७ |
| जम्मा पुरुष | सङ्ख्या | ८३१९ | ३८८४ | २३० | १३८२ | २८०३ | २० |
| | प्रतिशत | १००.०० | ४६.६९ | २.७६ | १६.६१ | ३३.६९ | ०.२४ |
| जम्मा महिला | सङ्ख्या | ९५१३ | ३४०८ | २०३ | २१०२ | ३७७८ | २२ |
| | प्रतिशत | १००.०० | ३५.८२ | २.१३ | २२.१० | ३९.७१ | ०.२३ |
| **कूल जम्मा** | **सङ्ख्या** | **१७८३२** | **७२९२** | **४३३** | **३४८४** | **६५८१** | **४२** |
| | **प्रतिशत** | **१००.००** | **४०.८९** | **२.४३** | **१९.५४** | **३६.९१** | **०.२४** |

स्रोतः राष्ट्रिय जनगणना २०७८

जलजला गाउँपालिका को कुल जनसङ्ख्या मध्ये ६२.८६ प्रतिशत आर्थिक रूपले सक्रिय जनसङ्ख्या रहेकोमा रोजगार युक्त जनसङ्ख्याको २.४३ प्रतिशत जनसङ्ख्या बेरोजगार रहेको देखिन्छ । उपलब्ध तथ्याङ्क अनुसार गाउँपालिका को १३.३६ प्रतिशत जनसङ्ख्या वैदेशिक रोजगारीमा संलग्न रहेको छ । वैदेशिक रोजगार बाहेक १० प्रतिशतले व्यापार व्यवसाय पेसा अपनाएको देखिन्छ (राष्ट्रिय जनगणना २०७८) । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिका बाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ ।

कुनैपनि समाजको आर्थिक तथा सामाजिक विकासमा त्यहाँ स्थापित बैक, सहकारी सङ्गठन तथा वित्तीय संस्थाहरूले खेल्ने भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । जलजला गाउँपालिका मा सरकारी बैकका कुनै पनि शाखाहरू रहेका छैनन् भने निजी स्तरमा वडा नं. ४ मोहनचोकमा नेपाल इन्भेस्टमेण्ट बैकको शाखा स्थापना गरिएको छ । नेपालमा राष्ट्रिय अर्थतन्त्रको तीनवटा खम्बामध्ये एक खम्बाका रूपमा सहकारी सङ्गठन रहेको छ । यस गाउँपालिका मा पनि विभिन्न कार्य प्रकृतिका सहकारी संस्थाहरू दर्ता भई सञ्चालन भइरहेका छन् । गाउँपालिका मा रहेका सहकारी संस्थाहरूको विवरण अनुसार ४५ वटा संस्थाले सेवा प्रदान गरिरहेका छन् । गाउँपालिका क्षेत्रभित्र रहेका वित्तीय संस्थाहरूको बारे विश्लेषण गर्दा अधिकतम

वित्तीय संस्थाहरूले कृषि, व्यवसाय र लघु उद्यम विकासको क्षेत्रमा लगानी गरेको पाइन्छ भने अति जोखिममा परेका घर धुरीमा कम लगानी गरिरहेको देखिन्छ ।

### २.२.५ सहकारी

जलजला गाउँपालिका मा जम्मा ४५ वटा सहकारीहरू सञ्चालित छन् । ऋण प्रवाह, धितो मूल्याङ्कन जस्ता विषयहरूमा बैङ्कहरूको आफ्नै विविध प्रावधानबाट ग्रामीण वडा वासीहरू ऋण सुविधाबाट लाभान्वित हुन सकिरहेका छैनन् र पालिका स्तरको धितोबाट आवश्यकता अनुसार बैङ्कबाट ऋण प्राप्त हुन सकिरहेको छैन । त्यसैगरी परियोजनामा आधारित ऋण र सामूहिक जमानीमा ऋण प्रदान गर्ने नीति पनि सहकारीहरूमा छैन । तसर्थ पर्याप्त पूँजीको अभाव एवं ऋण व्यवस्था हुन नसकेका कारणबाट पनि सीप युक्त जनशक्तिहरूले उद्योग व्यवसाय स्थापना गर्न र पूँजी भएका हरू ले पनि व्यवसाय विस्तार गर्न सकिरहेका छैनन् । सहकारी संस्थाहरूमा सदस्यको हैसियतबाट तुलनात्मक रूपमा धितो बिना पनि ऋण सुविधा सहज भएपनि आवश्यकता अनुसार ऋण प्रदान गर्न सक्ने हैसियतको विकास हुन सकिरहेको छैन ।


## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण


हाल गाउँपालिका को स्वास्थ्य सेवालाई चुस्त दुरुस्त राख्न जलजला गाउँपालिका क्षेत्रभित्र १ गाउँपालिका स्तरीय अस्पताल र जम्मा ६ वटा स्वास्थ्य चौकी रहेका छन् । जसमध्ये आधारभूत स्वास्थ्य केन्द्र (वडा नं. २ र ४), १ वटा सामुदायिक स्वास्थ्य इकाई (मिलनचोक) र १ वटा नागरिक आरोग्य केन्द्र (फड्केढुङ्गा वडा नं. ४) रहेका छन् । गाउँपालिकाका ९ वटा वडामा ३ वटा बर्थी ङ सेन्टर (मल्लाज, लेकफाँट र शालिजा), १ वटा सुरक्षित गर्भपतन सेवा, १४ वटा गाउँघर क्लिनिक तथा ३६ वटा खोप केन्द्र सञ्चालित छन् । गाउँपालिका मा ६५ जना स्वास्थ्य स्वयम् सेविका कार्यरत रहेका छन् (जलजला गाउँपालिका, स्वास्थ्य शाखा)।

जलजला गाउँपालिका मा मुख्य गरी झाडा पखाला, निमोनियाँ, ग्यास्ट्रिक तथा उच्च रक्तचाप जस्ता प्रमुख रोगको रूपमा देखिएको छ । आधारभूत स्वास्थ्य सेवालाई चुस्त र दुरुस्त बनाउनको लागि शाखाबाट औषधी खरिद, रिक्त दरबन्दीमा कर्मचारी भर्ना, कर्मचारीहरूलाई तालिममा सहभागी, विभिन्न कार्यक्रमहरूको समीक्षा, स्वास्थ्य शिविर लगायत कार्यहरू गर्दै आइरहेको छ । गाउँ बासीका लागि सुलभ स्वास्थ्य सेवाको उद्देश्य पुरा गर्न र आकस्मिक महामारीलाई समेत व्यवस्थापन गर्न स्वास्थ्य संस्थाहरू सुदृढीकरण, १५ शैयाको अस्पताल सञ्चालन र स्वास्थ्य कर्मीहरूको प्रभावकारी परिचालनको लागि स्वास्थ्य नीति तयार गरी लागू गर्नुपर्ने देखिएको छ ।

### २.३.२ शैक्षिक विकास




जलजला गाउँपालिकामा ५ वर्ष माथिको जनसङ्ख्याको साक्षरता दर ७९.९ प्रतिशत रहेकोमा सबैभन्दा बढी वडा नं. ३ को साक्षरता ८६.६ प्रतिशत र सबैभन्दा कम वडा नं. ३ को ७४.९३ प्रतिशत रहेको छ । शिक्षाको तह गत अवस्था हेर्दा बाल-विकास र पूर्वप्राथमिक अध्ययन गरिरहेका बच्चाहरू ३.५९ प्रतिशत, आधारभूत तह अध्ययन रत/उत्तीर्ण गर्ने ४८.४० प्रतिशत, माध्यामिक तहमा अध्ययन रत/उत्तीर्ण गर्ने ४३.४७ प्रतिशत रहेको छ भने स्नातक तह अध्ययन रत/उत्तीर्ण ३.३१ प्रतिशत, स्नातकोत्तर तह अध्ययन रत/उत्तीर्ण १.१६ र एमफिल वा सोभन्दा बढी अध्ययन गर्ने ०.०७ प्रतिशत रहेका छन् । ५ वर्ष माथिको जनसङ्ख्याको २० प्रतिशतको हाराहारीको जनसङ्ख्या निरक्षर रहेको देखिन्छ (राष्ट्रिय जनगणना २०७८) ।



शिक्षण संस्थाहरूको संरचना गत अवस्थालाई हेर्दा गाउँपालिकामा क्याम्पस १ (हाल सञ्चालनमा नरहेको), माध्यामिक विद्यालय सङ्ख्या ७ (संस्थागत ३ र सामुदायिक ४), प्रा.वि. ३८ (सामुदायिक ३१ र संस्थागत ७), नि.मा.वि. ३ (सामुदायिक) सञ्चालित छन् । गाउँपालिकामा बाल विकास केन्द्रको सङ्ख्या ४० रहेको छ । (जलजला गाउँपालिकाको शिक्षा शाखा, २०८०) ।

### २.३.३ खानेपानी तथा सरसफाइ

गाउँपालिकाको ९४.१६ प्रतिशत घरधुरीको खानेपानीको मुख्य स्रोत पाइपबाट वितरित पानी रहेको छ भने ४७.५१ प्रतिशत घर धुरीको पानीको स्रोत कम्पाउन्ड भित्रेको पाइप धारा छ । त्यस्तै, ५.१५ प्रतिशतले मूलको पानी उपभोग गरिरहेका छन् । ४ घर धुरीले ढाकिएको इनार वा कुवा र  ४ घर धुरीले नदी वा खोलाको पानी खाइरहेका छन् (राष्ट्रिय जनगणना २०७८)।

तालिका १३: गाउँपालिकाको खानेपानीको स्रोत सम्बन्धी विवरण

| वडा नं. | घरधूरी | खानेपानीको मुख्य स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कम्पाउण्डमा पाइप/ धारा | कम्पाउण्ड बाहिर पाइप/धारा | हाते पम्प | ढाकिएको इनार/ कुवा | नढाकिएको इनार/ कुवा | मूलको पानी | नदी /खोला | जार /बोतल | अन्य |
| १ | २३८ | १३९ | ९८ | ० | ० | ० | १ | ० | ० | ० |
| २ | ७०३ | २८७ | ४१६ | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ११८८ | ९६७ | १६२ | ० | २ | २ | ५५ | ० | ० | ० |
| ४ | ६९९ | ५५२ | १४० | ० | ० | ३ | २ | ० | ० | २ |
| ५ | ६१० | १२२ | ३०९ | ० | ० | ५ | १६९ | ० | १ | ४ |
| ६ | ५६४ | १०६ | ४५६ | ० | १ | ० | ० | ० | ० | १ |
| ७ | ८९६ | ३४९ | ५२६ | ० | १ | १० | १० | ० | ० | ० |
| ८ | ७३६ | २७८ | ३८० | ० | ० | ३ | ७० | ४ | ० | १ |
| ९ | ३२७ | ३२ | २९४ | ० | ० | १ | ० | ० | ० | ० |
| जम्मा | ५९६१ | २८३२ | २७८१ | ० | ४ | २४ | ३०७ | ४ | १ | ८ |
| प्रतिशत | १००.०० | ४७.५१ | ४६.६५ | ०.०० | ०.०७ | ०.४० | ५.१५ | ०.०७ | ०.०२ | ०.१३ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

जलजला गाउँपालिकामा करिब ९९ प्रतिशत घर धुरीले शौचालय प्रयोग गर्ने गरेका छन् भने १ प्रतिशत घर धुरीले अझै पनि शौचालय प्रयोग नगर्ने गरेको तथ्याङ्कले देखाउँछ । गाउँपालिकाभित्रका विभिन्न २ स्थानमा सार्वजनिक शौचालय सञ्चालनमा रहेको छ  (राष्ट्रिय जनगणना २०७८) ।

तालिका १४: शौचालय प्रयोगको प्रकार

| वडा नं. | जम्मा | शौचालय प्रयोगको प्रकार | | | | शौचालय नभएको |
|---|---|---|---|---|---|---|
| | | सार्वजनिक ढलमा जडित सुलभ शौचालय | सेप्टी ट्याङ्क भएको सुलभ शौचालय | साधारण शौचालय | सार्वजनिक शौचालय | |
| १ | २३८ | १ | १ | २३३ | ० | ३ |
| २ | ७०३ | ३ | २१७ | ४८२ | ० | १ |
| ३ | ११८८ | १६ | ११४६ | २२ | १ | ३ |
| ४ | ६९९ | ३९ | ३५४ | २९४ | २ | १० |
| ५ | ६१० | १३ | २१९ | ३५४ | ४ | २० |
| ६ | ५६४ | ५ | २२४ | ३३३ | ० | २ |
| ७ | ८९६ | २४ | ५४८ | ३११ | १ | १२ |
| ८ | ७३६ | ८ | ५६८ | १४९ | १ | १० |
| ९ | ३२७ | ६ | ३०९ | १० | ० | २ |
| जम्मा | २३८ | १ | १ | २३३ | ० | ३ |
| प्रतिशत | १००.०० | १.९३ | ६०.१६ | ३६.७१ | ०.१५ | १.०६ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

जलजला गाउँपालिकाले पालिका क्षेत्रको फोहोर मैला व्यवस्थापन गर्न व्यवस्थित स्थलको निर्माण गरेको छैन । गाउँपालिका क्षेत्रभित्र रहेका घरहरूबाट निस्कने ठोस फोहोर मैला ट्याक्टरमा सङ्कलन गर्ने योजना भएतापनि यो कार्य बजार क्षेत्रका वडाहरूमा मात्र सीमित हुने देखिन्छ । ग्रामीण वडाहरूको फोहोर मैला घरैमा जैविक भए मल बनाउने, प्लास्टिक र अजैविक भए जलाउने गरी घरैमा व्यवस्थापन गरिने गरेको छ ।

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण


गाउँपालिका शिक्षा र कृषिको उर्वर भूमिको रूपमा रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेश करणलाई पालिका स्तरीय योजनाले समेट्दै ले जानु पर्छ ।

तालिका १५: महिलाको प्रजनन अवस्थाका आधारमा जनसङ्ख्या विवरण

| महिलाको उमेर समूह | शून्य बच्चा पैदा गर्ने प्रतिशत | १ बच्चा पैदा गर्ने प्रतिशत | २ बच्चा पैदा गर्ने प्रतिशत | ३ बच्चा पैदा गर्ने प्रतिशत | ४ वा ४ भन्दा बढी बच्चा पैदा गर्ने प्रतिशत |
|---|---|---|---|---|---|
| १५-१९ | ५८.९ | ३६.३ | ४.८ | ० | ० |
| २०-२४ | २९.८ | ४६.२ | २०.६ | २.९ | ०.६ |


| | | | | | |
|---|---|---|---|---|---|
| २५–२९ | १०.२ | ३४.३ | ४५.५ | ८.९ | १.१ |
| ३०–३४ | ४.८ | १७.४ | ५५.५ | १७.८ | ४.५ |
| ३५–३९ | ३.८ | ७.५ | ४८.५ | ३१.३ | ८.९ |
| ४०–४४ | ६.५ | ८.३ | ३९.६ | ३०.७ | १५ |
| ४५–४९ | ७.५ | ८.३ | २४.६ | ३२.२ | २७.५ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*




महिलाको प्रजनन अवस्थालाई अध्ययन गर्दा एक-तिहाइ भन्दा बढी (३६.३ प्रतिशत) महिलाले १९ वर्ष भित्र पहिलो बच्चा पैदा गरिसकेको देखिन्छ भने ५७.७ प्रतिशत महिलाले ४ वा ४ भन्दा बढी बच्चा पैदा गरेको देखिन्छ (राष्ट्रिय जनगणना २०७८) ।

जलजला गाउँपालिकाको जनसङ्ख्याको पहिलो विवाह हुँदाको उमेरलाई विश्लेषण गर्ने हो भने पुरुष भन्दा महिलाले तुलनात्मक रूपमा कम उमेरमा विवाह गर्ने गरेको देखिन्छ । कूल विवाहित महिला मध्ये ७८.३ प्रतिशत महिलाको विवाह २० वर्ष भन्दा कम उमेरमा भएकोमा ४३.५४ प्रतिशत पुरुषले मात्र सो उमेरमा विवाह गरेको देखिन्छ (राष्ट्रिय जनगणना २०७८) ।




गाउँपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिला मैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला सञ्जाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, सुत्केरी जाँच व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ । गाउँपालिकामा ०—१४ वर्ष उमेर समूहका २५.०८ प्रतिशत बालबालिकाहरू रहेका छन् भने १५—२४ उमेर समूहका १९.२९ प्रतिशत किशोर किशोरी रहेका छन् भने ७० वर्ष माथि उमेर समूहका करिब ५.३४ प्रतिशत जनसङ्ख्या रहेको छ । त्यस्तै २.९ प्रतिशत व्यक्तिमा (६०६ जना) कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ जसमा महिलाको २.५ प्रतिशत र पुरुषको ३.४ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना २०७८) ।

### २.३.५ युवा, खेलकुद तथा कला

व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न गाउँपालिका स्तरमा खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी "सबैका लागि खेलकुद" अभियानलाई व्यवहारमा उतार्न जरुरी छ ।

यस गाउँपालिकाको कुल जनसङ्ख्याको ५२.४२ प्रतिशत जनसङ्ख्या युवा जनसङ्ख्या रहेको छ । त्यस्तै आर्थिक रूपले सक्रिय जनसङ्ख्याको करिब १४ प्रतिशत जनसङ्ख्या रोजगारीका लागि विदेशी एको देखिन्छ (राष्ट्रिय जनगणना २०७८) । युवा क्लब गठन गरी पालिका स्तरीय सञ्जाल निर्माण भएको छ र हाल १८ वटा युवा क्लब तथा सञ्जालहरू सक्रिय रूपमा क्रियाशिल रहेका छन् । यहाँका १२३ जना युवाहरू गाउँपालिका तथा जिल्लास्तरका व्यावसायिक खेलाडीहरू रहेका छन् । जस मध्ये १४ जना क्षेत्रीय/राष्ट्रिय

स्तरका खेलाडीहरू रहेका छन् । गाउँपालिका क्षेत्रमा २३ वटा युवा क्लबहरू रहेका छन् । समुदायस्तरका यस्ता क्लबहरू खेलकुद तथा युवा सशक्तिकरणका अतिरिक्त सामाजिक कार्यमा पनि संलग्न रहँदै आएका छन् । गाउँपालिका विभिन्न वडाका ३७ स्थानमा साना ठूला खेल मैदानहरू रहेका र विभिन्न खेलकुद प्रतियोगिताहरू सञ्चालन भइ रहने गर्छन् । यस गाउँपालिकामा बसोबास गर्ने विभिन्न जात जातिहरूको आफ्नै मौलिक संस्कृतिहरू छन् । पालिका क्षेत्रमा मुख्य गरेर दशै, माघी, ल्होसार जस्ता पर्वहरू मनाउने गरिन्छ । विशेष गरी मगर समुदायले आफ्ना परम्परागत पर्वहरू मनाउने तथा मेला लगाउने गर्छन् ।

सबै जातिहरूले आफ्नो संस्कृति अनुरूपका चाडपर्व निकै महत्त्व र उत्साहका साथ मनाउँदै आइरहेका छन् । विभिन्न जात जातिहरूको छुट्टै संस्कृतिहरू हुँदिहुँदै पनि एक अर्का प्रतिको धार्मिक तथा सांस्कृतिक सहिष्णुता यहाँको सुन्दर पक्ष हो ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

नेपालको संविधानले अव्यवस्थित बसोबासलाई योजनाबद्ध पूर्ण पूर्वाधार वातावरण मैत्री तथा नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । ग्रामीण चरित्रको जनसङ्ख्यालाई भूगोलको आधारमा सहरी परिभाषित गरिए पनि कार्यपद्धति र चरित्रको आधारमा अधिकांश सहरी जनसङ्ख्या ग्रामीण चरित्रको नै छ । जलजला गाउँपालिकाले भौगोलिक हिसाबले छरिएर रहेका तथा विपद् जोखिममा रहेका ग्रामीण घर परिवारलाई सुविधा सम्पन्न वातावरण मैत्री आवासको व्यवस्थापन र विपन्न तथा बजारी क्षेत्रमा अनधिकृत अव्यवस्थित रूपले बसोबास गरेका परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ । जलजला गाउँपालिकाका घर मूलीका आधारमा घर परिवारको विश्लेषण गर्दा ६३.६१ प्रतिशत परिवारको नेतृत्व पुरुषले गरेकोमा ३६.३९ प्रतिशत परिवार महिलाको नेतृत्वमा चलेको देखिन्छ भने १० प्रतिशत भन्दा बढी ७० वर्ष नाघेका र १० परिवार मूली १५ नपुगेका छन् (राष्ट्रिय जनगणना, २०७८)।

तालिका १६: घरमूलीका आधारमा घरपरिवारको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ७० वर्ष माथि | ४०९ | १९१ | ६०० | १०.०७ |
| ६०-६९ वर्ष | ६५० | २४५ | ८९५ | १५.०१ |
| ५०-५९ वर्ष | ८४७ | २६९ | १११६ | १८.७२ |
| ४०-४९ वर्ष | ८१६ | ३८७ | १२०३ | २०.१८ |
| ३०-३९ वर्ष | ६९८ | ६२२ | १३२० | २२.१४ |
| २०-२९ वर्ष | ३३६ | ४०७ | ७४३ | १२.४६ |

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १५-१९ वर्ष | ३२ | ४२ | ७४ | १.२४ |
| १५ वर्ष मूनी | ४ | ६ | १० | ०.१७ |
| **जम्मा** | **३७९२** | **२१६९** | **५९६१** | **१००.००** |
| **जम्मा प्रतिशत** | **६३.६१** | **३६.३९** | **१००** | |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

जलजला गाउँपालिकामा ८३.३९ प्रतिशत मानिस आफ्नै घरमा बसोबास गरिरहेका छन् भने १५.०५ प्रतिशत भाडाको घरमा बस्ने गरेकोमा ०.४४ प्रतिशत संस्थागत संरचनामा बस्ने गरेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

### तालिका १७: घरको अपनत्व सम्बन्धी विवरण

| वडा नं. | जम्मा | घरको अपनत्व | | | |
|---|---|---|---|---|---|
| | | आफ्नै | भाडाको | संस्थातग | अन्य |
| १ | २३८ | २३६ | २ | ० | ० |
| २ | ७०३ | ६११ | ८८ | ० | ४ |
| ३ | ११८८ | ५८० | ६०१ | ३ | ४ |
| ४ | ६९९ | ६३८ | ५६ | ५ | ० |
| ५ | ६१० | ५८६ | ११ | ३ | १० |
| ६ | ५६४ | ५१० | २० | ४ | ३० |
| ७ | ८९६ | ८०० | ८५ | ४ | ७ |
| ८ | ७३६ | ६९५ | ३० | ७ | ४ |
| ९ | ३२७ | ३१५ | ४ | ० | ८ |
| **जम्मा** | ५९६१ | ४९७१ | ८९७ | २६ | ६७ |
| **प्रतिशत** | १००.०० | ८३.३९ | १५.०५ | ०.४४ | १.१२ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

राष्ट्रिय जनगणना, २०७८ को नतिजा अनुसार कूल ५९६१ घर धुरी मध्ये ३९.०७ प्रतिशत घर धुरीमा जस्ताको छानो लगाइएको, १६.३२ प्रतिशत घर धुरीमा कङक्रिटको छाना भएको, ०.४४ प्रतिशत घर धुरीमा छाना पराल र खर/घाँसले छाएको, ४३.९७ प्रतिशत घरमा स्लेट/ढुङ्गाले छाएको तथा ०.१३ प्रतिशत घर धुरीको टायलको  छानो रहेको देखिन्छ ।

### तालिका १८: घरको छानाको प्रकार

| वडा नं. | जम्मा | घरको छानाको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जस्ता पाता | कङक्रिट | खर/पराल | टायल | स्लेट | काठ | माटो | अन्य |
| १ | २३८ | ६७ | ४ | ० | ० | १६७ | ० | ० | ० |
| २ | ७०३ | २०५ | १६२ | ० | १ | ३३५ | ० | ० | ० |
| ३ | ११८८ | ३९५ | ६०१ | २ | १ | १८७ | १ | ० | १ |
| ४ | ६९९ | २६२ | ८९ | १ | ० | ३४७ | ० | ० | ० |

| वडा नं. | जम्मा | घरको छानाको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जस्ता पाता | कङक्रिट | खर/पराल | टायल | स्लेट | काठ | माटो | अन्य |
| ५ | ६१० | १७१ | २ | ० | ० | ४३६ | १ | ० | ० |
| ६ | ५६४ | १३६ | १ | ४ | ० | ४२३ | ० | ० | ० |
| ७ | ८९६ | ४६६ | ६२ | ७ | ३ | ३५७ | ० | ० | १ |
| ८ | ७३६ | ३९७ | ४८ | ३ | २ | २८६ | ० | ० | ० |
| ९ | ३२७ | २३० | ४ | ९ | १ | ८३ | ० | ० | ० |
| जम्मा | ५९६१ | २३२९ | ९७३ | २६ | ८ | २६२१ | २ | ० | २ |
| प्रतिशत | १००.०० | ३९.०७ | १६.३२ | ०.४४ | ०.१३ | ४३.९७ | ०.०३ | ०.०० | ०.०३ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

जलजला गाउँपालिकाको अस्थायी प्रकृतिको प्रशासकीय भवन निर्माणाधीन अवस्थामा रहेको छ । भवन निर्माण पश्चात् गाउँ कार्यपालिकाको कार्यालय सार्ने योजना रहेको छ । त्यसैगरी गाउँपालिकाका वडा नं. ३ बाहेक अन्य ८ वटा वडाको वडा कार्यालय भवनहरू पनि चालू आ.व.मा सम्पन्न भएका छन् । वडा नं ३ को वडा कार्यालय पहिल्यै पक्की तथा व्यवस्थित भइसकेको थियो । गाउँपालिकाका साबिक ७ वटै वडामा स्वास्थ्य सेवाका लागि स्वास्थ्य चौकी भवन सहित सञ्चालनमा रहेका छन् । वडा नं. २ र ४ मा आधारभूत स्वास्थ्य केन्द्रहरू सञ्चालनमा रहेका छन् । १० शैयाको अस्पताल निर्माणको प्रक्रिया अघि बढेको छ । जलजला गाउँपालिकामा विभिन्न जात जाती तथा संस्कार अनुसारको छुट्टा छुटै दाहसंस्कार स्थल तोकिएको छ (जलजला गाउँपालिकाको पूर्वाधार शाखा २०८०) ।

### २.४.२ सडक, पुल तथा यातायात

जलजला गाउँपालिका गण्डकी प्रदेशको राजधानी पोखरा देखि २ घण्टाको दुरीमा रहेको छ । गण्डकी प्रदेशको गैंडाकोट देखि तिब्बतको कोराला नाकासम्म जोड्ने कालीगण्डकी कोरी डोरको माल ढुङ्गा- बेनी खण्डमा जलजला गाउँपालिका पर्दछ । जलजला गाउँपालिका गण्डकी प्रदेशको राजधानी पोखराबाट ९० कि.मि. पश्चिम तथा पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारबाट १२ कि.मि उत्तर-पश्चिममा अवस्थित रहेको छ ।

सडक यातायातको पहुँचका हिसाबले सुगम यो पालिका केन्द्रसम्म पुग्ने सडकको स्तर उन्नति जारी छ । जलजला गाउँपालिकाको पूर्वाधार विकासको अवस्था कमजोर रहेको छ । सीमित स्रोत साधनका कारण पनि पूर्वाधार विकासमा छुट्याउने गरेको बजेट अपुग देखिन्छ । जलजला गाउँपालिका अन्तर्गतका सबै वडाहरूमा विगत वर्षहरू देखि नै मोटर गुड्न थालेका हुन् । गाउँपालिकाका सबै बस्तीहरूमा सडक सञ्जाल पुगेको छ । वडा नं. १, ५, ६ र ९ मा सहायक राजमार्गबाट ग्रामीण सडकको ट्र्याक खोलेर हाल स्तर उन्नतिको कार्य भइरहेको छ । गाउँपालिकाको केन्द्रबाट टाढा रहेको वडा नं ९ बनौंको वडा

कार्यालयसम्म पुग्ने ग्रामीण सडक प्रदेश सरकारको सहयोगमा कालो पत्रे गर्ने कार्य सम्पन्न भएको छ । वडा नं. ७ धाइरिङमा गण्डकी प्रदेश सरकारको सहयोगमा कालो पत्रे गर्ने कार्य जारी रहेको छ । त्यसैगरी वडा नं ३ वारी बेनीदेखि वडा नं ५ लेकफाँट र वडा नं ६ शालिजा पुग्ने ग्रामीण सडक कालो पत्रे गर्ने कार्यको लागि सङ्घीय सरकारसँग पहल भइरहेको छ । वडा नं. ४ मोहनचोकबाट वडा नं. ५ रातमाटे हुँदै लेकफाँट जाने ग्रामीण सडक पनि कालो पत्रे गर्ने क्रममा रहेको छ । गाउँपालिकाको केन्द्र रहेको वडा नं. ४ लामाखेतदेखि सबै वडा कार्यालयसम्म पुग्ने सडकहरू बाह्रै महिना यातायात सञ्चालन गर्न सकिने अवस्थामा रहेका छन् । ग्रामीण सडकलाई अहिले पनि सम्पूर्ण विकासको पूर्वाधारको रूपमा लिइएको छ । तर निर्माण भएर पनि सवारीका साधनहरू गुड्दै आएका यी कच्चि सडकहरू अहिले पनि व्यवस्थित हुन सकेका छैनन् ।  अधिकांश ग्रामीण सडकहरू विना इन्जिनियरिङ खनिएका छन् ।

आवश्यकता अनुसार बजेट तथा जनशक्ति नहुँदा यस क्षेत्रमा सामुदायिक भवन, सिँचाइ, खानेपानी, ऊर्जा, सडक, पुल, स्वास्थ्य तथा शैक्षिक संस्था लगायत विभिन्न पूर्वाधार तथा यातायात विकासका संरचनाहरूको निर्माण अत्यन्त सुस्त गतिमा छ ।

स्थानीय यातायातमा अटो, ट्याक्सी, जिप र सार्वजनिक बसहरू पर्दछन् । लामो दूरी र छोटो दूरी यात्री सवारी साधनहरू गाउँपालिकाबाट नियमित सञ्चालनमा रहेका छन् भने जलजल बासीलाई राजधानी र देशको विभिन्न भागसँग जोड्दछ । बस पार्क निर्माणका लागि आधारभूत पूर्वाधार नहुँदा यहाँ पार्किङको समस्या रहेको तथा जथाभाबी सवारी साधन पार्किङ हुने गरेको छ ।

### २.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा

जलजला गाउँपालिकाको घर धुरीहरूमा उज्यालोको प्रमुख स्रोत नै विद्युत हो । पालिका को घर धुरीहरूमा उज्यालोको प्रमुख स्रोत (९८.६१%) विद्युत नै हो । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार ०.८७ प्रतिशत घर परिवारको सौर्य ऊर्जामा पहुँच रहेको देखिन्छ । यहाँका ५९६१ घर धुरी मध्ये ३१ घर धुरी विद्युतको पहुँच बाहिर रहेको देखिन्छ ।

तालिका १९: प्रकाशका लागि ऊर्जाको प्रयोगको स्थिति

| वडा नं. | जम्मा | प्रकाशका लागि ऊर्जाको प्रयोग | | | | |
|---|---|---|---|---|---|---|
| | | विद्युत | सौर्य ऊर्जा | मट्टीतेल | जैविक ग्याँस | अन्य |
| १ | २३८ | २३५ | १ | २ | ० | ० |
| २ | ७०३ | ७०१ | १ | १ | ० | ० |
| ३ | ११८८ | ११८२ | ३ | १ | ० | २ |
| ४ | ६९९ | ६८२ | १४ | १ | १ | १ |
| ५ | ६१० | ५९२ | ८ | ६ | ० | ४ |

| वडा नं. | जम्मा | प्रकाशका लागि ऊर्जाको प्रयोग | | | | |
|---|---|---|---|---|---|---|
| | | विद्युत | सौर्य ऊर्जा | मट्टीतेल | जैविक ग्याँस | अन्य |
| ६ | ५६४ | ५५१ | १२ | ० | ० | १ |
| ७ | ८९६ | ८८६ | २ | ५ | ० | ३ |
| ८ | ७३६ | ७२४ | १० | १ | ० | १ |
| ९ | ३२७ | ३२५ | १ | १ | ० | ० |
| जम्मा | ५९६१ | ५८७८ | ५२ | १८ | १ | १२ |
| प्रतिशत | १००.०० | ९८.६१ | ०.८७ | ०.३० | ०.०२ | ०.२० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

यहाँका ५९६१ घर धुरी मध्ये करिब दुई-तिहाइ अर्थात् ३७९६ घर धुरी (६३.७०%) ले दाउरालाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गरिरहेका छन् भने सो भन्दा निकै कम अर्थात् ३५.९२ प्रतिशत घर परिवारले एल पी ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ । त्यसैगरी ०.२९ प्रतिशतले जैविक ग्याँस खाना पकाउने इन्धनका रूपमा प्रयोग गर्ने गरेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

### तालिका २०: खाना पकाउने इन्धनको प्रकार

| वडा नं. | जम्मा | खाना पकाउने इन्धनको प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दाउरा | एलपि ग्याँस | विद्युत | गुइंठा | जैविक ग्याँस | मट्टीतेल | अन्य |
| १ | २३८ | २२३ | ५ | ० | ० | १० | ० | ० |
| २ | ७०३ | ३७६ | ३२७ | ० | ० | ० | ० | ० |
| ३ | ११८८ | १५८ | १०२४ | १ | ० | ४ | ० | १ |
| ४ | ६९९ | ४४८ | २५० | १ | ० | ० | ० | ० |
| ५ | ६१० | ६०० | १० | ० | ० | ० | ० | ० |
| ६ | ५६४ | ५४७ | १७ | ० | ० | ० | ० | ० |
| ७ | ८९६ | ६१९ | २७२ | ३ | ० | २ | ० | ० |
| ८ | ७३६ | ५४४ | १९१ | ० | ० | १ | ० | ० |
| ९ | ३२७ | २८२ | ४५ | ० | ० | ० | ० | ० |
| जम्मा | ५९६१ | ३७९७ | २१४१ | ५ | ० | १७ | ० | १ |
| प्रतिशत | १००.०० | ६३.७० | ३५.९२ | ०.०८ | ०.०० | ०.२९ | ०.०० | ०.०२ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

पालिका का सबै स्थानमा राष्ट्रिय प्रसारणको लाइन जडान भइसकेको भएतापनि केही स्थानीयवासी राष्ट्रिय प्रसारणको विद्युत् उपभोग गर्नबाट वञ्चित हुन परेको छ । यस पालिका मा एल. पी. ग्याँस खाना पकाउने मुख्य ऊर्जाको स्रोतका रूपमा विकास हुँदै गइरहेको छ, यद्यपि करिब आधा घर परिवारले दाउरालाई मुख्य इन्धनका रूपमा प्रयोग गरिरहेका छन् ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र सम्बर्धन गर्दै आम सञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीति गत प्रयासहरू भएका छन् बदलिँदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीति गत, कानुनी, संस्थागत व्यवस्था तथा रण नैतिक उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता महसुस गरी एकीकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमूक्त र चुस्ता प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ ।

तालिका २१: सञ्चारका उपकरणको उपलब्धता

| वडा नं. | जम्मा | कुनै सञ्चारका उपकरण नभएको | कम्तीमा १ सञ्चारका उपकरण भएको | सञ्चारका उपकरणको प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | रेडियो | टेलिभिजन | ल्याण्डलाइन फोन | साधारण मोबाइल | स्मार्ट मोबाइल | कम्प्युटर | इन्टरनेट |
| १ | २३८ | ५ | २३३ | ७४ | १४२ | ० | २०८ | १६७ | ११ | ३९ |
| २ | ७०३ | १७ | ६८६ | २६५ | ४२८ | ८ | ६२६ | ५७३ | ७३ | ३०३ |
| ३ | ११८८ | ११ | ११७७ | २३६ | ६९८ | १०३ | ८५१ | १०६५ | २६० | ९१५ |
| ४ | ६९९ | २४ | ६७५ | ३१८ | ४३६ | ९ | ४८६ | ५७५ | ८६ | २७८ |
| ५ | ६१० | ४५ | ५६५ | ४२६ | ३६९ | २६ | ५३४ | ३११ | ३३ | ८३ |
| ६ | ५६४ | ३५ | ५२९ | १६० | ३१७ | २ | ४४४ | ३७२ | ३६ | ९१ |
| ७ | ८९६ | २९ | ८६७ | २०२ | ४५१ | २७ | ८११ | ६३५ | ८७ | ३२२ |
| ८ | ७३६ | ३२ | ७०४ | १३४ | ४५५ | ७ | ४९१ | ५४५ | ७२ | ३६८ |
| ९ | ३२७ | ६ | ३२१ | ९५ | १९१ | २ | २७० | २५४ | ३३ | २०४ |
| **जम्मा** | ५९६१ | २०४ | ५७५७ | १९१० | ३४८७ | १८४ | ४७२१ | ४४९७ | ६९१ | २६०३ |
| **प्रतिशत** | १००.०० | ३.४२ | ९६.५८ | ३२.०४ | ५८.५० | ३.०९ | ७९.२० | ७५.४४ | ११.५९ | ४३.६७ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

जलजला गाउँपालिका क्षेत्रमा सबै वडामा मोबाइल सेवाको सुविधा पुगे ता पनि इन्टरनेटको सेवा पहुँच भने ४३.६७ प्रतिशत मात्रै छ । करिब ५५ प्रतिशत परिवार इन्टरनेट सेवाको पहुँच बाहिर रहेका छन् । एफ. एम. रेडियो, पत्रपत्रिका लगायत अनलाइन सञ्चार माध्यमहरू स्थानीय रूपमा सञ्चालित रहेका छन् । अझ पनि ३.४२ प्रतिशत घर परिवारमा कुनै पनि सञ्चारका उपकरण नभएको अवस्था भने जटिल गरिबीको असर हुन सक्छ (राष्ट्रिय जनगणना, २०७८)।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

वन क्षेत्र जैविक विविधताको भण्डार मात्र होइन कृषि, ऊर्जा, जल तथा औद्योगिक कच्चा पदार्थको स्रोत हुनुको साथै प्रमुख पर्यटकीय गन्तव्य र बहुसङ्ख्यक जनताको जीविकाको प्रमुख आधार पनि हो । वनबाट हाम्रो करिब ७० प्रतिशत इन्धन झन्डै ४० प्रतिशत पशु आहारा र अन्य वातावरणीय सेवा प्राप्त हुँदै आएको छ । वन क्षेत्रमा नेपालको आर्थिक समुन्नति गर्न सक्ने प्रचुर सम्भावना रहेको छ । नेपालमा जडीबुटी लगायत विभिन्न वन पैदावारको बिक्रीबाट मात्र वर्षेनी करिब दुई अरब भन्दा बढी राजस्व सङ्कलन हुने गरेको छ (राष्ट्रिय योजना आयोग २०१९) । नेपालको संविधानमा वातावरणीय सन्तुलन र स्वच्छताको लागि वन क्षेत्र तथा जैविक विविधताको संरक्षण गर्न राज्यले प्राथमिकता दिने कुरा उल्लेख गरिएको छ । वन, वातावरण र जैविक विविधताको दृष्टिकोणले जलजला गाउँपालिका एक महत्त्वपूर्ण स्थान मानिन्छ ।

समुद्र सतहबाट ७६०-३१०० मिटर उचाइमा अवस्थित जलजला गाउँपालिकामा उष्ण हावापानी देखि समशीतोष्ण हावापानी पाइन्छ । पहाडी भूभागको विस्तारित भूगोल, बाक्लो उष्ण देखि समशीतोष्ण वन क्षेत्र, पर्याप्त नदी नाला तथा प्रशस्त मात्रामा छरिएर रहेका सिमसार क्षेत्रका कारण जलजला गाउँपालिका जैविक विविधताका दृष्टिकोणले धनी रहेको देखिन्छ (जलजला गाउँपालिकाको वातावरण शाखा, २०८०)।

जलजला गाउँपालिकाको कूल क्षेत्रफलको ४५ प्रतिशत जग्गा वन/जङ्गलले ओगटेको छ । यस पालिका मा १ वटा धार्मिक वन र ६८ वटा सामुदायिक वन रहेका छन् । जलजला गाउँपालिकामा ठूलो क्षेत्रमा वनजङ्गल रहेको छ । वडा नं. ३ मा वन क्षेत्र कम रहेको छ भने अन्य सबै वडाहरूमा वनक्षेत्रले ढाकेको जमिनको मात्रा प्रशस्त रहेको छ । वन क्षेत्रका संरक्षण र वनपैदावरको उपयोगका लागि ६८ वटा सामुदायिक वन उपभोक्ता समितिहरू गठन गरी वनक्षेत्र समुदायलाई हस्तान्तरण गरिएको छ । गाउँपालिकामा सल्ला, मौवा, चिलाउने, उत्तिस, खिर्रो, टुनी, सिमल, खस्रू, ओखर, लालीगुराँस, बाँझ, भोजपत्र, आदि रुखका प्रजातीहरू पाइन्छन् । त्यस्तै गाउँपालिकामा पाइने मुख्य गैर काष्ठ पैदावारहरूमा लोक्ता, टिमुर, अल्लो, पाषणबेद, सतुवा, गच्छाच्याउ, चिराइतो, विष, सुनगाभा, लप्सी, अम्रिसो, लौठ सल्ला, वनतरुल, पाँचऔंले, कुरिलो, तेजपात (दालचिनी) आदि हुन् (जलजला गाउँपालिकाको वातावरण शाखा, २०८०) । गाउँपालिका क्षेत्रमा पाइने जीवजन्तुहरूमा चितुवा, स्याल, लोखर्के, मृग, घोरल, बँदेल, स्याल, बनबिरालो, फ्याउरो, भालु, दुम्सी, खरायो, रतुवा, चितुवा, लंगुर, रातो बाँदर, ढुकुर, जुरेली, डाँफे, मुनाल, कालिज, चिवेचरा, गौंथली, मैना, भद्राई, धोबिनी, लाम्पुच्छ्रे, च्याखुरो, रानीचरी, बाज, मलेवा, भँगेरो, गरुड,


लुइँचे, लाटोकोसेरो, काकाकुल, हुचील, तोरी गाडा, वन कुखुरा, तित्रे, कोइली, सुगा, काग, चिल, गिद्ध, हर्रेउ, गोमन सर्प, छेपारो, माउसुली, सुन गोहोरो आदि रहेका छन् (जलजला गाउँपालिकाको वातावरण शाखा, २०८०) ।

## २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

नेपालको भौगोलिक विभाजनलाई हिमाल, पहाड र तराई गरी मुख्य तीन भागमा बाँडिएको छ भने यस गाउँपालिकामा पहाडी क्षेत्र मात्र रहेको छ । तराई तथा हिमाली क्षेत्र यस गाउँपालिकामा विद्यमान छैन । यस जलजला गाउँपालिकाको धरातलीय स्वरूपलाई उचाइको आधारमा पहाडी इलाकाको रूपमा परिभाषित गर्न सकिन्छ किनकी यहाँ शत-प्रतिशत भूभाग पहाडी क्षेत्रमा अवस्थित छ । यहाँ पहाडी (महाभारत र होचा पर्वत) ले लगभग एक चौथाइ (२६.४७ प्रतिशत) भाग ओगटेको छ । सबैभन्दा बढी (३२.४३%) क्षेत्र पहाडी भू—भागले ओगटेको छ ।

तालिका २२: जलजला गाउँपालिकाको धरातलीय स्वरूप अनुसार भौगोलिक विभाजन

| क्र.सं. | भौगोलिक विभाजन | उचाइ (मि.) | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|---|
| १ | पहाडको फेदी | ७६०-१००० | ८.३४५ | २३.८५ |
| २ | पहाडी (महाभारत र होचा पर्वत) | १०००-१५०० | २१.७६९ | २६.४७ |
| ३ | मध्य-पहाडी (तल्लो लेक) | १५००-२००० | २५.४६५ | ३०.९६ |
| ४ | पहाडी लेक | २००००-३१०० | २६.६७१ | ३२.४३ |
| | | जम्मा | ८२.२५९ | १००.०० |





**<u>हावापानी</u>**

गाउँपालिका समुद्री सतहबाट ७३२ मि. देखि ३५०० मि. सम्मको उचाइमा अवस्थित रहेको छ । अधिकांश क्षेत्रमा चट्टानी पहाड र भिरालो भू-बनौट रहेको छ । यस क्षेत्रको गृष्म कालीन औसत तापक्रम २० देखि ४० डिग्री सेन्ट ग्रेड र शीतकालीन औसत तापक्रम २ देखि २५ डिग्री सेन्ट ग्रेड सम्म रहेको छ भने वार्षिक सरदर १५३० मिलि मिटर पानी पर्ने गर्दछ ।

**<u>भिरालोपन</u>**

पहाडी धरातलमा भिरालो पनको मापनको ज्यादै ठुलो महत्त्व हुन्छ । विभिन्न योजनाको कार्यान्वयन वा अन्य मानवीय क्रियाकलापमा भिरालो पनको नियन्त्रण रहन्छ । गाउँपालिकाको सम्पूर्ण क्षेत्रलाई भिरालो पनका आधारमा ५ भागमा बाँडिएको छ ।यस गाउँपालिकामा उल्लेख्य समथर भूभाग (३.६%) मात्र रहेको छ भने १०—२० डिग्री भिरालो पन भएको क्षेत्र १९.३ प्रतिशत तथा २०—३० डिग्री भिरालो पन भएको क्षेत्र ६०.४ प्रतिशत रहेको छ जहाँ खेतीपाती र वस्तिको सम्भावना रहन्छ ।




यसैगरी गाउँपालिकामा बढी ४० डिग्री भन्दा माथिको भिरालो पन भएको भूभाग एक प्रतिशत मात्र छ भने ३०—४० डिग्री भिरालो पन भएको क्षेत्रले करिब १५.८ प्रतिशत भूभाग ओगटेको छ । यस क्षेत्रमा मानव क्रियाकलापहरू अत्यन्त न्यून भएको पाइन्छ ।

तालिका २३: धरातलीय भिरालोपनको स्थिति

| भिरालोपन (डिग्रीमा) | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| समथर (१० भन्दा कम) | २.९४० | ३.६ |
| १०-२० | १५.८७२ | १९.३ |
| २०-३० | ४९.६८३ | ६०.४ |
| ३०-४० | १२.९५८ | १५.८ |
| ४० र सो भन्दा बढी | ०.८०४ | १.० |
| **जम्मा** | **८२.२५७** | १००.० |

**<u>पाखाको मोहोडा</u>**

गाउँपालिकाको भू—भाग पहाडी क्षेत्रमा फैलिएको छ । यी धरातलीय स्वरूप वा पाखाको मोहडाको पनि विकास निर्माण तथा योजना तर्जुमा गर्दा विशेष ध्यान दिइनुपर्छ । स्थल रूपको Orientation को आधारमा Aspect लाई निम्न तहमा वर्गीकरण गरी तालिकामा प्रस्तुत गरिएको छ । गाउँपालिकाको बनौट अनुसार उत्तर मोहडाको भूभाग ५.९ प्रतिशत, उत्तर पूर्व मोहडाले ४.६ प्रतिशत, पूर्व मोहडाले २.१ प्रतिशत, दक्षिण पूर्व मोहडाले ५.५ प्रतिशत, दक्षिण मोहडाले १५.५ प्रतिशत, दक्षिण पश्चिम मोहडाले २४.९ प्रतिशत, पश्चिम मोहडाले १९.१ प्रतिशत छ भने उत्तर पश्चिम मोहडाको भूभाग १५.७ प्रतिशत छ । त्यस्तै समथर भूभाग ६.८ प्रतिशत रहेको छ । पाखाको मोहडाले कृषि, बसोबास, पशुपालन, उद्योग लगायत विभिन्न

क्रियाकलापमा प्रभाव पारेको हुन्छ । कृषि, उद्योग र बसोबासको लागि पूर्वी तथा दक्षिणी मोहडा उपयुक्त हुन्छ ।

तालिका २४: गाउँपालिकाको पाखाको मोहोडा

| मोहोडा | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| समथर क्षेत्र | ५.६०८ | ६.८ |
| उत्तर | ४.८७१ | ५.९ |
| उत्तर पूर्व | ३.७६८ | ४.६ |
| पूर्व | १.७४४ | २.१ |
| दक्षिण पूर्व | ४.५४४ | ५.५ |
| दक्षिण | १२.७७० | १५.५ |
| दक्षिण पश्चिम | २०.३४० | २४.७ |
| पश्चिम | १७.५५ | १९.१ |
| उत्तर पश्चिम | १२.९३० | १५.७ |
| जम्मा | **१७८.६७** | १०० |

**भौगर्भिक अवस्था**

यस गाउँपालिका को भौगर्भिक संरचना हेर्ने हो भने पहाडी र हिमाली क्षेत्र गरी दुई तहमा विभाजन गर्न सकिन्छ । यहाँको भौगर्भिक बनौट अनुसार Nawakot Group, Kuncha Group र Paleozoic Tibetan Sedimentary गरी मुख्य तीन प्रकारका चट्टानी भूभागले ओगटेको छ । यहाँ पाइने चट्टानहरूमा मुख्य रूपमा Gneiss, Slate, Shale, Granite, Limestone, Marble, Schist आदि किसिमका पत्रे र परिवर्तित चट्टानहरू पाइन्छन् ।


**भू-उपयोग**

जलजला गाउँपालिकाको समग्र भू—उपयोगको स्थिति हेर्दा कुल क्षेत्रफल ८२.२६ वर्ग कि.मि. मध्ये सबैभन्दा बढी (४५.१%) क्षेत्र वन जङ्गलले ओगटेको छ । त्यसैगरी खेती योग्य जमिनको अंश ४४.९ प्रतिशत रहेको देखिन्छ ।

तालिका २५: जलजला गाउँपालिका को वडा गत भू-उपयोगको अवस्था

| वडा | भवन / घर क्षेत्र | बजार क्षेत्र | खेती योग्य क्षेत्र | सांस्कृतिक क्षेत्र | वन क्षेत्र | औद्योगिक क्षेत्र | अन्य क्षेत्र | नदी/ खोला क्षेत्र | सडक क्षेत्र | जम्मा क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०.००१ | | ०.५३५ | | ३.८०४ | | ०.१९१ | ०.०१६ | ०.००३ | **४.५५१** |
| प्रतिशत | ०.०२ | ०.०० | ११.७७ | ०.०० | ८३.५९ | ०.०० | ४.१९ | ०.३६ | ०.०७ | १००.०० |
| २ | ०.१८९ | ०.००१ | ३.५३२ | ०.००० | २.०६८ | ०.००० | ०.३७४ | ०.१३२ | ०.११४ | **६.४१२** |
| प्रतिशत | २.९४ | ०.०१ | ५५.०९ | ०.०० | ३२.२६ | ०.०० | ५.८४ | २.०६ | १.७८ | ९९.९९ |
| ३ | ०.१३२ | ०.००२ | ०.६४८ | ०.००१ | ०.३८७ | ०.००१ | ०.०७९ | ०.१०५ | ०.०५० | **१.४०५** |
| प्रतिशत | ९.४३ | ०.१४ | ४६.१२ | ०.०९ | २७.५२ | ०.१० | ५.६२ | ७.४६ | ३.५३ | १००.०१ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ०.०६८ | ०.०१२ | २.९५५ | | १.६९५ | ०.००१ | ०.३२३ | ०.२०८ | ०.११३ | **५.३७५** |
| प्रतिशत | १.२७ | ०.२२ | ५४.९८ | ०.०० | ३१.५४ | ०.०२ | ६.०० | ३.८८ | २.०९ | १००.०० |
| ५ | ०.१५२ | ०.००० | ८.२८० | ०.००० | ६.१७९ | | ०.६६६ | ०.०४४ | ०.१६० | **१५.४८२** |
| प्रतिशत | ०.९८ | ०.०० | ५३.४८ | ०.०० | ३९.९१ | ०.०० | ४.३० | ०.२९ | १.०४ | १००.०० |
| ६ | ०.०३३ | ०.००१ | ७.१३३ | | ७.२७१ | ०.००१ | १.९८९ | ०.१०८ | ०.१६६ | **१६.७०२** |
| प्रतिशत | ०.२० | ०.०१ | ४२.७१ | ०.०० | ४३.५३ | ०.०० | ११.९१ | ०.६५ | ०.९९ | १००.०० |
| ७ | ०.०८४ | ०.००१ | ५.२९९ | | ७.१३८ | ०.०१३ | ०.४०० | ०.२९८ | ०.११३ | **१३.३४५** |
| प्रतिशत | ०.६३ | ०.०० | ३९.७१ | ०.०० | ५३.४९ | ०.१० | ३.०० | २.२३ | ०.८४ | १००.०० |
| ८ | ०.१०२ | ०.००१ | ४.५४३ | | ५.१३८ | ०.००४ | ०.७४७ | ०.४४३ | ०.०८८ | **११.०६६** |
| प्रतिशत | ०.९२ | ०.०१ | ४१.०५ | ०.०० | ४६.४३ | ०.०३ | ६.७५ | ४.०१ | ०.८० | १००.०० |
| ९ | ०.०१६ | | ४.००५ | | ३.४१५ | | ०.२७७ | ०.१२९ | ०.०७७ | **७.९१९** |
| प्रतिशत | ०.२० | ०.०० | ५०.५७ | ०.०० | ४३.१३ | ०.०० | ३.५० | १.६२ | ०.९७ | १००.०१ |
| **जम्मा** | **०.७७७** | **०.०१८** | **३६.९३१** | **०.००२** | **३७.०९६** | **०.०२०** | **५.०४६** | **१.४८४** | **०.८८४** | **८२.२५८** |
| **प्रतिशत** | **०.९४** | **०.०२** | **४४.९०** | **०.००** | **४५.१०** | **०.०२** | **६.१३** | **१.८०** | **१.०७** | **१००.००** |





यस गाउँपालिकामा उपलब्ध कृषि भूमि समग्र देश र गण्डकी प्रदेशको तुलनामा औसत रहेको देखिन्छ भने बाँझो जमिन र चट्टानी भूभाग र घाँसे मैदान समग्र देश, पर्वत जिल्ला र गण्डकी प्रदेशको तुलनामा कम रहेको देखिन्छ । जलजलामा रहेको वन जङ्गल क्षेत्र भने पर्वत जिल्ला, गण्डकी प्रदेश र समग्र देशको तुलनामा औसत रहेको मान्न सकिन्छ।

## नदी तथा ताल तलैया

यो गाउँपालिका जिल्लाकै सबैभन्दा बढी पानीका स्रोतहरू भएको गाउँपालिका हो । गाउँपालिकाको पश्चिमबाट कालीगण्डकी नदी बगेको छ । गाउँपालिका अन्तर्गतका सबै वडाहरूमा उत्तरबाट दक्षिणतिर झरेका ठाडा खोलाहरू छन् । यहाँ हिउँदमा पनि ठूला ठूला पानीका मूलहरू बगेको देख्न पाइन्छ । जलजला गाउँपालिकामा बग्ने सबैभन्दा ठुलो कालीगण्डकी नदीमा मिसिन आइपुग्ने लस्तीखोला, लुङदीखोला, दमुवाखोला जस्ता ठुला खोलाहरूका अतिरिक्त अन्य साना खोलाहरू रहेका छन् ।

यस पालिका मा ताल तलैयाका नाममा वडा नं. २ को पूर्णगाउँ, वराहताल, पानी अर्सेनी, वडा नं. ५ को ठूलोचौर, वडा नं. ६ को जलजला, रोहीनी, ओखेनी, बराहताल, वडा नं. ७ को भेडावारी, सल्यान, फेराको डिल, बाँसकोट, धारापानी, गुण्टेखेत, ठूलास्वाँरा, वडा नं. ८ को देउरालीडाँडा तथा वडा नं. ९ को काउलेपोखरी, हरेजा, जेसला आदि पर्यटकीय तथा धार्मिक रूपमा प्रख्यात छन् ।




जलजला गाउँपालिकामा वरडाँडा पोखरी, निल पोखरी, रानी गैरा पोखरी, दहपोखरी, गजेपोखरी, रह खोला, लेवा पोखरी, भुवानी गैरा पोखरी, पोखरी डाँडा, भाष्टी पोखरी लगायत दर्जन बढी पोखरी र १५० बढी पिउने पानीको स्रोत रहेका छन् (जलजला गाउँपालिकाको पार्श्वचित्र, २०७५) । तिनिहरूले गाउँपालिका को लागि पानी जलाधारको रूपमा काम गर्दछन् । जलजला गाउँपालिका दर्जन बढी स्थानीय खोला तथा पोखरी र मूलहरू नै यहाँको प्रमुख जलस्रोतको आधार हो ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

जलजला गाउँपालिकामा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक ऊर्जा क्षेत्रमा नीति गत रूपमा प्रवर्द्धन गर्ने, सौर्य ऊर्जालाई बढवा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, दुर्गम वडाहरूमा बायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भइरहेको अवस्था छ । गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीति गत प्रयास सकारात्मक छन् । गाउँपालिका मा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्न सक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

अझैपनि ग्रामीण वडाहरूमा खाना पकाउन का लागि दाउराको प्रचलन यथावत् छ । यो सङ्ख्या गाउँपालिकाका ६३ प्रतिशत घरधूरी भन्दा बढी छ । त्यसै गरी वन पैदावारमा आधारित उद्योग धन्दाले

पनि दिनानुदिन बढेकै छन् । विकास निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्त्व दिने एउटा संस्कृति नै बनेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । व्यवस्थित ल्याण्डफिल साइट निर्माण सम्पन्न नहुँदा फोहर मैला व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको छ । पानीका स्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोग लाग्नु, कुपोषण, तनाव, विद्यार्थी बिरामी भई पठन पाठनमा समस्या र खेती फसलमा कमी आएको छ । वातावरणको प्रभावहरू क्रमशः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिँदैन । अव्यवस्थित भू—उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । गाउँपालिका क्षेत्रमा जम्मा हुने प्लास्टिक जन्य फोहर मैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ । यस क्षेत्रको खानेपानी, सिँचाई, र विभिन्न उचाइमा रहेका कृषि, पशुपालन, पूर्वाधारका योजनामा आगामी दिनमा जलवायु परिवर्तनको प्रभावबाट हुने जोखिमलाई कसरी न्यूनीकरण गर्ने वा अनुकूलनका प्रयासको थालनी गर्ने भन्ने विषय गम्भीर रूपमा देखिन थालेको छ । तीव्र पूर्वाधार विकासबाट वन, र उर्वर भूमि माथि बढ्दै गएको चाप र जलवायु परिवर्तनबाट सिर्जित भएका र भविष्यमा हुन सक्ने दुष्प्रभावलाई कसरी न्यूनीकरण वा अनुकूलन गर्ने भन्ने विषय गाउँपालिका को सामु एक प्रश्नको रूपमा देखिएको छ ।

कृषि क्षेत्रमा अत्याधिक रासायनिक औषधिको प्रयोगमा न्यूनीकरण हुन नसकेका कारण जल तथा जमिनमा प्रदूषण बढ्दो रूपमा रहेको छ । गाउँपालिका का सबै वडाहरूबाट फोहर मैला सङ्कलन गर्न सकिएको छैन । बजार क्षेत्रमा यातायात बढ्दो चापको कारण धूलो धुवाँले प्रदूषण बढेको देखिन्छ । साथै ग्रामीण क्षेत्रमा अव्यवस्थित रूपमा बाटो खन्ने कारण धूलोको समस्याका साथै भूक्षयको समेत समस्या विद्यमान देखिन्छ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

जलजला गाउँपालिका को खोला तटीय क्षेत्रमा कटान भएकोले कृषि तथा वस्ति क्षेत्र जोखिममा रहेका छन् । खोलानालाले वर्षेनी बाटो परिवर्तन गर्ने गरेका कारण किनारमा रहेका कृषि क्षेत्र बगरमा परिणत हुने गरेका छन् । यदाकदा वन जङ्गल वरपरका क्षेत्रमा आगलागीको जोखिम समेत रहेको छ भने वन जङ्गल वरपरका क्षेत्रमा बाँदर लगायतका वन्यजन्तुका कारण बालीनाली तथा धन जनमा क्षति हुने गरेको देखिन्छ । चट्याङ्गका कारण समेत यदाकदा धन जनको क्षति हुने गरेको छ ।

विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साकन भई सो अनुसारको भू—उपयोग पद्धति अवलम्बन गर्ने नीति कार्यान्वयन भएको छैन । विपदको त्रासले स्थानीयहरू घर बस्ती छाडी अन्यत्र बसाइँ सराइ सर्ने सम्मको अवस्था सिर्जना भएको छ । विपदको जोखिमले जग्गा र जमिन बिक्री गर्ने वा भू—उपयोग परिवर्तन गर्ने प्रवृत्ति रोक्न सकिएको छैन । पालिका स्तरमा वैज्ञानिक भू—उपयोग प्रणाली स्थापना तथा विपद् न्यूनीकरण गर्न नयाँ प्रविधिको प्रयोग भएका देखिएको छैन ।

जलजला गाउँपालिकामा करिब २५० घर विभिन्न प्रकोपको जोखिममा छन् । पालिका का संवेदनशील क्षेत्रहरू विशेष गरी पहिरो र नदी कटानका कारण जोखिममा छन् भने भूकम्प र डढेलो यहाँका थप चुनौतीहरू हुन् । जलजला गाउँपालिकामा विगत ५ वर्षमा १२ जना व्यक्तिले विभिन्न प्रकारको प्रकोपको कारण आफ्नो जीवन गुमाएका छन् (जलजला गाउँपालिका को वातावरण तथा विपद् व्यवस्थापन शाखा)।

जलजला गाउँपालिका मा बर्सातको समयमा स्थानीय खोलामा बाढी आउने गर्छ । त्यस्तै बाढी, पहिरो र सर्प दंशको जोखिम विशेष गरी वर्षा याममा (असार, साउन, भदौ) हुने गर्दछ र आगो र महामारीको जस्ता जोखिमहरू खडेरीको (चैत्र, वैशाख) मौसममा हुने गर्दछ । सडक, शैक्षिक संस्था र पुलहरू प्रायः जलजला गाउँपालिका मा विभिन्न प्रकोपबाट प्रभावित छन् । सडक पूर्वाधारमा सबै भन्दा क्षति हुने गरेको छ । यस गाउँपालिका मा विपद् का कारण मात्र वार्षिक ४ करोड नोक्सान हुने अनुमान छ ।

यस गाउँपालिकाको वडा नं. १ र २ मा पहिरोका कारण सो पहिरो आसपास क्षेत्रको वस्ति स्थानान्तर गरी विपद् प्रतिकार्यका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । जलजला गाउँपालिका ले उद्धार राहत र प्रतिकार्यका लागि विभिन्न वडामा विभिन्न व्यक्तिलाई प्रशिक्षण दिएको छ । उनीहरूले प्राथमिक उपचार, खोज र पुनः वितरण, राहत वितरण र प्रतिकार्यमा फरक किसिमको कार्य गरिरहेको देखिन्छ । जलजला गाउँपालिका मा आपत्कालिन प्रतिकार्य र वितरणका लागि तयारी गरेको देखिन्छ । यस पालिका मा आफ्नै आपत्कालिन कोष विनियोजन गरिएको छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवा मूलक र उत्तरदायी बनाउनु नयाँ लोकतान्त्रिक गणतन्त्रको आवश्यकता हो । यसका लागि शासन प्रणालीमा सबै क्षेत्र, वर्ग, समुदाय र सरोकारवालाको पहुँच र सहभागितालाई सुनिश्चित गर्न आवश्यक छ । सङ्घीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जन विश्वास अभिवृद्धि गर्नु सुशासनको मूल मर्म हो । संविधानले सार्वजनिक

प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, भ्रष्टाचार मुक्त, पारदर्शी, जन उत्तरदायी र सहभागिता मूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था गरेको छ ।

सुशासनका लागि सङ्घीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, गाउँपालिका मा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवा ग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ । यसै सन्दर्भमा जलजला गाउँपालिका मा बन्न लागेको यस आवधिक विकास योजनाले सेवा प्रदायक निकाय तथा समग्रमा सार्वजनिक शासन प्रक्रियामा सुशासनको संस्थागत विकासमा समेत महत्त्वपूर्ण हुनेछ ।

सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउँदै लगिएको छ । उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको लागि योजना सफ्टयोयर सञ्चालनमा छ । सुशासनका लागि भएका प्रयासहरूमा नागरिक वडा पत्र, सूचना पाटी, गुनासो पेटिका, सि. सि. क्यामेरा जडान लगायत रहेका छन् । प्राविधिक र अप्राविधिक सबै कर्मचारीहरूलाई क्षमता विकास तालिम र अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिएको छ । सबै सूचनाहरू गाउँपालिका को वेबसाइटमा प्रकाशन गरिन्छ । २०८० आषाढसम्म पालिका द्वारा स्वीकृत नीति तथा कानुनको सङ्ख्या ७४ पुगेको छ । गाउँपालिका को सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न जलजला गाउँपालिका मा जम्मा १२ वटा विभिन्न विषयगत समितिहरू रहेका छन् ।

### २.६.२ सङ्गठनात्मक विकास

कुनैपनि सङ्गठनको सेवा प्रवाहको स्तर त्यस सङ्गठनमा कार्यरत कर्मचारीहरूको कार्य क्षमता, उत्प्रेरणाको स्तर एवं त्यस सङ्गठनमा उपलब्ध कार्य वातावरणमा निर्भर रहन्छ । तसर्थ जनशक्तिलाई तदर्थ रूपमा प्रयोग गरिने हिजोको परम्परा विरुद्ध प्रणाली गत रूपमा सञ्चालन गर्न सकेमा मात्र अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ ।

संविधानको धारा ५७ को उपधारा ९४०, धारा २१४ को उपधारा ९२०, धारा २२१ को उपधारा ९२० र धारा २२६ को उपधारा ९१० सँग सम्बन्धित अनुसूची–८ बमोजिम स्थानीय तहको अधिकार कार्यान्वयन हुने व्यवस्था गरिएको छ ।

गाउँ सभा जलजला गाउँपालिका को सर्वोच्च निकायको रूपमा रहेको छ जस प्रति गाउँ कार्यपालिका उत्तरदायी हुने गर्दछ । गाउँसभा अन्तर्गत लेखा समिति, विधायन समिति तथा सुशासन समितिको व्यवस्था

गरिएको छ । यसैगरी गाउँ कार्यपालिकाको प्रमुख कार्यक्षेत्र अन्तर्गत गाउँपालिका को विकास, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन जस्ता कार्यहरू रहेका छन् ।

गाउँपालिका कार्यपालिकाको प्रमुखको रूपमा अध्यक्ष र उप प्रमुखको रूपमा उपाध्यक्ष (निर्वाचित पदाधिकारी) रहने व्यवस्था गरिएको छ । यसैगरी उपाध्यक्षले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहि आएको छ । कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले गाउँसभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकोले निज गाउँ सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा रहने गरी गाउँ कार्यपालिकामा १४ वटा शाखाहरू  र आन्तरिक लेखा परीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ भने ९ वटा वडा कार्यालय सञ्चालनमा छन् ।

जलजला गाउँपालिका को विद्यमान कर्मचारी दरबन्दी विवरण अनुसार प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरूको दरबन्दी यस कार्यालयमा रहेका छन् । जलजला गाउँपालिका को दैनिक प्रशासनिक कार्य र योजना व्यवस्थापनका लागि ४६ जना कर्मचारी गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत रहेको देखिन्छ (जलजला गाउँपालिका को प्रशासन शाखा) ।

### २.६.३ स्रोत परिचालन

जलजला गाउँपालिका को समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारबाहीमा कार्यकुशलता र प्रभावकारिता अभिवृद्धि गर्ने प्रयोजनका लागि नेपाल सरकार एवम् विकास साझेदारबाट स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय निकायको आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम लगायत पालिका को कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जबाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समता मूलक, सहभागीता मूलक, दिगो र गुणस्तर युक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी सोही बमोजिम स्रोत परिचालन तथा व्यवस्थापन गर्नु पर्ने हुन्छ । जलजला गाउँपालिका ले हाल सम्म पनि स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा न गरेकोले सम्बन्धित मन्त्रालय तथा

स्रोत प्रदायक निकायको कानुन, ऐन, निर्देशिका तथा कार्यविधिका आधारमा स्रोत परिचालन गर्ने गरेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्रोत परिचालन समन्वय शाखाले सबै ७५३ पालिका हरू लाई स्थानीय तहको राजस्व परिचालन सम्बन्धी नीति गत अध्ययन अनुसन्धान तथा विश्लेषण, आन्तरिक स्रोत साधनको पहिचान र परिचालनमा सहजी करण तथा समन्वय, राजस्वको आधार विस्तारमा प्रोत्साहन र प्रवर्द्धन, राजस्व सूचना तथा तथ्याङ्क आदान प्रदान प्रणाली विकास, अनुसन्धान र प्रकाशन, स्थानीय आर्थिक विकास सम्बन्धी कार्यमा सहजी करण, राजस्व परिचालन क्षमता लेखाजोखा र सुधार, राजस्व परिचालनमा स्थानीय तहमा उत्कृष्ट देखिएका कार्यको अन्य स्थानीय तहसँग अनुभव आदान प्रदान, स्थानीय तहको राजस्व परिचालनमा भएका विवाद समाधानका लागि समन्वय, स्थानीय राजस्वको मूल्याङ्कन, स्थानीय तहको प्राकृतिक स्रोत साधन सम्बन्धी कर तथा राजस्व व्यवस्थापनमा सहयोग र समन्वय तथा स्थानीय तहको वार्षिक आय-व्ययको अभिलेख र वार्षिक प्रतिवेदन प्रकाशन सम्बन्धी कार्य गरिरहेको छ र सोही शाखाको समन्वय तथा सहजी करणमा जलजला गाउँपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन हुने गरेको छ ।

### २.६.४ योजना व्यवस्थापन

पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य हासिल गर्न गण्डकी प्रदेश सरकारले प्रथम पञ्चवर्षीय आवधिक योजनाको तर्जुमा गरेको छ । योजनाबद्ध विकासका लागि तथ्य गत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्य नीति सहितको योजना आवश्यक पर्दछ । त्यसैले यस गाउँपालिकाले पनि पन्ध्रौं योजना तथा गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ति हुने गरी आफ्नो पहिलो पञ्चवर्षीय योजना तयार पारेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजा मुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र पालिका ले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ ।

राज्य पुनर् संरचना मार्फत जलजला गाउँपालिका को स्थापना भएसँगै यस गाउँपालिकाले प्रचलित कानुन तथा ऐन बमोजिम योजना व्यवस्थापन गरी योजनाबद्ध विकासको सुरुआत गरेको छ । उपाध्यक्षको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा गाउँ सभाद्वारा वार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी वार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने नियमित परम्परा रहेको छ भने निर्माणाधीन आवधिक योजनाले योजनाबद्ध विकासमा थप योगदान हुने अपेक्षा गरिएको छ ।

# परिच्छेद — तीनः सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

मुलुकको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, मानवीय लगायतका समग्र क्षेत्रहरूमा विकासका लागि उपलब्ध सीमित साधन र स्रोतबाट अधिकतम प्रतिफल प्राप्त गर्न अख्तियार प्राप्त निकायबाट तर्जुमा र स्वीकृत गरी योजना दस्तावेजको रूपमा भविष्यका लागि कार्यान्वयनमा लैजाने अभ्यास नेपालमा धेरै पुरानो भने होइन । नेपालमा योजनावद्ध विकासको शुरूवात वि.सं.२०१३ सालदेखि भएको हो । विगतमा केन्द्रिय योजना मात्र बन्ने गरेकोमा सङ्घीय शासन व्यवस्थाको सुरूवात पछि प्रदेश र स्थानीय सरकारहरूले आवधिक योजना तर्जुमा गर्ने गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा स्थानीय तहले स्थानीय स्तरको विकासका लागि दीर्घकालीन, मध्यमकालीन, रणनीतिगत, आवधिक, वार्षिक, विषय क्षेत्रगत, विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । सङ्घीय संविधानको क्रियाशीलता, राज्यको पुनसंरचना र तीनै तहको दोस्रो निर्वाचन पश्चात तत्कालीन स्थानीय निकायहरू स्थानीय तहको सरकारको रूपमा क्रियाशील भएका छन् । संविधानतः तीनै तहका सरकारहरू एकल अधिकार क्षेत्रको हकमा स्वायत्त रूपमा बिधायिकी, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्न स्वतन्त्र छन भने साझा अधिकार क्षेत्रको हकमा सहअस्तित्व, समन्वय र सहकार्यको अवधारणा अनुसार क्रियाशील हुनु पर्ने संवैधानिक व्यवस्था रहेको छ । संविधानद्वारा प्रदत्त एकल तथा साझा अधिकारक्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यका साथ कार्यान्वयनमा आएको स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी बित्त हस्तान्तरण ऐन २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोग ऐन २०७४ जस्ता कानुनहरूले एकातिर स्थानीय सरकारको जिम्मेवारी तथा कार्यप्रणालीलाई थप स्पष्ट बनाएको छ भने अर्कातिर गाउँपालिका तथा नगरपालिकाहरूलाई स्थानीयस्तरको विकासका लागि आफ्नो एकल अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक वा विषय क्षेत्रका लागि मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्न निर्देशित गरेको छ ।

योजनाबद्ध विकास सन्तुलित, दिगो र सम न्यायिक विकासको आधार हो । आवधिक योजनाले विकास प्रयासहरूलाई निर्दिष्ट दिशा प्रदान गर्ने व्यवस्थित रूपरेखा तयार गर्न मार्ग प्रशस्त गर्नेछ । जलजला गाउँपालिकाको आवधिक योजनाले स्थानीय जनता र स्थानीयस्तरको आर्थिक, सामाजिक, भौगोलिक परिवेश बीचमा अन्तरसम्बन्ध कायम गरी नागरिकको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्न सहायता गर्ने छ । यो योजना विकास र समृद्धिको रूपरेखा मात्र नभएर गाउँपालिका क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण तथा मानव र प्रकृति बीचको तालमेलको रूपरेखा पनि हुनेछ । राष्ट्रिय एवं प्रादेशिक विकास लक्ष्य हासिल गर्न तथा गाउँपालिका विकासका सरोकारवालाहरूको साझा प्रतिबद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्त्वपूर्ण हुनेछ ।

योजना तयार गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तादाम्यता हुने गरी सुशासन, वातावरण मैत्री, बाल मैत्री, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जस्ता अन्तर सम्बन्धित विषयवस्तुलाई ध्यान दिई तयार गर्नु पर्ने भनिएको छ । आवधिक योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्दै जनताको जीवनस्तरमा गुणात्मक सुधार गर्न स्थानीय सम्भावना तथा समस्या पहिचान गर्दछ । त्यस्तै स्रोत विश्लेषण, उपयुक्त रणनीति तथा कार्य नीति तयार गरी रणनीतिक कार्यक्रम तथा आयोजना पहिचान गर्ने र त्यसलाई कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनको स्पष्ट खाका समेत तयार गर्दछ । मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको मूल आधारका रूपमा रहेको आवधिक योजनाले योजना अनुशासन कायम राख्न समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । जलजला गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा दीर्घकालीन सोचका साथै तत्काल कार्यान्वयन गर्न सकिने गरी कार्यक्रम तर्जुमा गर्ने प्रयास गरिएको छ । दीर्घकालीन सोचलाई गाउँपालिकाको एउटा मार्गदर्शन र रणनीति बाहेक आदर्श अवस्थाको रूपमा समेत लिन सकिन्छ । दीर्घकालीन सोचले गाउँपालिका पुग्न चाहेको र प्राप्त गर्न खोजेको एउटा आदर्श अवस्थालाई जनाउँछ । स्थानीय अवसर र सम्भावना तथा विशेषताको आधारमा जलजला गाउँपालिकाको दीर्घकालीन सोच तयार पारिएको छ । सोहि सोचका साथ लक्ष्य, नतिजा, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरू तय गरेको छ । यस आवधिक योजना तर्जुमा गर्दा स्थानीय भूगोल, आर्थिक र सामाजिक परिवेश, इतिहास, मूल्य मान्यता तथा संस्कृतिको पर्याप्त विश्लेषणका आधारमा गरिएको छ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

**समस्याहरू**

१. नेपालमा पहिलो पटक २०५५ सालमा तर्जुमा भइ लागू भएको स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले विकास योजनाको प्रारूप तथा प्रक्रिया तलदेखि माथि (Bottom of Approach) सहित जनता केन्द्रित विकासमा जोड दिँदै आएको भए ता पनि हालसम्म पनि तीनै तहका सरकारले पुरै आत्मसाथ गर्न नसकेको अवस्था ।

२. स्थानीय तहमा आवधिक योजनालाई हुबहु कार्यान्वयन गर्न राजनैतिक इच्छा शक्ति अभि प्रेरित हुन नसकेको अवस्था ।

३. स्थानीय सरकारमा योजना तर्जुमा सहित आवधिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्ति र दृढ इच्छा शक्तिको अभाव ।

४. योजना तर्जुमा प्रक्रियामा स्थानीय सरकार अन्तर्गत गठित विषयगत समितिको भूमिका सशक्त हुन नसक्नू ।

५. योजना कार्यान्वयनको सन्दर्भमा योजना तर्जुमा प्रक्रियाबाट आएका योजनाहरू भन्दा राजनैतिक भागबन्डामा आएका योजनाहरूले प्राथमिकता पाउनु ।

६. योजना तथा कार्यक्रमको प्राथमिकिकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नू ।
७. भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स–साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएर जानु ।
८. विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नू तथा यसको प्रभाव न्यूनीकरणमा ठोस कार्यक्रम कार्यान्वयनमा समस्या।
९. गाउँपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा गाउँपालिका बाह्य स्रोतमा निर्भर रहनु पर्ने अवस्था ।
१०. जलजलाको कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारका लागि वृहत्तर क्षेत्रगत योजना तयार हुन नसकेको ।
११. विपद् व्यवस्थापन र वातावरणीय संरक्षण जस्ता सवालहरूलाई समस्याको रूपमा हेरिनु ।
१२. विकासका आधारभूत मापदण्डहरूको संरक्षणमा समस्या देखिनु ।
१३. एक वडा एक पहिचानका कार्यक्रमहरू सञ्चालन गर्न नसकिनु ।
१४. विकासका पूर्वाधारहरूको समान वितरण हुन नसकेको ।
१५. उत्पादन भएका वस्तुहरूको बजार र मूल्य निर्धारणको समस्या हुनु ।
१६. शिक्षा र स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरूको समाधान नै विकासको ठुलो समस्याको रूपमा देखिएको छ ।

**चुनौतीहरू**

जलजला गाउँपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावनाको सँगसँगै चुनौती पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको नै स्थानीय स्तरमा (बस्ती स्तरमा) योजना तर्जुमा प्रक्रिया पछ्याउँदै आर्थिक स्रोतको व्यवस्था गरी दीर्घकालीन र दिगो किसिमको भौतिक पूर्वाधारको निर्माण सँगै मानव संसाधन विकासमा वृद्धि गर्नु रहेको छ ।

१. जन केन्द्रित विकासका योजनाहरू पहिचान सहित कार्यान्वयनमा आउने कार्य ।
२. नेपालको संविधान तथा प्रचलित कानुन अनुसार समता मूलक तथा समावेशी विकासका गतिविधिहरूमा जोड दिने ।
३. स्थानीय सरकारहरू राजनैतिक भागबन्डामा भन्दा योजना तर्जुमाको प्रक्रियामा बढी केन्द्रित हुने ।
४. स्थानीय सरकारको राजस्व सङ्कलनमा तीव्रता ल्याइ जन अपेक्षा तथा जन चाहना अनुसारका कार्यक्रमहरू कार्यान्वयन गर्न ।

५. गाउँपालिकामा रहेको धेरै कृषि योग्य भूमिमा पर्याप्त सिँचाइ सहित आधुनिक करण, प्रविधि युक्त र यान्त्रिकीकरण गर्ने ।
६. गाउँपालिकाका सबै वडाहरूमा निर्माण भएको ग्रामीण सडकको स्तर उन्नति गर्ने ।
७. गाउँपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रूपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासका समान अवसर प्रदान गर्ने ।
८. पर्यटकीय विकासको सम्भावना बोकेका पदयात्रा, पहाडी फाँटहरू र गुफा लगायतका ऐतिहासिक क्षेत्रमा पर्यटन विकासका पूर्वाधारहरूको विस्तार गर्ने ।
९. गाउँपालिकाका विभिन्न वडाहरूमा व्यावसायिक रूपमा उत्पादन हुँदै आएको सुन्तला लगायतका फलफूल तथा तरकारीहरूको उचित रूपमा बजार व्यवस्थापन गर्ने ।
१०. गाउँपालिकामा रहेका सामुदायिक वन क्षेत्रमा वर्षेनी लाग्ने डढेलोका कारण ठूलो वन क्षेत्र, चरिचरन क्षेत्र, महत्त्वपूर्ण जडिबुटी, वन्यजन्तु लोपोन्मुख हुने अवस्थाको अन्त्य गर्ने ।
११. स्थानीय स्रोत, साधन, जडिबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण गर्ने ।
१२. ऐतिहासिक तथा धार्मिक सम्पदास्थलहरूको संरक्षण र संवर्द्धन गर्ने ।
१३. सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्न ।
१४. सबै गाउँबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने ।
१५. उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइको सुनिश्चितता गर्ने ।
१६. घट्दो जन्म दर तथा बढ्दो बसाँइसराइलाई नियन्त्रण गरी गाउँपालिकाको जनसङ्ख्या वृद्धि दरलाई यथावत राख्न।
१७. भ्रष्टाचार तथा फजूल खर्चको नियन्त्रण गरी प्रभावकारी प्रशासन संयन्त्रको विकास गर्ने ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्त्वपूर्ण अवसर गाउँपालिकालाई प्राप्त भएको छ । यस गाउँपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छः

१. नेपालको संविधानले जनताको सबैभन्दा नजिकको अभिभावक स्थानीय तहलाई स्थानीय सरकारको रूपमा स्थापित गर्नु ।
२. सबै क्षेत्र, वर्ग, लिङ्ग, जात जाती सहितको समावेशी स्थानीय जनप्रतिनिधिहरूको नेतृत्व हुनु
३. स्थानीय सरकारमा कर्मचारी दरबन्दी अनुसारको पद पूर्तिको व्यवस्था हुनु ।

४. विकासको मूल धारबाट पछि परेका वर्गहरू पनि विकासका गतिविधिहरूमा सचेत र सक्रिय हुँदै आउनु ।

५. जलजला गाउँपालिका विश्वमै शालिग्राम शिला पाइने एक मात्र नदी श्री कृष्ण गण्डकी अर्थात् कालीगण्डकी नदीको किनारमा अवस्थित हुनु । यस नदीको तटीय क्षेत्रबाट नदी जन्य पदार्थको उपयोगबाट आन्तरिक राजस्वमा वृद्धि गर्न सकिने ।

६. खानेपानी तथा सिँचाइको लागि दम्बा खोला, लस्ती खोला, लुङदी खोला, राम्चे खोला लगायतका बाह्रै महिना पानी बग्ने ठाडा खोलाहरू हुनु ।

७. पोखरा- मुस्ताङ- लोमन्थाङ जोड्ने कालीगण्डकी कोरीडोरको मालढुङगा- बेनी खण्डले (सहायक राजमार्ग) गाउँपालिकाले ६ वटा वडालाई आबद्ध गरेको कारण व्यापार व्यवसायमा सहज

८. ऐतिहासिक तथा पौराणिक महत्त्व बोकेको जलजला सहित कालञ्जर हम्पाल पर्वत क्षेत्रलाई प्रमुख पर्यटकीय गन्तव्य स्थलका रूपमा विकास गर्न सकिने (गण्डकी प्रदेश सरकारबाट DPR समेत भइसकेको)

९. गाउँपालिकाको केन्द्र रहेको ठाउँ वडा नं. ४ लामाखेत देखि सबै वडाहरूमा जाने ग्रामीण सडकहरू बाह्रै महिना सञ्चालन भइरहेका छन् । वडा नं ९ बनौं जाने ग्रामीण सडक कालो पत्रे भइसकेको छ भने वडा नं ७ धाइरिङ जाने ग्रामीण सडक पनि कालो पत्रेको लागि निर्माणाधीन अवस्थामा रहेको छ । प्रदेश सरकारको सहयोगमा वडा नं ७ मिलनचोकदेखि वडा नं ४ हुँदै वडा नं ५ जाने ग्रामीण सडक पनि कालो पत्रे गर्ने क्रममा रहेको छ । यसबाट गाउँको उत्पादन दूध, तरकारी फलफूल आदि बजारसम्म ल्याउन तथा ग्रामीण क्षेत्रलाई पनि बजार उन्मुख बनाउन सकिने सम्भावना रहेको छ ।

१०. गाउँपालिकाका सबै वडाहरूमा उत्खनन भइरहेको कटिङ ढुङ्गालाई पोखरा काठमाण्डौ हुँदै भक्तपुरको जडीबुटीमा समेत व्यापार भइ रहेकोले यसलाई थप व्यवस्थित गरी राजस्वमा वृद्धि गर्न सकिने ।

११. यहाँ दिनानुदिन बढ्दै र फैलिदैं गएको सामुदायिक वनमा पाइने ८४ प्रकारका जडीबुटीहरूको थप विकास तथा विस्तार गरी स्वदेश तथा विदेशमा समेत निर्यात गर्न सकिने । कुल क्षेत्रफल ८५९९.७ हेक्टर मध्ये सबैभन्दा बढी बनले ढाकेको क्षेत्र ४०.५२% रहेको छ ।

१२. जलजला गाउँपालिका तरकारी तथा फलफूल खेतीका लागि जिल्लामा उत्कृष्ट स्थान ओगट्न सफल रहेको छ । गाउँपालिकाका वडा नं. ४ खोलाखेत, वडा नं ५ लेकफाँट, वडा नं. ६ शालिजा, वडा नं ७ धाइरिङ तथा वडा नं. ८ नाग्लीवाङ स्थित खनीयाघाटमा उत्पादित मौसमी तथा बेमौसमी तरकारीहरू उचित बजारको व्यवस्था गरी रोजगारी र उत्पादन दुवै बढाउन सकिने बलियो सम्भावना रहेको छ ।

१३. गाउँपालिकामा कृषि क्षेत्र अन्तर्गतको आम्दानीमा दोस्रो महत्त्वपूर्ण स्थान ओगटेको तथा गण्डकी प्रदेशमै सुन्तला, कागती, कफी आदि उत्पादनमा प्रख्यात गाउँपालिकाको वडा नं. १ बाँसखर्क, वडा

नं, ५ लेकफाँट, वडा नं ७ धाइरिङ लगायतका वडाहरूमा थप विस्तार गरी व्यावसायिक फर्ममा परिणत गर्न सकिन्छ ।

१४. गाउँपालिकाको माथिल्लो भुभाग जस्तैः बाँसखर्कको मालगाउँ, लेकफाँटको कुवापानी र डाडाकटेरी, शालिजाको तारे, शालिजा, धाइरिङको घाखेत लगायतको क्षेत्र हुँदै बनौं सम्मको भूभागमा भौगोलिक उपयोगिताको आधारमा किवी खेती, आलु खेती लगायतका खेतीहरूको विकास र विस्तारका प्रशस्त सम्भावनाहरू रहेका छन् ।

१५. त्यसैगरी गाउँपालिकाको माझफाँट, धाइरिङको सल्यान, बाँसकोट र नाग्लीवाङको तल्लो भागमा धान, मकै, कोदो, गहुँ, जौ, फापर आदि अन्नवाली उत्पादनमा विशेष जोड दिन सकिन्छ ।

१६. धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेका स्थान तथा मन्दिरहरू जस्तै धाइरिङका भूमेथान, सिद्धबाबाको थान, नाग्लीवाङका लक्ष्मिनारायण मन्दिर तथा शुक्लेश्वर महादेव मन्दिर, माझफाँटको कर्णेलको दरबार, मल्लाज कोट भगवती मन्दिर, पुर्णगाउँ पोखरी, शिवालय गुफा, लेखफाँटमा रहेको डाडाकोट, गरुडेश्वर मन्दिर, फलामेडाँडा, गलेश्वर मन्दिर, बनौंको मण्डलीथान, भूमेथान, भैरमथान, सिद्धथान आदि जस्ता प्रसिद्ध प्राकृतिक तथा धार्मिक सम्पदाहरूले यो क्षेत्र धनी छ । उल्लिखित प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूका कारण यो पालिका आर्थिक विकासको प्रबल सम्भावना बोकेको गाउँपालिकाको रूपमा परिचित छ ।

१७. कृषिजन्य उत्पादित वस्तुको लागि तीन जिल्ला (पर्वत, बागलुङ र म्याग्दी) को जिल्ला सदरमुकामहरूको अतिरिक्त दोस्रो ठूलो पर्यटकीय राजधानी पोखरा नजिकै रहेकाले यस गाउँपालिकामा उत्पादन हुने जैविक कृषि तथा पशुजन्य उत्पादनले राम्रो बजार पाउने प्रशस्त सम्भावना रहेको छ।

१८. प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट जलजलाबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको छ ।

१९. गाउँपालिकाका सबै वडाहरूमा सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको थप स्तर उन्नति गरी बजार उन्मुख बस्तीहरूमा वृद्धि गर्ने सम्भावना रहेको छ ।

२०. पशुपालन व्यवसायको माध्यमबाट लेकफाँट, शालिजा, धाइरिङ लगायतका वडाहरूमा दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गर्न सकिने अवस्था रहेको छ । गाउँपालिकाको माथिल्लो भाग जस्तै बाँसखर्कको मालगाउँ, लेकफाँटको डाडाकटेरी लोप्रे, शालिजाको शालिजा र तारे, धाइरिङको घाखेत लगायतको क्षेत्र, नाग्लीवाङ र बनौंमा बाख्रा फर्म, कुखुरा फर्म आदि सञ्चालन गर्न सकिने सम्भावनाहरू रहेका छन् ।

२१. आवधिक योजनाको निर्माण प्रक्रियासँगै वडा बासीमा देखिएको उत्साह र विकास तथा समृद्धिप्रतिको चाहनालाई संस्थागत गर्न सकिने अवसर रहेको छ ।

## ३.४ सोच, लक्ष्य तथा उद्देश्य

दिगो विकास लक्ष्य, १६औं राष्ट्रिय योजनाका उद्धेश्यहरू, नेपालको दीर्घकालीन सोच र गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक विकास योजनाले लिएका आ—आफ्ना दिर्घकालीन सोच, लक्ष्य र उद्धेश्य संग तादम्यता कायम गरी जलजला गाउँपालिकाको पञ्चवर्षिय आवधिक विकास योजना तयार गरिएको छ । गाउँपालिकाको नेतृत्व, राजनीतिक दलहरूको सुझाव, विषयगत शाखा तथा विकासका स्थानीय स्तरका सरोकारवालाहरूको सहभागितामा जलजला गाउँपालिकाको करिब २५ वर्षसम्मको समग्र विकास प्रक्रियालाई मार्गदर्शन प्रदान गर्ने उद्धेश्यको साथ दीर्घकालीन सोच तयार गरिएको हो ।

**<u>दीर्घकालीन सोच</u>**

**"समतामूलक समाज जलजलाको सार**
**कृषि शिक्षा स्वास्थ्य पर्यटन र पूर्वाधार"**

स्थानीय प्राकृतिक स्रोत र साधनको उपयोगद्वारा गरिबी, भोकमरी अन्त्य गरी समुन्नत जीवनको सु निश्चितता गर्दै सम न्यायिक समाजको निर्माण गर्न कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार जस्ता विकासका आयामलाई प्राथमिकताका आधारमा योजना तर्जुमा गरी विश्वव्यापी साझेदारीद्वारा दिगो विकास लक्ष्य प्राप्तिमा सशक्त भूमिका निर्वाह गरिनेछ ।

**<u>लक्ष्य</u>**

कृषि क्षेत्रको व्यवसायिकरण, गुणस्तरीय शिक्षा र स्वास्थ्यको विकास पर्यटन पर्वर्द्धन र भौतिक पूर्वाधारको विकास गर्दै विकासको प्रतिफललाई समन्यायीक हुने गरी जलजलालाई समाजबाद उन्मुख गाउँपालिकाको रुपमा विकास गर्ने ।

**<u>उद्देश्य</u>**

१. कृषिको आधुनिक करण, व्यवसायी करण तथा प्रतिस्पर्धात्मक क्षमताको माध्यमद्वारा स्थानीय आय आर्जन र रोजगारीमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्नु,
२. गुण स्तरीय स्वास्थ्य र शिक्षा मार्फत समावेशी, सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील नागरिक उत्पादन गर्नु,
३. दिगो र सुरक्षित बस्ती निर्माणका साथै यातायात, सञ्चार र सूचना प्रविधिको सेवालाई सहज, भरपर्दो, सर्व सुलभ र गुण स्तरीय बनाउनु,
४. हरियाली प्रवर्द्धन सहित सफा, स्वच्छ वातावरण मैत्री विपद् व्यवस्थापन सहितको गाउँपालिका निर्माण गर्नु,
५. गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरी सुशासन कायम गर्नु,

## ३.५ निर्देशक सिद्धान्त

गाउँपालिकाको उल्लेखित दीर्घकालीन सोचलाई साकार पार्न बदलिदो राजनैतिक, सामाजिक र कानुनी आधार, सङ्घीय सरकारको १६औं राष्ट्रिय योजनाको आधारपत्र र गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय आवधिक योजनाको अवधाणा पत्र समेत लाई ध्यानमा राखेर निम्न विकासको निर्देशक सिद्धान्तहरू तय गरिएको छ । जलजला गाउँपालिकाको योजना तर्जुमा प्रक्रिया, आवधिक पञ्चवर्षीय योजना तर्जुमा र यसको कार्यान्वयनका अतिरिक्त यसबाट प्राप्त लाभ/लाभांश वितरणका लागि समेत यी निर्देशक सिद्धान्तहरू मार्गदर्शकका रूपमा रहने छन् ।

**तालिका २६: जलजला गाउँपालिकाका निर्देशक सिद्धान्तहरू**

| | |
|---|---|
| **१. कृषि, पर्यटन, संस्कृति र सम्पदा, ऊर्जा, र पूर्वाधार विकासमा उच्च प्राथमिकताः** | व्यावसायिक कृषिको विकास, पर्यटन, जल विद्युतको क्षेत्रको विकास एवं स्थानीय अर्थतन्त्र सहित पूर्वाधारको विकासद्वारा समृद्धिको आधार तयार गरिनेछ । |
| **२. स्थानीय अर्थतन्त्रको विकास र विस्तारः** | सङ्घ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्वारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ । |
| **३. व्यवस्थित भू—उपयोग र योजनाबद्ध विकासः** | राष्ट्रिय भू उपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू—उपयोग योजना तर्जुमा र सो को पालनामा अभिवृद्धि गर्ने संयन्त्र र कानुनी र नीति गत व्यवस्था गरिनेछ। |
| **४. उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल पूर्वाधारः** | भू उपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास एकीकृत योजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास गरी सुविधा अभिवृद्धि गरिनेछ । पूर्वाधार लगायतका संरचना निर्माण गर्दा उत्पादन तथा आय मूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा रिचार्ज पोखरी, बाँध निर्माण जस्ता जलवायु अनुकूलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार बायो इन्जिनियरिङ र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ । |
| **५. प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः** | गाउँपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी, सरसफाइ लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त |

उपलब्धिको नतिजा मूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ।

**६. अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः**

पूर्वाधार निर्माण, सञ्चालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैर सरकारी, समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धिलाई प्रभावकारी बनाइनेछ । कृषि, पशुपालन, सेवा प्रवाह उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाइ, इन्जिनियरिङ जस्ता सेवामा निजी क्षेत्र, गैर सरकारी संस्थासँग सहकार्य गरी करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाइनेछ । साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी र समुदायको लगानी र साझेदारी अभिवृद्धि गरिनेछ ।

**७. समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धनः**

सुशासन, विकास र समृद्धि सहितको कार्यसूची तय भएको छ । सुशासन विकास र समृद्धिको पूर्व सर्तको रूपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा बहिष्करण अन्त्य, कानुन तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जबाफदेहीता सहितको उच्चतम अभ्यास गरिनेछ । राजनीति तथा समाजमा बढ्दै गइरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अवलम्बन र सामाजिक जबाफदेहीता सम्बन्धी संयन्त्रहरूको एकीकृत र सचेत अभ्यास गरिने छ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी रहनेछ ।

**८. सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापनः**

विकास व्यवस्थापन प्रक्रियालाई सूचना, सञ्चार तथा ज्ञानमा आधारित नतिजा मूलक बनाइनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ ।

**९. वन र वन पैदावारको यथोचित उपयोगः**

यस गाउँपालिकामा प्रशस्त वनपैदावर र जटिवुटि रहेको हुनाले तिनीहरूको यथोचित उपयोग गरेर स्थानीय रोजगारी प्रदान गरिनेछ ।

## ३.६ परिमाणात्मक लक्ष्य

तालिका २७: अपेक्षित परिमाणात्मक उपलब्धि

| क.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आधार वर्ष सम्मको अवस्था | | | योजना अन्त्यसम्मको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल आ.व. २०७५/७६ | गण्डकी प्रदेश आ.व. २०७५/७६ | जलजला आ.व.२०७९/८० | नेपाल आ.व. २०८०/८१ | गण्डकी प्रदेश आ.व. २०८०/८१ | जलजला आ.व.२०८५/८६ |
| क | समष्टि गत गन्तव्य तथा सूचक | | | | | | | |
| १ | मानव विकास सूचकाङ्क* | सूचकाङ्क | ०.५७९ | ०.५९ | | ०.६२४ | ०.६५ | |

| क्र.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आधार वर्ष सम्मको अवस्था | | | योजना अन्त्यसम्मको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल आ.व. २०७५/७६ | गण्डकी प्रदेश आ.व. २०७५/७६ | जलजला आ.व.२०७९/८० | नेपाल आ.व. २०८०/८१ | गण्डकी प्रदेश आ.व. २०८०/८१ | जलजला आ.व.२०८५/८६ |
| २ | औसत आयु* | वर्ष | ६९.७ | ७१.४ | **७३** | ७२ | ७७ | **७४.५** |
| ३ | वार्षिक प्रति व्यक्ति आय* | अमेरिकी डलर | १०४७ | १०४३ | **१५००** | १५९५ | १९५६ | **१८००** |
| ४ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ६७ | **८२** | ९० | ९५ | **९२** |
| ५ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ९ | **८** | ६ | ४ | **३** |
| ६ | निरपेक्ष गरिबी | प्रतिशत | २८.६ | १४.२ | **१.५** | १३ | ७.३ | **०** |
| ७ | आर्थिक रूपले सक्रिय जनसङ्ख्या | प्रतिशत | ५६.९ | ५७ | **६२.८६** | ६० | ६६ | **६४** |
| ८ | विपद् बाट हुने वार्षिक क्षति रकम | रू. लाखमा | | | ३५० | | | ५० |
| **ख** | **विषय क्षेत्रगत गन्तव्य सूचक** | | | | | | | |
| १ | खाद्यान्न बाली उत्पादकत्व | मे.ट. प्रति हेक्टर | २.९ | २.७ | **७.५२** | ४ | १९.९ | **८.६** |
| २ | काठको उत्पादन (लाखमा) | घ.मि | - | - | | - | - | |
| ३ | उद्योगबाट रोजगारीको सृजना | सङ्ख्या | - | - | **१५००** | - | - | **३०००** |
| ४ | निर्यात आयात अनुपात | अनुपात | - | - | | - | - | |
| ५ | पर्यटक आगमन | सङ्ख्या | - | - | **१०००** | - | - | **२०००** |
| ६ | पर्यटन क्षेत्रमा रोजगारी | सङ्ख्या | | | **९०** | | | **११५** |
| ७ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | ८२.७ | **९८.६१** | ९९ | १०० | **१००** |
| ८ | विद्युत उत्पादन क्षमता | मे.वा. | १०७४.१ | ४४८.५ | **०** | ५००० | १५०० | **०** |
| ९ | सिँचित क्षेत्र | प्रतिशत | | | **३८** | | | **५२** |
| १० | सडक निर्माण लम्बाइ (कच्ची, पक्की, धूलो) | कि.मि | ६७१४१ | १०९२१ | **१६०** | | १३४०३ | **१७५** |

| क्र.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आधार वर्ष सम्मको अवस्था | | | योजना अन्त्यसम्मको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल आ.व. २०७५/७६ | गण्डकी प्रदेश आ.व. २०७५/७६ | जलजला आ.व.२०७९/८० | नेपाल आ.व. २०८०/८१ | गण्डकी प्रदेश आ.व. २०८०/८१ | जलजला आ.व.२०८५/८६ |
| ११ | इन्टरनेट प्रयोगकर्ता जनसङ्ख्या | प्रतिशत | | | ५२ | | | ९० |
| १२ | युवा साक्षरता दर (१५ देखि २४ वर्ष) | प्रतिशत | ८५ | ९५ | ९८ | ९९ | ९९ | १०० |
| १३ | विद्यालय (सामुदायिक र संस्थागत) | सङ्ख्या | | | ४४ | | | ४७ |
| १४ | खुद भर्ना दर (आधारभूत तह) | प्रतिशत | ९२.३ | ९४.८ | ९५ | ९९.५ | ९९ | १०० |
| १५ | खुद भर्ना दर (माध्यमिक तह) | प्रतिशत | ४३.९ | ४४.७ | ४७ | ६५ | ६० | ७० |
| १६ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्म) | जना | | | ० | | | ० |
| १७ | बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ३९ | २७ | ० | २४ | २२ | ० |
| १८ | तौल कम भएका बालबालिका (५ वर्ष मुनी) | प्रतिशत | २७ | १४.९ | ३.५ | १५ | ८ | १ |
| १९ | आधारभूतस्तर खानेपानी सुविधाबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | ८९ | ९१.१ | ९५ | ९९ | १०० | १०० |
| २० | बैंक तथा वित्तीय संस्थाको शाखा | सङ्ख्या | १३७७९ | १४७० | ४७ | | १८३७ | ४७ |
| २१ | जमिनमा महिलाको स्वामित्व हुने परिवार | प्रतिशत | - | | १०.४ | - | - | १५ |

| क्र.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आधार वर्ष सम्मको अवस्था | | | योजना अन्त्यसम्मको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल आ.व. २०७५/७६ | गण्डकी प्रदेश आ.व. २०७५/७६ | जलजला आ.व.२०७९/८० | नेपाल आ.व. २०८०/८१ | गण्डकी प्रदेश आ.व. २०८०/८१ | जलजला आ.व.२०८५/८६ |
| २२ | विपद् बाट मृत्यु हुने वार्षिक जनसङ्ख्या | जना | - | - | १२ | - | - | ० |
| २३ | विपद् बाट प्रभावित हुने परिवार सङ्ख्या (वार्षिक) | सङ्ख्या | - | - | ५५० | - | - | २५० |

## ३.७ रणनीति तथा प्राथमिकता

**तालिका २८: जलजला गाउँपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू**

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| **उद्देश्य १:** कृषिको आधुनिक करण, व्यवसायी करण तथा प्रतिस्पर्धात्मक क्षमताको माध्यमद्वारा स्थानीय आय आर्जन र रोजगारीमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्नु । | |
| १.१ गाउँपालिकाको उत्पादन योग्य जमिनलाई उत्पादनका आधारमा विभिन्न प्याकेजमा विभाजन गरी कृषि सम्बन्धी नीति कानुन तथा योजना निर्माण सहित आधुनिक प्रविधिको माध्यमद्वारा कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । | १. गाउँपालिकामा कृषि योग्य जमिनको पहिचान गरी अन्न उत्पादन, फलफूल उत्पादन र तरकारी उत्पादनका आधारमा विभिन्न प्याकेजहरू तय गरी सोही अनुसारको उत्पादनमा जोड दिइनेछ ।<br>२. आधुनिक प्रविधिमा आधारित कृषि उत्पादनमा जोड दिइनेछ । माटो परीक्षणको प्रतिवेदन अनुसार उत्पादन र उत्पादकत्वमा जोड दिइनेछ ।<br>३. कृषि जन्य उत्पादनलाई व्यवसायी करण गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ।<br>४. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ । |
| १.२: कृषि पूर्वाधारको विकास, कृषि उद्योगहरूको स्थापना र प्रवर्द्धन गरी खाद्य सुरक्षा तथा पर्याप्त पोषण योग्य बस्तुको उपभोगमा जोड दिने । | १. पानीका मूलहरू लगायत जलाधार क्षेत्रको उचित संरक्षण सहित व्यवस्थापन गरी सिँचाइको लागि उपयोग गरिनेछ ।<br>२. पर्याप्त सिँचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन, ग्रामीण सडकको स्तर उन्नति, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ ।<br>३. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिँचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड सहित सहरी क्षेत्रलाई थप व्यवस्थित बनाइनेछ ।<br>४. खाद्य असुरक्षाबाट प्रभावित घर धुरीको पहिचान गरी त्यस्ता घर धुरीहरूको खाद्यमा पहुँच वृद्धि गरिनेछ ।<br>५. कृषि तथा पशु जन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | ६. गरिबी न्यूनीकरणका लागि गरिबी वस्तुगत विवरण तयार गरी सकारात्मक विभेद नीतिका आधारमा स्रोत परिचालन गरिनेछ । |
| १.३ पशु पन्छी जन्य व्यवसायमा आर्थिक, सामाजिक र भौगोलिक रूपमा पछि परेका महिला, युवा तथा विभिन्न कारणले जोखिममा रहेका लक्षित वर्गको स्व रोजगार तथा आय आर्जनको दिगो स्रोतको रूपमा विकास गर्ने । | १. पशु पन्छी पालक साना कृषक, महिला तथा भूमिहीन विपन्न किसानलाई पशु पन्छी पालन तथा पशु पन्छी जन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशु पन्छी पालनमा आकर्षित गर्ने गरी युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>३. पशु पन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्त करणलाई केन्द्रित गर्दै साना तथा व्यावसायिक महिलामूखी कार्यक्रम सञ्चालनमा ल्याइनेछ। |
| १.४ पर्यटन प्रवर्द्धन र पर्यटन विकास गर्न स्थानीय स्तरमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गरी कृषि, धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने । | १. पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्व दायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ ।<br>२. धार्मिक तथा सांस्कृतिक पर्यटन र कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप प्रवर्द्धन गरिनेछ । |
| १.५ स्थानीय स्रोत एवम् सीपको उपयोग गरी कृषि तथा पर्यटनमा लघु, घरेलु तथा साना उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने । | १. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रभावकारी रूपमा विस्तार गरी कार्यान्वयन गरिनेछ ।<br>२. 'एक वडा एक विशेष उत्पादन' सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।<br>३. कुनै एक वडालाई औद्योगिक क्षेत्र, औद्योगिक कोरी डोर एवम् विशेष आर्थिक क्षेत्रको रूपमा विकास गरी क्रमशः अन्य वडाहरूमा विस्तार गर्दै लगिनेछ । |
| **उद्देश्य नं. २** गुण स्तरीय स्वास्थ्य र शिक्षा मार्फत समावेशी, सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील नागरिक उत्पादन गर्नु । | |
| २.१ गरिबी वस्तुगत विवरणका आधारमा सकारात्मक विभेद नीति तयार गरी विपन्न परिवारका सदस्यलाई विकास निर्माणका कार्यक्रमहरूमा एकीकृत गरी रोजगारीको दायरामा ल्याउने । | १. गरिबीको रेखामुनि रहेका परिवारका सदस्यहरूको सर्वेक्षण गरी उनीहरूलाई स्थानीयस्तरमै प्रयोगमा आउने विभिन्न सीपमूलक तालिम प्रदान गरिनेछ।<br>२. संरक्षणको कोटाभित्र रहेका सदस्यहरूको उचित संरक्षण गर्नका साथै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने प्रक्रिया बैक मार्फत अझ बढी सहज र पारदर्शी बनाइनेछ ।<br>३. अति विपन्न परिवारलाई कम्तीमा पनि वर्षमा १०० दिनको रोजगारीको सु निश्चितता गर्न पुनर्निर्माण र नवनिर्माण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. गाउँपालिकाको गरिबी वस्तुगत विवरण तयार गरी सोही आधारमा सकारात्मक विभेद नीति तर्जुमा गरी लागू गरिनेछ । |
| २.२ गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच अभिवृद्धि गरी पोषण युक्त खानेकुराको बारेमा | १. स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी स्वास्थ्य सेवा सबै नागरिकले प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच आम नागरीसम्म पुऱ्याउनको अतिरिक्त गुणस्तरीय औषधी तथा पोषणयुक्त खाद्य उपभोगमा जोड दिने । | २. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्य कर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>३. गुण स्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमशः सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगिनेछ ।<br>४. स्वास्थ्य तथा पोषणबारे व्यापक जन चेतना जागृत हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जबाफदेही एवम् जन उत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>६. 'सुनौला हजार दिन' लगायत सुरक्षित मातृत्व कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ ।<br>७. पोषण युक्त खाद्यान्नको उत्पादन तथा उपभोगमा व्यापक सचेतन अभिवृद्धि गरिनेछ। |
| २.३ रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तारमा जोड दिइ सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षा बीचको गुणस्तरमा रहेको अन्तर घटाउँदै सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने । | १. चार वर्ष उमेरका सबै बालबालिकाको शिक्षाको लागि एक वर्षे प्रारम्भिक बाल शिक्षा र पूर्वप्राथमिक विद्यालयको नक्साङ्कनका आधारमा अत्यन्त दुर्गम बस्ती वा समुदाय र भौगोलिक विकटता लाई लक्षित गरी पुनर् वितरण र विस्तार गरिनेछ।<br>२. गाउँपालिकाका प्रत्येक वडामा कम्तीमा पनि १ ठाउँमा आवास र यातायात सहितको भौतिक पूर्वाधार सम्पन्न नमुना विद्यालय सञ्चालन गरिनेछ ।<br>३. शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रूपमा अघि बढाई विद्यालयहरूमा शिक्षकहरूको समता मूलक वितरण सुनिश्चित गरिनेछ ।<br>४. शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई थप व्यवस्थित र नियमन गर्ने तथा निजी र सार्वजनिक विद्यालयका शिक्षाको गुणस्तरको अन्तरलाई कम गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>५. प्राविधिक र व्यावसायिक विद्यालयहरू सञ्चालनका लागि आवश्यक संस्थागत संरचना तथा नियमन कारी व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।<br>६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा जोड दिइ प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ ।<br>७. सूचना तथा सञ्चार प्रविधिलाई समग्र शिक्षा प्रणालीको अभिन्न अङगको रूपमा एकीकृत गर्दै डिजिटल डिभाइसलाई कम गर्दै लगिनेछ ।<br>८. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सु निश्चितताको लागि मातृभाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाई शिक्षामा बहुभाषिक नीति अवलम्बन गरिनेछ ।<br>९. विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सीप विकास विधिहरूको प्रभावकारी उपयोगमा जोड दिइनेछ ।<br>१०. माध्यामिक तह सञ्चालन गर्ने सामुदायिक तथा संस्थागत दुवै प्रकारका विद्यालयहरूमा उपलब्ध हुनुपर्ने न्यूनतम आधारभूत सुविधाहरूको सूची निर्धारण गरेर विद्यालयहरूमा गुणस्तरको मानक तयार गरी लागू गरिनेछ ।<br>११. विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जबाफदेहीता सुनिश्चित गर्न विद्यालयहरूको सञ्चालन तथा कार्यसम्पादनस्तरको वार्षिक रूपमा कार्य सम्पादन |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागू गरिनेछ ।<br>१२. शिक्षकहरूको प्राज्ञिक उन्नयन एवम् पेसा गत विकासका लागि माग तथा आवश्यकताका आधारमा छोटा तथा मध्यम अवधिका तालिम सञ्चालन गरिनेछ ।<br>१३. विद्यालयहरूको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धि अभिवृद्धिका लागि प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करारको व्यवस्था लाग गरिनेछ ।<br>१४. आर्थिक तथा सामाजिक क्षेत्रमा पछि परेका क्षेत्र तथा अति विपन्न बसोबास रहेको क्षेत्रलाई लक्षित गरी विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१५. दलित, छात्रा, जनजाति, लोपान्मुख जात जाति, गरिब तथा जेहनदार विद्यार्थीहरूका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।<br>१६. शैक्षिक गुणस्तर निर्धारणका लागि प्रदेश तथा सङ्घीय सरकार समेतको सहयोग लिइ गाउँपालिका स्तरीय योग्यता निर्धारण प्रणाली र व्यावसायिक योग्यता निर्धारण प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>१७. भिन्न सिकाइ आवश्यकता भएका जोखिममा परेका तथा सीमान्त कृत समूहका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन गर्नका लागि खुला, वैकल्पिक, आवासीय तथा विशेष शिक्षा कार्यक्रमको सुविधा विस्तार गरिनेछ ।<br>१८. नयाँ विद्यालय भवन निर्माणका नमुना डिजाइनहरू बहु प्रकारका विपद् प्रति संवेदनशील र अपाङ्ग मैत्री हुने गरी बनाइनेछ ।<br>१९. जनसङ्ख्या र भूगोलको आधारमा विद्यालयहरूको नक्साकन गरी पुनर् रचना गरिनेछ।<br>२०. शिक्षकहरूको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आबद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।<br>२१. सबै प्रकारका शैक्षिक संस्थाहरूको भौतिक अवस्थामा सुधार गरी विपद् प्रतिरोधी बनाइनेछ ।<br>२२. बालबालिका तथा युवालाई आफ्नो अन्तर्निहित क्षमताको विकास गर्न प्रत्येक विद्यालय तथा साबिक वडा स्तरमा खेलकुद विकास, प्रशिक्षण र अभ्यासलाई अभिन्न अङ्ग बनाइनेछ । |
| **उद्देश्य ३:** दिगो र सुरक्षित बस्ती निर्माणका साथै यातायात, सञ्चार र सूचना प्रविधिको सेवालाई सहज, भरपर्दो, सर्व सुलभ र गुण स्तरीय बनाउनु । | |
| ३.१ उच्च जोखिम तथा कमजोर आर्थिक अवस्थामा रहेका बस्तीहरूको पहिचान गरी सुरक्षित, किफायती र वातावरण मैत्री आवासको व्यवस्था गर्ने । | १. जोखिम युक्त मानव बस्तीहरूको पहिचान गरी त्यस्ता बस्तीहरू स्थानान्तरणको लागि आवश्यक कानुनहरू तर्जुमा गर्नका साथै स्थानीय तहका जनप्रतिनिधिहरू कर्मचारीहरूको क्षमता विकासमा जोड दिइनेछ ।<br>२. घनत्व र जनसङ्ख्याका आधारमा आधारभूत सेवा सुविधा सहितको एकीकृत बस्ती विकास गरिनेछ ।<br>३. खर र फुसको छानालाई जस्तापाता वा ढुङ्गाले प्रतिस्थापन गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।<br>४. अव्यवस्थित पुराना घना बस्तीलाई पुनरुत्थान गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | ५. बस्ती स्थानान्तरण गर्ने सन्दर्भमा सबैभन्दा बढी उच्च जोखिममा रहेको र विपन्न तथा महिला, अपाङ्गता भएका घर परिवारलाई प्राथमिकता दिइनेछ । |
| ३.२ गाउँपालिकाको केन्द्र, राजमार्ग तथा बजारसँग पहुँच भएका, आर्थिक वृद्धिलाई योगदान पुग्ने प्रकृतिका दिगो, सुरक्षित यातायातमा सुविधा विस्तार गरी कृषि, उद्योग, व्यापार, जल विद्युत्, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच वृद्धि गरी व्यापार व्यवसायको प्रवर्द्धन गर्ने । | १. ग्रामीण सडक मार्गलाई सुरक्षित, दिगो र छोटो हुने गरी स्तर उन्नतिको कामलाई प्राथमिकता दिइनेछ ।<br>२. सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी गरिनेछ ।<br>३. सडकको दायाँबायाँ हरियाली कायम गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>४. सडक तथा पुलहरूको निर्माण तथा मर्मत सम्भारमा सामाजिक एवम् वातावरणीय पक्षको नकारात्मक असर न्यूनीकरणका लागि आवश्यक उपायहरूको अवलम्बन गरिनेछ ।<br>५. सार्वजनिक निर्माणमा सार्वजनिक-निजी साझेदारी, निर्माण, सञ्चालन तथा हस्तान्तरण प्रक्रिया जस्ता विधिहरू अवलम्बन गरिनेछ ।<br>६. ग्रामीण सडक यातायातको विकास र विस्तारमा प्रादेशिक तथा सङ्घीय सरकारसँग आर्थिक तथा प्राविधिक सहयोग लीन पहल गरिनेछ ।<br>७. सडक सम्पत्ति संरक्षण, मर्मत सम्भार, पुनर्निर्माण एवम् व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।<br>८. दिगो, भरपर्दो र सुविधा युक्त यातायातको उपयोग गर्दै व्यापार व्यवसायको प्रवर्द्धनमा जोड दिइनेछ । |
| ३.३ विद्युतको प्रसारण व्यवस्थालाई थप सुदृढ तथा प्रभावकारी बनाइनुका साथै वैकल्पिक ऊर्जा र नवीकरणीय ऊर्जा समेतको प्रयोग गर्दै आधुनिक प्रविधिको उपयोगमा स्थानीयवासीको पहुँच विस्तार गर्ने। | १. केन्द्रीय विद्युतीकरणको पहुँच प्रत्येक घर तथा बस्तीसम्म विस्तार गरिनेछ ।<br>२. पुराना काठका पोलहरू विस्थापित गरी स्टिल पोलहरू स्थापित गरिनेछ ।<br>३. विद्युत प्रसारणलाई थप व्यवस्थित र सहज बनाइनेछ ।<br>४. नवीकरणीय ऊर्जाको विकास र विस्तारको लागि व्यापक सचेतना सहित बजेटको व्यवस्था गरिनेछ ।<br>५. विद्युतमा आधारित आधुनिक प्रविधिको उपयोग गरी सूचना, सञ्चार, व्यापार व्यवसायमा वृद्धि गरिनेछ । |
| ३.४ सूचना प्रविधिको प्रयोगलाई सुरक्षित, भरपर्दो र सर्व सुलभ बनाई सुशासनमा टेवा पु¥याउने । | १. सूचना प्रविधिमा सर्वसाधारणको पहुँचको लागि आवश्यक स्रोत साधनको व्यवस्था र संयन्त्रको निर्माण गरिनेछ ।<br>२. गाउँपालिकामा सूचना प्रविधि क्षेत्रको विकासको लागि आवश्यक जनशक्ति तथा पूर्वाधारको विकास गरिनेछ ।<br>३. गाउँपालिकाको कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य एवम् कतिपय पूर्वाधार क्षेत्रको विकासमा सूचना प्रविधिलाई अधिकतम उपयोग गरिनेछ ।<br>४. समुदायसँगको सहकार्यमा ग्रामीण स्तरमा सूचना प्रविधि पूर्वाधार विकास गरिनेछ।<br>५. सूचना प्रविधि प्रणालीको सुरक्षा, विश्वसनीयता र गुणस्तरमा अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य ४**: हरियाली प्रवर्द्धन सहित सफा, स्वच्छ वातावरण मैत्री विपद् व्यवस्थापन सहितको गाउँपालिका निर्माण गर्ने, | |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| ४.१ जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गरी दिगो वन व्यवस्थापन र संरक्षणमार्फत वन पैदावारमा आत्म निर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने । | १. विविधतापूर्ण वन पैदावारको सहज आपूर्ति, रोजगारी सिर्जना र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुर्‍याउन वन सम्वर्द्धन प्रणालीमा आधारित वनको दिगो व्यवस्थापन गरिनेछ ।<br>२. वनमा लाग्ने डढेलो व्यवस्थापनको लागि व्यापक रूपमा सचेतना अभिवृद्धि गर्दै पूर्व तयारी, डढेलो नियन्त्रण र डढेलो प्रतिरोधी क्षमता विस्तारका लागि अग्निरेखा व्यवस्थापन र आकाशे पानी सङ्कलन कार्यक्रममा स्थानीय जनताको सहभागिता अभिवृद्धि गरिनेछ ।<br>३. भूउपयोग विकास तथा एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गरी जल उत्पन्न प्रकोप विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।<br>४. जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन र समानुकूलन गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिनेछ।<br>५. स्थानीय अनुकूलन योजनालाई समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरूमा मूलप्रवाहीकरण र सेवा प्रदायकहरूको क्षमता विकास गरिनेछ।<br>६. वन व्यवस्थापन कार्यलाई उद्योगको रूपमा विकास गर्न वन तथा वनपैदावारमा आधारित उद्यमशीलता विकास तथा उद्योग व्यवसाय सञ्चालन गरी हरित रोजगारी वृद्धि गरिनेछ ।<br>७. तुलनात्मक लाभ भएका उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्द्धन, खेती विस्तार एवम् निर्यातका लागि आवश्यक व्यवस्था मिलाइनेछ। |
| ४.२ विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन नीति गत व्यवस्थालाई समय सापेक्ष र व्यवहारिक बनाई विभिन्न निकायबाट हुने विपद् व्यवस्थापनको कार्यलाई समन्वय गरी आपत्कालिन खोज, उद्धार, उपचार तथा तत्काल राहतका लागि क्षमता अभिवृद्धि गर्नका साथै विपद् जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने । | १. गाउँपालिकाको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा समाहित गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।<br>२. बस्ती/समुदाय स्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरण गर्नका लागि गाउँपालिकाका सबै वडा तहसम्म जनसचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. एकीकृत बस्ती विकासको सुरुवाती चरणदेखि नै विपद् विज्ञ, स्थानीय निकाय, योजनाविद्हरूलाई सहभागी गराएर भू-उपयोग नीति अनुकूल हुने गरी दीर्घकालीन बस्ती विकास योजना बनाई लागु गरिनेछ ।<br>४. विपद् व्यवस्थापनलाई दिगो बनाउन विभिन्न प्रकारका प्रकोपका विषयमा अध्ययन तथा अनुसन्धान गरिनेछ ।<br>५. विपद् व्यवस्थापनमा संलग्न प्रहरीचौकी र कर्मचारीहरूको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरी विपद्को पूर्वतयारी तथा विपद् प्रतिकार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ । |
| ४.३ मानव जन्य फोहोर व्यवस्थापन गरी प्रशोधन सहित | १. बजार उन्मुख बस्तीहरूमा उत्पादन हुने मानव जन्य फोहोरलाई निजी क्षेत्र तथा समुदाय समेतको सहयोग र सहकार्यमा सङ्कलन गरी व्यवस्थापन गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| पुन उपयोग गर्न मिल्ने बनाइनुका साथै सफा र स्वच्छ घर तथा बस्ती निर्माण गर्ने । | २. गाउँपालिकाको ग्रामीण बस्तीमा उत्सर्जन हुने फोहोरलाई सङ्कलन गर्न आवश्यक डष्टविन वितरण गर्नुका साथै स्थानीय स्तरमा जन चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३. समुदायबाट सङ्कलन भएको फोहोरलाई कुहिने  र नकुहिने गरी दुई भागमा विभाजन गरी कुहिने लाई प्रशोधन गर्ने तथा नकुहिने फोहोरलाई दिगो रूपमा व्यवस्थापन गरिनेछ ।<br>४. गाउँपालिकाको क्षेत्राधिकारभित्र बग्ने नदी नाला लगायत अन्य सार्वजनिक ठाउँहरूको सरसफाइ गरी घर बस्ती तथा समुदायलाई फोहोर विहीन मानव बस्तीका रूपमा परिचय दिने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ५ः** गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरी सुशासन कायम गर्नु । | |
| ५.१ः संस्थागत विकासका लागि आवश्यक कानुनी तथा संरचना गत प्रणालीमा सुधार गरी प्रविधि मैत्री, पारदर्शी र सुशासन युक्त बनाउने । | १. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा समता मूलक समाज निर्माण गरिनेछ।<br>२. गाउँपालिका तथा वडा कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्भे गरी सोही अनुसार कर्मचारी व्यवस्थापन गरिनेछ ।<br>३. गाउँपालिकाका सम्पूर्ण निर्वाचित पदाधिकारीहरूलाई कानुन, योजना तर्जुमा, पारदर्शीता तथा पदीय जिम्मेवारीका बारेमा तालिम, गोष्ठी, भ्रमण आदिको आयोजना गरिनेछ ।<br>४. गाउँपालिकाभित्र रहेका समुदायमा आधारित संस्थाहरू जस्तै आमा समूह, युवाक्लव, सामुदायिक संस्थाहरू, विद्यालय व्यवस्थापन समितिहरू, स्वास्थ्यचौकी व्यवस्थापन समितिहरू, सामुदायिक वन उपभोक्ता समितिहरू टोल सुधार समितिहरू, सरसफाइ समितिहरू, निर्माण कार्यसँग सम्बन्धित उपभोक्ता समितिहरूको क्षमता विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>५. गाउँपालिकामा कार्यविधिमा उल्लिखित सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, मासिक प्रगति विवरण सार्वजनिक गर्नका साथै चौ मासिक प्रतिवेदन सार्वजनिक कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाइनेछ ।<br>६. गुनासो पेटिका, सूचना पाटी, पत्रपत्रिका, स्थानीय एफ. एम बाट नियमित रूपमा गाउँपालिकाबाट सम्पादित कार्यक्रमहरू लगायत सूचनाहरू सार्वजनिक करण गरिनेछ। |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

### तालिका २९: आवधिक योजनामा खर्च व्यहोर्ने स्रोतहरू

| क्र.सं. | स्रोत | योजना अवधिमा हुने लगानी (रु लाखमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी (प्रदेश तथा सङ्घीय सरकार) क्षेत्र | २२५०००० | ९३.६९ |
| २ | सहकारी क्षेत्र | १०००० | ०.४२ |
| ३ | निजी क्षेत्र | ३०००० | १.२५ |
| ४ | गै.स.स. | २०००० | ०.८३ |
| ५ | उपभोक्ता समूह, सामुदायिक संस्था आदिको योगदान | ४१५०० | १.७३ |
| ६ | अन्तर स्थानीय तह साझेदारी | ५०००० | २.०८ |
| | कुल | २४०१५०० | १००.०० |

### तालिका ३०: गाउँपालिकाको आय अनुमान (रू. हजारमा)

रू. हजारमा

| बजेट कोड | विवरण | २०७९/८० को यथार्थ | प्रतिशत | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | २०८५/८६ को प्रक्षेपित |
|---|---|---|---|---|---|---|---|---|---|
| ३२१२२ | नगद मौज्दात | २९७०४ | ५.७१ | ० | | | | | |
| | आन्तरिक राजस्व | ४२४३३ | ८.१६ | २१२२२ | ३०००० | ३४५०० | ३९६७५ | ४५६२६ | ५२४७० |
| १३३११ | सङ्घीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ९९५३० | १९.१४ | ९४८०० | १०४२८० | ११४७०८ | १२६१७९ | १३८७९७ | १५२६७६ |
| १३३१२ | ससर्त अनुदान चालू (सङ्घीय सरकार) | २२६६५० | ४३.६० | २४०५०० | २६४५५० | २९१००५ | ३२०१०६ | ३५२११६ | ३८७३२८ |
| १३३१३ | ससर्त अनुदान पुँजीगत (सङ्घीय सरकार) | २२१७० | ४.२६ | ० | | | | | |
| ११४११ | सङ्घीय सरकारबाट राजस्व बाँडफाँट प्राप्त आय | ४७६८१ | ९.१७ | ७८३५० | ८६१८५ | ९४८०४ | १०४२८४ | ११४७१२ | १२६१८३ |
| १३३११ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १०३७४ | २.०० | ११८९४ | १३०८३ | १४३९२ | १५८३१ | १७४१४ | १९१५५ |

| रू. हजारमा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बजेट कोड | विवरण | २०७९/८० को यथार्थ | प्रतिशत | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | २०८५/८६ को प्रक्षेपित |
| १३३१३ | ससर्त अनुदान (प्रदेश सरकार) | १३७७९ | २.६५ | ० | ० | ० | ० | ० | ० |
| ११४५६ | राजस्व बाँडफाँट (प्रदेश सरकार) | ५६३० | १.०८ | ६२३४ | ६८५७ | ७५४३ | ८२९७ | ९१२७ | १००४० |
| १३३१७ | समपुरक अनुदान (सङ्घ) | १५९१९ | ३.०६ | ८००० | ८८०० | ९६८० | १०६४८ | ११७१३ | १२८८४ |
| १३३१७ | समपुरक अनुदान (प्रदेश) | ६०२७ | १.१६ | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ | १६१०५ |
| १३३१७ | विशेष अनुदान (सङ्घ) | ० | ०.०० | ० | ० | ० | ० | ० | ० |
| १३३१७ | विशेष अनुदान (प्रदेश) | ० | ०.०० | ० | | | | | |
| | जनसहभागिता | ० | ०.०० | | | | | | |
| | **जम्मा** | ५१९८९७ | १००.०० | ४७१००० | ५२४७५६ | ५७८७३१ | ६३८३३० | ७०४१४६ | ७७६८४२ |

## ३.९ गाउँ गौरवका आयोजनाहरू

तालिका ३१: गाउँ गौरवका आयोजनाहरू

| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| **गाउँ गौरव योजना** | | | | | | | | | | |
| एक वडा एक उच्च प्रविधि युक्त कक्षा कोठा, दिवा खाजा तथा सवारीका साधन सहितको नमुना विद्यालय सञ्चालन कार्यक्रम । | एकमुस्ट | | | २८०० | २०००० | ३०००० | ४०००० | ७०००० | १६२८०० | २५.९३ |
| गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय भवन निर्माण योजना । | सङ्ख्या | | १ | | | १०००० | २०००० | ३०००० | ६०००० | ९.५६ |
| जलजला चक्रपथ निर्माण परियोजना (वारीबेनी- बाँसखर्क- ओखरवोट- फलामेडाँडा- शालिजा- धाइरिङ- बनौ- नाग्लीवाङ- खनियाघाट) | कि.मि. | | १२ | २०००० | ४०००० | ५०००० | ६०००० | ७०००० | २४०००० | ३८.२३ |

| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| व्यवस्थित सहरी विकास पूर्वाधार निर्माण योजना (बगर, वारी बेनी, मोहन चोक, मिलन चोक र लस्ति बजार) | एकमुस्ट | | | १५०० | ५००० | ५००० | १०००० | २०००० | ४१५०० | ६.६१ |
| पुर्ण गाउँ -वराह ताल बृहद् पर्यटकीय पूर्वाधार विकास परियोजना | एकमुस्ट | | | २००० | ५००० | ५००० | १०००० | २०००० | ४२००० | ६.६९ |
| बहुउद्देशीय शीत भण्डार निर्माण परियोजना । | सङ्ख्या | | १ | | ५०० | १०००० | २०००० | ३०००० | ६०५०० | १२.५४ |
| गाउँपालिकाको सिर (उच्च स्थान) मा रहेको हम्पाल जलजला क्षेत्रको गण्डकी प्रदेशको सहयोगमा बनेको विस्तृत परियोजना प्रतिवेदनका आधारमा पर्यटकीय विकास । | एकमुस्ट | | | १००० | ५००० | ५००० | ५००० | ५००० | २१००० | ४.३५ |
| **गाउँ गौरवको योजनाको जम्मा** | | | | २७३०० | ७५५०० | ११५००० | १६५००० | २४५००० | ६२७८०० | |

### तालिका ३२: गाउँ गौरवका आयोजनाहरूको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | | बजेट प्रतिशत | जिम्मेवारी | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | जम्मा लागत | | | | | | | |
| एक वडा एक उच्च प्रविधि युक्त कक्षा कोटा, दिवा खाजा तथा सवारीका साधन सहितको नमुना विद्यालय सञ्चालन कार्यक्रम । | एकमुस्ट | | | १६२८०० | २५.९३ | | ४ | २ | ६ | ३ | ३ |
| गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय भवन निर्माण योजना । | सङ्ख्या | | १ | ६०००० | ९.५६ | | ९ | १ | ५ | ३ | ३ |
| जलजला चक्रपथ निर्माण योजना (वारीबेनी- बाँसखर्क- ओखरवोट- फलामेडाँडा- शालिजा- धाइरिङ- बनौ- नाग्लीवाङ- खनियाघाट) | कि.मि. | | १२ | २४०००० | ३८.२३ | | ११ | १ | ५ | ३ | ३ |
| व्यवस्थित सहरी विकास पूर्वाधार निर्माण योजना (बगर, वारी बेनी, मोहन चोक, मिलन चोक र लस्ति बजार) | एकमुस्ट | | | ४१५०० | ६.६१ | | ११ | १ | ५ | ३ | ३ |

| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | | बजेट प्रतिशत | जिम्मेवारी | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | जम्मा लागत | | | | | | | |
| पुर्ण गाउँ -वराह ताल बृहत् पर्यटकीय पूर्वाधार विकास परियोजना | एकमुस्ट | | | ४२००० | ६.६९ | | ४ | ६ | ६ | २ | ३ |
| बहुउद्देश्यीय शीत भण्डार निर्माण परियोजना । | सङ्ख्या | | १ | ६०५०० | १२.५४ | | १ | ४ | ३ | २ | २ |
| बाँझो जग्गाको व्यवस्थापन गरी गाउँपालिका भित्र कम्तीमा पनि ३ ठाउँमा सामूहिक कृषि खेती प्रणालीको विकास र विस्तार । | सङ्ख्या | | ३ | २१००० | ४.३५ | | २ | ३ | ३ | २ | २ |
| **गाउँ गौरवको योजनाको जम्मा** | | | | ६२७८०० | | | | | | | |

# परिच्छेद — ४: आर्थिक विकास

आर्थिक क्षेत्र जलजला गाउँपालिकाको समष्टिगत विकास र समृद्धिको महत्त्वपूर्ण आधार हो । यस क्षेत्र अन्तर्गत कृषि तथा पशु विकास, सिँचाइ, उद्योग वाणिज्य तथा आपूर्ति, पर्यटन र सांस्कृतिक तथा धार्मिक सम्पदा संरक्षण र श्रम तथा वैदेशिक रोजगारी लगायतका उपक्षेत्रहरू पर्दछन् । नेपालको संविधानको अनुसूची - ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । यी विषयहरू दिगो विकासको लक्ष्य -१ (शून्य गरिबी), लक्ष्य -२ (भोकमरीको अन्त्य) लक्ष्य - ८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य -१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । यस गाउँपालिकाले आर्थिक क्षेत्रको उद्देश्य उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुण स्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीको सृजना र पोषणमा सुधार गर्दै आर्थिक विकासको आधार तयार गर्नु भन्ने निर्धारण गरेको छ । जलजला गाउँपालिकाले लगानी, उत्पादन र रोजगारीमा वृद्धि, जीवन्त अर्थतन्त्र जलजलाको समृद्धि भन्ने दूरदृष्टिका साथ अघि बढ्न प्रतिबद्धता जनाएको छ ।

नेपालको संविधानले सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारका साथै र स्थानीय सरकारको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । यसलाई मूर्तरूप दिन संवैधानिक व्यवस्था, सङ्घ, प्रदेश तथा स्थानीय नीति, कानुन, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यक रहेको छ । यस गाउँपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र कृषि, पशु, उद्योग, व्यापार तथा व्यवसाय, जल विद्युत्, वन पैदावार, पर्यटन, सहकारी एवं कृषि पर्यटन आदि रहेका छन् ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

जलजला गाउँपालिका मुख्यतय कृषि तथा पशुपालनमा आधारित अर्थतन्त्र भएको गाउँपालिका हो । यहाँको अधिकांश जनसङ्ख्याको जीविकोपार्जन तथा रोजगारीको मुख्य आधार कृषि, पशुपालन तथा व्यापार व्यवसाय रहेको छ । जलजला गाउँपालिकाको अर्थतन्त्रमा व्यावसायिक रूपमा खेती गरिएका खाद्यन्न लगायतका नगदेबाली, सुन्तला, कागती, अलैंची, पशुपालन, दुध तथा मह उत्पादन आदिले मुख्य योगदान पुऱ्याउँदै आएको देखिन्छ ।

गाउँपालिका क्षेत्रका करिब ४७ प्रतिशत भन्दा बढी जनसङ्ख्या कृषि तथा पशु पालन पेसामा संलग्न रहेका छन् । यहाँ उत्पादित उपजले बजार पाइरहेको छ । कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस

गाउँपालिकाको खेतीयोग्य भूमि करिब ६५.०९ प्रतिशत रहेकोकाले उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ । सुन्तला लगायत अमिलो प्रजातिका फलफूलका लागि जलजला निकै उत्पादनशील छ । सुन्तला निर्यात बापत गाउँपालिकालाई **वार्षिक करिब रू.१५ करोड** आम्दानी हुने गरेको छ । एकातर्फ जग्गाको खण्डीकरण रोक्नुपर्ने चुनौती छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्नेछ । कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुऱ्याउने सोच अनुरूप नै जलजलालाई विशेष प्राथमिकतामा राखिएको छ । उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

दिगो विकास लक्ष्य अन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न आदर्श उत्पादन र न्यायिक वितरण प्रणाली प्रति विशेष पहल गर्नुपर्ने देखिन्छ । पोषण तथा खाद्य विविधता प्रवर्द्धन गर्नका लागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु, मह र अण्डाको महत्त्वपूर्ण भूमिकालाई मनन गरी  गाउँपालिका क्षेत्रमा पशुपन्छी तथा माछापालनका माध्यमबाट पोषण तथा खाद्य सुरक्षा प्रवर्द्धन भई रोजगारीका अवसरहरू सिर्जना हुनुका साथै आर्थिक उन्नतितर्फ अग्रसर हुनको लागि सहयोग पुग्ने देखिन्छ ।

### ४.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा कृषिको विकास तथा व्यवसायीकरणका समस्याहरूमा मुख्यतः बजारको अभाव, लगानीको अभाव तथा आधुनिक उपकरण तथा गुण स्तरीय बीउ विजन, मल खाद एवं औषधीहरूको अभाव रहेका छन् । यहाँ उत्पादित बस्तुको विक्री वितरण गर्न सडक यातायात तथा ढुवानीको समस्या रहेको अवस्था छ । यसैगरी व्यावसायिक खेती तथा बजारीकरणका लागि सीप तथा पूँजीको अभाव, स्थानीय स्तरमा बीमा गर्ने निकायको अभावले गर्दा पहिरो, असिना आदिका कारणबाट बाली उत्पादनमा भइरहेको क्षति प्रमुख समस्याको रूपमा रहेको पाइन्छ । अर्कोतर्फ कृषिमा लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, माटोको नियमित परीक्षण नहुनु, सिँचाइ पर्याप्त उपलब्धता जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी व्यावसायिक सोचको कमी विद्यमान रहनु, कृषि सङ्कलन केन्द्र नहुनु, कृषि पर्यटन तथा पाकेट खेती विकास कार्यक्रम नहुनु एवं प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन नहुनु आदिलाई पनि लीन सकिन्छ । यहाँको कृषि क्षेत्रमा देखिएका समस्याहरूको अध्ययन गर्दा कृषि उपजको सुरक्षित भण्डारको सुविधा नहुनु, चिस्यान केन्द्र (विशेष गरी सुन्तला, आलुका लागि) को सुविधा नहुनु बाट व्यवस्थित विक्री वितरण प्रणाली समेत नभएको अवस्था छ । अधिकांश कृषकहरूमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारी करण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी हुनु रहेको छ । आर्थिक विकास सम्भावनाका क्षेत्रहरू प्रचुर मात्रामा भएता पनि परम्परागत र निर्वाह मुखी खेती प्रणाली, व्यावसायिक

ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी, कर्जामा कम पहुँच, बजारोन्मुख खेती प्रणाली न हुनुका साथै कृषि विज्ञको समेत कमी भएको अवस्था पाइन्छ । स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातिका बीउ बिजन उत्पादन गर्ने नर्सरी नुहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको बोट बिरुवा प्राप्त गर्न सकेका छैनन् । साथै जलवायु परिवर्तनको असरका कारण बालीमा देखा पर्ने हानिकारक झार, रोग तथा किराहरूको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भएको अवस्था छ । जडीबुटी उत्पादन विस्तार र बजारीकरण समस्या, सङ्कलन साथै उत्पादनका लागि औजार उपकरणको कमी, वन्यजन्तुको समस्या समेत विद्यमान रहेको छ ।

स्थानीय स्तरमा बिमा गर्ने निकायको अभावले क्षति, विक्री वितरण गर्न सुविधा युक्त यातायात तथा ढुवानीको समस्या, श्रम एवं लागत बढी पर्ने, नस्ल सुधार सहित उन्नत जातको गाई, भैंसी, बाख्रापालन पर्याप्त हुन नसक्नू, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी हुनु तथा उन्नत घाँसको व्यवस्थामा कमी हुनु रहेका छन् । यसैगरी पशुपालन तालिमको व्यवस्थामा कमी, गुण स्तरीय दुग्ध उत्पादनमा व्यावसायिक चेतनाको कमी देखिन्छ भने आवश्यक पूर्वाधारहरू जस्तै दुग्ध चिस्यान केन्द्र, पशु रोग पहिचान तथा उपचारका लागि प्रयोगशाला नहुनु, पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु, समयमा उपलब्ध हुनुपर्ने औषधी भ्यासलिनको सहज उपलब्धता नहुनु, एग्रोभेटहरू सञ्चालनमा नहुनु तथा पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु आदि समस्याहरू रहेका छन् ।

### ४.१.३ सम्भावना तथा अवसर

जलजला गाउँपालिका तरकारी तथा फलफूल खेतीका लागि जिल्लामा उत्कृष्ट स्थान ओगट्न सफल रहेको छ । यहाँको प्रमुख आम्दानीको स्रोतको रूपमा रहेको तरकारी खेतीलाई वडा नं. ४ खोलाखेत, वडा नं ५ लेकफाँट, वडा नं. ६ शालिजा, वडा नं ७ धाइरिङ तथा वडा नं. ८ नाग्लीवाङ स्थित खनीयाघाट क्षेत्रलाई तरकारी ब्लकको रूपमा प्रवर्द्धन गरी उचित बजारको व्यवस्था सहित रोजगारी र आम्दानी दुवै बढाउन सकिने बलियो सम्भावना रहेको छ । वडा नं. २, ३ र ४ मा सुन्तला, कफी, अम्बा, आदि फलफूलहरूको अतिरिक्त लसुन र प्याज उत्पादनको पकेट क्षेत्रका रूपमा विकास गर्न सकिने बलियो सम्भावना रहेको छ । गाउँपालिकाको वडा नं. १ बाँसखर्कको साबिक वडा नं १ देखि ८ सम्म, वडा नं.२, वडा नं. ५ अन्तर्गत रातमाटे लगायतको तल्लो क्षेत्र, वडा नं ७ को घाखेत लगायतको माथिल्लो क्षेत्रलाई सुन्तला ब्लक क्षेत्रको रूपमा विकास गर्न सकिने बलियो सम्भावना रहेका छ । गाउँपालिकाको माथिल्लो भुभाग जस्तैः बाँसखर्कको मालगाउँ, लेकफाँटको कुवापानी र डाडाकटेरी, शालिजाको तारे, शालिजा, धाइरिङको घाखेत लगायतको क्षेत्र हुँदै बनौं सम्मको भूभागमा भौगोलिक उपयोगिताको आधारमा किवी (फलफूल) र आलु खेतीको विकास र विस्तारका प्रशस्त सम्भावनाहरू रहेका छन् । गाउँपालिकाको वडा नं. ५ कुवापानी, डाडाकटेरी, वडा नं. ६ शालिजा, तारे र वडा नं ९ को सबै क्षेत्रलाई आलु पकेट क्षेत्रको रूपमा विकास

गर्न सकिन्छ । यो क्षेत्रको आलु अहिले पनि गण्डकी प्रदेशमा प्रसिद्ध छ । त्यसैगरी गाउँपालिकाको वडा नं. २, ३ र ४ अन्तर्गत पर्ने माझफाँट, वडा नं. ७ धाइरिङको सल्यान, बाँसकोट र वडा नं. ८ नाग्लीवाङको तल्लो भागमा धान, मकै, कोदो, गहुँ, जौ, फापर आदि अन्नवाली उत्पादनमा विशेष जोड दिन सकिन्छ । पशुपक्षी तर्फ वडा नं १ मालगाउँ, वडा नं. २ को माथिल्लो भाग, वडा नं. ५ र ६ को माथिल्लो भाग, वडा नं. ७ को धारापानी, सिद्धको थान र वडा नं. ९ को पुरै क्षेत्रलाई बाख्रापालन र स्थानीय जातको कुखुरापालनको पकेट क्षेत्रको रूपमा विकास गर्न सकिन्छ । गाउँपालिकाको पोखरा मुस्ताङ सहायक राजमार्गसँग जोडिएको तल्लो भागमा बंगुरपालन, माछापालन (चिसापानीमा हुने ट्राउट जातको माछा) र मौरीपालन पकेट क्षेत्रको रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेका छन् । यसका अतिरिक्त वन क्षेत्रमा उत्पादन तथा विस्तार गर्न सकिने गैर काष्ठ वन पैदावार अन्तर्गतका प्रजातिहरूले पनि यहाँको अर्थतन्त्रमा सहयोग पुग्न जाने प्रशस्त सम्भावनाहरू रहेका छन् ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण एवम् व्यवसायिकरणद्वारा प्रतिस्पर्धी र निर्यात मुखी बनाउने ।

**उद्देश्य**

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी जलजलाको निर्यात प्रवर्द्धन गर्नु ।
२. निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
३. जैविक खेतीको प्रवर्द्धन प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।
४. पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई निर्यात प्रवर्द्धन गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका ३३: कृषि तथा पशुपालनका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १: कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी जलजलाको निर्यात प्रवर्द्धन गर्नु ।** | |
| **१.१:** कृषि क्षेत्रको उत्पादकत्व वृद्धि र यान्त्रिकीकरण तथा आधुनिकीकरण गर्ने । | १. स्थानीय वीउ—विजन, वेर्नाहरूको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरूको व्यावसायिक खेती उत्पादनमा जोड दिई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।<br>२. दिगो कृषि विकासका लागि आवश्यक ऐन, नियम, नीतिहरू तर्जुमा तथा संसोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | ३. कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि जन्य वस्तुको व्यावसायिक उत्पादनका लागि उपयुक्त र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।<br>४. उन्नत प्रविधि (थ्रेसिंग मेशीन, जोत्ने, साइनारे आदि) मा सुलभ कृषि कर्जाको व्यवस्था मिलाइनेछ ।<br>५. खेती योग्य जग्गालाई बाँझो राख्ने प्रवृति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगका लागि उपयुक्त योजना बनाई कार्यान्वयन गरिनेछ। |
| **उद्देश्य २: निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु ।** | |
| २.१: तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत खाद्यवस्तुको उपभोगमा आत्मनिर्भरता हासिल गर्ने । | १. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताका लागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यावसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ ।<br>३. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोकसानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ ।<br>४. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिइनेछ ।<br>५. मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>६. खाद्यान्न उत्पादन न्युन भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ। |
| उद्देश्य ३ जैविक खेतीको प्रवर्द्धन गरी प्रतिस्पर्धात्मक क्षमताद्वारा अर्थतन्त्रमा टेवा पुर्‍याउनु । | |
| **३.१:** जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने । | १. रासायनिक मल लगायत विषदीको प्रयोग घटाउदै जैविक र प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित वस्तुलाई बजारीकरणमा जोड दिइनेछ ।<br>२. जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, सवर्द्धन तथा उपयोगमा वृद्धि गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | ३. लोपोन्मुख तथा रैथाने विउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।<br>४. कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ ।<br>५. कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिका लागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ । |
| उद्देश्य ४ पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई निर्यात प्रवर्द्धन गर्नु । | |
| ४.१ः कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने । | १. हाल परम्परागत रूपमा सञ्चालन हुँदै आएको पशुपालन व्यवसायलाई उद्यम तथा उद्योगमा परिणत गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।<br>३. पशुपन्छी पालनमा युवा सहभागिता र महिला सशक्तीकरणलाई केन्द्रित गरी व्यावसायिक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br>४. व्यावसायिक पशुपन्छी पालनका साथै माछा पालन तथा मौरी पालनका लागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>५. विपन्न परिवारलाई पशुपन्छी पालनका लागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

## ४.१.५ कार्यक्रम तथा आयोजना

### तालिका ३४: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | **कृषि** | | | | | | | | | | |
| | बाँझो जग्गाको व्यवस्थापन गरी सामूहिक कृषि खेती प्रणालीको विकास र विस्तार । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | १.०४ |
| | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम । | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | **१००००** | २.०७ |
| | स्थानीय कृषि उपजको न्यूनतम समर्थन मूल्य कायम गर्ने कार्यक्रम। | एकमुस्ट | | | ५०० | २०० | २०० | २०० | २०० | **१३००** | ०.२७ |
| | कृषि एम्बुलेन्स कार्यक्रम । | सङ्ख्या | ० | १ | | ३५०० | २०० | २०० | २०० | **४१००** | ०.८५ |
| | कृषि सम्भाव्यता अध्ययन (माटो परीक्षण) पछि प्राविधिकको सहयोगमा मात्र खेती लगाउने प्रणालीको विकास । | एकमुस्ट | | | ५०० | १०० | १०० | १०० | १०० | **९००** | ०.१९ |
| | स्थानीय कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना र सञ्चालन । | सङ्ख्या | ० | २ | | | १५०० | १५०० | | **३०००** | ०.६२ |
| | हाटबजार (घुम्ती) सञ्चालन । | सङ्ख्या | ० | ४ | २०० | ५०० | ५०० | ५०० | ५०० | **२२००** | ०.४६ |
| | कृषि पञ्जीकरण कार्यक्रम सञ्चालन । | एकमुस्ट | | | २०० | २०० | ३०० | ४०० | ५०० | **१६००** | ०.३३ |
| | माटोको डिजिटल नक्सा तथा बालीको ब्लक व्यवस्थापन कार्यक्रम । | पटक | | १ | | | | ५०० | १५०० | **२०००** | ०.४१ |
| | कौशिखेती प्रवर्द्धन कार्यक्रम (बजार क्षेत्र) । | सङ्ख्या | | ५०० | २०० | ३०० | ४०० | ५०० | ६०० | **२०००** | ०.४१ |
| | वृहत्तर शीत भण्डार कार्यक्रम । | सङ्ख्या | | १ | | ५०० | १०००० | २०००० | ३०००० | **६०५००** | १२.५४ |
| | कृषि यान्त्रिकरण कार्यक्रम । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | १.०४ |
| | एक घर एक प्लास्टिक टनेल कार्यक्रम । | सङ्ख्या | | ५००० | १००० | १००० | १००० | १००० | १००० | **५०००** | १.०४ |
| | किवि खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम (बाँसखर्क, शालिजा, लेकफाँट, धाइरिङ, बनौ) | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | १.०४ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | आलु खेती प्रवर्द्धन कार्यक्रम (बनौ, शालिजा, लेकफाँट, धाइरिङ) । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | १.०४ |
| | सुन्तला खेती प्रवर्द्धन कार्यक्रम (बाँसखर्क, लेकफाँट, धाइरिङ, नाग्लीवाङ) । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | १.०४ |
| | धान खेती प्रवर्द्धन कार्यक्रम (माझफाँट, धाइरिङ, नाग्लीवाङ) । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | १.०४ |
| | वीज भण्डार सङ्कलन तथा वितरण केन्द्र स्थापना । | सङ्ख्या | | ४ | | ३००० | ३००० | ३००० | ३००० | **१२०००** | २.४९ |
| | फार्मिङ मनोरेल सम्भाव्यता अध्ययन । | सङ्ख्या | | १ | | १००० | | | | **१०००** | ०.२१ |
| | दूध सङ्कलनको लागि पाइप लाइन विस्तार योजनाको लागि सम्भाव्यता अध्ययन । | सङ्ख्या | | १ | | | ८०० | | | **८००** | ०.१७ |
| | **पशु पन्छी** | | | | | | | | | | ०.०० |
| | पशु बीमा प्रवर्द्धन कार्यक्रम । | एकमुस्ट | | | ७०० | ७०० | ७०० | ७०० | ७०० | **३५००** | ०.७३ |
| | व्यावसायिक पशुपालन प्रवर्द्धन कार्यक्रम । | एकमुस्ट | | | १५०० | २००० | २५०० | ३००० | ४००० | **१३०००** | २.६९ |
| | कालीगण्डकी नदीमा व्यावसायिक मत्स्यपालन कार्यक्रम । | एकमुस्ट | | | | | | ५०० | ५००० | **५५००** | १.१४ |
| | पशु उपचार तथा औषधी वितरण कार्यक्रम । | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | १.५५ |
| | उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम । | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | **१००००** | २.०७ |
| | नस्ल सुधार सहितको प्रविधि युक्त फारामहरूको विकास र विस्तार। | एकमुस्ट | | | ५०० | ५००० | | ५००० | | **१०५००** | २.१८ |
| | स्थानीय जातका पशु तथा पक्षी विकास कार्यक्रम । | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | ०.५२ |
| | दुग्ध सङ्कलन केन्द्रको स्थापना । | सङ्ख्या | | २ | | | ५००० | | ५००० | **१००००** | २.०७ |
| | **कृषि तथा पशु पन्छीको जम्मा** | | | | **१७३००** | **३००००** | **३८२००** | **४९१००** | **६४३००** | **१९८९००** | ४१.२२ |

## तालिका ३५: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविज सङ्केत | दिगाल सङ्केत | प्रदेश समृद्धि | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **कृषि** | | | | | | | | | | | |
| | बाँझो जग्गाको व्यवस्थापन गरी सामूहिक कृषि खेती प्रणालीको विकास र विस्तार । | एकमुस्ट | | | ५००० | | | २ | ३ | ३ | २ | २ |
| | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम । | एकमुस्ट | | | १०००० | | | २ | ३ | ३ | २ | २ |
| | स्थानीय कृषि उपजको न्यूनतम समर्थन मूल्य कायम गर्ने कार्यक्रम। | एकमुस्ट | | | १३०० | | | १ | ४ | ३ | २ | २ |
| | कृषि एम्बुलेन्स कार्यक्रम । | सङ्ख्या | ० | १ | ४१०० | | | १ | ४ | ३ | २ | २ |
| | कृषि सम्भाव्यता अध्ययन (माटो परीक्षण) पछि प्राविधिकको सहयोगमा मात्र खेती लगाउने प्रणालीको विकास । | एकमुस्ट | | | ९०० | | | १ | ४ | ३ | २ | २ |
| | स्थानीय कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना र सञ्चालन । | सङ्ख्या | ० | २ | ३००० | | | १ | ४ | ३ | २ | २ |
| | हाटबजार (घुम्ती) सञ्चालन । | सङ्ख्या | ० | ४ | २२०० | | | १ | ४ | ३ | २ | २ |
| | कृषि पञ्जीकरण कार्यक्रम सञ्चालन । | एकमुस्ट | | | १६०० | | | ८ | ४ | ३ | २ | २ |
| | माटोको डिजिटल नक्सा तथा बालीको ब्लक व्यवस्थापन कार्यक्रम । | पटक | | १ | २००० | | | २ | ३ | ३ | २ | २ |
| | कौशिखेती प्रवर्द्धन कार्यक्रम (बजार क्षेत्र) । | सङ्ख्या | | ५०० | २००० | | | १ | ४ | ३ | २ | २ |
| | वृहत्तर शीत भण्डार कार्यक्रम । | सङ्ख्या | | १ | ६०५०० | | | १ | ४ | ३ | २ | २ |
| | कृषि यान्त्रिकरण कार्यक्रम । | एकमुस्ट | | | ५००० | | | २ | ३ | ३ | २ | २ |
| | एक घर एक प्लास्टिक टनेल कार्यक्रम । | सङ्ख्या | | ५००० | ५००० | | | २ | ३ | ३ | २ | २ |
| | किवि खेती विस्तार तथा प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | ५००० | | बाँसखर्क, शालिजा, लेकफाँट, धाइरिङ, बनौ | १ | ४ | ३ | २ | २ |
| | आलु खेती प्रवर्द्धन कार्यक्रम (बनौ, शालिजा, लेकफाँट, धाइरिङ) । | एकमुस्ट | | | ५००० | | | १ | ४ | ३ | २ | २ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुन्तला खेती प्रवर्द्धन कार्यक्रम (बाँसखर्क, लेकफाँट, धाइरिङ, नाग्लीवाङ) । | एकमुस्ट | | | ५००० | | | १ | ४ | ३ | २ | २ |
| | धान खेती प्रवर्द्धन कार्यक्रम (माझफाँट, धाइरिङ, नाग्लीवाङ) । | एकमुस्ट | | | ५००० | | | १ | ४ | ३ | २ | २ |
| | वीज भण्डार सङ्कलन तथा वितरण केन्द्र स्थापना । | सङ्ख्या | | ४ | १२००० | | | २ | ३ | ३ | २ | २ |
| | फार्मिङ मनोरेल सम्भाव्यता अध्ययन । | सङ्ख्या | | १ | १००० | | | १ | ४ | ३ | २ | २ |
| | दूध सङ्कलनको लागि पाइप लाइन विस्तार योजनाको लागि सम्भाव्यता अध्ययन । | सङ्ख्या | | १ | ८०० | | | २ | २ | ३ | २ | २ |
| | **पशुपन्छी** | | | | | | | | | | | |
| | पशु बीमा प्रवर्द्धन कार्यक्रम । | एकमुस्ट | | | ३५०० | | | १ | ४ | ३ | २ | २ |
| | व्यावसायिक पशुपालन प्रवर्द्धन कार्यक्रम । | एकमुस्ट | | | १३००० | | | २ | ३ | ३ | २ | २ |
| | कालीगण्डकी नदीमा व्यावसायिक मत्स्यपालन कार्यक्रम । | एकमुस्ट | | | ५५०० | | | ८ | ३ | ३ | २ | २ |
| | पशु उपचार तथा औषधी वितरण कार्यक्रम । | एकमुस्ट | | | ७५०० | | | १ | ४ | ३ | २ | ३ |
| | उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम । | एकमुस्ट | | | १०००० | | | १ | ४ | ३ | २ | २ |
| | नस्ल सुधार सहितको प्रविधि युक्त फारामहरूको विकास र विस्तार। | एकमुस्ट | | | १०५०० | | | १ | ४ | ३ | २ | २ |
| | स्थानीय जातका पशु तथा पक्षी विकास कार्यक्रम । | एकमुस्ट | | | २५०० | | | २ | ३ | ३ | २ | २ |
| | दुग्ध सङ्कलन केन्द्रको स्थापना । | सङ्ख्या | | २ | १०००० | | | २ | ३ | ३ | २ | २ |
| | **कृषि तथा पशुपन्छीको जम्मा** | | | | १९८९०० | | | | | | | |

### ४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३६: कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | गाउँपालिकाको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा बृद्धि गर्नु। | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छीपालनको हिस्सा | प्रतिशत | ३६ | ३६ | ३६ | ३५ | ३५ | ३४ | ३४ | गाउँपालिका प्रोफाइल, कृषि र पशु विकास शाखाको प्रतिवेदन राष्ट्रिय कृषि गणना २०७८ |
| **असर** | कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी गाउँपालिकाको निर्यात प्रवर्द्धन भएको हुनेछ । | धानको उत्पादकत्त्व | मे. टन/हेक्टर | ३.२ | ३.२ | ३.२ | ३.३ | ३.४ | ३.५ | ३.५ | |
| | | मकैको उत्पादकत्त्व | मे. टन/हेक्टर | २.५ | २.५ | २.६ | २.६ | २.७ | २.८ | २.८ | |
| | | गहुँको उत्पादकत्त्व | मे. टन/हेक्टर | २.३ | २.३ | २.४ | २.४ | २.५ | २.५ | २.५ | |
| | | कोदोको उत्पादकत्त्व | मे. टन/हेक्टर | १ | १.२ | १.३ | १.४ | १.५ | १.६ | १.६ | |
| | | तोरीको उत्पादकत्त्व | मे. टन/हेक्टर | ०.९ | १ | १.१ | १.२ | १.२ | १.३ | १.३ | |
| | | सुन्तलाको उत्पादकत्त्व | मे. टन/हेक्टर | ९ | ९ | ९.५ | ९.५ | १० | १० | १० | |
| | | आलु बालीको उत्पादकत्त्व | मे. टन/हेक्टर | १४.४५ | १४.५ | १४.५ | १५ | १५ | १६ | १६ | |
| | | किवीको उत्पादकत्व | मे. टन/हेक्टर | ११ | ११ | ११ | ११.२ | ११.३ | ११.५ | ११.५ | |
| | | काउलीको उत्पादकत्त्व | मे. टन/हेक्टर | १४ | १४ | १४ | १५ | १६ | १७ | १७ | |
| | | बन्दाको उत्पादकत्त्व | मे. टन/हेक्टर | १४.४ | १४.४ | १५ | १५.५ | १६ | १६.५ | १६.५ | |
| | | गोलभेडाको उत्पादकत्त्व | मे. टन/हेक्टर | १० | १० | १० | ११ | ११ | १२ | १२ | |
| | | ३० मिनेटसम्मको दुरीमा कृषि उपज बिक्रीका लागि बजार उपलव्ध भएका कृषक परिवार | प्रतिशत | ६६ | ६८ | ७१ | ७५ | ७८ | ८० | ८० | |

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | | वर्षभरी सिंचाइ हुने खेतियोग्य जमिन | प्रतिशत | ४०.६ | ४१ | ४२ | ४२ | ४३ | ४५ | ४५ | |
| प्रतिफल | निर्वाहमुखी कृषि प्रणाली दिगो एवम् व्यावसायिक प्रणालीमा रुपान्तरण हुनेछ । | तरकारी व्यवसायिक उत्पादन क्षेत्र | प्रतिशत | ३७ | ४० | ४२ | ४५ | ४७ | ५० | ५० | |
| | | कृषि सहकारी संस्था | सङ्ख्या | ११ | ११ | १२ | १३ | १४ | १५ | १५ | |
| | | सहकारीमा आवद्ध कृषक | सङ्ख्या | २५०० | ३००० | ३५०० | ४००० | ४५०० | ५००० | ५००० | |
| | | कृषिमा आधारित उद्योग सञ्चालन | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | |
| | | कृषिमा आधारित रोजगारी | सङ्ख्या | ५००० | ५२०० | ५४०० | ५६०० | ५८०० | ६००० | ६००० | |
| | | कृषि तालिम प्राप्त जनशक्ति | जना | ६०० | ६५० | ७०० | ७५० | ८०० | ८५० | ८५० | |
| | कृषिमा आधारित उद्योगको स्थापना तथा सञ्चालन भई रोजगारी र आम्दानी बृद्धि हुनेछ । | शीत भण्डार/कोल्ड रुम | सङ्ख्या | २ | २ | २ | ३ | ३ | ३ | ३ | |
| | | कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | २ | २ | २ | २ | ३ | ३ | ३ | |
| | | टनेल | सङ्ख्या | १००० | ११०० | १२०० | १३०० | १४०० | १५०० | १५०० | |
| | | कृषि प्राविधिक | जना | ६ | ६ | ७ | ८ | ९ | ९ | ९ | |
| | व्यवसायिक पशुपालनबाट पशुजन्य पदार्थको आयात अन्त्य भई निर्यात प्रवर्द्धन भएको हुनेछ । | दर्ता भएका व्यवसायिक कृषि तथा पशुपन्छी फर्म | सङ्ख्या | २८२ | २९० | ३०० | ३१० | ३२० | ३३० | ३३० | |
| | | अण्डाको उत्पादन | सङ्ख्या (हजारमा) | ७४४.७८ | ८०० | १००० | १२०० | १४०० | १५०० | १५०० | |
| | | दुधको उत्पादन | लीटर (हजारमा) | २८०९.५ | २९०० | ३००० | ३१०० | ३२०० | ३३०० | ३३०० | |
| | | मासुको उत्पादन | मेट्रिक टन | २३६.३३ | २४० | २४० | २४५ | २४८ | २५० | २५० | |
| | | माछाको उत्पादन | मेट्रिक टन | ४ | ४ | ५ | ६ | ८ | १० | १० | |
| | | माछा पोखरी | सङ्ख्या | ४० | ४० | ४५ | ५० | ६० | ७० | ७० | |
| | | पशु प्राविधिक | जना | ८ | ८ | ९ | ९ | ९ | ९ | ९ | |

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | | सुत्केरी -स्याहार भत्ता पाउने गाई भैसी | सङ्ख्या | ३३० | ३५० | ३६० | ३८० | ४०० | ४१० | ४१० | |
| | | करेसाबारी भएको घरपरिवार | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | ८५ | |
| | | पशु चौपाया पाल्ले परिवार | प्रतिशत | ८९.८८ | ९० | ९० | ९० | ९० | ९० | ९० | |
| | | कम्तिमा एक मासुजन्य पशुपंक्षी पाल्ने घर परिवार | प्रतिशत | ७६ | ७७ | ७८ | ७९ | ८० | ८० | ८० | |

### ४.१.७ अनुमान तथा जोखिम पक्ष

**कृषि, पशु र खाद्य सुरक्षा क्षेत्रले थप प्रोत्साहन र प्राथमिकता पाएका हुने ।**

क. ठूलो असिना तथा बाढी पहिरो आएमा कृषि जन्य उपजमा क्षति हुन सक्छ ।

ख. सरुवा तथा महामारीका रोगहरूको सङ्क्रमण बढेमा पशु पक्षीमा नोक्सान हुन सक्छ ।

ग. नयाँ तथा हाइब्रिड बीउहरू लगाउँदा कहिलेकाहीँ वातावरण मैत्री हुन नसकि उत्पादन ह्रात्तै घट्न सक्छ ।

घ. कृषि जन्य उत्पादन भित्र्याउने समयमा बाँदर लगायत जङ्गली जनावरबाट नोकसानी हुन सक्छ ।

ङ. बाढी पहिरो, आगलागी, भूकम्प आदिबाट बाली नालीमा नोकसानी पुग्न सक्छ ।

## ४.२ सिँचाइ

### ४.२.१ पृष्ठभूमि

गाउँपालिकाभित्र बाह्रै महिना पानी बग्ने दम्वाखोला, लस्तीखोला, लुङदीखोला र राम्चेखोलाका अतिरिक्त अन्य स-साना ठाडा खोलाहरू जलजला गाउँपालिकाका प्रमुख सिँचाइका स्रोतहरू हुन । गाउँपालिकाको वडा नं. १, २, ३, ४, ७ र ८ भएर बग्ने कालीगण्डकी नदीबाट आधुनिक प्रविधिको प्रयोग गरी सिँचाई गर्न सकिने सम्भावना पनि बलियो छ । गाउँपालिकाको कुल खेती योग्य जमिन मध्ये ४०.६ प्रतिशत जमिन सिँचित छ (जलजला गाउँपालिकाको कृषि शाखा २०८०) । त्यसैगरी पुग्दी खोला, दत्ते खोला, फर्से खोला, आगा खोला, दत्ते खोला, भुत्ताउलेखोला, तारे खोला, सिर्मुको जरा, तुरतुरे खोला, बास खोला, छहरा खोला, भुतभुते खोला लगायतका अन्य खोला खोल्सीहरूबाट समेत सिँचाइ सुविधा उपलब्ध हुने गरेको छ । कुलो तथा खोल्सोहरूबाट सिँचाइका लागि खेत तथा गरा सम्म पुराउने गरिन्छ ।

वडा नं १, २, ३ र ४ सम्म सिँचाई हुने मल्लाज सिँचाई कुलो र धाइरिङ सल्यानको ठूली कुलो यहाँका सबैभन्दा ठूला सिँचाई कुलाहरू हुन् । अन्य साना कुलोहरूमा पुग्दी खोला सिँचाई, दत्ते खोला सिँचाई कुलो, फर्से खोला सिँचाई कुलो, आगा खोला सिँचाई कुलो, दत्ते खोला सिँचाई कुलो, भुत्ताउले खोला सिँचाई कुलो, तारे खोला सिँचाई कुलो, सिर्मुको जरा सिँचाई कुलो आदी कुलोहरूबाट सिँचाइ सुविधा उपलब्ध हुँदै आएको छ । साना सिँचाइ आयोजना अन्तर्गत सतही कुलो तथा संरक्षित मुहान एवं आंशिक रूपमा प्लास्टिक पोखरीहरू रहेका छन् ।

### ४.२.२ समस्या तथा चुनौती

यहाँबाट बाहिर सुविधा सम्पन्न ठाउँहरू जस्तै बेनी, बागलुङ, कुश्मा बजारको अतिरिक्त पोखरा, काठमाण्डौ लगायत तराईका जिल्लाहरूमा बसाइ सराई गर्ने प्रचलन दिनानुदिन तीव्र हुँदै गएका कारण यहाँका धेरै उत्पादन योग्य जमिन बाँझो हुँदै गएको अवस्था छ । जमिन उपयोग गर्ने मानव शक्तिको अभावका कारण पनि सिँचित जमिनमा उत्पादन हुन सकेको छैन । गाउँपालिकाको माथिल्लो भाग जस्तै बाँसखर्क माल गाउँ, लेकफाँटको कुवा पानी, डाडाकटेरी, शालिजाको तारे, धाइरिङको घाखेत धारा पानी लगायतको क्षेत्रमा कृषि योग्य जमिनमा अपर्याप्त सिँचाइ सुविधा हुनु, सिँचाइ विकासमा आधुनिक प्रविधि (थोपा सिँचाइ, प्लास्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, पर्याप्त सिँचाइ कुलो र पोखरी गुण स्तरीय तथा पक्की नहुनु, भएका सिँचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नू, लिफ्टिङ प्रविधि सञ्चालनमा आवश्यक इन्धन/विद्युतको सहज एवम् सुलभ पहुँचको अभाव हुनु, मर्मत सम्भारको कमी हुनु, सिँचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिँचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

साना-साना सिँचाइ योजना निर्माण खर्चिलो हुनु, कृषि योग्य जमिनमा सर्व याम सिँचाइ सुविधा उपलब्ध गराउन नसक्नू, कृषि र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिँचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भई आएका परम्परागत सिँचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नू, सिँचाइ कुलाहरूको मर्मत सम्भारमा लाभ ग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नू आदि यस क्षेत्रका सिँचाइ विकासका चुनौतीहरू हुन् ।

### ४.२.३ सम्भावना तथा अवसर

सिँचाइका लागि पर्याप्त स्रोतहरू उपलब्ध भएकोले ठूला आयोजना लगायत सतह सिँचाइको विकास गरी सिँचाइ सुविधा उपलब्ध गराउन सकिने सम्भावना रहेको छ । माझफाँटको कोटमूनी, फड्केढुङ्गा, धाइरिङको सल्यान र बाँसकोट क्षेत्र र नाग्लीवाङको तल्लो भाग लगायतका फाँटहरूमा सिँचाइ सुविधा उपलब्ध गराई थप उत्पादनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ । सर्व याम सिँचाइको उपलब्धतासँगै उत्पादकत्व वृद्धि भइ गाउँपालिकाको खाद्य उत्पादनमा आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने सम्भावना रहेको छ । आकाशे पानी सङ्कलन र प्लास्टिक पोखरीको अभ्यास सुरु हुनु, साना सिँचाइ निर्माणका क्षेत्रमा सङ्घसंस्थाहरू क्रियाशिल रहनु, साना सिँचाइ गाउँपालिकाको अधिकार क्षेत्रमा पर्नु, गाउँपालिकाको प्राथमिकतामा सिँचाइ क्षेत्र समावेश हुनु तथा सिँचाइका लागि उपयुक्त जमिनहरूको उपलब्धता हुनु जलजलका सिँचाइ विकासका अवसरहरू हुन् ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सिँचाइ प्रणालीको विकास गरी कृषिजन्य उत्पादनमा वृद्धि गर्ने ।

**उद्देश्य**

१. परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु ।
२. कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।

**रणनीति र कार्य नीति**

तालिका ३७: सिँचाइका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु ।** | |
| १.१: परम्परागत सिँचाइ संरचनामा सुधार र | १. परम्परागत सिँचाइका परम्परागत स्रोतहरूको विवरण सङ्कलन गरिनेछ ।<br>२. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिँचाइको पहुँच वृद्धि गर्ने। | ३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ ।<br>४. आधारभूत सिँचाइको पहुँच वृद्धिको लागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ ।<br>५. संरचना निर्माणको लागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ ।<br>६. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ। |
| १.२ः आधारभूत सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिँचाइको पहुँच वृद्धि गर्ने। | १. सिँचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ ।<br>२. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भ्याव्यता अध्ययन गरिनेछ।<br>३. संरचना निर्माणको लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>४. सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ ।<br>५. प्राथमिकताको आधारमा वैकल्पिक सिँचाइ संरचनाको निर्माण गरिनेछ।<br>६. संरचना निर्माणको निमित्त निजी वा अन्य क्षेत्रसँग साझेदारीको लागि समन्वय गरिनेछ।<br>७. संरचना निर्माणको प्रयोजनको लागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ ।<br>८. संरचना विस्तारको लागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>९. सिँचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता वृद्धि गरिनेछ ।<br>१०.सिँचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ। |
| **उद्देश्य २ः कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।** | |
| २.१ः खेतीयोग्य जमिन भएको तर सिँचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिँचाइको पहुँच वृद्धि गर्ने । | १. सिँचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार गरिनेछ ।<br>२. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिँचाइ नहर तथा कुलोहरू प्रयोगमा आउने गरी पुनर्निर्माण गरिनेछ ।<br>३. एक योजनाबाट समुदायमा खानेपानी र सिँचाइको व्यवस्थापन गर्न सम्भब भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>४. सिँचाइको लागि प्राथमिकताको आधारमा साना जलासय, ताल, पोखरी आदि संरचना तयार गरिनेछ ।<br>५. सिँचाइका संरचनाको मर्मत सम्भारको लागि सामूहिक कोषको व्यवस्था गरिनेछ।<br>६. संरचना विस्तारको लागि उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ।<br>७. सिँचाइ योजनाको व्यवस्थापन तथा दिगोपनको लागि उपभोक्ताहरूको संरक्षण समिति गठन गरिनेछ। |
| २.२ः दिगो सिँचाइ प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने । | १. सञ्चालित कुलो तथा नहरको दिगो पनाको लागि मर्मत सम्भार कोष तथा संरक्षण समितिको व्यवस्थापनमा जोड दिइनेछ ।<br>२. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. सिँचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिँचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>४. दिगो सिँचाइको व्यवस्थापनको लागि उपभोक्ता र समुदायको दक्षतामा वृद्धि गरिनेछ ।<br>५. सिँचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली, फलफूल तथा खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>६. सिँचाइ आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ ।<br>७. परम्परागत कुलोहरूको मर्मत संभारमा जोड दिइनेछ । |
| २.३: जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु । | १. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ।<br>२. नदीजन्य प्रकोपको दिगो नियन्त्रणको लागि स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ।<br>३. खोलाखोल्सीको नियन्त्रणमा बायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ।<br>४. नदी किनाराको क्षेत्रको संरक्षणमा विशेष ध्यान दिइनेछ ।<br>५. नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ । |

### ४.२.५ कार्यक्रम तथा आयोजना

**तालिका ३८: सिँचाइका कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | कालीगण्डकी नदीबाट लिफ्टिङ प्रणालीको उपयोग गरी सिँचाइलाई व्यापक बनाउने योजना | एकमुस्ट | | | १५०० | १०००० | २०००० | ३०००० | ४०००० | १०१५०० | २१.०४ |
| | मल्लाज सिँचाई योजना, धाइरिङको ठूलीकुलो, नाग्लीवाङको कुलोहरूको मर्मत सम्भारका लागि कार्यक्रमहरू । | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | २.०७ |
| | राम्चे खोला, लुङदी खोला, लस्ती खोला लगायतका अन्य स-साना खोलाहरू लगायत अन्य ठाउँका पानीका मूलहरूको उचित संरक्षण तथा सम्वर्द्धन । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.०४ |
| | गाउँपालिकास्तरमा गठित जलस्रोत समितिको क्षमता विकास कार्यक्रम । | पटक | | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | ०.२१ |
| | **सिँचाइको जम्मा** | | | | ४५०० | १३००० | २३००० | ३३००० | ४३००० | ११६५०० | २४.१५ |

**तालिका ३९: सिँचाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | जम्मा अनुमानित स्रोत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कालीगण्डकी नदीबाट लिफ्टिङ प्रणालीको उपयोग गरी सिँचाइलाई व्यापक बनाउने योजना | एकमुस्ट | | | १०१५०० | | मल्लाज | २ | ३ | ३ | २ | १ |
| | मल्लाज सिँचाई योजना, धाइरिङको ठूलीकुलो, नाग्लीवाङको कुलोहरूको मर्मत सम्भारका लागि कार्यक्रमहरू । | एकमुस्ट | | | १०००० | | मल्लाज, धाइरिङ, नाग्लीवाङ | २ | ३ | ३ | २ | १ |
| | राम्चे खोला, लुङदी खोला, लस्ती खोला लगायतका अन्य स-साना खोलाहरू लगायत अन्य ठाउँका पानीका मूलहरूको उचित संरक्षण तथा सम्वर्द्धन । | एकमुस्ट | | | ५००० | | सबै वडा | २ | ३ | ३ | २ | १ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | जम्मा अनुमानित स्रोत | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गाउँपालिकास्तरमा गठित जलस्रोत समितिको क्षमता विकास कार्यक्रम । | पटक | | ५ | १००० | | | १० | ६ | ३ | २ | १ |
| | **सिँचाइको जम्मा** | | | | ११६५०० | | | | | | | |

## ४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

### तालिका ४०: सिँचाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | जलस्रोत तथा सिँचाइको विकास र व्यवस्थापनबाट सबै क्षेत्रमा पानीको अभाव अन्त्य गर्ने । | खेतीयोग्य जमिन मध्ये सिंचित जमिन | प्रतिशत | ४०.६ | ४१ | ४२ | ४२ | ४३ | ४५ | ४५ | कृषि, योजना तथा प्राविधिक शाखा, सम्बन्धित शाखाको प्रगती विवरण |
| | | सुचारु सिँचाइ आयोजना | सङ्ख्या | १६ | १८ | २१ | २४ | २७ | ३० | ३० | |
| **असर** | बाह्रै महिना सिँचाइ उपलब्ध हुने क्षेत्र थप भई कृषि उत्पादकत्व वृद्धि भएको हुनेछ । | संरक्षित मुहान | सङ्ख्या | १५ | २० | २५ | ३० | ३५ | ३५ | ३५ | |
| | | प्रयोगमा आएका सिँचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, लिफ्ट आदि) | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | |
| **प्रतिफल** | पानीको मुहानहरू संरक्षण र व्यवस्थापन भएको हुनेछ । | बाह्रै महिना सिँचाइ हुने घरधुरी | प्रतिशत | ११ | १२ | १४ | १६ | १८ | २० | २० | |
| | | लिफ्ट सिँचाइ आयोजना | सङ्ख्या | ० | ० | १ | १ | २ | ३ | ३ | |
| | | कुलो तथा नहर स्तरीकरण (किमि) | कि.मि. | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | |
| | | प्लास्टिक पोखरी | सङ्ख्या | ३० | ३२ | ३५ | ३८ | ४१ | ४५ | ४५ | |

*स्रोतः जलजला गाउँपालिकाको कृषि शाखा, २०८० तथा पालिकास्तरीय छलफल*

### ४.२.७ अनुमान तथा जोखिम पक्ष

**सिँचाई पूर्वाधार क्षेत्रमा लगानी वृद्धि हुनुको साथै अनुगमन पनि थप प्रभावकारी भएको हुने ।**

क. ठूलो वर्षाका कारण बाढी पहिरो आई कुलो नहरहरू भत्किन गई सिँचाई अभाव हुन सक्छ ।

ख. भूकम्प गई कुलो, नहर भत्किएर वा खोलाको मार्ग (डाइभर्सन) परिवर्तन भएर सिँचाई मा समस्या आउन सक्छ ।

ग. देशमा आर्थिक मन्दी भई समयमा योजनाहरूको निर्माण कार्य समयमा सम्पन्न हुन नसकि सिँचाई नहुन सक्छ ।

घ. गुणस्तर हीन विकास योजना/आयोजनाका कारण दिगो सिँचाई हुन नसक्न सक्छ ।

ङ. पानीका मुहानहरू सुक्दै जानाले सिँचाई अभाव हुँदै जान सक्छ ।

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

जलजला गाउँपालिकाको विकासको अर्को महत्त्वपूर्ण संभाव्य क्षेत्र पर्यटन हो । नेपालको संविधानले देशभित्रका सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गर्दै पर्यावरण अनुकूल पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन उद्योगको लाभमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पर्यटन सम्वन्धी योजनाहरूको कार्यान्वयन र अनुगमन, पर्यटकीय सेवा विस्तार आदि कार्य स्थानीय सरकारलाई सुम्पेको छ । धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेका स्थान तथा मन्दिरहरू जस्तै धाइरिङका भूमे थान, सिद्ध बाबाको थान, नाग्लीवाङका लक्ष्मीनारायण मन्दिर तथा शुक्लेश्वर महादेव मन्दिर, माझफाँटको कर्णेलको दरबार, मल्लाज कोट भगवती मन्दिर, पुर्ण गाउँ पोखरी, शिवालय गुफा, लेखफाँटमा रहेको डाडाकोट, गरुडेश्वर मन्दिर, फलामेडाँडा, गलेश्वर मन्दिर, बनौंको मण्डली थान, भूमे थान, भैरमथान, सिद्ध थान आदि जस्ता प्रसिद्ध प्राकृतिक तथा धार्मिक सम्पदाहरूले यो क्षेत्र धनी छ । उल्लिखित प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूका कारण यो गाउँपालिका आर्थिक विकासको प्रबल सम्भावना बोकेको गाउँपालिकाको रूपमा परिचित छ ।

यहाँका हिन्दू तथा बौद्ध धर्म मान्नेहरूका प्रमुख चाड तथा मेलाहरूमा वैशाखे सक्रान्ति, बुद्ध पूर्णिमा, जेठी पूर्णिमा, दशहरा,कर्कट वा साउने सक्रान्ति, नागपञ्चमी, कृष्णा जन्माष्टमी, जनैपूर्णिमा, हरितालिका तीज, सोर्हश्राद्ध, दशै, तिहार, माघे क्रान्ति, फागु पुर्णिमा, चैत्र दशै वा चैत्राष्टमी आदि रहेका छन् ।

गाउँपालिका क्षेत्रका विभिन्न वडाहरूमा प्रमुख पर्यटकीय स्थलहरू रहेका छन् । विशेष गरी ऐतिहासिक मन्दिर, पोखरी, सामुदायिक वन क्षेत्र, गुफा, संग्रहालय, होटेल र रेस्टुरेन्टहरूले गाउँपालिकाको पर्यटनलाई बढावा दिइरहेको छ । गाउँपालिका क्षेत्रमा यस किसिमका ४५ वटा पर्यटकीय स्थलहरू रहेका छन् जसमध्ये केही प्राकृतिक छन् भने केही मानव निर्मित रहेका छन् । साँस्कृतिक विविधताले धनी जलजला क्षेत्रमा ८७ वटा ऐतिहासिक तथा धार्मिक मन्दिरहरू रहेकाले पनि पहाडी संस्कृतिका लागि यो क्षेत्र धनी मानिन्छ । गाउँपालिकामा पर्यटकीय स्तरका होटेलहरू जस्तै माझफाँटको कर्णेलको दरवारमा सञ्चालित होटेल, शालिजामा सञ्चालित होटेल, तारे तथा बनौमा सञ्चालित पाहुना घर आदि पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिन्छन् । यो गाउँपालिका सांस्कृतिक तथा पर्यटकीय हिसाबले जिल्लाकै महत्त्वपूर्ण गाउँपालिकाका रूपमा परिचित छ ।

### ४.३.२ समस्या तथा चुनौती

पर्यटन उद्योगको विकासको लागि गाउँपालिकासँग प्रस्ट खाका नहुनु, पर्यटन उद्योगबाट हुन सक्ने लाभबारे स्थानीय नागरिकलाई पर्याप्त जानकारी नहुनु, सर्वयाम सडक सुविधा उपलब्ध नहुनु, गाउँपालिका क्षेत्रमा पर्यटन उद्योगका लागि पर्याप्त दक्ष जनशक्तिको अभाव, विद्यमान पर्यटकीय स्थलहरूमा आधारभूत पर्यटन पूर्वाधारको सुविधा नहुनु, पर्यटन उद्यमशीलताको कमी, स्थानीय भाषा संस्कृतिको समुचित विकास नहुनु, मौलिक संस्कृतिलाई पर्यटनसँग आबद्ध गर्न नसक्नू, पर्यटन क्षेत्रको विकासका लागि पर्याप्त बजेट परिचालन नहुनु आदि यहाँको पर्यटन विकासमा प्रमुख समस्याका रूपमा देखिएका छन् ।

प्राचीन तथा मौलिक कला र जातीय संस्कृति, ऐतिहासिक मठ मन्दिरहरूको जगेर्ना हुन नसक्नू, बाह्य संस्कृतिको प्रभाव र अतिक्रमण बढ्नु, विभिन्न जातजाति तथा अल्पसङ्ख्यक जनसङ्ख्याले बोल्ने भाषा दिनानुदिन लोप हुँदै जानु, पर्यटकको बसाइका लागि पर्यटन स्तरको होटेल नभएकोले बास र खर्च गराईमा तालमेल हुनु, पर्यटकीय उपजको विविधिकरण गर्नु,  विभिन्न क्षेत्रमा बसोबास गर्ने विभिन्न अल्पसंख्यक जातजाती आदीको भाषा र संस्कृति जगेर्ना गर्नु, स्थानीय सास्कृतिक विविधता र पहिचानलाई पर्यटन उद्योगसंग आवद्ध गर्नु आदि प्रमुख चुनौतीहरू हुन् ।

### ४.३.३ सम्भावना तथा अवसर

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका ग्रामीण पर्यटनसँग सम्बन्धित क्षेत्रहरू जस्तो सामाजिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटनसँग सम्बन्धित क्षेत्रहरूको अध्ययन गरी एक प्रतिवेदन तयार गरिसकेको छ । प्रतिवेदनले स्थानीय पर्यटनको लागि सम्बन्धित ठाउँहरूको पहिचान गर्नु का साथै संभाव्य ठाउँहरूको परिचय समेत दिएको छ । पर्यटन उद्योग क्षेत्रको विकासको लागि स्थानीय सरकारमा चासो बढ्नु, ग्रामीण क्षेत्रमा पर्यटनसँग सम्बन्धित सूचना तथा प्रविधिको द्रुत विकास हुनु, आन्तरिक पर्यटकको सख्यमा क्रमशः वृद्धि हुँदै जानु, उद्योगका लागि आवश्यक अध्ययन र तालिमका लागि युवायुवती स्थानीय स्तरमा उपलब्ध हुनु, पर्यटन उद्योगका लागि आवश्यक अन्न, तरकारी, फलफूल गाउँमा नै उत्पादन हुनु, स्थानीय उत्पादनको बजारीकरण हुनु, स्थानीय हस्तकला, भेषभुषा, संस्कृतिको प्रवर्द्धन हुनु, ग्रामीण क्षेत्रमा पाहुना घरको स्थापना हुनु, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसँग आबद्ध  हुने अवसर प्राप्त हुनु आदि जलजलाका पर्यटन विकास अवसर हुन् ।

भाषा, लिपि, संस्कृति, ललितकला आदिको संरक्षण र उपयोग स्थानीय निकायको कार्यदायरामा आउने, जातीय संस्कृतिको संरक्षणमा समुदायको सक्रियता बढ्ने, सांस्कृतिक एवम् धार्मिक विविधताका बीच सद्भाव अभिवृद्धि हुने जस्ता सम्भावना रहेका छन् ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

ग्रामीण पर्यटनको प्रवर्द्धन गरी आर्थिक तथा सांस्कृतिक क्षेत्रको विकासमा टेवा पु-याउने

**उद्देश्य**

१. ग्रामीण पर्यटनको लागि गुरुयोजना तर्जुमा गर्नु ।
२. पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।
३. पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।
४. पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।
५. पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।
६. विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।
७. विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ४१: पर्यटनका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १: ग्रामीण पर्यटनको लागि गुरुयोजना निर्माण गर्नु** | |
| १.१: गाउँपालिकाभित्र ग्रामीण पर्यटनका क्षेत्रहरूको संभाव्य ठाउँहरूको पहिचान गरी १५ वर्षे गुरुयोजना तर्जुमा गर्ने । | १. गाउँपालिकाभित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण ठाउँ तथा क्षेत्रको विज्ञहरू मार्फत पहिचान गरिनेछ ।<br>२. पर्यटन गुरुयोजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।<br>३. पर्यटन क्षेत्रलाई गाउँपालिकाको आम्दानीको एक महत्त्वपूर्ण क्षेत्रका रूपमा लिइनेछ । |
| **उद्देश्य २: पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।** | |
| २.१: हाल सञ्चालनमा रहेका होटेल र चियापसलहरूको सेवाको स्तर उन्नति गर्ने । | १. स्थानीय होटेल, लज र चियापसलका व्यवसायीहरूलाई विषयगत इन्स्ट्रक्टर झिकाई स्थानीय स्तरमै पेशागत तालिमको व्यवस्था गरिनेछ ।<br>२. भइरहेका व्यवसायहरूको स्तर उन्नतिका लागि सहुलियत दरको पुँजीको खोजी गरिनेछ । |
| २.२: पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने । | १. पर्यटन प्रवर्द्धन बारेमा गुरुयोजनामा उल्लिखित क्रियाकलापहरूको सञ्चालन तथा कार्यान्वयनमा जोड दिइनेछ ।<br>२. विभिन्न सञ्चार माध्यमको प्रयोग गरी ठाउँहरू बारे प्रचार प्रसार गरिनेछ ।<br>३. ब्रोसर तयार गरी व्यापक प्रचार प्रसार गरिनेछ ।<br>४. जिल्लाका स्नातक/स्नातकोत्तर तहका विद्यार्थीहरूलाई अनुसन्धानका लागि यी स्थानको फिल्ड भिजिटमा प्रोत्साहित गरिनेछ ।<br>५. यी स्थान विशेषका बारेमा विभिन्न क्षेत्रका विज्ञहरूको भ्रमण आयोजना गर्ने र साहित्यिक लेख रचना लेखाई पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था गरिनेछ। |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | ६. वेबसाइट, युट्युव, फेस बुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवश्यक प्रचार प्रसार गरिनेछ। |
| **उद्देश्य ३: पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।** | |
| **३.१:** पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने । | १. पर्यटकीय महत्त्वका स्थानहरूमा आवागमन सहज बनाउन कालो पत्रे सडक, पदमार्ग, पुल आदि निर्माण गरिनेछ ।<br>२. भइरहेका सडक र पदमार्गको स्तर उन्नति गरिनेछ ।<br>३. पर्यटकीय ठाउँहरूको उचित संरक्षणको लागि बार पर्खाल, बाँध, लगायतका कार्यहरूमा जोड दिइनेछ । |
| **३.२:** पर्यटन पूर्वाधारहरूको निर्माण गर्ने । | १. विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ ।<br>२. पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा खरिद तथा व्यवस्थापन गरिनेछ । |
| **उद्देश्य ४: पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।** | |
| **४.१:** गाउँपालिका भित्रका युवायुवतीलाई पर्यटन विषयको शिक्षा प्रदान गर्ने । | १. पर्यटन व्यवसाय प्रति युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा अध्ययन गर्न पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>२. आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक युवायुवतीलाई नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएका Food Preparation and Control, Tourist Guide, Trekking Guide लगायतका छोटो अवधिका तालिममा पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>३. स्थानीय पाठ्यक्रममा पर्यटन शिक्षालाई समावेश गरिनेछ । |
| **उद्देश्य ५: पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।** | |
| **५.१:** बाह्य स्रोतसाधनको खोजी गर्ने । | १. गाउँपालिकाभित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न सङ्घीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।<br>२. गाउँपालिकामा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । |
| **५.२:** आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम पर्यटन क्षेत्रका कार्यक्रमका लागि विनियोजन गरिनेछ ।<br>२. पर्यटन क्षेत्रको विकासका लागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ।<br>३. व्यवसायवाट राज्य र स्थानीय तहलाई कानुन अनुसारको कर तिर्ने संस्कृतिको विकास गरिनेछ ।<br>४. स्थानीय स्रोत साधन र खाद्य उपजको प्रयोग गरी व्यापार व्यवसायलाई प्रोत्साहन सहित रोजगारी वृद्धि गरिनेछ । |
| **उद्देश्य ६: विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।** | |
| **६.१:** सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी | १. धार्मिक, सांस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ ।<br>२. भाषा, कला र संस्कृतिको संरक्षण र सम्बर्धन गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । |

| | |
|---|---|
| पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने । | ३. धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट निर्मित संरचनाहरूको नामकरण गरिनेछ। |
| ६.२ः भाषा, कला र साहित्य, बहुसंस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने । | १. सबै जात जातिको संस्कृति, रितिरिवाज र परम्पराको संरक्षणको लागि बहुसांस्कृतिक ग्रामको स्थापना र विकास गरिनेछ ।<br>२. भाषा, लोक साहित्य, लोक संस्कृति, नृत्य, नाट्य र कलाको सम्बर्धन र साहित्यको विकास गर्न भाषा, कला, साहित्य र संस्कृति प्रतिष्ठानको गठन गरी सञ्चालन गरिनेछ ।<br>३. भाषा, साहित्य र कलाको क्षेत्रबाट सामाजिक, सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गरिनेछ ।<br>४. पर्यटन क्षेत्रमा योगदान गरेका व्यक्तित्वहरूलाई सम्मानित र पुरस्कृत गरिनेछ ।<br>५. प्रतिष्ठानद्वारा गायन, संगीत, नृत्य र नाटक सम्बन्धी व्यावसायिक र गैरव्यावसायिक प्रशिक्षण केन्द्रहरूको आधारभूत पाठ्यक्रममा एकरूपता कायम गरिनेछ ।<br>६. विभिन्न धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ । |
| ६.३ः भाषा, कला, साहित्य र संस्कृतिका खोज अनुसन्धान गरी धार्मिक एवम् साँस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने । | १. विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, संस्कृतिको संरक्षण र विकास गर्न खोज अनुसन्धान गरिनेछ ।<br>२. भाषा र संस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ। |
| ६.४ः बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गर्ने मापदण्ड बनाई कार्यान्वयन गर्ने । | १. सांस्कृतिक सम्पदालाई संरक्षण गर्न बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गरिनेछ ।<br>२. संग्रहालयमा स्थानीय कला, भाषा, लिपि, संस्कृति र ऐतिहासिक वस्तुहरू प्रदर्शनको व्यवस्था मिलाइनेछ।<br>३. संग्रहालयहरूलाई स्तर उन्नति गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। |
| ६.५ः पुरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, संवर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण र परिचालन गर्ने। | १. विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रहरू, टेलिफिल्म, भिडियोहरू बनाउने र विद्यालय तथा समुदाय स्तरमा प्रदर्शन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. भाषा, साहित्य, नाट्यकला, संगीत र ललितकलाको क्षेत्रमा योगदान पुऱ्याउने सङ्घ संस्था तथा व्यक्तित्वहरूको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ ।<br>३. परम्परादेखि लाग्दै आएका ठूला मेलाहरूको उचित व्यवस्थापन गर्ने प्रबन्ध मिलाइनेछ। |
| **उद्देश्य ७ः विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनर्निर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।** | |

| | |
|---|---|
| ७.१: जीर्ण अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार, संरक्षण र विकास गर्ने । | १. महत्त्वपूर्ण सांस्कृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि पहल गर्न निर्देशिका बनाई यसका लागि प्रदेश र सङ्घ सरकारसँग समन्वय गरिनेछ ।<br>२. यस क्षेत्र भित्र रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ ।<br>३. हाम्रो संस्कृति र प्रकृतिको व्याख्या गर्दै प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने। |
| ७.२: भौतिक एवम् अभौतिक संस्कृतिको संरक्षण गर्न सांस्कृतिक वस्तुगत विवरण तयार गरी अद्यावधिक गर्ने। | १. गाउँपालिकाका सबै पुरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्य दृश्यसहितको प्रोफाइल तयार गरी संरक्षण गरिनेछ ।<br>२. विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवम् स्थानीय सामग्रीहरूलाई उत्पादन र प्रवर्द्धन गरिनेछ ।<br>३. लोपोन्मुख स्थानीय कला, भाषा, लिपि, र संस्कृतिको अभिलेखीकरण गरी संरक्षण र विकास गरिनेछ ।<br>४. भाषा, कला, नृत्य, नाट्यकला, लिपि र संस्कृतिलाई अभ्यास र स्थलीय सघनताका आधारमा सामुहीकरण गरी विकास र संरक्षणका कार्यक्रहरू सञ्चालन गरिनेछ।<br>५. मौलिक भाषा, लोक संगीत, संस्कृति र कला सम्बन्धी सामग्री आधारभूत तहको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ । |

### ४.३.५ कार्यक्रम तथा आयोजना

तालिका ४२: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | जलजला गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा । | सङ्ख्या | | | ८०० | | | | | ८०० | ०.१७ |
| | कृषि, धार्मिक, पर्यटन कोरीडोर निर्माण योजना । | एकमुस्ट | | | ८०० | २००० | २५०० | ३००० | ४००० | १२३०० | २.५५ |
| | जलजला हम्पालमा लाली गुराँस संरक्षण तथा वृक्षरोपण कार्यक्रम । | सङ्ख्या | | ५००० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ०.३१ |
| | बाँसखर्कको मालगाउँमा सेतो पहरामा क्लाइम्बिङ योजना तर्जुमा । | सङ्ख्या | | १ | | | १००० | ३००० | | ४००० | ०.८३ |
| | प्रसिद्ध भूमे थान शिवालय धार्मिक पर्यटकीय सरकीट निर्माण योजना । | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | २.०७ |
| | धाइरिङका भूमे थान, बनौंको भ्यूपोइन्ट, माझफाँटको कोट र दरबार, लेकफाँटको फलामेडाँडा र नाग्लीवाङको लक्ष्मीनारायण मन्दिर आदिको थप संरक्षण तथा सम्वर्द्धन कार्यक्रम । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.०४ |
| | बाँसखर्क, लेकफाँट, शालीजा र बनौमा सञ्चालित होमस्टेको व्यवस्थापन तथा प्रवर्द्धन । | सङ्ख्या | | ३० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १.५५ |
| | गलेश्वर, बेनीबजार, मिलनचौक र कुश्मा १ सहस्रधारा-बनौबाट जलजलासम्म पुग्ने पद मार्गहरूको स्तर उन्नति । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.०४ |
| | **पर्यटन, संस्कृति तथा सम्पदाको जम्मा** | | | | ७४०० | ७८०० | ९३०० | ११८०० | ९८०० | ४६१०० | ९.५५ |

तालिका ४३: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत जम्मा | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिगाल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जलजला गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा । | सङ्ख्या | | | ८०० | | | ८ | ५ | १ | ३ | ३ |
| | कृषि, धार्मिक, पर्यटन कोरीडोर निर्माण योजना । | एकमुस्ट | | | १२३०० | | | ८ | ५ | १ | ३ | ३ |
| | जलजला हम्पालमा लाली गुराँस संरक्षण तथा वृक्षरोपण कार्यक्रम । | सङ्ख्या | | ५००० | १५०० | | | ८ | ५ | १ | ३ | १ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत जम्मा | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिगाल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाँसखर्कको मालगाउँमा सेतो पहरामा क्लाम्बिङ योजना तर्जुमा । | सङ्ख्या | | १ | ४००० | | | ८ | ५ | १ | ३ | ३ |
| | प्रसिद्ध भूमे थान शिवालय धार्मिक पर्यटकीय सरकीट निर्माण योजना । | एकमुस्ट | | | १०००० | | | ८ | ५ | १ | ३ | ३ |
| | धाइरिङका भूमे थान, बनौंको भ्यूपोइन्ट, माझफाँटको कोट र दरबार, लेकफाँटको फलामेडाँडा र नाग्लीवाङको लक्ष्मीनारायण मन्दिर आदिको थप संरक्षण तथा सम्वर्द्धन कार्यक्रम । | एकमुस्ट | | | ५००० | | | ८ | ५ | १ | ३ | ३ |
| | बाँसखर्क, लेकफाँट, शालीजा र बनौमा सञ्चालित होमस्टेको व्यवस्थापन तथा प्रवर्द्धन । | सङ्ख्या | | ३० | ७५०० | | | ८ | ५ | १ | २ | ३ |
| | गलेश्वर, बेनीबजार, मिलनचौक र कुश्मा १ सहस्रधारा-बनौबाट जलजलासम्म पुग्ने पद मार्गहरूको स्तरउन्नति | एकमुस्ट | | | ५००० | | | ८ | ५ | १ | ३ | २ |
| | **पर्यटन, संस्कृति तथा सम्पदाको जम्मा** | | | | ४६१०० | | | | | | | |

## ४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

### तालिका ४४: पर्यटन, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधारवर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | गाउँपालिका एउटा आकर्षक र मनोरम पर्यटकीय गन्तव्यका रूपमा स्थापित भएको हुनेछ । | पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या | सङ्ख्या | ७० | १०० | १५० | २०० | २५० | ३०० | ३०० | गाउँपालिकाको प्रगति विवरण, वार्षिक नीति तथा कार्यक्रम, गाउँपालिका प्रोफाइल, |
| | | पर्यटक सङ्ख्यामा बृद्धि दर (आन्तरिक) | प्रतिशत | ३ | ३.५ | ४ | ४.५ | ५ | ६ | ६ | |
| | | पर्यटक सङ्ख्यामा बृद्धि दर (बाह्य) | प्रतिशत | १ | १.५ | २ | २.५ | ३ | ४ | ४ | |
| | | पालिकामा भ्रमण गर्न आएका पर्यटकहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | १००० | ११०० | १३०० | १५०० | १७०० | २००० | २००० | |
| **असर** | | पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | सङ्ख्या | ९० | ९५ | १०० | १०५ | ११० | ११५ | ११५ | |

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधारवर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | पर्यटन व्यवसायको गुणस्तर बृद्धि भई पर्यटकीय स्थलको प्रचार-प्रसार भएको हुनेछ । | पर्यटन सुचना केन्द्र स्थापना | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | सम्वन्धित शाखाको प्रतिवेदन |
| | | आधारभुत पूर्वाधार सहितको पर्यटकीय स्थल | सङ्ख्या | ८ | ८ | ८ | ८ | ९ | १० | १० | |
| प्रतिफल | आधारभुत पर्यटकीय पूर्वाधारहरूको विकास भएको हुनेछ । | पर्यटकीय स्तरका होटल | सङ्ख्या | ५ | ७ | ८ | १० | १२ | १५ | १५ | |
| | | पर्यटकीय स्तरका होटल बेड | सङ्ख्या | ७५ | ८० | ९० | १२० | १४० | १८० | १८० | |
| | | रिसोर्ट तथा साधारण होटल | सङ्ख्या | ३० | ३२ | ३४ | ३६ | ३८ | ४० | ४० | |
| | | रिसोर्ट तथा साधारण होटल बेड | सङ्ख्या | १५० | १६० | १८० | २०० | २२० | २०५ | २५० | |
| | | होम स्टे | सङ्ख्या | ६ | ८ | १० | १५ | १८ | २० | २० | |
| | | होम स्टे बेड | सङ्ख्या | ३० | ४० | ५० | ७५ | ९० | १०० | १०० | |
| | | हिल स्टेसन | सङ्ख्या | ० | ० | १ | १ | २ | ३ | ३ | |
| | पर्यटन उद्योगकालागि आवस्यक स्थानीय मानव संसाधन विकास भएको हुनेछ । | पदमार्ग निर्माण तथा स्तर उन्नति | कि.मि. | ५ | ७ | १० | १५ | २० | २५ | २५ | |
| | | ट्रेकिङ गाइड तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ५ | ८ | १० | १२ | १५ | १५ | १५ | |
| | | कुक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | १० | २० | ३० | ४० | ५० | ६० | ६० | |
| | | होटल व्यवस्थापन तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ५ | १० | १५ | २० | २५ | ३० | ३० | |

### ४.३.७ अनुमान तथा जोखिम पक्ष

**पर्यटकीय स्थलहरूको बारेमा प्रभावकारी प्रचार प्रसार र आवश्यक पूर्वाधारहरू तयार भएका हुने ।**

क. महामारीका रोगहरूका कारण आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा कमी आउन सक्छ ।

ख. वातावरणमा आउन सक्ने प्रतिकूलताका कारण पर्यटनमा कमी हुन सक्छ ।

ग. विश्वव्यापी करणको बढ्दो प्रभाव तथा उच्च प्रविधिका कारण परम्परागत संस्कृतिमा असर पुग्न सक्छ ।

घ. राजनैतिक गतिविधिहरू जस्तै आम हडताल, सडक जाम, आन्दोलन आदिका कारण संस्कृति तथा पर्यटनमा ह्रास आउन सक्छ ।

ङ. दैवी प्रकोप (बाढी पहिरो भूकम्प) बाट सम्पदामा दखल पुग्न सक्छ ।

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तार गर्ने, स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने, वैदेशिक पूँजी आकर्षित गर्ने, औद्योगिक पूर्वाधार निर्माण गर्ने, स्थानीय श्रम सीपको उपयोग गर्ने, व्यापारिक स्वच्छता र अनुशासन कायम राख्दै उपभोक्ता हित संरक्षण गर्ने आदि नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवस्थापन एवं उद्यमशीलता विकास र प्रवर्द्धनको अधिकार दिएको छ । साथै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय बजार व्यवस्थापन आदि कुराहरू स्थानीय सरकारको कार्यक्षेत्रमा पर्छन् ।

गाउँपालिकाको वडा नं. २, ३, ४, ७ र ८ हुँदै पोखरा-मुस्ताङ जोड्ने कालीगण्डकी कोरी डोर (सहायक राजमार्ग) निर्माण भएकोले गाउँपालिकाका केही बस्तीहरू बजार उन्मुख हुँदै गएका छन् । गाउँपालिकाका वडा नं. २ बगर, वडा नं. ३ वारी बेनी, कोट, वडा नं, ४ लामाखेत, मोहनचोक, वडा नं ७ मिलनचोक, लस्ती, वडा नं. ८ लस्ती र खनियाघाट बस्तीहरू क्रमशः बजार उन्मुख बन्दै गएका कारण पनि यहाँ व्यापार व्यवसायमा वृद्धि हुँदै गएको हो । करिब १० प्रतिशत जनसङ्ख्या उद्योग व्यवसायमा संलग्न रहेका छन् । यस क्षेत्रभित्र कूल ७११ साना ठूला उद्योग दर्ता भएका छन् । जसमा स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग, ग्रील उद्योग, काष्ठ उद्योग, विद्युतबाट सञ्चालन भएका कुटानी, पिसानी र पेलानी मिल, बेकारी, खुद्रा र थोक पसलहरू, किराना पसल, मासु पसल, होटेल र रेस्टुरेन्ट र औषधि पसल लगायतका व्यवसायहरू सञ्चालनमा रहेका छन् । कर्सर लगायतका मझौला उद्योगको सङ्ख्या ३ रहेको छ ।

स्थानीय बजारहरूमा दैनिक जसो खाद्यान्न तथा तरकारीको किनबेच लगायतका कारोबार हुने गरेको छ । स्थानीय स्तरमा उत्पादन हुने खाद्य तथा कच्चा पदार्थको बजार मूलतः वडा नं. ४ मोहनचोकस्थि सञ्चालित जलजला तरकारी बजार, बेनी बजार, बागलुङ बजार, कुश्मा बजार र पोखरा लगायतका बजारहरू हुन् । स्थानीय उत्पादनहरू सुन्तला, कफी, आलु, दुग्ध जन्य वस्तुहरू, मासु तथा खाद्यान्न, धान, मकै, गहुँ, ताजा तरकारी र कवाडी, भाँगो, मह लगायतका समान एवं विभिन्न जडीबुटीहरू यहाँबाट निर्यात हुने गरेका छन्।

### ४.४.२ समस्या तथा चुनौती

यस गाउँपालिका क्षेत्र भित्र उद्योग सम्बन्धी जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालिम पर्याप्त नहुनु, उद्योग सञ्चालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु, दक्ष जनशक्तिको उपलब्धता स्थानीयस्तरमा नहुनु

जस्ता प्रमुख समस्याहरू रहेका छन् । साथै उत्पादनमा समेत उत्पादन मुखी बजारको व्यवस्थापन नहुनु, व्यावसायिक सूचना केन्द्रको कमी जस्ता पक्षहरू पनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रूपमा रहेका छन् ।

स्थानीय उत्पादनको तुलनामा खुल्ला रूपमा भित्रिने समानहरूले परनिर्भरतामा वृद्धि हुँदै गइरहेको अवस्था छ । आयात क्षेत्रको प्रमुख समस्या भनेको यस क्षेत्रबाट हुने पुँजीको पलायन हो । वित्तीय स्रोतको सङ्कोचनका कारण यस क्षेत्रका आर्थिक गतिविधिहरू क्रमशः अन्यत्र गएका छन् । रैथाने तथा नस्ल जातहरूको विस्थापनका कारण कृषि, बागवानी तथा पशु पन्छी पालन क्षेत्रमा समक्रमणको जोखिम फराकिलो हुँदै गइरहेको छ । निर्माण सामाग्रीको रूपमा प्रयोग हुने गिट्टी, ढुङ्गा, बालुवा आदि खानी तथा नदी जन्य वस्तुको उत्खनन कानुन बमोजिम नुहुँदा वातावरणीय असन्तुलन मात्र नभई विपदको जोखिम उच्च रहेको छ ।

### ४.४.३ सम्भावना तथा अवसर

धवलागिरि अञ्चलका ३ जिल्लाका जिल्ला सदरमुकाम कुश्मा, बागलुङ र बेनी जस्ता ठूला बजारहरू गाउँपालिकाबाट नजिक हुनु, पोखरा-मुस्ताङ राजमार्ग यही गाउँपालिका हुँदै जानु, व्यपारजन्य प्राकृतिक सम्पदाहरू जस्तै वन, ढुङ्गाखानी, बाह्रै महिना पानी बग्ने खोलाहरू धेरै हुनु, कालीगण्डी नदी यही गाउँपालिका भएर बग्नु आदि यहाँका व्यापार व्यवसायको लागि भरपर्दो सम्भावनाहरू हुन् । यहाँ उत्पादन हुँदै आएका मौसमी तथा बेमौसमी तरकारी, सुन्तला लगायतका फलफूलहरू, विभिन्न प्रकारका कपडा बनाउने अल्लो नेपाली कागज बनाउने कच्चा पदार्थ आदिबाट उद्योग तथा व्यापार बढाउन सकिने प्रशस्त सम्भावना रहेको छ । वर्तमान अवस्थामा स्थानीय स्तरमा पाइने कच्चा पदार्थहरू र जडीबुटीमा आधारित उद्योगहरूको विस्तार र विकासको सम्भावना पनि बलियो रहेको छ । साना तथा मझौला उद्योगका लागि आवश्यक कच्चा पदार्थ सहज रूपमा उपलब्ध हुन सक्ने देखिन्छ । त्यसैगरी, आयातलाई निर्यातले प्रतिस्थापन गर्न पालिका भित्र वस्तुहरूको उत्पादन र विविधीकरण गर्न सकिने सम्भावना रहेको देखिन्छ । घरेलु स्तरमा उत्पादित उत्पादनहरूको बजारीकरणको लागि गाउँपालिकाको सहजीकरण र समन्वयकारी भूमिका भने अति महत्त्वपूर्ण हुने गर्दछ ।

साना तथा मझौला उद्योगको लागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुनु, उद्योगको विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनु, उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जनाले बसाइँसराइ कम भई स्व–स्थानको विकासमा समुदायहरू समर्पित हुनु, स्थानीय कच्चा पदार्थको सदुपयोग हुनु, पर्यटकहरूलाई

स्थानीय उत्पादन मार्फत् स्वागत गर्न सकिने र बजारीकरणलाई समेत सहयोग पुग्नु आदि उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति क्षेत्रका अवसरहरू हुन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

कृषि, तथा गैर-कृषि क्षेत्रको प्रवर्द्धन र विकास गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउने ।

**उद्देश्य**

१. गाउँपालिकाको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।
२. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।
३. उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।
४. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ४५: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्य नीति

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १: गाउँपालिकाको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।** | |
| १.१: अत्यावश्यक सामाग्रीहरूको सहज आपूर्तिको सुनिश्चितता गर्ने । | १. सुपथ मूल्य पसलहरू सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२. सुपथ मूल्य पसल सञ्चालनका लागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।<br>३. गाउँपालिकाको सम्पूर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ। |
| **उद्देश्य २: स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन गर्नु ।** | |
| २.१: स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजीकरण एवम् प्रोत्साहन गर्ने । | १. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना र व्यावसायिक उत्पादन गरी उद्योग प्रवर्द्धन गरिनेछ ।<br>२. स्थानीय रूपमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।<br>३. निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशील गरिनेछ ।<br>४. उद्योगी, व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दर्तादेखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ ।<br>५. पुरानो पुर्ख्यौली सीप कलालाई आधुनिकिकरण गरिनेछ । |
| **उद्देश्य ३: उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।** | |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **३.१**ः स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुको बजारीकरण गर्ने। | १. जडीबुटी उत्पादन, प्रशोधन तथा निकासीमा जोड दिइनेछ।<br>२. स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्वारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ ।<br>३. औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ। |
| **उद्देश्य ४ः वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।** | |
| ४.१ः तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यात योग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने । | १. तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>२. साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्चालमा आवद्ध गर्दै माग वमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ । |

## ४.४.५ कार्यक्रम तथा आयोजना

तालिका ४६: उद्योग, व्यापार, व्यावसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | |
| | हम्पाल जलजलामा गण्डकी प्रदेश स्तरीय मिनरल वाटर उद्योग सञ्चालन सम्भाव्यता अध्ययन । | सङ्ख्या | | | | | १५०० | | | १५०० | ०.३१ |
| | अल्लो, लोक्ता, मौवा, बाबियो, बाँस, निगालो आदिको उद्योग सञ्चालन। | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १.५५ |
| | उनी धागोबाट सुइटर बुन्ने उद्योग । | एकमुस्ट | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ०.३१ |
| | सुन्तला, आरु, आरुबखरा, नास्पाती लगायतका फलफूलहरूबाट जुस बनाउने उद्यम । | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १.५५ |
| | काष्ठ उद्योग, फर्निचर उद्योग, कुटानी-पिसानी मिल आदिको स्थापना तथा विस्तार । | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १.५५ |
| | एक वडा एक सुपथ खाद्य पसल सञ्चालन । | सङ्ख्या | | ९ | २००० | २००० | २५०० | ३००० | ४००० | १३५०० | २.८० |
| | जलजला वडा नं. २ मा निर्माणाधीन अवस्थामा रहेको औद्योगिक ग्राम सम्पन्न गरी कार्यान्वयन गर्ने योजना । | एकमुस्ट | | | १००० | १०००० | १०००० | १०००० | १०००० | ४१००० | ८.५० |
| | उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिको जम्मा | | | | ७८०० | १६८०० | १८८०० | १७८०० | १८८०० | ८०००० | १६.५८ |

तालिका ४७: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हम्पाल जलजलामा गण्डकी प्रदेश स्तरीय मिनरल वाटर उद्योग सञ्चालन सम्भाव्यता अध्ययन । | सङ्ख्या | | | १५०० | | | ८ | ३ | ४ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अल्लो, लोक्ता, मौवा, बाबियो, बाँस, निगालो आदिको उद्योग सञ्चालन । | एकमुस्ट | | | ७५०० | | | ८ | ३ | ४ | २ | ३ |
| | उनी धागोबाट सुइटर बुन्ने उद्योग । | एकमुस्ट | | | १५०० | | | ८ | ३ | ४ | १ | ३ |
| | सुन्तला, आरु, आरुबखरा, नास्पाती लगायतका फलफूलहरूबाट जूस बनाउने उद्यम । | एकमुस्ट | | | ७५०० | | | ८ | ३ | ४ | २ | ३ |
| | काष्ठ उद्योग, फर्निचर उद्योग, कुटानी-पिसानी मिल आदिको स्थापना तथा विस्तार । | एकमुस्ट | | | ७५०० | | | ८ | ३ | ४ | २ | ३ |
| | एक वडा एक सुपथ खाद्य पसल सञ्चालन। | सङ्ख्या | | ९ | १३५०० | | | ८ | ३ | ४ | २ | ३ |
| | जलजला वडा नं. २ मा निर्माणाधीन अवस्थामा रहेको औद्योगिक ग्राम सम्पन्न गरी कार्यान्वयन गर्ने योजना । | एकमुस्ट | | | ४१००० | | | ८ | ३ | ४ | २ | ३ |
| | **उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिको जम्मा** | | | | ८०००० | | | | | | | |

## ४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

### तालिका ४८: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | | उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी) | प्रतिशत | १.५ | १.८ | २ | २.५ | ३ | ३.५ | ३.५ | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा स्थानीय रोजगारीमा वृद्धि, बजार व्यवस्थापन तथा प्रभावकारी आपूर्तिद्वारा पालिकाको अर्थतन्त्रको अभिवृद्धि हुनेछ । | उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या (थप) | सङ्ख्या | १५०० | १६०० | १८०० | २००० | २५०० | ३००० | ३००० | |
| असर | गाउँपालिका भित्र उल्लेख्य सङ्ख्यामा लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनामा भई रोजगारीका थप अवसरहरू सिर्जना भएको हुनेछ । | प्रत्यक्ष रोजगारीमा वृद्धि (वार्षिक) | प्रतिशत | ४.५ | ४.५ | ४.८ | ५ | ५.१ | ५.२५ | ५.२५ | |
| | | सीपमूलक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ३६५ | ४०० | ४५० | ५०० | ५५० | ६०० | ६०० | |
| | | घरेलु तथा साना उद्योग/ व्यवसाय दर्ता | सङ्ख्या | ७११ | ७५० | ८०० | ८५० | ९०० | १००० | १००० | |
| | | मझौला उद्योग दर्ता | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | ८ | |
| प्रतिफल | स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन भई स्थानीय स्रोतमा आधारित उद्योगहरू स्थापना भएको हुनेछ | स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योग | सङ्ख्या | १० | १० | ११ | १२ | १३ | १३ | १३ | गाउँपालिका प्रोफाइल, सम्वन्धित शाखाको प्रतिवेदन |
| | | स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग | सङ्ख्या | १५ | १६ | १८ | २० | २३ | २५ | २५ | |
| | उत्पादित वस्तुहरूको बिक्री वितरणकालागि बजार व्यवस्थापन भएको हुनेछ । | विभिन्न ठाउँमा हाट बजार सञ्चालन | सङ्ख्या | ० | ० | ० | ० | १ | २ | २ | |
| | | निकासीजन्य कच्चा पदार्थको परिमाण | मे. टन | १०००० | १००५० | १०५०० | ११००० | ११५०० | १२००० | १२००० | |
| | वाणिज्य क्षेत्रले स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा लिएको हुनेछ । | विभिन्न ठाउँमा स्थानीय सामानको बजार सञ्चालन | सङ्ख्या | ३ | ३ | ४ | ५ | ५ | ५ | ५ | |
| | | उत्पादन र बजारीकरण सहकारी संस्था | सङ्ख्या | २० | २२ | २५ | २७ | २८ | ३० | ३० | |
| | | थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना | सङ्ख्या | १२०० | १३०० | १४०० | १५०० | १६०० | १७०० | १७०० | |
| | गाउँपालिका भित्रको आपूर्ति प्रणाली प्रभावकारी भएको हुनेछ । | सुपथ मूल्य पसल | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | |
| | | सहकारी पसल | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | १ | |
| | | होलसेल पसलको सङ्ख्या | सङ्ख्या | ५ | ६ | ७ | ८ | १० | १२ | १२ | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | | स्थानीय बजार र आपूर्ति अनुगमन | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | २० | |

### ४.४.७ अनुमान तथा जोखिम पक्ष

**गाउँपालिका भित्र व्यापार व्यवसायमूलक वातावरण निर्माण भएको हुने ।**

क. राजनैतिक अस्थिरताका कारण आम हडताल, बन्द, आन्दोलन, सडक जाम भई व्यापार व्यवसाय फस्टाउन कठिन हुन सक्छ ।

ख. अचानक मजदुर आन्दोलन भइ उद्योग सञ्चालनमा समस्या आउन सक्छ ।

ग. आर्थिक मन्दी, महँगी आदिका कारण बजारी करणमा कठिनाइ आउन सक्छ ।

घ. दैवी प्रकोप (वर्षा, बाढी पहिरो हुरी बतास ) का कारण सडक यातायात बन्द भइ आपूर्तिमा समस्या आउन सक्छ ।

ङ. कृषि जन्य उत्पादनमा कमी आएमा बजारमा खाद्य सामाग्रीको अभाव हुन सक्छ ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

जलजला गाउँपालिका भित्र कुल जनसङ्ख्या मध्ये करिब ६३ प्रतिशत आर्थिक रूपले सक्रिय जनसङ्ख्या रहेको छ । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुंदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । गाउँपालिकाको क्षेत्रका ३.४ प्रतिशत जनसङ्ख्या वैदेशिक रोजगारीमा संलग्न रहेको छन् । वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले वार्षिक रूपमा करिब २५ करोड रूपैया हाराहारीमा विप्रेषण पालिकामा भित्राउने गरेको देखिन्छ । गाउँपालिकामा ८ प्रतिशत जनसङ्ख्या बेरोजगार रहेको छ (राष्ट्रिय जनगणना, २०७८)

समावेशी तथा दिगो विकासकालागि गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्त्वपूर्ण साधनको रूपमा रहेको नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले नै सुनिश्चित गरेको छ । राज्यले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बिमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्थासहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ।सङ्घीय सरकारमा जस्तै पालिकामा पनि विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी वनाउन निकै आवश्यक भएको छ ।

### ४.५.२ समस्या तथा चुनौती

स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रूचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारीक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । जलजला गाउँपालिका क्षेत्रमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ।

सङ्घ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनमा जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नू, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डी कृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन् ।

### ४.५.३ सम्भावना तथा अवसर

आर्थिक रूपले जानसाख्यिक लाभ लिन सकिने जनसङ्ख्याको बाहुल्यता रहेको छ । जसको परिचालन मार्फत जलजला गाउँपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रूपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो सङ्ख्या आफैंमा एउटा महत्त्वपूर्ण अवसरको रूपमा लिन सकिन्छ । त्यसको अलवा विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो जन्म तथा कर्म थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नुका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने देखिन्छ ।

सामाजिक सुरक्षा तथा संरक्षणको विषय तीनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु तथा सामाजिक सुरक्षा कोष ऐन लागू हुनु सामाजिक सुरक्षा कार्यक्रमको अवसर हो ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

समावेशी, सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी कार्यहरू सम्पादन गर्ने ।

**उद्देश्य**

१. वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ वृद्धि गर्नु
२. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका ४९: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्य नीति

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १: वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु।** | |
| १.१: वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका | १. स्थानीय तहमा स्व रोजगार तथा रोजगार सृजना हुने खालका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| परिवारले वैदेशिक रोजगारवाट आर्थिक लाभ वृद्धि गर्नु का साथै वैदेशिक रोजगारवाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनिकरण गर्ने । | २. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धि मूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्बन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरू सँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>३. गाउँपालिका भित्र प्राप्त विप्रेषणलाई आय मूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा सञ्चालन गर्दै उद्यम विकासमा सहयोग गर्ने साथै वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरूलाई न्यून करणका लागि मन सामाजिक परामर्श सेवा प्रदान गरिनेछ।<br>४. वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सीप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकासमा लगानी गरिनेछ ।<br>५. मन सामाजिक परामर्श सेवालाई पालिका को स्वास्थ्य शाखा अन्तर्गत आन्तरिक करण गर्दै सो सम्बन्धी सेवालाई दिगो रूपमा प्रवाह गरिनेछ ।<br>६. सम्बन्धित सरोकारवालाहरू सँगको समन्वय तथा सहकार्यलाई बढवा दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवाहरू प्रवाह गरिनेछ । |
| **उद्देश्य २: सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मान जनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।** | |
| २.१: लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने । | १. सामाजिक सुरक्षा सम्बन्धी आवश्यक कानुनी दस्तावेज तयार गरिनेछ।<br>२. लक्षित वर्गका व्यक्तिहरूलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताका कोषको व्यवस्था गरिनेछ ।<br>३. व्यवस्थित सामाजिक सुरक्षा सूचना प्रणाली मार्फत लक्षित वर्गको पहिचान गरी आवश्यक भएमा थप एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४. हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ र आफू एक्लो नभएको पालिका साथमा रहेको अनुभूति प्रदान गरिनेछ।<br>५. लक्षित वर्ग प्रति संवेदनशील बनाई जन चेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| २.२: सुरक्षित, मर्यादित र सभ्य समाज निर्माण गर्न स्थानीय रोजगारी प्रवर्द्धनमा जोड दिने । | १. सामाजिक विकृति, कुरीति, जातीय छुवाछुत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरू न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्ग र लैङ्गिक मैत्री संरचना निर्माण गरिनेछ ।<br>३. मर्यादित जीवनबारे सचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | ४. स्थानीय रूपमा उपलब्ध हुन सक्ने रोजगारीका अवसरहरूको डेटाबेस तयार पारिनेछ।<br>५. गाउँपालिकामा रोजगार सूचना केन्द्रको स्थापना गरिनेछ ।<br>६. स्थानीय रोजगार दातालाई प्रोत्साहन गरिनेछ । |

### ४.५.५ कार्यक्रम तथा आयोजना

तालिका ५०: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थापन । | एकमुस्ट | | | २०० | २०० | २०० | २०० | २०० | १००० | ०.२१ |
| | सामाजिक सुरक्षा कोषको स्थापना तथा विस्तार । | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | २.०७ |
| | सामाजिक सुरक्षाका बारेमा व्यापक सचेतन अभिवृद्धि कार्यक्रम | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.५२ |
| | बेरोजगार सुरक्षा कार्यक्रम सञ्चालन । | सङ्ख्या | | २००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ३.११ |
| | वैदेशिक रोजगार अनुभव आदान-प्रदान तथा तालिम सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने । | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.५२ |
| | बेरोजगार व्यवस्थापन तथा कामदार संरक्षण कार्यक्रम । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.०४ |
| | वैदेशिक रोजगार अनुभव आदान-प्रदान तथा क्षमता विकास र सीप विकास कार्यक्रम । | पटक | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.०४ |
| | **श्रम, रोजगारी र सामाजिक सुरक्षाको जम्मा** | | | | ८२०० | ८२०० | ८२०० | ८२०० | ८२०० | ४१००० | ८.५० |

तालिका ५१: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिगोल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थापन । | एकमुस्ट | | | १००० | | | १० | ६ | ६ | २ | ३ |
| | सामाजिक सुरक्षा कोषको स्थापना तथा विस्तार । | एकमुस्ट | | | १०००० | | | १० | ६ | ६ | २ | ३ |
| | सामाजिक सुरक्षाका बारेमा व्यापक सचेतन अभिवृद्धि कार्यक्रम । | पटक | | ५ | २५०० | | | १० | ६ | ६ | २ | ३ |
| | बेरोजगार सुरक्षा कार्यक्रम सञ्चालन । | सङ्ख्या | | २००० | १५००० | | | १० | ६ | ६ | २ | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वैदेशिक रोजगार अनुभव आदान-प्रदान तथा तालिम सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने । | पटक | | ५ | २५०० | | | १० | ६ | ६ | २ | ३ |
| | बेरोजगार व्यवस्थापन तथा कामदार संरक्षण कार्यक्रम । | एकमुस्ट | | | ५००० | | | १० | ६ | ६ | २ | ३ |
| | वैदेशिक रोजगार अनुभव आदान-प्रदान तथा क्षमता विकास र सीप विकास कार्यक्रम । | पटक | | ५ | ५००० | | | १० | ६ | ६ | २ | ३ |
| | **श्रम, रोजगारी र सामाजिक सुरक्षाको जम्मा** | | | | ४१००० | | | | | | | |

### ४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५२: श्रम, रोजगारी र सामाजिक सुरक्षाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | रोजगारीका थप अवसरहरू सिर्जना गरी समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत् कल्याणकारी पालिकाको रूपमा स्थापित हुनेछ । | सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जाने | प्रतिशत | ५ | १५ | २५ | ३५ | ४५ | ५० | ५० | गाउँपालिका प्रोफाइल, सम्वन्धित शाखाको प्रतिवेदन |
| | | विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालन | प्रतिशत | ३ | ५ | ८ | १२ | १५ | २० | २० | |
| **असर १** | वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारमा वैदेशिक रोजगारबाट आर्थिक लाभ वृद्धि हुनेछ । | विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता | परिवार | २ | २० | ४० | ६० | ८० | १०० | १०० | |
| | | वैदेशिक रोजगारी संलग्न परिवारहरूलाई उद्यम विकास सहयोग | सङ्ख्या | ० | २० | ४० | ६० | ८० | १०० | १०० | |
| **प्रतिफल** | समाजमा वैदेशिक रोजगारबाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनीकरण हुनेछ । | सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ | |
| | | वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरूमा मन सामाजिक परामर्श सेवा प्रदान | पटक | ० | १ | १ | १ | १ | १ | ५ | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | वैदेशिक रोजगारी बाट प्राप्त हुने विप्रेषणमा वृद्धि हुनेछ | विप्रेषण (करोडमा) | रुपैयाँ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३० | |
| असर २ | समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी पालिकाको रूपमा स्थापित भएको हुनेछ । | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या (कुल लाभ ग्राही मध्ये) | प्रतिशत | ९८ | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | | कृषि तथा पशु बिमामा आवद्ध परिवार | प्रतिशत | ५ | ७ | १० | १२ | १५ | २० | २० | |
| प्रतिफल | सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी कानुनी दस्तावेज तयार भई कार्यान्वयनमा आएका हुनेछ | सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी आवश्यक कानुन निर्माण | सङ्ख्या | १ | १ | २ | २ | २ | २ | २ | |
| | एकीकृत सूचना प्रणाली कार्यान्वयनमा आएको हुनेछ । | सामाजिक सुरक्षा सम्बन्धी एकीकृत सूचना प्रणाली व्यवस्थापन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | |

### ४.५.७ अनुमान तथा जोखिम पक्ष

**गाउँपालिका भित्र थप रोजगार सृजना भइ सामाजिक सुरक्षाको प्रत्याभूति भएको हुने ।**

क. आर्थिक मन्दीका कारण रोजगारीमा कमी आउन सक्छ ।

ख. वातावरणीय प्रतिकूलताका कारण श्रमले बजार नपाउन सक्छ ।

ग. राजनैतिक अस्थिरता तथा आर्थिक अभावका कारण बेरोजगारीमा वृद्धि हुन सक्छ ।

घ. अचानक देशको विद्यमान कानुनमा परिवर्तन भइ सामाजिक सुरक्षामा असर पुग्न सक्छ ।

ङ. महामारीका रोगहरूको प्रकोप भइ श्रम तथा रोजगारीमा दखल पुग्न सक्छ ।

# परिच्छेद — ५: सामाजिक विकास

सामाजिक विकास समग्र विकासको गतिशील आयाम हो भने आर्थिक विकासको महत्त्वपूर्ण आधार पनि हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसङ्ख्यक, युवा तथा खेलकुद र खानेपानी तथा सरसफाइ समेटिएको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य -३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य -४ (गुण स्तरीय शिक्षा), लक्ष्य - ५ (लैङ्गिक समानता) र लक्ष्य - ६ (स्वच्छ पानी तथा सरसफाइ) सँग सम्बन्धित छ । सामाजिक विकासको सन्दर्भमा यस गाउँपालिकाले निर्धारण गरेको गुण स्तरीय शिक्षा र सुलभ स्वास्थ्य, समता मूलक समाज हाम्रो लक्ष्य भन्ने दीर्घकालीन सोच र गाउँपालिका बासीको पहुँचमा गुण स्तरीय शिक्षा, स्वास्थ्य, खानेपानीको सु निश्चितता गर्ने र न्याय पूर्ण समाजको निर्माण गर्ने उद्देश्य रहेको छ । यस गाउँपालिकाले विगतमा सञ्चालन गर्दै आएका सफल सामाजिक विकाससँग सम्बन्धित अभ्यासहरूलाई निरन्तरता दिँदै यस आवधिक योजना अनुसार आगामी दिनमा सामाजिक विकास अन्तर्गत रहेको अन्य विषयगत क्षेत्रहरूलाई अगाडी बढाइनेछ ।

नेपालको संविधानले सामाजिक न्याय, समावेशी प्रतिनिधित्व, आधारभूत स्वास्थ्य तथा शिक्षामा पहुँच सहित भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभूत गरेको छ । सामाजिक विकास दिगो विकासका तीन आयाम मध्ये एक हो । यस क्षेत्र गत योजनाले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता तथा सामाजिक समावेश करण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता उपक्षेत्रलाई समेटेको छ ।

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

आधारभूत स्वास्थ्य तथा पोषणलाई जलजला गाउँपालिकाले उच्च प्राथमिकतामा राख्दै आधारभूत स्वास्थ्य सेवालाई गुण स्तरीय तुल्याई गाउँपालिकावासीको सहज पहुँच स्थापित गर्न संरचना गत तथा व्यवहारिक अभ्यासमा जोड दिएको छ । राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य नीति तथा कार्यक्रमका अतिरिक्त गाउँपालिकाको अग्रसरमा स्वास्थ्य क्षेत्रमा जनशक्तिको व्यवस्थापन, सेवाको स्तर उन्नति तथा विस्तारका कार्यहरू द्रुत गतिमा भई रहेका छन् । नेपालको संविधानको, धारा ३५ (१) मा कुनै पनि नागरिक आकस्मिक सेवाबाट वञ्चित हुन नपर्ने व्यवस्था उल्लेख छ । स्वास्थ्य एक आधारभूत आवश्यकता भएकोले संविधानले स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । त्यसै गरी आधारभूत स्वास्थ्य र सरसफाइका

साथै पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्रदान गरेको छ । त्यसै अनुरूप दिगो विकासका लक्ष्य ३ तथा "सुलभ स्वास्थ्य सेवा स्वस्थ नागरिक" को उद्देश्य पुरा गर्न यस आवधिक योजनामा स्वास्थ्य र पोषण सम्बन्धी व्यवस्था गरेको छ ।

हाल गाउँपालिकाको स्वास्थ्य सेवालाई चुस्त दुरूस्त राख्न जलजला गाउँपालिका क्षेत्रभित्र १ गाउँपालिका स्तरीय अस्पताल र ६ वटा स्वास्थ्य चौकी रहेका छन् । जसमध्ये आधारभूत स्वास्थ्य केन्द्र (वडा नं. २ र ४), १ सामुदायिक स्वास्थ्य इकाई (मिलन चोक) र १ वटा नागरिक आरोग्य केन्द्र (फड्केढुङ्गा वडा नं. ४) रहेका छन् । गाउँपालिकाका ९ वटा वडामा ३ वटा बर्थीङ सेन्टर (मल्लाज, लेकफाँट र शालिजा), १ वटा सुरक्षित गर्भपतन सेवा, १४ वटा गाउँघर क्लिनिक तथा ३६ वटा खोप केन्द्र सञ्चालित छन् । गाउँपालिकामा ६५ जना स्वास्थ्य स्वयम् सेविका कार्यरत रहेका छन् । गाउँपालिका भित्र मुख्य गरी रुगाखोकी, झाडा पखाला, निमोनियाँ, ग्यास्ट्रिक तथा उच्च रक्तचाप जस्ता रोगहरू प्रमुख रोगको रूपमा देखिएका छन् ।

### ५.१.२ समस्या तथा चुनौती

स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधारका बावजुद भौगोलिक विकटता र लामो दुरीका कारण स्वास्थ्य सेवामा सहज पहुँच स्थापित हुन सकेको छैन । सामान्य चिकित्सा सेवाका लागि औषतमा ४५ मि. यात्रा गर्नुपर्ने अवस्था रहेको छ । परम्परागत अन्धविश्वासका कारण विरामी पर्दा सबैभन्दा पहिला धामी झाँक्रीकोमा जाने परम्परा कायमै छ । स्वास्थ्य शाखामा भ्याक्सिन तथा औषधी भण्डारणका लागि पूर्वाधार लगायत एक्सरे तथा भिडियो एक्सरे लगायतको ल्याव सुविधामा कमी रहेको छ । भएका स्वास्थ्य पूर्वाधारहरू मापदण्ड अनुसार निर्माण हुन सकेका छैनन् भने स्वास्थ्य संस्थाहरूमा घेरवारको पनि कमी रहेको छ । खोप क्लिनिक तथा गाउँघर क्लिनिकको भवन अभावले सेवा प्रवाहमा असुविधा भएको छ । स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रमहरू वढाउन पर्ने छ भने सुर्तीजन्य र मदिराजन्य वस्तुको सेवनलाई निरुत्साहित गर्नु पर्नेछ । यहाँका नागरिकमा शारीरिक व्यायाम, योग, आयुर्वेदिक एवं प्राकृतिक चिकित्सा सम्बन्धी चेतनामा कमी रहेको छ । यस क्षेत्रमा स्वास्थ्य विमाको शुरुवात भएता पनि पूर्णता पाउन भने अझै समय लाग्ने देखिन्छ ।

स्वास्थ्य सेवा प्रदायक संस्थामा पूर्वाधारहरू अपर्याप्त रहेको, पर्याप्त उपकरण र औषधीहरू उपलब्ध हुन नसकेको, स्वास्थ्य संस्थाहरूमा पर्याप्त मात्रामा दक्ष जनशक्तिको अभाव रहेको, सामान्य उपचार बाहेक जटिल स्वास्थ्य समस्याहरूमा पर्याप्त मात्रामा उपचार सुविधा उपलब्ध हुन नसकेको अवस्था छ । साथै सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, ग्रामीण सडकका कारण हुने दुर्घटना तथा विपदजन्य स्वास्थ्य समस्याहरू

विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु जस्ता सवालहरू पनि चुनौतीको रूपमा रहेका छन् ।

### ५.१.३ सम्भावना तथा अवसर

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवा सम्बन्धी तीनै तहका सरकारबाट तर्जुमा भएका कानुनहरू (ऐन, नियमावली, निर्देशिका, कार्यविधि, दिग्दर्शन आदि) निर्माण भएको, प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना भएको, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको, मुलुकमा दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि भइरहेको, स्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा बिस्तार हुँदै गएको, सबै वडाहरू सडक सञ्जाल सुविधामा जोडिदा स्वास्थ्य सेवाको पहुँचमा सहजता थपिएको जस्ता पक्षहरू स्वास्थ्य तथा पोषण विकासका लागि सबल पक्षहरू हुन् ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

स्वास्थ्य क्षेत्रमा आवश्यक स्रोत र साधनको व्यवस्था गरी सेवा प्रवाहको क्षमता अभिवृद्धि गर्ने ।

**उद्देश्य**

१. नागरिकहरूको आधारभूत तथा गुण स्तरीय सेवामा पहुँच अभिवृद्धि गराउनु ।
२. रोग प्रतिरोधात्मक क्षमता बढाउन गुण स्तरीय र पोषण युक्त खाद्य सामग्रीमा पहुँच बढाउनु।
३. स्वास्थ्य क्षेत्रमा थप लगानीको वातावरण सिर्जना गरी सेवामा गुणस्तर अभिवृद्धि गर्नु ।
४. जलजल वासीलाई पोषण युक्त नागरिकको रूपमा पहिचान गराउनु ।

**रणनीति र कार्यनीति**

तालिका ५३: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १:** नागरिकहरूको आधारभूत तथा गुण स्तरीय सेवामा पहुँच अभिवृद्धि गराउनु | |
| **१.१:** गुण स्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गराउने वातावरण तयार गर्ने । | १. आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>२. स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम लागू गरिनेछ।<br>३. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. स्वास्थ्यको सहज पहुँचका लागि सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।<br>५. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>६. ल्याब सेवालाई थप प्रभावकारी बनाउन आवश्यक पहल र सेवा विस्तार गरिनेछ। |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **१.२ः** स्वास्थ्य संस्थाहरूमा तोकिएको सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने । | १. गाउँपालिका भित्र सञ्चालित स्वास्थ्य संस्थाहरूमा स्वीकृत दरबन्दी अनुसारको आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।<br>२. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा गाउँपालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ ।<br>३. अपाङ्गमैत्री स्वास्थ्य संस्था निर्माणमा विशेष जोड दिइनेछ ।<br>४. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, पूर्ण खोप सुनिश्चितता तथा दिगोपना, सेन्टरी प्याडको सहज वितरण, उपकरणको व्यवस्थापन, प्रयोग भएको प्याडको व्यवस्थित विसर्जन, पिट वा खाल्डो सहितको शौचालय निर्माणमा जोड दिइनेछ । |
| **उद्देश्य २ः** रोग प्रतिरोधात्मक क्षमता बढाउन गुण स्तरीय र पोषण युक्त खाद्य सामग्रीमा पहुँच बढाउनु । | |
| **२.१ः** पोषण युक्त खाने कुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुऱ्याउने। | १. गुण स्तरीय एवम् स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ।<br>२. मातृ शिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहु क्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>३. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइनेछ । |
| **२.२ः** मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने । | १. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ<br>२. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा स्वास्थ्य तथा पोषणबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३ः स्वास्थ्य क्षेत्रमा थप लगानीको वातावरण सिर्जना गरी सेवामा गुणस्तर अभिवृद्धि गर्नु ।** | |
| **३.१ः** स्वास्थ्य क्षेत्रमा निजी, सहकारी गैससको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुने लगानीलाई व्यवस्थित गर्ने । | १. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यावसायिक सङ्घ—संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ ।<br>२. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। |
| **३.२ः** गाउँपालिका क्षेत्रमा उपलब्ध जडीबुटीको उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास गर्ने । | १. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरी प्रयोग तथा वितरण गरिनेछ ।<br>२. आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ । |
| **उद्देश्य ४ः जलजल वासीलाई पोषण युक्त नागरिकको रूपमा पहिचान गराउनु ।** | |
| **४.१ः** जलजल बासीलाई पोषणयुक्त खानेकुरा खान पाउने संवैधानिक हक सुनिश्चितता गर्ने । | १. न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूका लागि पोषणयुक्त खानेकुराहरूको प्रबन्ध मिलाइनेछ।<br>२. स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. गाउँपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसाबारीको व्थवस्था गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
| --- | --- |
| | ४. पोषण सुरक्षा सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. गर्भवती महिला तथा बालबालिकाको लागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चितता गरिनेछ ।<br>६. पोषण मैत्री गाउँपालिका निर्माणका आधार तयार पारिनेछ । |

### ५.१.५ कार्यक्रम तथा आयोजना

तालिका ५४: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | घरदेखि अस्पतालसम्म एम्बुलेन्स सेवा कार्यक्रम । | सङ्ख्या | २ | ४ | २५०० | २५०० | ५०० | ५०० | ५०० | ६५०० | १.६१ |
| | १५ शैयाको अस्पताल निर्माण तथा सञ्चालन। | एकमुस्ट | | | २००० | ४५०० | ५००० | ५००० | १०००० | २६५०० | ६.५८ |
| | नागरिक स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारी विस्तार । | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.६२ |
| | स्वास्थ्य र पोषणका क्षेत्रमा जन चेतना मूलक कार्यक्रमहरू सञ्चालन। | पटक | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.२४ |
| | स्वास्थ्य केन्द्रको स्तर उन्नति एवम् बर्थिङ सेन्टरको स्थापना र सञ्चालन । | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १.८६ |
| | आयुर्वेदिक औषधालय प्रवर्द्धन कार्यक्रम । | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.६२ |
| | स्वास्थ्य चौकी भवन निर्माण (बनौ, नाग्लीवाङ र धाइरिङ) योजना | सङ्ख्या | | ३ | | | १५०० | १०००० | १०००० | २१५०० | ५.३४ |
| | कर्मचारी तथा जनशक्ति व्यवस्थापन । | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.६२ |
| | औषधी तथा औजार सामाग्रीहरूको व्यवस्थापन । | एकमुस्ट | | | १००० | १००० | १००० | १५०० | २००० | ६५०० | १.६१ |
| | शहीद स्वास्थ्य केन्द्र मिलनचोकको स्थापना र व्यवस्थापन । | सङ्ख्या | | १ | | | | | ५००० | ५००० | १.२४ |
| | ज्येष्ठ नागरिक घर दैलो स्वास्थ्य सेवा कार्यक्रम । | पटक | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.२४ |
| | मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम । | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.६२ |
| | अपाङ्ग मैत्री स्वास्थ्य संस्था निर्माण । | एकमुस्ट | | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ०.९९ |
| | सेन्टरी प्याडको सहज वितरण, प्रयोग भएको प्याडको व्यवस्थित विसर्जनका लागि पिट वा खाल्डो सहितको शौचालय निर्माण कार्यक्रम । | एकमुस्ट | | | १००० | ५०० | ५०० | ५०० | ५०० | ३००० | ०.७४ |
| | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम । | एकमुस्ट | | | १००० | ५०० | | | | १५०० | ०.३७ |
| | स्वास्थ्य संस्थाको सामाजिक परीक्षण कार्यक्रम । | एकमुस्ट | | | २०० | २०० | २०० | २०० | २०० | १००० | ०.२५ |
| | **स्वास्थ्य तथा पोषणको जम्मा** | | | | **१४०००** | **१५५००** | **१५०००** | **२४०००** | **३४५००** | **१०३०००** | **२५.५७** |

तालिका ५५: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिरल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरदेखि अस्पतालसम्म एम्बुलेन्स सेवा कार्यक्रम । | सङ्ख्या | २ | ४ | ६५०० | | | ३ | २ | ६ | २ | ३ |
| | १५ शैयाको अस्पताल निर्माण तथा सञ्चालन। | एकमुस्ट | | | २६५०० | | | ३ | २ | ६ | २ | ३ |
| | नागरिक स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारी विस्तार । | पटक | | ५ | २५०० | | | ३ | २ | ६ | २ | ३ |
| | स्वास्थ्य र पोषणका क्षेत्रमा जन चेतना मूलक कार्यक्रमहरू सञ्चालन। | पटक | | ५ | ५००० | | | ३ | २ | ६ | २ | ३ |
| | स्वास्थ्य केन्द्रको स्तर उन्नति एवम् बर्थिङ सेन्टरको स्थापना र सञ्चालन । | एकमुस्ट | | | ७५०० | | | ३ | २ | ६ | २ | ३ |
| | आयुर्वेदिक औषधालय प्रवर्द्धन कार्यक्रम । | एकमुस्ट | | | २५०० | | | ३ | २ | ६ | २ | ३ |
| | स्वास्थ्य चौकी भवन निर्माण (बनौ, नाग्लीवाङ र धाइरिङ) योजना | सङ्ख्या | | ३ | २१५०० | | बनौ, नाग्लीवाङ र धाइरिङ | ३ | २ | ६ | २ | ३ |
| | कर्मचारी तथा जनशक्ति व्यवस्थापन । | एकमुस्ट | | | २५०० | | | ३ | २ | ६ | २ | ३ |
| | औषधी तथा औजार सामाग्रीहरूको व्यवस्थापन । | एकमुस्ट | | | ६५०० | | | ३ | २ | ६ | २ | ३ |
| | शहीद स्वास्थ्य केन्द्र मिलनचोकको स्थापना र व्यवस्थापन | सङ्ख्या | | १ | ५००० | | मिलनचोक | ३ | २ | ६ | २ | ३ |
| | ज्येष्ठ नागरिक घर दैलो स्वास्थ्य सेवा कार्यक्रम । | पटक | | ५ | ५००० | | | ३ | २ | ६ | १ | ३ |
| | मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम । | एकमुस्ट | | | २५०० | | | ३ | २ | ६ | २ | ३ |
| | अपाङ्ग मैत्री स्वास्थ्य संस्था निर्माण । | एकमुस्ट | | | ४००० | | | | | | | |
| | सेन्टरी प्याडको सहज वितरण, प्रयोग भएको प्याडको व्यवस्थित विसर्जनका लागि पिट वा खाल्डो सहितको शौचालय निर्माण कार्यक्रम । | एकमुस्ट | | | ३००० | | | | | | | |
| | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम । | एकमुस्ट | | | १५०० | | | | | | | |
| | स्वास्थ्य संस्थाको सामाजिक परीक्षण कार्यक्रम । | एकमुस्ट | | | १००० | | | | | | | |
| | **स्वास्थ्य तथा पोषणको जम्मा** | | | | १०३००० | | | | | | | |

## ५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५६: स्वास्थ्य तथा पोषणका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रभाव | गाउँपालिकामा स्वास्थ्य सेवा सर्व शुलभ भएको हुनेछ । | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७३ | ७३ | ७३.५ | ७४ | ७४ | ७४.५ | ७४.५ | गाउँपालिका प्रोफाइल, स्वास्थ्य शाखा, वार्षिक प्रतिवेदन, HMIS |
| | | ३० मिनेटको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ९५ | ९५ | ९६ | ९७ | ९८ | ९९ | ९९ | |
| असर १ | गुण स्तरीय स्वास्थ्य सेवाको अभावमा स्वास्थ्य सेवाको लागि जिल्ला बाहिरका अस्पताल धाउनु पर्ने बाध्यताको अन्त्य हुनेछ । | अस्पताल | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | |
| | | संस्थागत सुत्केरी सेवाको दायरा | प्रतिशत | १२ | १५ | २५ | ३५ | ४५ | ५० | ५० | |
| | | दक्ष स्वास्थ्य कर्मीबाट प्रसूति सेवा लिएका महिला | प्रतिशत | १२ | १५ | २५ | ३५ | ४५ | ५० | ५० | |
| | | बर्थिंङ सेन्टर | सङ्ख्या | ३ | ३ | ४ | ५ | ६ | ६ | ६ | |
| | | गर्भावस्थाको परीक्षण दर | प्रतिशत | ४८ | ५० | ६० | ७० | ८० | ८५ | ८५ | |
| प्रतिफल | गर्भवती परीक्षणको सुविधाबाट आमा र गर्भमा रहेको बच्चाको स्वास्थ्यमा रुग्णता दरमा कमी हुनेछ। | ५ वर्ष मुनिको वाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | |
| | | शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | |
| | | नव जात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | |
| | | पूर्ण खोप | प्रतिशत | ७२ | ७५ | ८० | ८५ | ९० | १०० | १०० | |
| | बाल मृत्युदर, शिशु मृत्युदरमा कमी आउनेछ । प्रतिकारात्मक स्वास्थ्य सेवाको विस्तारबाट खर्चिलो र जोखिम युक्त उपचारात्मक सेवाको खर्चमा कटौती हुनेछ । महिला, अपाङ्ग र अल्पसङ्ख्यक समुदायमा स्वास्थ्य सेवा र सुविधाको पहुँचमा वृद्धि हुनेछ। | भिटामिन ए खाने बालबालिका | प्रतिशत | ८४ | ९५ | १०० | १०० | १०० | १०० | १०० | |
| | | झाडा पखालाको सङ्क्रमण दर | प्रतिशत | १४ | १२ | १० | ८ | ६ | ४ | ४ | |
| | | महिला स्वास्थ्य स्वयम् सेविका | सङ्ख्या | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ | |
| | | सामान्य स्वास्थ्य उपकरण उपलब्ध भएका भवन | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| | | आधुनिक उपकरण सहितका स्वास्थ्य भवन | अनुपात | ६ | ७ | ८ | ९ | १० | १० | १० | |
| | | आधारभूत सुविधा सहितका स्वास्थ्य संस्था | सङ्ख्या | ९ | ९ | ९ | १० | १० | १० | १० | |
| | | प्राथमिक उपचार केन्द्र | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | |
| | | बेड | सङ्ख्या | ० | ० | ० | १० | १० | १० | १० | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | | हेल्थ पोष्ट | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| | | स्वास्थ्य एकाइ | सङ्ख्या | ७ | ७ | ७ | ७ | ८ | ८ | ८ | |
| | | विशेषज्ञ चिकित्सक | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | |
| | | मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता | सङ्ख्या | ५१ | ५१ | ५१ | ५५ | ६० | ६० | ६० | |
| | | सवारी साधन युक्त स्वास्थ्य संस्था | सङ्ख्या | २ | २ | ३ | ४ | ५ | ५ | ५ | |
| | | स्वास्थ्य बीमा गर्ने परिवार | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ५५ | ५५ | |
| | स्वास्थ्य प्रवर्द्धनका उपायहरूबाट स्थानीय नागरिकहरूको स्वास्थ्यस्तर राम्रो भई औसत आयुमा वृद्धि हुनेछ । | एम्बुलेन्स सञ्चालन | सङ्ख्या | २ | २ | ३ | ३ | ४ | ५ | ५ | |
| | | पालिका मार्फत निःशुल्क उपलब्ध भएको औषधी | सङ्ख्या | ९८ | ९८ | ९८ | ९८ | १०० | १०० | १०० | |
| | | एच आईभि एड्स रोकथामबारे जानकारी प्राप्त प्रजनन योग्य उमेरका महिला | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० | १०० | १०० | |
| | | स्वास्थ्य शिविर सञ्चालन | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | १० | |
| | | घुमन्ते स्वास्थ्य सेवा | पटक | ० | २ | २ | २ | २ | २ | १० | |
| | | दक्ष स्वास्थ्य सेवा तालिम | सङ्ख्या | २ | १ | १ | १ | १ | १ | ५ | |
| | | प्रयोगशाला सुरु भएका स्वास्थ्य संस्था | सङ्ख्या | २ | २ | ३ | ४ | ५ | ५ | ५ | |
| **असर २** | पोषण युक्त खाने कुरा खान पाउने सुनिश्चित ता हुनेछ । | आफ्नो उत्पादनबाट वर्षभरि खान पुग्ने घर धुरी | प्रतिशत | ४० | ४२ | ४५ | ४८ | ५० | ५५ | ५५ | |
| | | कम्तीमा एक मासु जन्य पशुपक्षी पाल्ने घर परिवार | प्रतिशत | ७६ | ७७ | ७८ | ७९ | ८० | ८० | ८० | |
| **प्रतिफल** | पोषण युक्त गाउँपालिका बन्नेछ । | कुपोषण प्रभावित जनसङ्ख्या | प्रतिशत | ०.५ | ० | ० | ० | ० | ० | ० | |
| | | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ७४ | ७६ | ७९ | ८१ | ८३ | ८५ | ८५ | |
| | | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १.५ | १ | ०.५ | ० | ० | ० | ० | |
| | | उपभोगको दुई तिहाइ खानामा खर्च गर्ने जनसङ्ख्या | प्रतिशत | ३८ | ३५ | ३२ | २८ | २६ | २५ | २५ | |
| | | प्रतिव्यक्ति खाद्य उत्पादन | किलोग्राम | ४५० | ४६० | ४९० | ५३० | ५७० | ६०० | ६०० | |

### ५.१.७ अनुमान तथा जोखिम पक्ष

**सरकारी स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा थप प्रभावकारी अर्थात् भरपर्दो सहज हुने, बाल पोषणमा भएको लगानी थप प्रभावकारी भएको हुने, स्वास्थ्य सेवा थप प्रभावकारी भएको हुने, स्वास्थ्य पूर्वाधारमा गाउँपालिकाको लगानी वृद्धि भएको हुने ।**

क. महामारीका रोगको समक्रमणका कारण स्वास्थ्यमा जोखिम आउन सक्छ ।

ख. दैवी प्रकोप (आगलागी, बाढी पहिरो, हुरी बतास, असिना, भूकम्प, चट्याङ लगायत अन्य महामारी) आदिका कारण स्वास्थ्यमा थप चुनौती आउन सक्छन् ।

ग. पोषणमा विनियोजित बजेट कुनै कारणले रकमान्तर भएमा पोषणको क्षेत्रमा कार्यक्रम सञ्चालन नुहुन सक्छन् ।

घ. देशमा आर्थिक मन्दी भइ विशेष अवस्था सिर्जना भएमा स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन नुहुन सक्छन् ।

ङ. स्वास्थ्य क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्ति ह्वात्तै विदेशिने अवस्था सिर्जना भइ स्वास्थ्य जनशक्तिको अभाव हुन सक्छ ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले विद्यालय तहको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । शैक्षिक विकासको सन्दर्भमा निरक्षरता अन्त्य गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच कायम गर्न राष्ट्रिय तथा स्थानीयस्तरबाट नियमित रूपमा अभ्यासहरू भई रहेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुण स्तरीय शिक्षाको सुनिश्चितता गर्न सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका तर्फबाट आवश्यक पहल भइरहेको छ । शिक्षालाई विकासको मूल आधारका रूपमा लिई जलजला गाउँपालिकाले नमुना विद्यालयका साथै प्राविधिक तथा उच्च शिक्षाका पूर्वाधार तयार गरी सहज अवसरहरू सृजना गर्ने कुरालाई महत्त्व दिई दश वर्षे शिक्षा योजना तर्जुमा गर्ने तयारी गरेको छ ।

यस गाउँपालिकाको स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन, र विकास गर्न गाउँ शिक्षा समितिबाट आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन, अनुगमन र नतिजा प्रकाशनको लागि कार्यविधि निर्माण गरिएको छ । यसैगरी सूचना प्रविधिको प्रयोग गरी कक्षा ८ को परीक्षा फल कार्यालयको वेबसाइटस्तर मार्फत प्रकाशन गर्ने गरिएको छ भने गाउँपालिकाका सबै माध्यामिक विद्यालयहरूमा विद्युतीय हाजिरीको सुरुवात गरिएको छ । प्रारम्भिक वाल विकास केन्द्रमा कार्यरत सहयोगीलाई स्थानीय तहबाट बजेट विनियोजन र कक्षा सञ्चालन गर्ने नीति लिइएको छ । विद्यालयको शैक्षिक विकास र शिक्षकको क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको र अनलाइन विधिबाट शैक्षिक सूचना प्रवाह गर्ने अभ्यासमा पनि जोड दिइएको छ ।

शिक्षण संस्थाहरूको संरचनागत अवस्थालाई हेर्दा गाउँपालिकामा क्याम्पस १ (हाल सञ्चालनमा नरहेको), माध्यामिक विद्यालय सख्य ७ (संस्थागत ३ र सामुदायिक ४), प्रा.वि. ३८ (सामुदायिक ३१ र संस्थागत ७), नि.मा.वि. ३ (सामुदायिक) सञ्चालित छन् । गाउँपालिकामा बाल विकास केन्द्रको सङ्ख्या ४० रहेको छ । गाउँपालिकाको ५ वर्ष माथिको साक्षरता दर ७९.९ प्रतिशत रहेको छ । शैक्षिक पद्धतिलाई सिर्जनात्मक, व्यवहारिक, समावेशी र समता मूलक बनाउँदै समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारीता र जवाफदेहितामा अभिवृद्धि गर्ने राष्ट्रिय उद्देश्यलाई सहयोग पुऱ्याउनको लागि गाउँपालिका स्तरमा पनि विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । गाउँपालिकाभित्र शिक्षक अभिलेख व्यवस्थापन गरी शिक्षकहरूलाई लिइन पदमा फिर्ता गर्ने, नयाँ स्थायी शिक्षकहरूको व्यवस्थापन गर्ने तथा विस्थापित शिक्षकहरूलाई समेत व्यवस्थापन गर्ने कार्यमा जोड दिएको छ । त्यसैगरी सबै विद्यालयहरू भवन तथा शौचालय सहितका बनाउनुका साथै अग्रेजी माध्यमद्वारा पठन पाठनको प्रक्रियालाई अघि बढाउनको लागि

निःशुल्क पाठ्य पुस्तक वितरणको कार्य हुँदै आएको छ । बालमैत्री स्थानीय शासन पद्धतिलाई सबै घर व्यक्ति तथा समुदायमा स्थापित गर्नका लागि विभिन्न २१ प्रकारका सामाग्रीहरूको वितरण गर्ने कार्यमा जोड दिइएको छ । शिक्षालाई प्रविधि मैत्री बनाउनको लागि सबै विद्यालयहरूमा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, मेशिन, विज्ञान, कक्षका लागि ल्याब आदि वितरण गरिएको छ । प्रारम्भिक बाल विकासमा कार्यरत सहजकर्ता तथा विद्यालय सहयोगीहरूलाई हौसला प्रदान गर्नका लागि आफ्नै स्रोतबाट प्रोत्साहन भत्ता उपलब्ध गराइएको छ । विद्यार्थीहरूलाई दिवा खाजा तथा निःशुल्क स्यानटरी प्याड कार्यक्रम सञ्चालन गरिएको छ । शिक्षकहरूको क्षमता विकासका लागि १५ दिने सूचना प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्नुका अतिरिक्त सूचना प्रविधि सम्बन्धी तालिम लेखा सम्बन्धी तालिमहरू सञ्चालन हुँदै आएका छन् । गाउँपालिकाले विपन्न परिवारका दिर्घ रोग लागेका विरामहरूलाई औषधी उपचार सहायता, सिफारिस तथा क्यान्सर, मिगौला, टाउको, मुटु लगायतका बिरामीहरूलाई आवश्यकता अनुसार आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ ।

### ५.२.२ समस्या तथा चुनौती

गाउँपालिका शिक्षा क्षेत्रमा व्यापक सुधार गरी दक्ष तथा प्राविधिक जनशक्ति तयार गर्ने प्रयासमा जुटेको छ । शिक्षामा सुधार ल्याउनको लागि राष्ट्रिय तथा स्थानीय स्तरबाट संस्थागत, नीति गत तथा व्यवहारिक प्रयासहरू लगातार भइरहेका छन् । तर पनि विद्यालयमा कार्यरत शिक्षकहरू आफ्नो पेसा गत हक हित र प्रवाह गर्ने सेवाको लागि सरकार प्रति विश्वस्त छैनन् । गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षाको दिशामा समय सापेक्ष सुधार हुन सकेको छैन । शिक्षा प्रणाली फितलो हुनुका अतिरिक्त भौगोलिक बिकटता, गरिवी, स्रोत तथा साधनको अपर्याप्तता आदि रहेका छन् । गाउँपालिकाबाट बाहिर तीव्रगतिमा बसाइ सराई हुँदै गइ रहेकोले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून हुँदै गएको छ । हालसम्म शिक्षण सिकाईमा शैक्षिक सामग्रीको पूर्ण रूपमा निर्माण तथा उपयोग हुन सकेको छैन भने आधुनिक सूचना प्रविधि पुरै प्रयोगमा आइ सकेको पनि छैन । स्थानीय आवश्यकता अनुसारको विद्यालयको अनुगमन तथा मुल्यांकनमा पर्याप्त ध्यान दिन नसक्दा शिक्षकको नियमितता र शिक्षण प्रक्रिया प्रभावकारी हुन सकेको छैन । सिकाई उपलब्धी विश्लेषण र कार्यान्वयमा कमी रहेको छ । स्थानीय शैक्षिक संस्थामा जनविश्वासको कमीका कारण गुणस्तरीय शिक्षाका लागि गाउँपालिका बाहिरका निजी शैक्षिक संस्थाप्रतिको परनिर्भरता कायमै रहेको छ । उच्च शिक्षाका लागि क्याम्पस र प्राविधिक शिक्षाका लागि विद्यालयमा प्राविधिक धारको आवश्यकतालाई पूर्वरूपमा कार्यान्वयनमा ल्याइ सकेको अवस्था छैन । कतिपय वडाहरूमा विद्यालयका भवनहरू जिर्ण र पहिरोको जोखिममा रहेका छन् । दलित जातिका वालवालिकाहरूको विद्यालय उपस्थिति दर पूर्ण हुन सकेको छैन । सानो उमेरमा विवाह गर्ने र उमेर वढ्दै गएपछि वजार र वैदेशिक रोजगारीमा

जाने क्रम रोकिएको छैन । निरक्षरता हटाउन सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षा प्रभावकारी हुन सकेका छैनन् । पूर्वाधारतर्फ वालमैत्री तथा अपांगमैत्री भवन, खेल मैदान, घेरवार र पक्की शौचालयको प्रयोगमा अझै सुधार गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

### ५.२.३ सम्भावना तथा अवसर

महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्त कृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहन मूलक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । जस्तै माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुनु, शिक्षासँगै रैथाने ज्ञान, सीप र प्रविधि उपयोग तथा विकासको प्रचुर सम्भावना बढेर जानू आदि । यो गाउँपालिका बागलुङ र म्याग्दी जिल्लाको बीच भागमा रहेकाले पनि यसलाई प्राविधिक धारको शैक्षिक केन्द्रको रूपमा विकास गर्न सकिने बलियो सम्भावना रहेको छ ।

स्थानीय पाठ्क्रम र शैक्षिक क्यालेण्डर तयारी तथा कार्यान्वयन हुनु, प्राविधिक तथा व्यावसायिक सीप प्रति युवाको आकर्षण बढ्दै जानू, विद्यालय र विद्यार्थी प्रति अभिभावक बढी जागरूक हुनु, आधारभूत शिक्षामा सबैको पहुँच विस्तार हुँदै जानु, समृद्धिका मुख्य सम्बाहकका रूपमा रहेका पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, आदि क्षेत्रमा विकास हुँदै जानू आदिलाई शिक्षा क्षेत्रको विकासको लागि बलियो अवसरका रूपमा लीन सकिन्छ ।

### ५.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सबैका लागि गुणस्तरीय, प्राविधिक र व्यावसायिक शिक्षामा सहज पहुँचको प्रत्याभूति गर्ने ।

**उद्देश्य**

१. शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।
२. सबैका लागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा जोड दिनु।
४. शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।
५. संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु ।

**रणनीति र कार्य नीति**

तालिका ५७: शिक्षाका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| उद्देश्य १: शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु । | |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| १.१ः विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संस्थागत विकास गर्ने । | १. गाउँपालिकाको शिक्षा नीतिको तर्जुमा,ऐन नियमावली तथा योजनाको पुनरावलोकन गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>२. गाउँपालिकाका सबै विद्यालयहरूलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास गरी गाउँपालिकाको नेटवर्कमा रहने गरी एकद्वार पद्धतिबाट सञ्चालन गरिनेछ ।<br>३. उत्कृष्ट शिक्षक, कर्मचारी र अभिभावकलाई वार्षिक रूपमा पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ ।<br>४. विद्यालयहरूमा अन्तर-विद्यालय भ्रमण तथा सिकाइ आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. गुणस्तरीय सिकाइ मापदण्ड/ढाँचा (पाठ्यक्रम, विद्यालयको सिकाइ वातावरण, शिक्षक, शिक्षण सिकाइ सामग्री, शिक्षण विधि, परीक्षा र मूल्याङ्कन, अनुगमन मूल्याङ्कन आदि) तयार गरी कार्यान्वयन गरिनेछ ।<br>६. विद्यालयको शिक्षण सिकाइमा समय र गुणस्तर बढाउन विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको विकास गरिनेछ ।<br>७. विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ ।<br>८. महिला शिक्षक सुत्केरी विदामा रहँदा स्वयमसेवक वा सट्टा-शिक्षकको व्यवस्था गरिनेछ।<br>९. जनजातिको वर्चस्व भएको विद्यालयमा प्रारम्भिक कक्षा मातृभाषामा शिक्षण गर्नका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र पाठ्यक्रम विकास केन्द्रको विद्यमान पाठ्यक्रम अनुसार हुने गरी स्थानीय पाठ्यक्रम र पाठयपुस्तकको विकास गरिनेछ।<br>१०. विद्यार्थी अनुपातका आधारमा सबैलाई सहज हुने गरी विद्यालय मर्ज गर्ने र सवारीका साधन तथा आवास सहित एक वडा एक भौतिक पूर्वाधार विकास सहितको नमुना विद्यालय निर्माण गर्ने नीतिमा जोड दिइनेछ । |
| १.२ः गुणस्तरीय शिक्षाको लागि तालिमको संस्थागत विकास गर्ने । | १. स्थानीय आवश्यकताको आधारमा तालिम पाठ्यक्रमको मोडयुल बनाई विज्ञ प्रशिक्षकद्वारा तालिम सञ्चालन गरिनेछ ।<br>२. बालविकास केन्द्रका शिक्षक र आधारभूत तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा/बहुवर्ग शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>३. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ।<br>४. प्राविधिक तथा व्यावसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बन्न तालिम दिँदै पेशागत दक्षता बढाइनेछ । |
| **उद्देश्य २ः सबैकालागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।** | |
| २.१ः सबै नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्ने । | १. अभिभावक विहीन बालबालिकाको उच्च शिक्षा सम्मको जिम्मेवारी गाउँपालिकाले लिने प्रबन्ध मिलाइनेछ ।<br>२. दुर्गम बस्तीका विद्यालयलाई आवासीय विद्यालयका रूपमा रुपान्तरण लागि आवश्यक पहल गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | ३. आवश्यक परेको ठाउँमा स्कुलबसको व्यवस्था समेत गरिनेछ ।<br>४. पालिका/वडा शिक्षा समिति गठन र क्रियाशील गर्दै विद्यालय शिक्षामा पहुँच नपुगेकाको तथ्याङ्क सङ्कलन गरी पहुँच सुनिश्चित गरिनेछ ।<br>५. नियमित रूपमा विद्यालयमा छोराछोरी पठाउने अभिभावकलाई सम्मान गरिनेछ ।<br>६. गरिब तथा आर्थिक रूपमा विपन्न बालबालिकालाई पोशाक, शैक्षिक सामग्री तथा खाजा भत्ताको व्यवस्था गरिनेछ ।<br>७. पालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा व्यवसाय कार्यमा आर्थिक स्थिति कमजोर भएका अभिभावकलाई सहभागी गराई शिक्षाका लागि रोजगारी अभियान सञ्चालन गरिनेछ । |
| २.२ः दलित, अपाङ्गता भएका, विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्ने । | १. दलित, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित समुदायका बालबालिकाको पहिचान गरी उच्च शिक्षा सम्म निःशुल्क गर्न तथा छात्रवृत्ति प्रदान गर्नका लागि सिफारिस गरिनेछ ।<br>२. दृष्टिविहिनलाई ब्रेल लिपी तथा कान सुन्न नसक्नेलाई सांकेतिक भाषामा निःशुल्क शिक्षाको लागि जिल्ला भित्रकै स्रोत कक्षाहरूमा सिफारिस गरिनेछ भने अन्य अपाङ्गता भएका बालबालिकाहरूलाई स्रोत कक्षाको खोजी गरी शिक्षाको हक सुनिश्चित गरिनेछ।<br>३. विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोषको स्थापना गरिनेछ ।<br>४. विद्यालय जान नसक्ने अपाङ्गता भएका बालबालिकाका लागि घरमै पढाउने र अभिभावक शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।<br>५. ब्रेललिपि तथा साङ्केतिक भाषाको तालिम माग भई आएमा उचित व्यवस्थापन गरिनेछ।<br>६. अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माण गरिनेछ । |
| २.३ः अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने । | १. औपचारिक शिक्षामा निरन्तरता दिन नसक्ने बालबालिका तथा नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न खुल्ला तथा वैकल्पिक शिक्षा/ विद्यालयको व्यवस्था गरिनेछ ।<br>२. औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नागरिकलाई मागमा आधारित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।<br>३. एक विद्यालय एक पुस्तकालय तथा एकवडा—एक सार्वजनिक पुस्तकालयको नीति बनाई सूचनामाथिको पहुँच र पढ्ने बानिको विकास गरी सबैका लागि आजीवन सिकाइको वा जीवन पर्यन्त सिकाइको अवसर प्रदान गरी दिगो विकासको चौथो लक्ष्य पुरा गर्न सहयोग गरिनेछ।<br>४. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकाधिक प्रयोग हुने गरी शिक्षाको वैकल्पिक माध्यमका रूपमा विषयगत विज्ञको नमूना कक्षाको प्रशारण सामाजिक सञ्जाल तथा स्थानीय टेलिभिजन र एफएम मार्फत् गर्ने व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३ः प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिनु ।** | |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **३.१:** आधारभूत तहमा प्राविधिक तथा व्यावसायिक सीप प्रवर्द्धन गर्ने । | १. आधारभूत तहमा व्यावसायिक सीप प्रदान गर्न स्थानीय पाठ्यक्रममा यस सम्बन्धी विषयवस्तु समावेश गरिनेछ ।<br>२. विद्यालय शिक्षामा निर्वाह मुखी सीपलाई एकीकृत रूपमा समावेश गरिनेछ । |
| **३.२:** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँचमा गुणस्तरीयता तथा उपयोगितामा वृद्धि गर्ने । | १. पालिकामा प्राविधिक जनशक्तिको अवस्थाबारे अध्ययन गरी आवश्यक विद्यालयमा स्थानीय आवश्यकता अनुसारका ९—१२ को प्राविधिक धार सञ्चालन गरिनेछ ।<br>२. सबै विद्यालयमा कम्प्युटरको ल्यावको व्यवस्था गर्दै इन्टरनेटको पहुँच सुनिश्चित गरिनेछ ।<br>३. विद्यालयमा प्रयोगात्मक कक्षाका लागि विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ ।<br>४. माध्यामिक तह (कक्षा ११—१२) अध्यापन गर्ने सामुदायिक विद्यालयको स्तर उन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ४: शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।** | |
| **४.१:** उच्च स्तरको जनशक्ति उत्पादनको व्यवस्था गर्ने । | १. गाउँपालिकाको आवश्यकताको पूर्ति तथा शैक्षिक विकासका लागि बहुसंकाय क्याम्पस स्थापनाको पहलका लागि समन्वय सम्भाव्यता अध्ययन गरिनेछ ।<br>२. उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न गाउँपालिकाभित्र प्राविधिक धार सञ्चालित विद्यालयलाई पोलीटेक्नीकल शिक्षालयमा स्तरवृद्धि गरिनेछ । |
| **४.२:** विद्यालयको पूर्वाधार निर्माण गर्ने । | १. वालविकास केन्द्रको पूर्वाधार मापदण्ड अनुसार तयार गरिनेछ।<br>२. विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ।<br>३. प्रत्येक विद्यालयमा छात्र र छात्राका लागि छुट्टा-छुट्टै सुरक्षित तथा स्वस्थकर शौचालयको व्यवस्था गरिनेछ।<br>४. प्रत्येक विद्यालयमा खेल मैदानको व्यवस्था गरिनेछ ।<br>५. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको व्यवस्था गरिनेछ। |
| **उद्देश्य ५: संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाइनेछ ।** | |
| **५.१:** संस्थागत तथा निजी विद्यालयहरूको नियमन गरी सेवामुलक बनाउने । | १. नयाँ विद्यालयहरूको अनुमति दिँदा शैक्षिक गुठीको रूपमा मात्र अनुमति दिने व्यवस्था मिलाइनेछ।<br>२. संस्थागत विद्यालयहरूको नियमनका लागि मापदण्ड तयार गरी त्यसैको आधारमा शुल्क निर्धारण, वर्गीकरण, अनुगमन गरी सेवामूलक बनाइनेछ । |
| **५.२:** सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गरी प्रतिस्पर्धी बनाउने । | १. विद्यालयमा विषयगत शिक्षकद्वारा मात्रै शिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।<br>२. अंग्रेजी र नेपाली दुवै माध्यमबाट ऐच्छिक रूपमा सबै कक्षामा सञ्चालन गरिनेछ ।<br>३. अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न चाहने विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ ।<br>४. कमजोर बालबालिकालाई सुधारात्मक शिक्षण गरी सिकाइ स्तरको वृद्धि गरिनेछ ।<br>५. आवश्यक तालिम दिई बालविकास सम्बन्धी सिकाइ सामग्रीहरूको उत्पादन बालविकास केन्द्रमा नै गर्ने व्यवस्था गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | ६. विद्यालयहरूको शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या तथा भौगोलिकता आदिका आधारमा पुन नक्साङ्कन गरी आवश्यकता अनुसार मर्जिङ् गरिनेछ । |

## ५.२.५ कार्यक्रम तथा आयोजना

### तालिका ५८: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | डिजिटल कक्षा सञ्चालन तथा प्रवर्द्धन कार्यक्रम । | एकमुस्ट | | | २००० | २००० | २५०० | ३००० | ५००० | १४५०० | ३.६० |
| | विद्यातलको भौतिक पूर्वाधार निर्माण एवम् मर्मत सम्भार कार्यक्रम (भवन, खेल मैदान, तार वार) | एकमुस्ट | | | ५००० | ५००० | ५००० | | | १५००० | ३.७२ |
| | विद्यालयहरूमा पक्की शौचालय र स्वच्छ खानेपानीको व्यवस्थापन कार्यक्रम | एकमुस्ट | | | ५००० | ५००० | ५००० | | | १५००० | ३.७२ |
| | शिक्षकहरूको क्षमता अभिवृद्धि कार्यक्रम । | पटक | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.२४ |
| | स्थानीय (प्राथमिक तह) मा पाठ्यक्रमको पुनरावलोकन साथै बाँसखर्क, लेकफाँट, शालिजा र बनौमा मगर भाषामा प्रशिक्षण कार्यक्रम । | एकमुस्ट | | | ३०० | ५०० | ५०० | ५०० | ५०० | २३०० | ०.५७ |
| | गाउँपालिका स्तरीय स्मार्ट डिजिटल सार्वजनिक पुस्तकालय निर्माण कार्यक्रम | सङ्ख्या | | १ | | | ५०० | ३००० | ५००० | ८५०० | २.११ |
| | विद्यार्थी सख्यको आधारमा शिक्षक व्यवस्थापन कार्यक्रम (स्वयम् सेवक शिक्षक, दरबन्दी मिलान,) | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.२४ |
| | प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि विद्यालयहरूको रूपान्तरण कार्यक्रम । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.२४ |
| | **शिक्षा, विज्ञान तथा नवप्रर्वतनको जम्मा** | | | | **१३३००** | **१३५००** | **१४०००** | **६५००** | **८५००** | **५५८००** | **१३.८५** |

### तालिका ५९: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू.हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | डिजिटल कक्षा सञ्चालन तथा प्रवर्द्धन कार्यक्रम । | एकमुस्ट | | | १४५०० | | | ४ | २ | ६ | २ | ३ |
| | विद्यातलको भौतिक पूर्वाधार निर्माण एवम् मर्मत सम्भार कार्यक्रम (भवन, खेल मैदान, तार वार) । | एकमुस्ट | | | १५००० | | | ४ | २ | ६ | २ | ३ |
| | विद्यालयहरूमा पक्की शौचालय र स्वच्छ खानेपानीको व्यवस्थापन कार्यक्रम | एकमुस्ट | | | १५००० | | | ४ | २ | ६ | १ | ३ |
| | शिक्षकहरूको क्षमता अभिवृद्धि कार्यक्रम । | पटक | | ५ | ५००० | | | ४ | २ | ६ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू.हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय (प्राथमिक तह) मा पाठ्यक्रमको पुनरावलोकन साथै बाँसखर्क, लेकफाँट, शालिजा र बनौमा मगर भाषामा प्रशिक्षण कार्यक्रम । | एकमुस्ट | | | २३०० | | बाँसखर्क, लेकफाँट, शालिजा र बनौ | ४ | २ | ६ | ३ | ३ |
| | गाउँपालिका स्तरीय स्मार्ट डिजिटल सार्वजनिक पुस्तकालय निर्माण कार्यक्रम | सङ्ख्या | | १ | ८५०० | | | ४ | २ | ६ | २ | ३ |
| | विद्यार्थी सख्यको आधारमा शिक्षक व्यवस्थापन कार्यक्रम (स्वयम् सेवक शिक्षक, दरबन्दी मिलान,) । | एकमुस्ट | | | ५००० | | | ४ | २ | ६ | ३ | ३ |
| | प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि विद्यालयहरूको रूपान्तरण कार्यक्रम । | एकमुस्ट | | | ५००० | | | ४ | २ | ६ | ३ | ३ |
| | **शिक्षा, विज्ञान तथा नवप्रर्वतनको जम्मा** | | | | **५५८००** | | | | | | | |

## ५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ६०: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन भएको हुनेछ । | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ८९.९ | ९१ | ९२ | ९३ | ९४ | ९५ | ९५ | गाउँपालिका प्रोफाइल, शिक्षा शाखा, वार्षिक प्रतिवेदन, EMIS Flash Report |
| | | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ८२ | ८४ | ८६ | ८८ | ९० | ९२ | ९२ | |
| | | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९८ | ९८ | ९८ | ९९ | ९९ | १०० | १०० | |
| **असर** | गाउँपालिका को शैक्षिक सूचकाङ्कमा उल्लेख्य सुधार भएको हुनेछ । | बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर | प्रतिशत | ९५ | ९८ | ९८ | ९९ | ९९ | १०० | १०० | |
| | | विद्यालय शिक्षा (१-१२) को भर्नामा लैङ्गिक समता | महिला प्रति सय पुरुष | १०४ | १०४ | १०३ | १०२ | १०१ | १०० | १०० | |
| | | उच्च शिक्षामा कुल भर्ना दर | प्रतिशत | ७.८ | १० | १५ | १८ | २० | २५ | २५ | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | | माध्यामिक तह (९-१२) मा खुद भर्ना दर | प्रतिशत | ४७ | ५० | ५५ | ६० | ६५ | ७० | ७० | |
| | | माध्यामिक तह (९-१२) मा कुल भर्ना दर | प्रतिशत | ५८ | ६० | ६५ | ७५ | ८२ | ९० | ९० | |
| | | आधारभूत तह (१-८) मा कुल भर्ना दर | प्रतिशत | १०२.७ | १०३ | १०३ | १०३ | १०३ | १०३ | १०३ | |
| | | आधारभूत तह (१-८) मा खुद भर्ना दर | प्रतिशत | ९५ | ९६ | ९६ | ९८ | ९९ | १०० | १०० | |
| प्रतिफल | विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) न्यून हुनेछ । शिक्षक विद्यार्थी अनुपात आवश्यकता अनुरूप व्यवस्थापन भएको छ | आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | प्रतिशत | २ | १ | ० | ० | ० | ० | ० | |
| | | उच्च शिक्षाको भर्नामा लैङ्गिक समता | महिला प्रति सय पुरुष | १०१ | १०१ | १०० | १०० | १०० | १०० | १०० | |
| | | विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) | प्रतिशत | ५ | ४ | ३ | २ | १ | ० | ० | |
| | | विद्यालय शिक्षा (१-१२) शिक्षक- विद्यार्थी अनुपात | अनुपात | २२ | २२ | २१ | २१ | २० | २० | २० | |
| | प्राविधिक र व्यावसायिक विद्यालय को स्तर उन्नति भएको हुनेछ । | प्राविधिक धारको विद्यालय सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | २ | २ | २ | |
| | | प्राविधिक शिक्षालयमा अध्ययन रत विद्यार्थी सङ्ख्या | सङ्ख्या | ३८ | ४० | ४५ | ५० | ८० | १०० | १०० | |
| | | प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेका विद्यालयहरू | सङ्ख्या | १ | १ | १ | १ | २ | २ | २ | |
| | विद्यालयहरूको गुणात्मक परिवर्तन भएको हुनेछ । | स्नातक तहको पढाइ हुने कलेज | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | १ | |
| | | स्नातक तहको विद्यार्थी | सङ्ख्या | ० | ० | ० | ० | ० | ५० | ५० | |
| | | बाल क्लब गठन भएका विद्यालय | सङ्ख्या | १६ | २० | २५ | ३० | ३५ | ३५ | ३५ | |
| | | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | ८ | १० | १२ | १४ | १४ | १४ | १४ | |
| | शिक्षामा सबैको पहुँच सुनिश्चित भई समुदायको शैक्षिक स्तर माथि उठेको हुनेछ । | विज्ञान प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | ५ | ८ | १० | १२ | १४ | १४ | १४ | |
| | | इन्टरनेट सुविधा भएका विद्यालय | सङ्ख्या | ४२ | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | |
| | | शिक्षक विद्यार्थी अनुपात | अनुपात | १:२० | २० | १८ | १६ | १४ | १३ | १:१३ | |
| | | छात्रा मैत्री विद्यालय | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | |
| | | अपाङ्गता मैत्री विद्यालय | सङ्ख्या | ० | २ | ४ | ६ | ८ | १० | १० | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | सामुदायिक र संस्थागत तहबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा रहेको अन्तर घटेको हुनेछ । विपन्न वर्ग तथा दलित विद्यार्थीलाई उच्च शिक्षा गाउँपालिका बाट छात्रवृत्ति प्रदान हुनेछ र पालिका मा प्राविधिक जनशक्तिको आपूर्ति सहज हुनेछ । | आवासीय विद्यालय | सङ्ख्या | ० | ० | ० | १ | २ | ३ | ३ | |
| | | माध्यामिक शिक्षा कक्षा(११-१२) सञ्चालित सामुदायिक विद्यालय | सङ्ख्या | ४ | ४ | ५ | ५ | ६ | ६ | ६ | |
| | | सामुदायिक विद्यालय | सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | |
| | | संस्थागत विद्यालय | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| | | प्राविधिक विषयमा अध्ययन रत दलित छात्रवृत्ति प्राप्त विद्यार्थी | सङ्ख्या | २ | २ | २ | २ | २ | ३ | ३ | |
| | | प्राविधिक विषयमा अध्ययन रत विपन्न छात्रवृत्ति प्राप्त विद्यार्थी | सङ्ख्या | ३ | १० | २० | २० | २० | ३० | ३० | |

### ५.२.७ अनुमान तथा जोखिम पक्ष

**शिक्षा क्षेत्रको गुणस्तरमा वृद्धि हुने, प्राविधिक धारको अध्ययन अध्यापनमा वृद्धि हुने, शिक्षा क्षेत्रमा तीनै तहको सरकारको प्राथमिकतामा परेको हुनुको साथै थप लगानीमा वृद्धि तथा अनुगमन प्रभावकारी भएको हुने ।**

क. ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा भइरहेको तीव्र बसाइ सराइले ग्रामीण क्षेत्रमा मानव शक्तिको अभाव खट्किन सक्छ ।

ख. ठूला ठूला महामारीका रोगहरू फैलिएमा शैक्षिक गतिविधिहरू सुचारु नहुन सक्छन् ।

ग. राजनैतिक वा अन्य कारण सिर्जना हुन सक्ने आम हडताल, आन्दोलन, नेपाल बन्द, सडक जाम आदि विशेष अवस्था सिर्जना भएमा शिक्षाका कार्यक्रम नियमित नुहन सक्छन् ।

घ. शिक्षाको गुणस्तरमा युग सुहाउँदो वृद्धि हुन नसके विज्ञान तथा सिर्जनात्मक ज्ञानको विस्तारमा कठिनाइ हुन सक्छ ।

ङ. सीप मूलक व्यावसायिक तथा प्रविधि मैत्री शिक्षा विस्तार हुन नसके युवा विदेशिने दरमा वृद्धि हुन सक्छ

च. भूकम्प, बाढी पहिरो, ठूलो वर्षा, हुरी बतास आदि कारणले शैक्षिक पठन पाठनमा नियमितता नुहन सक्छ

छ. शैक्षिक हडताल, वातावरणमा आउन सक्ने प्रतिकूल परिवर्तन आदि कारणले पनि शिक्षामा चुनौती आउन सक्छ ।

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा पार्ने बहु आयामिक प्रभावलाई दृष्टिगत गरी यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ । दिगो विकास लक्ष्यले समेत खानेपानी तथा सरसफाइ सम्बन्धी स्पष्ट लक्ष्य निर्धारण गरेको छ । खुला दिशा मुक्त क्षेत्र घोषणा भइ सकेको यस गाउँपालिकामा **एक घर, एक धारा** तथा सबै पक्की शौचालय निर्माणमा जोड दिइएको छ । फोहोर व्यवस्थापनका लागि गाउँपालिका स्तरबाट पहल गरिएको छ । खानेपानी र सरसफाइ आम नागरिकका आधारभूत आवश्यकता हुन् । यी मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका क्षेत्रहरू समेत हुन् । नेपालको संविधान को भाग ३ को धारा ३५ (४) अनुसार प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । त्यसैगरी नेपाल सरकारको तत्कालीन सहरी विकास मन्त्रालयले राष्ट्रिय खानेपानी तथा सरसफाइ नीति २०१४ मा खानेपानी र सरसफाइलाई जनस्वास्थ्यको प्रवर्द्धनको लागि अपरिहार्य आधारको रूपमा लिएको छ । यसैगरी नेपाल जनस्वास्थ्य ऐन २०७५ को धारा ४१ मा सङ्घीय कानुनको मातहतमा रहेर मानव स्वास्थ्यलाई हानी पुऱ्याउने प्रदूषण रोक्न सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आवश्यक नियमावली बनाउन सक्ने र लागू गर्न सक्ने व्यवस्था गरेको छ

२०७८ सालको राष्ट्रिय जनगणनामा उल्लिखित तथ्याङ्क अनुसार गाउँपालिकामा जम्मा घर धुरी ५९६१ मध्ये मूलको पानी पाइप धाराबाट उपयोग गर्ने घर धुरी २८३२ (४७.५०%), रहेका छन् भने मूल बाहिरको स्रोतको पानी पाइप धाराबाट उपयोग गर्ने घर धुरी २७८१ (४६.६५%), रहेका छन् । ढाकिएको कुवा इनारको प्रयोग गर्ने  घर धुरीहरू ४ (०.०६७%), नढाकिएको कुवा इनार प्रयोग गर्ने घर २४ (०.४०%) , नलि टुटीको प्रयोगबाट ३०७ घर (५.१५%), खोला तथा नदीबाट उपयोग गर्ने घर ४ (०.०६७%), जार बोतलबाट १ घर र अन्यबाट ८ घर (०.१३%) ले खानेपानी प्रयोग गर्दै आएका छन् ।

### ५.३.२ समस्या तथा चुनौती

स्वच्छ, सफा तथा व्यवस्थित पिउने पानीको लागि सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका अतिरिक्त गैर सरकारी र निजी क्षेत्रबाट समेत निरन्तर रूपमा प्रयासहरू हुँदै आएका छन् । ग्रामीण क्षेत्रमा खानेपानीको लागि उपभोक्ताहरूले दिगो योजना माग नगरी खाली पाइप मात्र माग गर्ने र गाउँपालिकाले पाइप वितरण गर्ने विकासको ढाँचा अहिलेको दिगो विकासको लागि सबैभन्दा ठूलो समस्या बनेर देखिएको छ । यस्तो

प्रकारको वितरण मुखी विकासे मोडेलका कारण खानेपानीको क्षेत्रमा योजनाले दिगो रूप लीन सकेको छैन । खानेपानीका आयोजनामा स्थानीय समुदायको अपनत्वको कमी र सरसफाइ जन्य परम्परागत व्यवहारका कारण आशातीत सुधार हुन सकेको छैन । मानिसहरूको जमघट हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालयको कमी रहेको छ । स्वच्छ तथा सुरक्षित खानेपानीको व्यवस्था हुन सकेको छैन भने सुक्खा याममा कतिपय बस्तीमा खानेपानीको अभाव हुने गरेको छ ।

सरसफाइ सम्बन्धी आनीबानी कमजोर हुनुका साथै यस क्षेत्रमा घरमै फोहोर वर्गीकरण गरी व्यवस्थापन गर्ने  अभ्यास भइसकेको छैन । मुख्य बजारहरूमा प्लास्टिक तथा सिसा जन्य फोहोरको व्यवस्थापन हुन नसक्दा वातावरणीय प्रदूषण बढ्दै गएको छ । साथै बजार केन्द्रहरूमा समेत सडक नाली र ढल सुविधा उपलब्ध रहेको छैन । सार्वजनिक शौचालयमा साबुन, पानी आदिको नियमित व्यवस्थापन हुन सकिरहेको छैन । पहिरोको कारण वर्षै पिच्छे खानेपानीका मूल तथा पाइपहरूमा क्षति हुँदै गइरहेको छ । खानेपानीका मुहानहरू बस्ती भन्दा टाढा हुनु, पाइपलाई मापदण्ड अनुसार जमिनमुनि नपुर्नु, कमजोर पाइप प्रयोग गर्नु मर्मत सम्भारमा उपभोक्ताको चासो कम हुनु, खानेपानीका पाइपहरू ठूला भिर पाखा तथा खोला खोल्सी हुँदै धारासम्म ल्याउनु, मर्मत सम्भार कोष र समितिको व्यवस्थापनमा कम ध्यान दिनु, आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ५.३.३ सम्भावना तथा अवसर

गाउँपालिकामा जलस्रोत समिति गठन भई सक्रिय हुनु, आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, बस्ती नजिकै पानीका स्रोतहरू (स्थानीय खोला र मूल) को उपलब्धता रहनु, भूमिगत प्रणालीबाट खानेपानी सुविधा पुर्‍याउन सकिने प्रविधिको विकास हुनु तथा खोला तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु यस गाउँपालिकामा खानेपानी तथा सरसफाइ प्रवर्द्धनका अवसरहरू हुन् ।

### ५.३.४ उपक्षेत्र गत लक्ष्य,  उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा पूर्ण आनीबानी परिवर्तन सहितको समुदाय निर्माण गर्ने ।

**उद्देश्य**

१. आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।
२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।

३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यस्थापन गर्नु ।

## रणनीति र कार्यनीति

तालिका ६१: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।** | |
| १.१: पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने | १. विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ ।<br>२. खानेपानीका स्रोतहरूको खोजी तथा संरक्षण गरिनेछ।<br>३. "एकघर एक धारा" कार्यक्रम निरन्तर लागु गरिनेछ ।<br>४. आधारभूत खानेपानीको पहुँच वृद्धिको लागि वडा स्तरमा विभिन्न ठाउँमा पानी ट्यांकीको सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>५. नयाँ संरचनाको लागि आवश्यक जग्गाको व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य २: गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।** | |
| २.१: आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने । | १. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ ।<br>२. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाको लागि संरचना निर्माण गरिनेछ ।<br>३. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ ।<br>४. निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ ।<br>५. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३: प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यस्थापन गर्नु ।** | |
| ३.१: प्रत्येक घर परिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने । | १. निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ।<br>२. घरबाट उत्पादन हुने अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रसिक्षणको व्यवस्था गरिनेछ ।<br>३. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहर मैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ ।<br>४. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ।<br>५. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ ।<br>६. सरसफाइ सम्बन्धी जन चेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>७. पूर्ण आनीबानी परिवर्तन सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ । |

### ५.३.५ कार्यक्रम तथा आयोजना

तालिका ६२: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | एक घर एक धारा कार्यक्रम कार्यान्वयन । | एकमुस्ट | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ६.२१ |
| | खानेपानीका स्रोतहरूको संरक्षण र सम् वर्द्धन । | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १.८६ |
| | लिफ्ट तथा वर्षे पानी सङ्कलन केन्द्रको निर्माण । | एकमुस्ट | | | ५०० | २००० | ३००० | ५००० | १०००० | २०५०० | ५.०९ |
| | खानेपानी उपभोक्ता संस्थाहरूको संस्थागत विकास । | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.६२ |
| | पानीका स्रोतहरू वृद्धि हुने प्रकृतिका बोट बिरुवाहरूको वृक्षारोपण । | सङ्ख्या | | ५००० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.६२ |
| | **खानेपानी तथा सरसफाइको जम्मा** | | | | **८०००** | **९५००** | **१०५००** | **१२५००** | **१७५००** | **५८०००** | **१४.४०** |

तालिका ६३: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थान गत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिगाल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | एक घर एक धारा कार्यक्रम कार्यान्वयन । | एकमुस्ट | | | २५००० | सङ्घ | सबै वडा | ६ | ५ | ५ | २ | १ |
| | खानेपानीका स्रोतहरूको संरक्षण र सम्वर्द्धन । | एकमुस्ट | | | ७५०० | प्रदेश | सबै वडा | ६ | ५ | ५ | २ | १ |
| | लिफ्ट तथा वर्षे पानी सङ्कलन केन्द्रको निर्माण । | एकमुस्ट | | | २०५०० | सङ्घ | | ६ | ५ | ५ | २ | १ |
| | खानेपानी उपभोक्ता संस्थाहरूको संस्थागत विकास । | पटक | | ५ | २५०० | पालिका | सबै वडा | ६ | ५ | ५ | २ | २ |
| | पानीका स्रोतहरू वृद्धि हुने प्रकृतिका बोट बिरुवाहरूको वृक्षारोपण | सङ्ख्या | | ५००० | २५०० | पालिका | सबै वडा | ६ | ५ | ५ | ३ | १ |
| | **खानेपानी तथा सरसफाइको जम्मा** | | | | **५८०००** | | | | | | | |

### ५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ६४: खानेपानी तथा सरसफाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | पालिका क्षेत्रमा सर्व सुलभ र गुण स्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार हुनेछ । | आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० | गाउँ प्रोफाइल, प्राविधिक शाखा, सम्वन्धित शाखाको प्रतिवेदन |
| | | स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ८० | ८२ | ८५ | ८८ | ९२ | ९५ | ९५ | |
| | | शौचालय भएका घरपरिवार | प्रतिशत | ९२ | ९५ | ९९ | १०० | १०० | १०० | १०० | |
| **असर** | आधारभूत खानेपानीको पहुँच हरेक टोल समुदायलाई हुनेछ । | पाइपद्वारा वितरित पानी उपयोग गर्ने परिवार | प्रतिशत | ७८ | ८२ | ८५ | ८८ | ९२ | ९५ | ९५ | |
| | | खानेपानीको मुहान संरक्षण | सङ्ख्या | १२ | १५ | २० | २५ | ३० | ३५ | ३५ | |
| **प्रतिफल** | आधारभूत सरसफाइमा सुधार गरी समुदायलाई प्रदूषण मुक्त बनाउन सकिनेछ । | सेप्टी टयांकी सहितको शौचालय भएको परिवार | प्रतिशत | ७० | ७२ | ७५ | ८० | ८५ | ९५ | ९५ | |
| | | साधारण शौचालय भएको परिवार | प्रतिशत | ३० | २३ | २० | १८ | १५ | ५ | ५ | |
| | | सार्वजनिक शौचालय | सङ्ख्या | ० | १ | १ | २ | ३ | ३ | ३ | |
| | संक्रामक रोगको फैलावटमा कमी आउनेछ । | जोखिम युक्त अवस्थामा साबुन पानीले हात धुने | प्रतिशत | ५५ | ६० | ६५ | ७० | ७८ | ८५ | ८५ | |
| | | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरघरी | प्रतिशत | २० | २२ | २४ | २६ | २८ | ३० | ३० | |

### ५.३.७ अनुमान तथा जोखिम पक्ष

**खानेपानीको स्रोतहरूमा वृद्धि भएको हुने, सरसफाइ जन चेतनामा वृद्धि भएको हुने, फोहोर मैला र वातावरण प्रति जन चेतना वृद्धि भएको हुने, फोहोर मैला व्यवस्थापनमा गाउँपालिका ले थप लगानी गरेको हुने ।**

क. पानीका मूलहरूको उचित संरक्षणको अभावमा स्वच्छ खानेपानीको आपूर्तिमा समस्या आउन सक्छ ।

ख. ठूलो वर्षा, बाढी पहिरो, भूकम्प आदि प्राकृतिक प्रकोपको कारण खानेपानीका संरचनाहरू भत्किन गइ खानेपानीको आपूर्तिमा समस्या आउन सक्छ ।

ग. समयमा बजेट निकासा हुन नसकेमा खानेपानीसँग सम्बन्धित योजना/आयोजनाहरू सम्पन्न हुन नसकि खानेपानी व्यवस्थापनमा कठिनाइ आउन सक्छ ।

घ. महामारीका रोगहरूको सङ्क्रमणले सरसफाइमा चुनौती थपिन सक्छ ।

ङ. भविष्यमा आउन सक्ने प्राकृतिक प्रकोपका कारण सरसफाइका कार्यक्रमहरू सञ्चालनमा सहज नुहुन सक्छ ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

आर्थिक-सामाजिक जीवनमा महिलालाई पुरुष सरह बनाउने, लैङ्गिक हिंसा तथा घरेलु हिंसा घटाउने, महिलाहरू बीच जातीय, क्षेत्रीय र वर्गीय विभेद समाप्त पार्ने, ग्रामीण महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम सञ्चालनमा ल्याउने र बाल-विवाह, दाइजो प्रथा, छाउपडी र बोक्सी जस्ता कुरीति जन्य व्यवहार अन्त्य गर्ने दिशामा राज्य प्रतिबद्ध रहेको छ ।

नेपालको संविधानको प्रस्तावना सहित धेरै धाराहरू समावेशी व्यवस्थाको लागि खर्चिएको छ । संविधानको धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा ३८ महिलाको हक, धारा ३९ बालबालिकाको हक, धारा ४० दलितको हक, धारा ४१ ज्येष्ठ नागरिकको हक, धारा ४३ सामाजिक सुरक्षाको हक लगायतका हकका बारेमा व्यवस्था गरिएको छ । त्यसैगरी संविधानको धारा २५२ राष्ट्रिय महिला आयोग, धारा २५५ राष्ट्रिय दलित आयोग, धारा २५८ राष्ट्रिय समावेशी आयोग, धारा २६१ आदिवासी जनजाति आयोग, धारा २६२ मधेशी आयोग, धारा २६६ थारू आयोग र धारा २६४ मुस्लिम आयोग गरी धेरै आयोगहरू समेतको व्यवस्था भएकोले यो संविधानलाई समावेशीको दृष्टिले विश्वमै उत्कृष्ट संविधान मानिन्छ । समावेशी कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ। नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महा सन्धि, १९७९ को अनुमोदन तथा दिगो विकासका लक्ष्य नं. ५ मा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ । महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रक्रियामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

२०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार गाउँपालिकाको कुल जनसङ्ख्या २१११९ रहेकोमा दलित (वि.क., परियार, मिजार) ६०३० जना (२८.५५%), मगर ४९६४ जना (२३.५०%), क्षेत्री ४३५८ जना (२०.६३%) बाहुन ३९९४ जना (१८.९१%), ठकुरी ५५० जना (२.६०%), मुसलमान १२२ जना (०.५७%), विदेशी ७७ जना (०.३६%) र बाँकी राई, तामाङ, यादव, लगायतका जातीहरू रहेका छन् । यो तथ्याङ्कबाट पनि यो गाउँपालिकामा सबैभन्दा बढी दलित जातीहरूको बसोबास रहेको प्रस्ट हुन्छ ।

गाउँपालिकाले सुरक्षित नागरिक आवास अन्तर्गत खरको छाना विहीन गाउँपालिका बनाउनको लागि जम्मा ११० खरका छाना टिनको छानामा रूपान्तरण गर्ने कार्य सम्पन्न गरेको छ । त्यसैगरी सामाजिक सुरक्षा भत्ता कार्यक्रम अन्तर्गत १२७० जना ज्येष्ठ नागरिक, ३०६ दलित ज्येष्ठ नागरिक, २७६ एकल महिला, ३२४ विधवा महिला, १७१ अपाङ्गता भएका व्यक्तिहरू र ४८८ दलित बालबालिका समेत जम्मा २८३५ जना लाभग्राहीहरूलाई बैंक मार्फत सामाजिक सुरक्षा बापतको भत्ता रकम उपलब्ध गराउँदै आएको छ ।

गाउँपालिकाभित्र अपाङ्गता भएका व्यक्तिहरू मध्ये ख र ग मा पर्ने वर्गलाई उनीहरूको आर्थिक अवस्था र शारीरिक अवस्था समेतका आधारमा कार्यक्रम तर्जुमा गर्न सकिन्छ भने ज्येष्ठ नागरिक, बालबालिका, दलित तथा अति विपन्न वर्गको हितको लागि अल्पकालीन तथा दीर्घकालीन कार्यक्रम तथा योजनाहरू तर्जुमा गरी विगत वर्षहरूदेखि नै कार्यान्वयनमा ल्याउन थालिएको छ ।

### ५.४.२ समस्या तथा चुनौती

स्थानीय सरकारमा लक्षित वर्गको लागि कार्य गर्ने लैससास समिति संस्थागत हुन सकेको छैन । गाउँपालिकामा दलित वर्गका लागि कति बजेट विनियोजन गर्ने भन्ने बारेमा गाउँसभाबाट स्पष्ट निर्णय हुन सकेको छैन । लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरू दिगो भन्दा पनि वितरण मुखी रहेका छन् । लक्षित वर्गको चौतर्फी हितका लागि नीति गत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न वर्गको सामाजिक तथा आर्थिक अवस्थामा उल्लेख्य सुधारहरू हुन सकेका छैनन् । वाल विवाह, लैङ्गिक हिंसा, दलित, विपन्न तथा वाल हिंसाका घटनाहरूको अन्त्य हुन सकेको छैन । लैङ्गिक हिंसा पीडित, महिलाको पहिचान हुन सकेको छैन भने हिंसा विरुद्धमा महिला आवाज सरोकार वालहरूबाट सशक्त रूपमा उठ्न सकेको छैन । बस्ती स्तरमा छुवाछुत तथा सामाजिक बिभेद अझै पनि कायमै रहेको छ । विपन्न, हिंसा पीडित र असहायहरूका लागि विशेष व्यवस्था हुन सकेको छैन । सबै लक्षित वर्गको सञ्जाल हरू गठन भएको भए ता पनि संस्थागत हुन सकेका छैनन् । लक्षित वर्गको आत्म निर्भरताका लागि पर्याप्त अवसर तथा क्षमता विकासका अवसरमा कमी रहेको छ ।

### ५.४.३ सम्भावना तथा अवसर

स्थानीय सरकारको रूपमा स्थापित गाउँपालिकाले सामाजिक असमानता तथा विभेदका कारण सामाजिक तथा आर्थिक रूपले पछाडि परेका यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्गको उत्थान गरी विकासको मूल प्रवाहमा समाहित गर्ने प्रयास गर्दै आएको छ । लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानव अधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ गाउँपालिकाले कार्य गर्दै आएको छ । साथै लैङ्गिक समानता तथा समावेशीकरणलाई समेट्न सके मात्र गाउँपालिकाले समता मूलक, समृद्ध गाउँपालिकाको रूपमा आफ्नो पहिचान स्थापित गर्न सक्ने सम्भावना रहेको छ ।

लैङ्गिक मैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, बालबालिकाको मौलिक हक सम्बन्धी सवालका लागि विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकताका साथ तर्जुमा हुनु, संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु तथा अपाङ्गता भएका व्यक्तिहरूको

लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा ग्यारेन्टी गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयम् क्रियाशिल भई सङ्गठित हुनु आदि अवसरका रूपमा रहेका छन् ।

### ५.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

महिला तथा लक्षित वर्ग विरुद्ध हुने विभेदको अन्त्य गरी सक्षम र आत्म सम्मान सहितको समुदाय निर्माण गर्ने ।

**उद्देश्य**

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु
२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु
३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु
४. अपाङ्गता भएका व्यक्तिलाई स्रोत साधन र प्रविधिद्वारा जीवनयापनमा सहजताका साथै आत्मसम्मानमा वृद्धि गर्ने ।
५. दलित तथा विपन्न समुदायलाई विकास तथा सामाजिक न्यायको मूल धारमा प्रवाही करण गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ६५: महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १: महिलाको हक-अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु ।** | |
| **१.१:** गाउँपालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता वृद्धि गर्ने । | १. नीति निर्माण र कार्यान्वयनमा महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ ।<br>२. लैङ्गिक समानता प्राप्तिको लागि महिला-पुरुष दुबैको सक्रिय सहभागितामा वृद्धि गरिनेछ। |
| **१.२:** लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने । | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र वि भेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ ।<br>२. स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर् स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालनका साथै गाउँपालिका मा राहत कोषको सञ्चालन गरिने छ। |
| **उद्देश्य २: बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बाल मैत्री वातावरण सृजना गर्नु ।** | |
| **२.१:** विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने । | १. सबै घर परिवार, समुदाय तथा विद्यालयहरूमा बाल मैत्री स्थानीय शासन सहितको वातावरण तयार गरिनेछ ।<br>२. बालबालिका विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बाल श्रम, बलात्कार, बेच विखन जस्ता अपराध विरुद्ध सचेतन मूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | ३. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर् स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ ।<br>४. अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर् स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ<br>५. बाल विवाह न्यून करणका लागि उचित कदम चालिनेछ । |
| २.२ः बालबालिकाको सहभागिता वृद्धि गर्ने । | १. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ ।<br>२. स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।<br>३. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा वृद्धि गरिनेछ । |
| २.३ः बाल मैत्री वातावरणको विकास गर्ने । | १. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वडामा बाल उद्यान निर्माण गरिनेछ ।<br>२. बाल मैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकार सूचकहरू पूरा गरी बाल मैत्री पालिका घोषणा गरिनेछ । |
| **उद्देश्य ३ः ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।** | |
| ३.१ः ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १. आफ्ना आमा बाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ ।<br>२. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ । |
| ३.२ः ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नका साथै अन्तर पुस्ता हस्तान्तरण गरिनेछ । |
| ३.३ः ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरूप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।<br>२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा सम्मान गरिनेछ । |
| **उद्देश्य ४ः** अपाङ्गता भएका व्यक्तिलाई स्रोत साधन र प्रविधिद्वारा जीवनयापनमा सहजताका साथै आत्मसम्मानमा वृद्धि गर्ने । | |
| ४.१ः अपाङ्ग मैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने । | १. भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्ग मैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ ।<br>२. शिक्षण सिकाइ पद्धति अपाङ्ग मैत्री बनाई गुण स्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | ३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |
| **४.२:** अपाङ्ग व्यक्तिहरू प्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | १. अपाङ्ग व्यक्तिहरू प्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा वृद्धिका लागि आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ५: दलित तथा सिमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूल धारमा प्रवाही करण गर्नु ।** | |
| **५.१:** दलित तथा सिमान्तकृत समुदायको सबै प्रकारका सार्वजनिक समिति तथा निकायमा प्रतिनिधित्व सुनिश्चित ता गर्ने । | १. गाउँपालिका मा उपलब्ध रोजगारीका अवसरहरूमा दलित तथा सिमान्तकृत समुदायका युवाहरूलाई प्राथमिकता दिइनेछ ।<br>२. स्थानीय उपभोक्ता समितिहरूमा दलित तथा सिमान्तकृत समुदायको अनिवार्य प्रतिनिधित्वको प्रावधान राखिनेछ ।<br>३. दलित तथा सिमान्तकृत समुदायका नागरिकलाई शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत सेवा सुविधा समता मूलक रूपमा वितरण गर्ने प्रबन्ध मिलाइनेछ । |

## ५.४.५ कार्यक्रम तथा आयोजना

### तालिका ६६: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | **महिला** | | | | | | | | | | |
| | एक वडा एक महिला सञ्जाल गठन तथा संस्थागत विकास । | सङ्ख्या | | ९ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.६२ |
| | Save House निर्माण गरी विपदमा परेका महिलाहरूलाई तत्कालको लागि आवास र जीविकार्पाजनको व्यवस्थापन | सङ्ख्या | | १ | | | १००० | १०००० | २०००० | ३१००० | ७.७० |
| | महिलाहरूको लागि लोकसेवा आयोगका कक्षाहरू सञ्चालन। | पटक | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ०.३७ |
| | महिला सशक्तीकरणको लागि क्षमता विकास (तालिम, गोष्ठी, भ्रमण लगायत), आय आर्जन र जन सहभागितामा जोड दिने कार्यक्रमहरू सञ्चालन । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.२४ |
| | प्रत्येक वडामा महिला घुम्ती स्वास्थ्य शिविर सञ्चालन । | पटक | | ५ | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | १.१२ |
| | लैङ्गिक हिंसा मुक्त गाउँपालिका घोषणा गर्नका लागि वडा स्तरमा लैङ्गिक हिंसा निवारण सम्बन्धी कार्यक्रमहरू सञ्चालन । | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.६२ |
| | गाउँ कार्यपालिकाको कार्यालयमा लैङ्गिक हिंसा विरुद्ध उजुरी सुन्ने डेक्सको स्थापना तथा सञ्चालन । | सङ्ख्या | | १ | | | ५०० | | | ५०० | ०.१२ |
| | लैङ्गिक समानताको लागि एक कोषको स्थापना तथा परिचालन। | वार्षिक | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.२४ |
| | **बालबालिका** | | | | | | | | | | |
| | बाल मैत्री स्थानीय शासन सहितको गाउँपालिका घोषणा गर्न बाल मैत्री घर परिवार, समुदाय तथा विद्यालयहरू निर्माण । | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | २.४८ |
| | बाल मैत्री कोषको स्थापना । | वार्षिक | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.२४ |
| | **ज्येष्ठ नागरिक** | | | | | | | | | | |
| | ज्येष्ठ नागरिकको लागि विश्राम स्थल, अन्तर पुस्ता प्रवचन, धार्मिक भ्रमण लगायतका सम्मान कार्यक्रमको आयोजना | पटक | | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.२४ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | गाउँपालिका स्तरीय ज्येष्ठ नागरिक सञ्जाल गठन गरी संस्थागत। | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.६२ |
| | दिवा सेवा केन्द्र स्थापना र सञ्चालन । | सङ्ख्या | | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ३.७२ |
| | **अपाङ्गता/ असक्त/ भिन्न क्षमता** | | | | | | | | | | |
| | अपाङ्ग मैत्री संरचना निर्माणलाई अनिवार्य सर्त हुने गरी कार्यक्रम तर्जुमा। | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १.८६ |
| | ई-डेक्सको व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन । | एकमुस्ट | | | | | | १००० | १००० | २००० | ०.५० |
| | अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वावलम्बन तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन । | पटक | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.२४ |
| | **महिला, बालबालिका तथा लक्षित वर्गको** | | | | १४२०० | १४२०० | १५७०० | २५२०० | ३५२०० | १०४५०० | २५.९४ |

## तालिका ६७: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **महिला** | | | | | | | | | | | |
| | एक वडा एक महिला सञ्जाल गठन तथा संस्थागत विकास । | सङ्ख्या | | ९ | २५०० | | | ५ | ६ | ६ | १ | ३ |
| | Save House निर्माण गरी विपदमा परेका महिलाहरूलाई तत्कालको लागि आवास र जीविकोर्पाजनको व्यवस्थापन | सङ्ख्या | | १ | ३१००० | | | ५ | ६ | ६ | १ | ३ |
| | महिलाहरूको लागि लोकसेवा आयोगका कक्षाहरू सञ्चालन। | पटक | | ५ | १५०० | | | ५ | ६ | ६ | १ | ३ |
| | महिला सशक्तीकरणको लागि क्षमता विकास (तालिम, गोष्ठी, भ्रमण लगायत), आय आर्जन र जन सहभागितामा जोड दिने कार्यक्रमहरू सञ्चालन । | एकमुस्ट | | | ५००० | | | ५ | ६ | ६ | १ | ३ |
| | प्रत्येक वडामा महिला घुम्ती स्वास्थ्य शिविर सञ्चालन । | पटक | | ५ | ४५०० | | | ५ | ६ | ६ | १ | ३ |
| | लैङ्गिक हिंसा मुक्त गाउँपालिका घोषणा गर्नका लागि वडा स्तरमा लैङ्गिक हिंसा निवारण सम्बन्धी कार्यक्रमहरू सञ्चालन । | पटक | | ५ | २५०० | | | ५ | ६ | ६ | १ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिगाल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गाउँ कार्यपालिकाको कार्यालयमा लैङ्गिक हिंसा विरुद्ध उजुरी सुन्ने डेक्सको स्थापना तथा सञ्चालन । | सङ्ख्या | | १ | ५०० | | | ५ | ६ | ६ | १ | ३ |
| | लैङ्गिक समानताको लागि एक कोषको स्थापना तथा परिचालन। | वार्षिक | | | ५००० | | | ५ | ६ | ६ | १ | ३ |
| | **बालबालिका** | | | | | | | | | | | |
| | बाल मैत्री स्थानीय शासन सहितको गाउँपालिका घोषणा गर्न बाल मैत्री घर परिवार, समुदाय तथा विद्यालयहरू निर्माण । | एकमुस्ट | | | १०००० | | | ५ | ६ | ६ | २ | ३ |
| | बाल मैत्री कोषको स्थापना । | वार्षिक | | | ५००० | | | ५ | ६ | ६ | २ | ३ |
| | **ज्येष्ठ नागरिक** | | | | ० | | | | | | | |
| | ज्येष्ठ नागरिकको लागि विश्राम स्थल, अन्तर पुस्ता प्रवचन, धार्मिक भ्रमण लगायतका सम्मान कार्यक्रमको आयोजना | पटक | | १० | ५००० | | | ५ | ६ | ६ | २ | ३ |
| | गाउँपालिका स्तरीय ज्येष्ठ नागरिक सञ्जाल गठन गरी संस्थागत। | एकमुस्ट | | | २५०० | | | ५ | ६ | ६ | २ | ३ |
| | दिवा सेवा केन्द्र स्थापना र सञ्चालन । | सङ्ख्या | | ५ | १५००० | | | ५ | ६ | ६ | २ | ३ |
| | **अपाङ्गता/ असक्त/ भिन्न क्षमता** | | | | ० | | | | | | | |
| | अपाङ्ग मैत्री संरचना निर्माणलाई अनिवार्य सर्त हुने गरी कार्यक्रम तर्जुमा। | एकमुस्ट | | | ७५०० | | | ५ | ६ | ६ | २ | ३ |
| | ई-डेक्सको व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन । | एकमुस्ट | | | २००० | | | ५ | ६ | ६ | २ | ३ |
| | अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वावलम्बन तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन । | पटक | | ५ | ५००० | | | ५ | ६ | ६ | २ | ३ |
| | **महिला, बालबालिका तथा लक्षित वर्गको** | | | | १०४५०० | | | | | | | |

### ५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ६८: महिला, बालबालिका तथा लक्षित वर्गका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रभाव | महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मान पूर्ण जीवन यापन भएको हुनेछ । | महिला/घरेलु हिंसा | प्रतिशत | ७ | ६ | ५ | ४ | ३ | २ | २ | गाउँपालिका प्रोफाइल, सामाजिक विकास शाखा,महिला तथा बाल वालिका शाखा, वार्षिक प्रतिवेदन |
| | | बालश्रम | प्रतिशत | ४ | १ | ० | ० | ० | ० | ० | |
| | | अपाङ्गमैत्री सार्वजनिक सेवा प्रदायक संस्था | सङ्ख्या | ० | १ | १ | २ | ३ | ३ | ३ | |
| | | बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठनागरिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| असर | पालिका र पालिका मातहतका सबै निकायहरूमा सामाजिक समवेशिकरण का आधारमा समता मूलक सेवा प्रभाव भएको हुनेछ | व्यावसायिक सीपमूलक तालिम प्राप्त महिला | सङ्ख्या | १७५ | २०० | २२५ | २५० | २७५ | ३०० | ३०० | |
| | | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | ८ | १० | १५ | २० | २५ | ३५ | ३५ | |
| | | कुल सहभागीहरूमा महिलाको प्रतिशत | प्रतिशत | ३५ | ३६ | ३७ | ३८ | ३९ | ४० | ४० | |
| प्रतिफल | लैङ्गिक हिंसा अन्त गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन हुनेछ ।<br>सबै प्रकारका विभेद, हिंसा, उत्पीडन, शोषणबाट सबै प्रकारका बालबालिकालाई उचित संरक्षण हुनेछ ।<br>ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना हुनेछ ।<br>ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई राज्यले उपयोग गर्न नीति निर्माणमा सहभागिता अभिवृद्धि हुनेछ ।<br>अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा सहज पहुँच हुनेछ । | लैङ्गिक हिंसा र छुवाछूत सम्बन्धी घटना दर्ता | सङ्ख्या | ७ | ५ | ४ | ३ | २ | १ | १ | |
| | | लैङ्गिक हिंसा र छुवाछूत सम्बन्धी सचेतना कार्यक्रम | सङ्ख्या | ४ | २ | २ | २ | २ | २ | १० | |
| | | पीडित महिलाहरूको लागि सुरक्षित आवास गृह | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | १ | |
| | | GESI परीक्षण | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ | |
| | | बाल हेल्पलाइन सञ्चालन | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | |
| | | बाल उद्यान | सङ्ख्या | ० | १ | १ | २ | २ | ३ | ३ | |
| | | सुरक्षित बाल गृह | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | |
| | | जेष्ठनागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | १ | १ | २ | २ | ३ | ३ | ३ | |
| | | जेष्ठनागरिक सम्मान | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ | |
| | | जेष्ठनागरिक सत्सङ्ग केन्द्र | सङ्ख्या | १ | १ | २ | ३ | ४ | ४ | ४ | |
| | | अपाङ्गता भएकाहरूको लागि दिवा सेवा केन्द्र | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | अपाङ्गता भएका व्यक्तिहरू प्रति गरिने विभिन्न प्रकारको हानिकारक अभ्यास तथा परम्परा, विभेद र हिंसा आदिको न्यूनीकरण भएको हुनेछ | यौनिक तथा लैङ्गिक मैत्री सार्वजनिक शौचालय | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | |
| | | अपाङ्गता सम्बन्धी हेल्प डेक्स सञ्चालन | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | |
| | | कुल सहभागीहरूमा अपाङ्गता भएका | प्रतिशत | ३ | ३ | ४ | ५ | ६ | ७ | ७ | |

### ५.४.७ अनुमान तथा जोखिम पक्ष

**निर्माण हुने संरचनाहरू लैङ्गिक सम्बेदनशील भएको हुने, योजना तथा कार्यक्रमहरू लैङ्गिक मैत्री हुनुको साथै बजेटको परिमाणमा पनि वृद्धि भएको हुने ।**

क. प्राकृतिक विपत्तिका कारण महिला बालबालिकाको क्षेत्रमा विनियोजित बजेट कटौती वा रकमान्तर गरेर अन्य शीर्षकमा विनियोजन भएमा कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।

ख. मानव जन्य विपदका कारण लक्षित वर्गको कार्यक्रम सञ्चालनमा चुनौती आउन सक्छ ।

ग. देशमा ठूलो आर्थिक मन्दी भइ सङ्घ वा प्रदेशबाट विनियोजित रकम उपलब्ध हुन नसक्ने अवस्था सिर्जना भएमा कार्यक्रम कार्यान्वयनमा कठिन हुन सक्छ

घ. वैदेशिक अनुदानको बजेट समयमा उपलब्ध हुन नसकेको अवस्थामा कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।

ङ. योजना कार्यान्वयनमा कारणवश प्रतिकूल परिस्थिति सिर्जना भइ कार्यान्वयन प्रक्रिया सहज नभएमा पनि कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

गाउँपालिकाको समग्र विकासको लागि युवा तथा खेलकुदको निकै ठूलो भूमिका हुन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्न सकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । जनसाङ्ख्यिक पूँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक-आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट पालिका को विकासमा योगदानको वातावरण सिर्जना गर्नु पर्ने भएको छ । यसका साथै स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्नुपर्ने देखिन्छ ।

जलजला गाउँपालिकाको उमेर समूहगत जनसङ्ख्यालाई विश्लेषण गर्दा कुल जनसङ्ख्याको करिब ५० प्रतिशत युवा जनसङ्ख्या रहेको छ कूल जनसङ्ख्याको अनुपातमा युवा समूहको जनसङ्ख्या यतिको हुनु समग्र आर्थिक र सामाजिक विकासका लागि निकै उत्तम मानिन्छ । यो गाउँपालिकामा झन्डै २३.५०% मगर जातीहरूको बसोबास रहेको छ । मगर जातिहरू बालक वा युवा सबै उमेर समूहका व्यक्तिहरूलाई खेलकुद असाध्य मन पर्ने गर्दछ । यहाँका १२३ जना युवाहरू गाउँपालिका तथा जिल्लास्तरका व्यावसायिक खेलाडीहरू रहेका छन् । जस मध्ये १४ जना क्षेत्रीय/राष्ट्रिय स्तरका खेलाडीहरू रहेका छन् । गाउँपालिका क्षेत्रमा २३ वटा युवा क्लबहरू रहेका छन् । समुदायस्तरका यस्ता क्लबहरू खेलकुद तथा युवा सशक्तिकरणका अतिरिक्त सामाजिक कार्यमा पनि संलग्न रहँदै आएका छन् । गाउँपालिकाका विभिन्न वडाका ३७ स्थानमा रहेका साना ठूला खेल मैदानहरू मा विभिन्न खेलकुद प्रतियोगिताहरू नियमित रूपमा सञ्चालन हुँदै आएका छन् ।

### ५.५.२ समस्या तथा चुनौती

युवा लक्षित विकासका कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु, बजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नू यस क्षेत्रका समस्याहरू हुन् । युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा पठाउँदा पर्याप्त रेमिटेन्स भित्रिन नसक्नू,

विदेश जाने युवाहरूको पनि जीविकोपार्जनको ग्यारेन्टी नहुनु आदि सवालहरूलाई पनि समस्याका रूपमा लिइएको छ । खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, पालिका मा भएका खेलकुद पूर्वाधारहरू गुण स्तरीय, आधुनिक र सुविधा युक्त नहुनु, युवा तथा खेलकुद क्लबहरू वैधानिक रूपमै सञ्चालन गर्न नसक्नू, क्लबहरूको आफ्नै भवन र पूर्वाधार नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोबल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, आदि यस क्षेत्रका थप समस्याहरू हुन् । विभिन्न निकायहरूबाट आयोजित खेलकुद प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नू, खेलकुदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नू, खेल सम्बद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नू, साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

श्रम बजारमा वर्षै पिच्छे थपिने युवालाई रोजगार मूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा-पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृति प्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु आदि सवालहरूलाई चुनौतीका रूपमा हेरिएको छ । युवाहरूमा स्वयंसेवी  भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार- आधारशिला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्ने जस्ता कार्यहरू चुनौतीका रूपमा रहेका छन् ।

### ५.५.३ सम्भावना तथा अवसर

आर्थिक रूपले सक्रिय १९- ५९ वर्षभित्रको जनसङ्ख्या ११०३५ अर्थात् कुल जनसङ्ख्याको ५२.२५% रहेको छ । यो जनशक्तिलाई गाउँपालिकाले विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रिय जनशक्ति पलायन हुनबाट रोकी गाउँपालिकाको विकासमा ठूलो फड्को मार्न सम्भावना देखिन्छ ।

संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु,  राष्ट्रिय युवा परिषदको गठन र परिचालन हुनु,  देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिइनु, तल्लो तह बस्ती/टोल स्तरमा पनि युवा क्लब गठन भई समुदायमा सक्रिय रहनु, आदिलाई प्रमुख अवसरका

रूपमा लीन सकिन्छ । स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु आदिलाई यो क्षेत्रका अवसरहरू हुन् भन्न सकिन्छ ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सीप विकास, स्व रोजगारी र खेलकुदको माध्यमबाट युवाहरूलाई सक्षम तथा योग्य नागरिक बनाउने।

**उद्देश्य**

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।
२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

**रणनीति तथा कार्य नीति**

तालिका ६९: युवा तथा खेलकुदका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १: युवाहरूलाई उद्यम शील, स्व रोजगार र स्वावलम्बी बनाउँदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।** | |
| १.१: विकासमा युवा सहभागिता बढाउने । | १. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. पालिका का नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| १.२: युवालाई उद्यम शील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | १. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत सहुलियत व्याज दरमा ऋण उपलब्ध गराइनेछ।<br>२. युवालाई उद्यमशील र व्यवसायी बनाउन विभिन्न प्रोत्साहन, अनुदान र सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.३: युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने । | १. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यावसायिक तथा प्राविधिक तालिम उपलब्ध गराइनेछ।<br>२. वैदेशिक अध्ययन तथा रोजगारी बाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादन मूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ।<br>३. परम्परागत पेसा र व्यवसायको जगेर्ना, आधुनिक करण, र व्यवसायी करण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| १.४: युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १. सिर्जनात्मक अन्वेषण र नव प्रवर्तन कार्य गरी राष्ट्रको गौरव बढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लबहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ ।<br>३. युवाहरूलाई परिवार र समाज प्रति जिम्मेवारी गराइनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | ४. युवाहरूलाई लागू पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मूलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>५. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ।<br>६. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ। |
| **उद्देश्य २: खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।** | |
| २.१: खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | १. खेल विकासका लागि आवश्यक सुविधा सम्पन्न पूर्वाधारहरू निर्माण गरिनेछ।<br>२. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार स्तर उन्नति र सुदृढ गरिनेछ।<br>३. प्रत्येक वार्डमा कवर्डहल तथा आवश्यक खेल सामग्रीको व्यवस्था गरिनेछ। |
| २.२: खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | १. खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२. खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हासिल गरेका देशी, विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ। |
| २.३: योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृति जन्य खेलकुद विकास गर्ने । | १. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ ।<br>२. प्रत्येक वार्डमा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ।<br>३. मनोरञ्जनात्मक तथा संस्कृति जन्य खेललाई प्रोत्साहन गरिनेछ ।<br>४. लोपोन्मुख रैथाने (Indigenous) खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । |
| २.४: प्रतिभावान् खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १. राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई उचित सम्मान एवम् पुरस्कार को व्यवस्था गरिनेछ ।<br>२. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान् खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ ।<br>३. विद्यालय तथा पालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>४. खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

### ५.५.५ कार्यक्रम तथा आयोजना

**तालिका ७०: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | युवा सञ्जाल गठन तथा क्षमता विकास कार्यक्रम । | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.६२ |
| | युवा रोजगार तथा आय आर्जन कार्यक्रम । | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १.८६ |
| | गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन तथा नियमन । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.२४ |
| | गाउँपालिका स्तरीय खेल सञ्जाल गठन तथा नियमन । | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.६२ |
| | गाउँपालिका स्तरीय खेल मैदान र कवर्ड हल निर्माण । | सङ्ख्या | | २ | | | १००० | १०००० | २०००० | ३१००० | ७.७० |
| | प्रविधि मैत्री तथा आधुनिक र व्यावसायिक युवा क्लब निर्माण । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.२४ |
| | सबै वडाहरूमा एक/एक वटा नमुना खेल मैदान निर्माण । | सङ्ख्या | | ९ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ६.२१ |
| | योगा तथा ध्यान केन्द्रको स्थापना र सञ्चालन । | सङ्ख्या | | १ | | | ५०० | २००० | ३००० | ५५०० | १.३७ |
| | **युवा तथा खेलकुदको जम्मा** | | | | ९००० | ९००० | १०५०० | २१००० | ३२००० | ८१५०० | २०.२३ |

**तालिका ७१: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | युवा सञ्जाल गठन तथा क्षमता विकास कार्यक्रम । | पटक | | ५ | २५०० | | | ५ | ६ | ६ | २ | ३ |
| | युवा रोजगार तथा आय आर्जन कार्यक्रम । | एकमुस्ट | | | ७५०० | | | ५ | ६ | ६ | २ | ३ |
| | गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन तथा नियमन | एकमुस्ट | | | ५००० | | | ५ | ६ | ६ | २ | ३ |
| | गाउँपालिका स्तरीय खेल सञ्जाल गठन तथा नियमन । | एकमुस्ट | | | २५०० | | | ५ | ६ | ६ | २ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिगाल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गाउँपालिका स्तरीय खेल मैदान र कवर्ड हल निर्माण । | सङ्ख्या | | २ | ३१००० | | | ५ | ६ | ६ | २ | ३ |
| | प्रविधि मैत्री तथा आधुनिक र व्यावसायिक युवा क्लब निर्माण। | एकमुस्ट | | | ५००० | | | ५ | ६ | ६ | २ | ३ |
| | सबै वडाहरूमा एक/एक वटा नमुना खेल मैदान निर्माण । | सङ्ख्या | | ९ | २५००० | | | ५ | ६ | ६ | ३ | ३ |
| | योगा तथा ध्यान केन्द्रको स्थापना र सञ्चालन । | सङ्ख्या | | १ | ५५०० | | | ५ | ६ | ६ | २ | ३ |
| | **युवा तथा खेलकुदको जम्मा** | | | | ८१५०० | | | | | | | |

## ५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

### तालिका ७२: युवा तथा खेलकुदका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | युवा जनशक्ति पालिका को सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण भएको हुनेछ | युवाहरूको नेतृत्वमा रहेको सामाजिक सङ्घसंस्था | प्रतिशत | १५ | १८ | २० | २२ | २४ | २५ | २५ | शिक्षा शाखा, सामाजिक विकास शाखा, वार्षिक प्रतिवेदन |
| | | राष्ट्रिय अन्तरराष्ट्रिय खेलाडी सङ्ख्या | सङ्ख्या | ० | ० | १ | २ | ३ | ३ | ३ | |
| | | प्रदेश तथा जिल्लास्तरीय खेलाडी | सङ्ख्या | २५ | २५ | ३० | ३५ | ४० | ५० | ५० | |
| **असर** | क्षमता विकास, सीपमूलक तालिम र वित्तीय स्रोतमा युवाहरूको पहुँच वृद्धि भएको हुनेछ । | सहकारीमा युवाको आबद्धता | प्रतिशत | २० | २२ | २४ | २६ | ३० | ३५ | ३५ | |
| | | युवा व्यवसायीहरूबाट सञ्चालन भएका व्यवसायको सङ्ख्या | सङ्ख्या | ५५ | ६० | ७० | ८० | ९० | १०० | १०० | |
| | | उद्यमशीलता तालिम प्राप्त युवाहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | ९० | १२० | १५० | १८० | २१० | २४० | २४० | |
| | | वैदेशिक रोजगारीमा गएका युवा | प्रतिशत | १० | ९ | ८ | ७ | ७ | ७ | ७ | |
| | | उद्यम, व्यवसाय र स्व रोजगारीमा संलग्न युवा | प्रतिशत | १२ | १३ | १४ | १५ | १६ | १७ | १७ | |
| **प्रतिफल** | खेलमैदान, योग तथा ध्यानकेन्द्र स्थापना भएको हुनेछ । | युवा क्लब,सञ्जाल तथा संस्था | सङ्ख्या | १५ | १६ | १७ | १८ | १९ | २० | २० | |
| | | युवा संलग्न स्थानीय संरचना वा संयन्त्र | सङ्ख्या | ३५ | ४० | ४५ | ५० | ५५ | ६० | ६० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालयहरूमा खेलकुद विकास भएको हुनेछ । | नियमित योगाभ्यास गर्ने जनसङ्ख्या | प्रतिशत | १ | २ | ३ | ४ | ५ | ६ | ६ | |
| | | पालिका स्तरीय खेल मैदान | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | |
| | प्रशिक्षण र अभ्यासमा वृद्धि हुनेछ । | खेल मैदान भएका विद्यालय | सङ्ख्या | ३२ | ३२ | ३३ | ३४ | ३५ | ३५ | ३५ | |
| | | अन्तर विद्यालय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | पटक | १ | २ | २ | २ | २ | २ | १० | |
| | | पालिका मा सञ्चालित खेलकुद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | १ | ५ | |
| | | खेलाडी प्रशिक्षण कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | ५ | |
| | | पालिका स्तरीय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | ५ | |
| | सार्वजनिक निजी सझेदारीमा वृद्धि भई खेलकुद पूर्वाधारको विकास भएको हुनेछ । | सफल एवम् क्षमता वान खेलाडी प्रोत्साहन तथा सम्मान | पटक | ० | १ | १ | १ | १ | १ | ५ | |
| | | योगा प्रशिक्षण | पटक | ० | १ | १ | १ | १ | १ | ५ | |
| | | कवर्डहल तथा खेलकुद मैदान | सङ्ख्या | ५ | ५ | ६ | ७ | ८ | १० | १० | |
| | | प्रदेशस्तरको खेल मैदान | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | १ | |

### ५.५.७ अनुमान तथा जोखिम पक्ष

**युवाहरूका लागि भएको लगानीमा वृद्धि भएको हुने, खेल पूर्वाधारमा लगानी वृद्धि हुने ।**

क. दैवी प्रकोप वा अन्य कुनै महामारी परिस्थिति सिर्जना भएमा कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।

ख. युवा विदेशिने दरमा कटौती हुन नसके युवा तथा खेलकुद कार्यक्रममा चुनौती आउन सक्छ ।

ग. आर्थिक मन्दीले बजेट प्राप्त हुन नसकेमा कार्यक्रम कार्यान्वयन नुहुन सक्छ ।

घ. तीव्र बसाइ सराइलाई समयमा व्यवस्थापन गर्न नसके ग्रामीण क्षेत्रमा युवा तथा खेलकुद कार्यक्रममा चुनौती थपिन सक्छ ।

# परिच्छेद — ६: पूर्वाधार विकास

पूर्वाधार सामाजिक विकासको प्रमुख सर्त हो । सडक, विमानस्थल, भवन, विद्युत्, टेलिफोन, सिँचाई आदि भौतिक पूर्वाधार हुन् भने शिक्षा सेवा, स्वास्थ्य सेवा आदि सामाजिक पूर्वाधारका विषयहरू हुन् । नेपालमा आर्थिक विकासको चर्चा गर्दा पूर्वाधार विकासलाई प्राथमिकतामा राख्ने गरिएको छ । आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्त्वपूर्ण आधार हो । व्यवस्थित बस्ती तथा सहरी विकासको महत्त्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्त्वपूर्ण आयामको रूपमा लीने गरिएको छ । यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य–७ (खर्चले धान्न सकिने स्वच्छ ऊर्जा), लक्ष्य–९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य–११ (सहरहरू र समुदायहरूको दिगो पना) यस क्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेका छन् ।

जलजला गाउँपालिकाको पूर्वाधार विकास प्रतिको प्रवृतिलाई अध्ययन गर्दा विगत पहिलो निर्वाचित प्रतिनिधिहरूको कार्यकाल (२०७४-२०७९) मा प्रत्येक वर्ष ७०% देखि ८०% बजेट पूर्वाधारको क्षेत्रमा खर्चिएको पाइन्छ । पूर्वाधारभित्र पनि झन्डै ९५% बजेट सडक तथा यातायातको क्षेत्रमा विनियोजित छ । दोस्रो कार्यकालमा यो दरमा भारी कटौती भइ पूर्वाधारको क्षेत्रमा जम्मा रु. दुई करोड अर्थात् पुँजीगत बजेटको २२.२१% मात्र बजेट विनियोजन भएको देखिन्छ । गाउँपालिकाको गत वर्षको बजेटलाई हेर्दा पहिलो प्राथमिकता कृषि र दोस्रो प्राथमिकतामा सामाजिक विकासको क्षेत्र रहेको छ ।

गाउँपालिकाले अहिले पूर्वाधार विकासलाई वातावरण मैत्री, दिगो र प्रतिफल युक्त बनाउन जोड दिएको छ । सबै स्थानीयवासीका लागि सहज, भरपर्दो र पहुँच योग्य निर्माणको कार्यलाई प्राथमिकतामा राखी पूर्वाधारलाई आर्थिक समृद्धि र सामाजिक न्यायसँग आबद्धता गराउन खोजेको छ । यो अवधारणालाई सङ्घीय सरकारले पनि १६औं पञ्चवर्षीय योजनाको अवधारणामा उल्लेख गरिसकेको छ ।

## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले अव्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, वातावरण मैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकको रूपमा आबद्धता गराउन खोजेको छ । जलजला गाउँपालिकाले भौगोलिक हिसाबले छरिएर रहेका तथा विपद् जोखिममा रहेका ग्रामीण घर परिवारलाई सुविधा सम्पन्न वातावरणमैत्री

आवासको व्यवस्थापन र बिपन्न तथा बजार क्षेत्रमा अनधिकृत अव्यवस्थित रुपले बसोबास गरेका परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्न जोड दिएको छ ।

जलजला गाउँपालिकाले भवन निर्माण योजना तथा नक्सापास मापदण्ड लागू गरेको भए ता पनि पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन । हरेक क्षेत्रको विकास निर्माणलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउने पहल विगत वर्षहरू देखि नभएको होइन । तर अपेक्षित लक्ष्य अनुसारको उपलब्धि भने हासिल हुन सकेको अवस्था छैन । गाउँपालिकालाई आवास योजना तथा एकीकृत बस्ती विकास सम्बन्धी कानुन बनाउने अधिकार प्राप्त भएको छ भने उक्त व्यवस्थालाई कार्यान्वयन गर्नका लागि स्थानीय ढुङ्गा गिट्टी, बालुवा, काठ आदिको उपलब्धता गराउन सक्ने अवस्था पनि विद्यमान रहेको छ । खानेपानी तर्फ हेर्दा खानेपानीका स्रोतहरू तथा प्राकृतिक जल निकासको अवस्था बसोबासको लागि उपयुक्त रहेको पाइएको छ । व्यवस्थित बस्ती विकासको लागि गाउँपालिकाले उपयुक्त नीति तयार गरेर प्राविधिक विज्ञहरूको सहयोगमा उक्त कार्य गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ । गाउँपालिकामा भवन निर्माण तथा व्यवस्थित बस्तीहरूको लागि प्रभावकारी अध्ययन अनुसन्धान तथा आवश्यक योजना तर्जुमा गरी यस क्षेत्रमा योजनाबद्ध विकास गर्न सकिने बलियो सम्भावना रहेको छ।

जलजला गाउँपालिकाको अस्थायी प्रकृतिको प्रशासकीय भवन निर्माणाधीन अवस्थामा रहेको छ । भवन निर्माण पश्चात् गाउँ कार्यपालिकाको कार्यालय सार्ने योजना रहेको छ । त्यसैगरी गाउँपालिकाका वडा नं. ३ बाहेक अन्य ८ वटा वडाको वडा कार्यालय भवनहरू पनि चालू आ.व.मा सम्पन्न भएका छन् । वडा नं ३ को वडा कार्यालय पहिल्यै पक्की तथा व्यवस्थित भइसकेको थियो । गाउँपालिकाका साबिक ७ वटै वडामा स्वास्थ्य सेवाका लागि स्वास्थ्य चौकी भवन सहित सञ्चालनमा रहेका छन् । वडा नं. २ र ४ मा आधाभुत स्वास्थ्य केन्द्रहरू सञ्चालनमा रहेका छन् । १० सैयाको अस्पताल निर्माणको प्रक्रिया अघि बढेको छ । विगत वर्षमा गाउँपालिकाले जोखिममा रहेका तथा बाढी पहिरोले घरबार विहीन घर परिवारको लागि असल छिमेकी नामक गैर सरकारी संस्थासँग समन्वय गरेर १४ वटा घर निर्माण गरेर बस्ती बसाउने काम भएको छ । चालू आ.व. मा पनि जोखिममा परेका बस्तीहरूको पहिचान सहित स्थानान्तरणको लागि आवश्यक पहल भइरहेको छ ।

### ६.१.२ समस्या तथा चुनौती

गाउँपालिकाका बस्तीहरू व्यवस्थित नहुनु, प्रमुख मानिएका बस्तीहरूमा समेत आधारभूत सुविधा अपर्याप्त रहनु, एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालनमा नहुनु जस्ता समस्या विद्यमान रहेका छन् । विकसित हुँदै गरेका बजार क्षेत्रमा विश्राम स्थल एवं बस प्रतीक्षालय र सार्वजनिक शौचालय लगायतका न्यूनतम

सुविधाहरू अपर्याप्त छन् । सार्वजनिक सेवाको प्रभावकारी प्रवाहका लागि अत्यावश्यक वडा समितिको भवन, स्वास्थ्य चौकी लगायतका सार्वजनिक पूर्वाधारहरूको कमी रहेको देखिन्छ । अति विपन्न घर परिवार लक्षित सुरक्षित आवास कार्यक्रम अपर्याप्त रहनु तथा भूकम्प प्रतिरोधी भवन निर्माणका लागि तयार भएको दक्ष जनशक्ति गाउँपालिकामा क्रियाशिल न हुनाले पनि निजी आवासहरू सुरक्षित नहुने सम्भावना रहेको देखिन्छ । यसैगरी प्राकृतिक प्रकोपको रूपमा रहेको चट्याङ्गको प्रकोप पनि दिनानुदिन बढ्दै गइरहेको छ ।

भिरालो जमिन, खोलानालाको किनारमा बस्तीहरू रहनु, रहेका, बस्तीहरू पनि छरिएको अवस्थामा हुनु, बढ्दो बसाइ सराई प्रवृति आदि यस क्षेत्रका समस्याहरू हुन् । विना नक्सा र विना प्राविधिक सर्भेका आधारमा घरहरू बनेका, पुराना घरहरू भएका कारण भूकम्पको जोखिम रहेको, अझै पनि धेरै घरहरू ढुङ्गाले छाएका, बस्तीहरू नदी कटान र पहिरोका जोखिममा रहेका, आवासीय घरहरूको निर्माण मापदण्ड अनुसार निर्माण हुन नसकेको, सुरक्षित आवास तथा बस्ती विकास उचित रूपमा नभएको, बजार विकास तथा विस्तारको कमी, बजारसँगको कमजोर पहुँच तथा विस्तारको अभाव, सार्वजनिक निर्माण आवश्यकता अनुसार हुन नसकेको, बस्तीहरू बीचको दूरी टाढा हुनु आदि यस पालिका का विकासका लागि चुनौतीका रूपमा रहेका छन् ।

### ६.१.३ सम्भावना तथा अवसर

ग्रामीण क्षेत्रका बस्तीहरू अध्ययन गर्दा जोखिममा परेका, दिनानुदिन घर धुरी घट्दै गएका आदि कारणहरूले गर्दा बस्तीहरूमा ग्रामीण सडक, बिजुली, खानेपानी लगायतका पूर्वाधारहरू निर्माण गर्ने वा व्यवस्थित बस्ती विकास पछि मात्र पूर्वाधारका कार्यहरू गर्ने भन्ने सवाल अहिले राष्ट्रिय सवाल बनेको छ । जे होस् ग्रामीण क्षेत्रमा पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचान युक्त बस्ती बसाल्ने सम्भावना रहनु, सडक सञ्जालको द्रुत गतिमा वृद्धि हुनु, आर्थिक गतिविधिको दरमा वृद्धि हुँदै जानु आदिलाई सम्भावनाका रूपमा लीन सकिन्छ । ग्रामीण क्षेत्रमा यातायात तथा सञ्चारका कारण धेरै बस्तीहरू बजार उन्मुख हुँदै जानु आदि पनि यो क्षेत्रको लागि अवसर हो भन्न सकिन्छ । भविष्यमा एकीकृत जग्गा विकास परियोजना मार्फत बजार क्षेत्रका केही स्थानहरूमा जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी गुरुयोजना बनाएर नयाँ व्यवस्थित बस्ती विकासका कार्यहरू अगाडि बढाउन सकिने सम्भावनाहरू पनि विद्यमान छन् । साथै नयाँ क्षेत्रमा बस्ती एकीकरण पद्धति मार्फत सहरी पूर्वाधार विकास एवम् विस्तार हुने अवसर पनि त्यत्तिकै बलियो रहेको छ ।

गाउँपालिका क्षेत्रका केही स्थानहरूमा एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घर परिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाह गर्ने, स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्ने सम्भावना एवम् अवसरहरू विद्यमान छन् ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

दिगो, सुरक्षित, सुलभ र वातावरण मैत्री एकीकृत आवास तथा बस्ती विकास गर्ने ।

**उद्देश्य**

१. एकीकृत आवास तथा बस्ती विकास गरी एकद्वारा प्रणालीद्वारा प्रभावकारी सेवा प्रवाह गर्नु ।
२. स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।

**रणनीति र कार्य नीति**

तालिका ७३: आवास तथा बस्ती विकासका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १:** एकीकृत आवास तथा बस्ती विकास गरी एकद्वारा प्रणालीद्वारा प्रभावकारी सेवा प्रवाह गर्नु । | |
| **१.१:** ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले बिकट र छरिएर रहेका, जोखिममा परेका, र सीमान्त कृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गर्ने । | १. भू-उपयोग नीति तथा बस्ती विकास योजना तर्जुमा गरी लागू गरिनेछ।<br>२. भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपदको जोखिममा रहेका घर परिवारका लागि सुरक्षित, वातावरण मैत्री, सुलभ, आधारभूत सुविधा युक्त र मौलिक पहिचान बोकेको एकीकृत बस्ती निर्माण गरिनेछ।<br>३. भौगोलिक रूपले बिकट र विपदको उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।<br>४. ग्रामीण क्षेत्र र छरिएर रहेका घर परिवारलाई आधारभूत सुविधा सहितको बस्ती निर्माण गरिनेछ । |
| **१.२:** घना बस्ती रहेका क्षेत्र तथा सडक क्षेत्रको बस्ती व्यवस्थित गर्ने । | १. बजार क्षेत्र तथा घना बस्ती रहेका र राजमार्ग क्षेत्रको बस्तीलाई व्यवस्थित गरिनेछ ।<br>२. सडक क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ र मापदण्डहरूलाई पूर्ण रूपले कार्यान्वयन गरिनेछ ।<br>३. कृषि योग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी व्यवस्थित गरिनेछ ।<br>४. शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपदको उच्च जोखिममा रहेका व्यक्तिका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ।<br>५. राजमार्गसँग जोडिएका मुख्य बजार क्षेत्रहरूलाई स्मार्ट सिटीका रूपमा विकास गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **१.३**: भू उपयोग नीति तथा योजना निर्माण गर्ने र योजनाबद्ध रूपमा सहरी बस्ती विकास गर्ने कार्यलाई अभियानको रूपमा अगाडि बढाउने । | १. सहरी बस्ती विकास गर्न जग्गा प्राप्ति व्यवस्थालाई सरल बनाइनेछ।<br>२. राजमार्ग क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ।<br>३. अनधिकृत रूपले बजार क्षेत्रमा बसोबास गर्ने घर परिवार पहिचान गरी त्यस्तो स्थानबाट हटाउने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । |
| **उद्देश्य: २ स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।** | |
| २.१: स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने । | १. सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी उपयुक्त भवन डिजाइन तथा निर्माण गरिनेछ ।<br>२. पालिका मा निर्माण हुने भवनहरूको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड कडाइका साथ लागू गरिनेछ ।<br>३. स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ। |
| २.२: भवन डिजाइन, निर्माण तथा सुपरिवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने । | १. सुरक्षित, किफायती, वातावरण मैत्री र पहिचान युक्त भवन निर्माण बारे जन चेतना वृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>३. एकीकृत सेवा प्रदायक बहु उपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ । |

## ६.१.५ कार्यक्रम तथा आयोजना

### तालिका ७४: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | माल ढुङ्गा- बेनी सहायक राजमार्ग अन्तर्गत वडा नं. ४ लामा खेत र ८ फर्सेमा स्नान कक्षा सहित सार्वजनिक शौचालयको निर्माण र सञ्चालन । | सङ्ख्या | | २ | १००० | ७५०० | | ७५०० | | १६००० | २.८५ |
| | घाट संरक्षण तथा निर्माण (वारी बेनी, मोहनचोक, मिलनचोक, लस्ति, फर्से, ज्यामिरे, खनियाघाट, घुमाउने ताल नदी किनार) | सङ्ख्या | | ८ | | | १००० | १००० | १००० | ३००० | ०.५३ |
| | माल ढुङ्गा बेनी सहायक राजमार्गको ४ ठाउँमा बस बिसौनी निर्माण योजना । | सङ्ख्या | | ४ | | | | ५००० | ५००० | १०००० | १.७८ |
| | आमा समूह, युवा क्लव, सामुदायिक संस्थाहरूको माग, आवश्यकता र औचित्यता समेतको आधारमा सामुदायिक भवन निर्माण योजना। | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.८९ |
| | धार्मिक तथा ऐतिहासिक सम्पदा संरक्षण (एक वडा एक स्थल) | सङ्ख्या | | ९ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.८९ |
| | कालीगण्डकी नदीबाट बगेको नदी जन्य पदार्थलाई प्रविधि युक्त ढङ्गले सङ्कलन गर्न सम्भाव्यता अध्ययन कार्यक्रम | सङ्ख्या | | १ | | | २००० | | | २००० | ०.३६ |
| | गाउँपालिका स्तरमा उपयुक्त ठाउँमा वनभोज स्थलको निर्माण र संरक्षण । | सङ्ख्या | | २ | | | २००० | | २००० | ४००० | ०.७१ |
| | वडा कार्यालयहरूमा सेवा ग्राही मैत्री संरचना निर्माण । | एकमुस्ट | | | १५०० | १५०० | १५०० | २५०० | ३००० | १०००० | १.७८ |
| | वस्ति स्थानान्तरण कार्यक्रम (पूर्णगाउँ, मूलघडेरी, लालुङ, किराको खोर,) । | एकमुस्ट | | | ५००० | २००० | २००० | १००० | | १०००० | १.७८ |
| | कालीगण्डकी नदी किनारमा आधुनिक पर्यटकीय पार्क निर्माण योजना । | सङ्ख्या | | १ | १००० | ३००० | २००० | | | ६००० | १.०७ |
| | ठाउँ, माग तथा आवश्यकताका आधारमा चौतारी, पोखरी, पानीका धारा आदिको निर्माण । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.८९ |
| | कालीगण्डकी नदीमा चेकड्याम निर्माण योजना । | सङ्ख्या | | १ | १००० | ३००० | ५००० | | | ९००० | १.६० |
| | मिलन चोक- गौशाला-भूमे थान- जलजला केवल कारको लागि सम्भाव्यता अध्ययन | सङ्ख्या | | १ | | | | ३००० | | ३००० | ०.५३ |
| | **आवास, वस्ति विकास तथा सार्वजनिक निर्माणको जम्मा** | | | | **१२५००** | **२००००** | **१८५००** | **२३०००** | **१४०००** | **८८०००** | **१५.६९** |

तालिका ७५: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल | दिराल | प्रदेश समृद्धि | लैङ्गिक | जलवायु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | माल ढुङ्गा- बेनी सहायक राजमार्ग अन्तर्गत वडा नं. ४ लामा खेत र ८ फर्सेमा स्नान कक्षा सहित सार्वजनिक शौचालयको निर्माण र सञ्चालन । | सङ्ख्या | | २ | १६००० | | | ९ | १ | ५ | २ | ३ |
| | घाट संरक्षण तथा निर्माण (वारी बेनी, मोहनचोक, मिलनचोक, लस्ति, फर्से, ज्यामिरे, खनियाघाट, घुमाउने ताल नदी किनार) | सङ्ख्या | | ८ | ३००० | | | ९ | १ | ५ | ३ | ३ |
| | माल ढुङ्गा बेनी सहायक राजमार्गको ४ ठाउँमा बस बिसौनी निर्माण योजना | सङ्ख्या | | ४ | १०००० | | | ११ | १ | ५ | २ | ३ |
| | आमा समूह, युवा क्लव, सामुदायिक संस्थाहरूको माग, आवश्यकता र औचित्यता समेतको आधारमा सामुदायिक भवन निर्माण योजना | एकमुस्ट | | | ५००० | | | ९ | १ | ५ | १ | ३ |
| | धार्मिक तथा ऐतिहासिक सम्पदा संरक्षण (एक वडा एक स्थल) | सङ्ख्या | | ९ | ५००० | | | ९ | १ | ५ | २ | ३ |
| | कालीगण्डकी नदीबाट बगेको नदी जन्य पदार्थलाई प्रविधि युक्त ढङ्गले सङ्कलन गर्न सम्भाव्यता अध्ययन कार्यक्रम | सङ्ख्या | | १ | २००० | | | ९ | १ | ५ | ३ | ३ |
| | गाउँपालिका स्तरमा उपयुक्त ठाउँमा वनभोज स्थलको निर्माण र संरक्षण । | सङ्ख्या | | २ | ४००० | | | ९ | १ | ५ | ३ | ३ |
| | वडा कार्यालयहरूमा सेवा ग्राही मैत्री संरचना निर्माण । | एकमुस्ट | | | १०००० | | | ९ | १ | ५ | ३ | ३ |
| | वस्ति स्थानान्तरण कार्यक्रम । | एकमुस्ट | | | १०००० | | पूर्ण गाउँ, मूलघडेरी, लुलाङ्ग, किराको खोर | ९ | १ | ५ | ३ | ३ |
| | कालीगण्डकी नदी किनारमा आधुनिक पर्यटकीय पार्क निर्माण योजना । | सङ्ख्या | | १ | ६००० | | | ९ | १ | ५ | ३ | ३ |
| | ठाउँ, माग तथा आवश्यकताका आधारमा चौतारी, पोखरी, पानीका धारा आदिको निर्माण । | एकमुस्ट | | | ५००० | | | ९ | १ | ५ | ३ | ३ |
| | कालीगण्डकी नदीमा चेकड्याम निर्माण योजना । | सङ्ख्या | | १ | ९००० | | | ९ | १ | ५ | ३ | ३ |
| | मिलन चोक- गौशाला-भूमे थान- जलजला केवल कारको लागि सम्भाव्यता अध्ययन | सङ्ख्या | | १ | ३००० | | | | | | | |
| | **आवास, वस्ति विकास तथा सार्वजनिक निर्माणको जम्मा** | | | | ८८००० | | | | | | | |

### ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ७६: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य | | | | | जम्मा | पुष्ट्याँइको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास हुनेछ । | भूकम्प प्रतिरोधी भवन | प्रतिशत | १० | ११ | १२ | १३ | १४ | १५ | १५ | गाउँपालिका प्रोफाइल, प्राविधिक शाखा, सम्वन्धित शाखाको प्रतिवेदन |
| | | व्यवस्थित सहरीकरण सहितको बस्ती | सङ्ख्या | १ | १ | २ | ३ | ४ | ५ | ५ | |
| | | पालिकाको मापदण्ड बमोजिम भवन निर्माण | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | |
| **असर** | भौगोलिक रुपले विकट र विपद जोखिमयुक्त स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गर्न सहरी बस्ती बिस्तार मापदण्ड निर्माण भएको हुनेछ । | भूकम्प तथा पहिरो प्रतिरोधी विद्यालय भवन | सङ्ख्या | ३० | ३२ | ३५ | ४० | ४२ | ४५ | ४५ | |
| | | भूकम्प तथा पहिरो प्रतिरोधी स्वास्थ्य संस्था | सङ्ख्या | ७ | ७ | ८ | ९ | ९ | ९ | ९ | |
| **प्रतिफल** | पालिकामा आवश्यकता अनुसका आवास तथा भवन निर्माण भएको हुनेछ । | भूकम्प तथा पहिरो प्रतिरोधी वडा कार्यालय तथा अन्य सरकारी भवन | सङ्ख्या | १ | ५ | ८ | १० | १० | १० | १० | |
| | | कार्यपालिका भवन | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | |
| | | वडा कार्यलय भवन | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| | | कर्मचारी आवास | प्रतिशत | ० | १ | १ | १ | १ | १ | १ | |
| | विभिन्न आयोजनाहरूको सम्भाव्यता अध्ययन, सामाजिक तथा वातावरणीय प्रभाव मूल्याङ्कन र विस्तृत इन्जिनियरिङ डिजाइन भएको हुनेछ | सामुदायिक भवन | सङ्ख्या | १२ | १३ | १५ | १७ | १८ | २० | २० | |
| | | भवन तथा आवास निर्माणका लागि वातावरणीय प्रभाव अध्ययन | सङ्ख्या | ० | २ | ३ | ४ | ५ | ६ | ६ | |
| | प्राकृतिक पहिरोको जोखिम बस्तीहरूलाई व्यवस्थापन भएको हुनेछ<br>विपन्न घर परिवारका लागि जनता आवास कार्यक्रम सचालन भएको हुनेछ | भवन तथा आवास निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन | सङ्ख्या | २ | २ | ३ | ४ | ५ | ६ | ६ | |
| | | जोखिमयुक्त बस्तीको स्थानान्तरण | बस्ती सङ्ख्या | ० | ० | १ | १ | २ | २ | २ | |
| | | निर्माण भएका वस्ती विकास योजना सङ्ख्या | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | |
| | | विपन्नका लागि निर्मित आवास | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | |

### ६.१.७ अनुमान तथा जोखिम पक्ष

**भवन आचार संहिता सम्बन्धी चेतनामा वृद्धि र गाउँपालिकाबाट हुने कार्यान्वयन र अनुगमन थप प्रभावकारी भएको हुने ।**

क. प्राकृतिक प्रकोप, (दैवी प्रकोप) वा अन्य कुनै कारणले विशेष अवस्था सिर्जना भएमा कार्यक्रम कार्यान्वयनमा कठिनाइ हुन सक्छ ।

ख. आन्तरिक राजस्वको रकमबाट विनियोजित रकमसँग सम्बन्धित कार्यक्रमहरू आन्तरिक राजस्व सङ्कलन हुन न सकेमा कार्यान्वयनमा समस्या आउन सक्छ ।

ग. बाढी पहिरोबाट स्थानीय वस्तिहरूमा नोक्सान हुन गएमा वा वस्ति हस्तान्तरण गर्न पर्ने भएमा बजेट नपुग हुन सक्छ ।

घ. बाह्य स्रोतबाट सञ्चालन गरिने योजना/आयोजनाहरू बाह्य स्रोत समयमा उपलब्ध हुन नसकेमा योजना कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिने बारेमा व्यवस्था गरेको छ । सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गता मैत्री बनाउने तीनै तहका सरकारहरूको परिकल्पना रहेको छ । जलजला गाउँपालिका पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारबाट १२ कि.मि. उत्तरतर्फ अवस्थित छ । सडक यातायातको पहुँचका हिसाबले यो पालिका सुगम मानिन्छ । पोखरा-मुस्ताङ कालीगण्डकी कोरी डोर (सहायक राजमार्ग) को मालढुङ्गा-बेनी खण्ड गाउँपालिकाको वडा नं. १, २, ३, ४, ७ र ८ भएर गएको हुँदा यहाँबाट नयाँ ट्र्याक सहित ग्रामीण सडकहरू निर्माण तथा सञ्चालनमा सहज भएको हो । गाउँपालिकाबाट धवलागिरि अञ्चलका तीन जिल्लाहरू म्याग्दी, बागलुङ र पर्वत जिल्लाका जिल्ला सदरमुकामहरू क्रमशः बेनी बजार, बागलुङ बजार र कुश्मा बजारको नजिक पर्ने हुँदा पनि यहाँको यातायात लगायत व्यापार व्यवसायमा पहुँच बढ्न गएको हो ।

गाउँपालिकाका सबै बस्तीहरूमा सडक सञ्जाल पुगेको छ । वडा नं. १, ५, ६ र ९ मा सहायक राजमार्गबाट ग्रामीण सडकको ट्र्याक खोलेर हाल स्तर उन्नतिको कार्य भइरहेको छ । गाउँपालिकाको केन्द्रबाट टाढा रहेको वडा नं ९ बनौंको वडा कार्यालयसम्म पुग्ने ग्रामीण सडक प्रदेश सरकारको सहयोगमा कालो पत्रे गर्ने कार्य सम्पन्न भएको छ । वडा नं.७ धाइरिङमा गण्डकी प्रदेश सरकारको सहयोगमा कालो पत्रे गर्ने कार्य जारी रहेको छ । त्यसैगरी वडा नं ३ वारीबेनीदेखि वडा नं ५ लेकफाँट र वडा नं ६ शालिजा पुग्ने ग्रामीण सडक कालो पत्रे गर्ने कार्यको लागि सङ्घीय सरकारसँग पहल भइरहेको छ । वडा नं. ४ मोहनचोकबाट वडा नं. ५ रातमाटे हुँदै लेकफाँट जाने ग्रामीण सडक पनि कालो पत्रे गर्ने क्रममा रहेको छ । गाउँपालिकाको केन्द्र रहेको वडा नं. ४ लामाखेतदेखि सबै वडा कार्यालयसम्म पुग्ने सडकहरू बाह्रै महिना यातायात सञ्चालन गर्न सकिने अवस्थामा रहेका छन् । गाउँपालिकाको यातायात तर्फको अबको काम निर्माण भइसकेको सडकहरूको स्तर उन्नति गर्ने अर्थात् कालो पत्रे, ढलान आदि कार्यहरू गर्ने रहेको छ । गाउँपालिकाभित्र दम्वाखोला, लस्तीखोला, लुङदीखोला र वारीबेनी गरी ४ र मिलनचोक लेकफाँट शालिजा जाने ग्रामीण सडकमा १ गरी जम्मा ५ वटा मोटरेवल पुलहरू निर्माण भई सञ्चालनमा आइसकेका छन् । नेपालकै अग्लो तथा लामो झोलुङ्गे पुल (वडा नं. ८ नाग्लीवाङ-बागलुङ) को निर्माण कार्य भइरहेको छ । गाउँपालिकाभित्र तथा बागलुङ, बेनी जोड्ने समेत जोड्दा झोलुङ्गे पुलको सङ्ख्या १३ पुगेको छ ।

### ६.२.२ समस्या तथा चुनौती

जलजला गाउँपालिकाको प्रमुख समस्या भनेको विगतमा विना इन्जिनियरिङ ट्र्याक नमिलाइकन प्रत्येक घर घर पुग्ने गरी खनिएका ग्रामीण सडकहरू जुन छोटा र सहज पहुँच पुग्ने प्रकृतिका छैनन् । यी सडकहरूमा यात्रा गर्दा समय बढी लाग्ने, घुमाउरो अनि इन्धन बढी खाने तथा सडकको ग्रेड पनि नमिलाइकन खनिएका सडकहरू हुन् । अहिले यीनै सडकहरूको स्तर उन्नति गर्दा झनै बढी लागत लाग्नु का साथै ट्राफिक मापदण्ड कायम गर्न पनि कठिनाइ हुने देखिएका छन् । मापदण्ड विना योजना पहिचान तथा छनौट हुनु, दक्ष श्रमिक तथा जनशक्ति उपलब्धतामा कमी रहनु, गुणस्तरीय निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नू, आदि लाई यहाँका समस्याका रूपमा चित्रण गर्न सकिन्छ । सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु, सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु, पनि समस्याहरू हुन् । साँघुरो सडक हुनु, निजी सवारी साधनहरूको सङ्ख्या बढ्दै जानु, सडक दुर्घटनामा कमी आउन नसक्नू, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात व्यवस्थापनमा समस्या आउनु आदिलाई पनि समस्याका रूपमा उल्लेख गर्न सकिन्छ । बाटोको सुविधा भएतापनि नालाको व्यवस्था राम्रो हुन नसकेको कारण वर्षा याममा यातायात आवागमनमा समस्या हुने गरेको छ । केही कच्ची सडकमा सदाबहार रूपमा यातायातका साधन चलाउन सकिने अवस्था छैन ।

सङ्घीय तथा प्रदेश सरकारको अन्तर मन्त्रालय स्तरीय समन्वयको अभावका कारण सडक विभागले सडक कालो पत्रे गर्ने, नेपाल विद्युत् प्राधिकरण तथा नेपाल टेलिकमले भत्काउने अभ्यास नयाँ होइन । सडक विभाग र अन्य निकायहरू बीचको कमजोर समन्वय दिगो विकासको लागि चुनौतीका रूपमा देखिएको छ । ग्रामीण सडकको दिगो पनाको लागि विभिन्न खोला तथा खोल्सीहरूमा पुल तथा कलभर्ट निर्माण गर्न र सडक किनारमा नाली निर्माण गर्ने कार्य पनि चुनौतीका रूपमा खडा भएको छ । वर्षा याममा पानीको व्यवस्थापनमा निकै कठिनाइ हुने गर्दछ तसर्थ नाला तथा निकास व्यवस्थित गर्नु अर्को चुनौती हो । व्यापार, व्यवसाय तथा उत्पादन बढाउन मद्दत पुऱ्याउन सक्ने रणनीतिक महत्त्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावरणीय पक्षलाई ध्यानमा राखेर गुण स्तरीय सडक निर्माण गर्नु, सडक तथा पद मार्गको संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन कार्यलाई दिगो बनाउनु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ६.२.३ सम्भावना तथा अवसर

यस गाउँपालिकाका प्राय सबै बस्तीहरूमा ग्रामीण सडकको पहुँच पुगिसकेको छ । यातायातको क्षेत्रमा गाउँपालिकाको अबको कार्य भनेको कम्तीमा पनि गाउँ कार्यपालिकाको कार्यालय (केन्द्र) देखि सबै वडा

कार्यालयसम्म पुग्ने सडकहरू कालो पत्रे गर्ने रहेको छ । गाउँपालिका भित्र कच्ची भए पनि सडक सञ्जाल विस्तार हुनु, गाउँपालिका ले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक स्थानीय संरचनाको बलियो आधार निर्माण हुनु, यस क्षेत्रका सम्भावनाहरू हुन् । त्यसैगरी यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, प्रदूषण रहित सवारी साधनको प्रयोगमा वृद्धि हुनु, यातायात व्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुनु, सहरीकरणसँगै सवारी साधनहरूको माग बढ्दै जानु, चक्ला र गुण स्तरीय सडक निर्माणमा सरकार तथा समुदायको चासो बढ्नु आदि दिगो यातायात व्यवस्थापनका अवसरहरू हुन् ।

आन्तरिक सडक सञ्जालको पूर्ण रूपमा विकास हुँदा पालिका लाई शिक्षा, पर्यटन र कृषि उत्पादन केन्द्रको रूपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ भने स्थानीय बस्ती तथा बजार केन्द्रबाट मूल सडकमा जोडिने कृषि सडक तथा अन्य सडकहरूको स्तर उन्नति गर्न सके कृषि उत्पादन तथा बजारी करण निकै सहज हुन गई आर्थिक क्रियाकलापहरूमा वृद्धि हुन सक्ने देखिन्छ ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

दिगो, सुरक्षित तथा व्यवस्थित ग्रामीण सडक मार्फत नागरिकका आर्थिक क्रियाकलापमा वृद्धि गर्ने ।

**उद्देश्य**

१. सडक पूर्वाधारहरूको निर्माण तथा स्तर उन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनाउनु।
२. सुविधा सम्पन्न यातायात मार्फत स्थानीय उत्पादनको बजारी करण गर्नु तथा बजारमा सर्वसाधारणको पहुँचमा विस्तार गर्नु ।

**रणनीति र कार्य नीति**

तालिका ७७: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १:** सडक पूर्वाधारहरूको निर्माण तथा स्तर उन्नति गरी स्थानीयवासीको जीवन सहज र सरल बनाउनु । | |
| **१.१:** निर्माण भइ सकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतको लागि मर्मत सम्भार कोष र समितिको व्यवस्था गर्ने । | १. नेपाल सरकारले निर्धारण गरेका न्यूनतम मापदण्ड पालना हुने गरी सडकको स्तर उन्नति गरिनेछ ।<br>२. पुल निर्माण कार्यहरूको गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।<br>३. योजनाको दीर्घकालीन उपयोगको लागि निर्माण भइ सकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतको लागि कोषको व्यवस्था गरिनेछ । |
| **१.२:** आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन | १. व्यावसायिक गतिविधिलाई गतिशील बनाउन सडकको निर्माण तथा स्तरवृद्धि गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| योगदान पुऱ्याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने । | २. प्राथमिकता प्राप्त लोक मार्ग तथा गाउँपालिकाको रणनीतिक सडक सञ्जालको निर्माणमा तीव्रता दिइनेछ ।<br>३. सडकमा वर्षभरि निर्बाध यातायात सञ्चालनको लागि सडक पुलको निर्माणलाई प्राथमिकताका साथ निर्माणमा जोड दिइनेछ । |
| **१.३:** छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अवलम्बन गर्ने । | १. बजार क्षेत्रमा सडक, पानी निकास र ढल, खानेपानी पाइप, बिजुली तथा इन्टरनेट वितरण लाइन, फुटपाथ आदिको एकीकृत रूपमा निर्माण गरिनेछ।<br>२. जोखिम युक्त सडक खण्डहरूमा आवश्यकताका आधारमा बाटो निर्माणका वैकल्पिक कार्यलाई समेत ध्यान दिइ प्राथमिकताका आधारमा अगाडि बढाइनेछ।<br>३. सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायोइन्जिनियरिङ् लगायतका गैर-संरचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरिनेछ। |
| **उद्देश्य २:** सुविधा सम्पन्न यातायात सेवा मार्फत स्थानीय उत्पादनको बजारी करण गर्नका साथै बजारमा सर्वसाधारणको पहुँचमा विस्तार गर्नु । | |
| **२.१:** प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गर्ने । | १. योजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरण मैत्री पूर्वाधारको निर्माण गरिनेछ । स्थानीय तहको श्रम एवम् सीपलाई केन्द्रबिन्दुमा राखिनेछ ।<br>२. सम्पूर्ण पूर्वाधार योजनाहरूलाई आधुनिक सूचना प्रणाली अनुसार अद्यावधिक गर्दै नियमित रूपमा कार्यान्वयन गर्दै लगिनेछ ।<br>३. पालिका सदरमुकाम र वडा केन्द्र जोड्ने पूर्वाधार विकासका निर्माणमा व्यापक जनसहभागिता बढाइनेछ ।<br>४. योजनाहरूलाई निर्धारित समयमा नै सम्पन्न गर्न योजनाको प्रकृति अनुरूप आवश्यक स्रोत तथा वस्तु र गुणस्तरको आधारमा वर्गीकरण गरी सोही अनुरूप व्यवस्था मिलाइनेछ । |
| **२.२:** पर्यटकीय स्थलहरूको पहिचान तथा सो स्थान सम्मको पहुँच मार्गको निर्माण कार्यलाई अभियानका रूपमा सञ्चालन गर्ने । | १. पर्यटकीय स्थलहरूमा सडक तथा पद मार्गको पहुँच विस्तार गरी व्यवस्थापनको लागि समुदाय तथा स्थानीय तहलाई व्यापक रूपमा परिचालन गरिनेछ ।<br>२. पहुँच मार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरी स्तर उन्नति, निर्माण तथा व्यवस्थापन कार्यलाई क्रमागत रूपमा अगाडि बढाइनेछ ।<br>३. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न पद मार्गहरूको निर्माण गरिनेछ । |

### ६.२.५ कार्यक्रम तथा आयोजना

तालिका ७८: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | गाउँपालिका को केन्द्र तथा माल ढुङ्गा बेनी सहायक राजमार्गबाट सबै वडा कार्यालयसम्मको ग्रामीण सडकको स्तर उन्नति कार्यक्रम । | कि.मि. | १५ | १५ | २०००० | ३०००० | ४०००० | ५०००० | ६०००० | २००००० | ३५.६५ |
| | **पद मार्ग** | | | | | | | | | | |
| | फलामेडाँडा -लोप्रे (पार्क सहित),<br>तारे- सिर्पु -जलजला,<br>ज्यामिरे पुल - ओडारे,<br>वारी वेनी- भोर्तुला डिल<br>बगरफाँट -राममन्दिर -पूर्णगाउँ- फलामेडाँडा -जलजला<br>मिलनचोक- सल्यान- भूमे थान- लिङ्गेगाडे- जलजला<br>खनियाघाट- नाग्लीवाङ- बनौं -ठूलो पोखरी- जलजला | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | १.८० |
| | खोलाखेत- पाल्सिङ पक्की मोटरेवल पुल निर्माण योजना । | सङ्ख्या | | १ | | | | | ३०००० | ३०००० | ५.३५ |
| | फर्से -लस्ति (सम्भाव्यताका आधारमा) जलजला बागलुङ जोड्ने पक्की पुल निर्माण योजना । | सङ्ख्या | | १ | | १०००० | २०००० | २०००० | ३०००० | ८०००० | १४.२६ |
| | स्थानीय ग्रामीण सडक ७५ कि.मि. स्तर उन्नति | कि.मि. | | ७५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ८.९१ |
| | सडक मर्मत सम्भार ५० कि.मि. | कि.मि. | | ५० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ४.४६ |
| | जीपपार्क/बसपार्क (वानीबेनी मिलनचोक र खनियाघाट) निर्माण | सङ्ख्या | | २ | | २००० | २००० | | | ४००० | ०.७१ |
| | **सडक तथा यातायात जम्मा** | | | | ३७००० | ५९००० | ७९००० | ८७००० | १३७००० | ३९९००० | ७१.१२ |

तालिका ७९: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गाउँपालिकाको केन्द्र तथा माल ढुङ्गा बेनी सहायक राजमार्गबाट सबै वडा कार्यालयसम्मको ग्रामीण सडकको स्तर उन्नति कार्यक्रम । | कि.मि. | १५ | १५ | २००००० | | | ११ | १ | ५ | ३ | ३ |
| | **पर्यटकीय पद मार्ग** | | | | | | | | | | | |
| | फलामेडाँडा -लोप्रे (पार्क सहित),<br>तारे- सिर्पु -जलजला,<br>ज्यामिरे पुल - ओडारे,<br>वारी वेनी- भोर्तुला डिल<br>बगरफाँट -राममन्दिर -पूर्णगाउँ- फलामेडाँडा -जलजला<br>मिलनचोक- सल्यान- भूमे थान- लिङ्गेगाडे- जलजला<br>खनियाघाट- नाग्लीवाङ- बनौं -ठूलो पोखरी- जलजला | एकमुस्ट | | | १०००० | | | ९ | १ | ५ | ३ | ३ |
| | खोलाखेत- पाल्सिङ पक्की मोटरेवल पुल निर्माण योजना । | सङ्ख्या | | १ | ३०००० | | | ९ | १ | ५ | ३ | ३ |
| | फर्से -लस्ति (सम्भाव्यताका आधारमा) जलजला बागलुङ जोड्ने पक्की पुल निर्माण योजना । | सङ्ख्या | | १ | ८०००० | | | ११ | १ | ५ | ३ | ३ |
| | स्थानीय ग्रामीण सडक ७५ कि.मि. स्तर उन्नति | कि.मि. | | ७५ | ५०००० | | | ११ | १ | ५ | ३ | ३ |
| | सडक मर्मत सम्भार ५० कि.मि. | कि.मि. | | ५० | २५००० | | | ११ | १ | ५ | ३ | ३ |
| | जीपपार्क/बसपार्क (वानीबेनी मिलनचोक र खनियाघाट) निर्माण | सङ्ख्या | | २ | ४००० | | | ११ | १ | ५ | ३ | ३ |
| | **सडक तथा यातायात जम्मा** | | | | ३९९००० | | | | | | | |

## ६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ८०: सडक, पुल तथा यातायातका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रभाव | सङ्घ, प्रदेश तथा गाउँपालिकाको समन्वयका आधारमा सडक तथा यातायात पूर्वाधार विकास गरी आर्थिक तथा सामाजिक विकासका अवसरमा नागरिकको सहज पहुँच भएको हुनेछ | ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९८ | १०० | १०० | गाउँपालिका प्रोफाइल, पालिका प्रगति विवरण, प्राविधिक शाखा |
| | | सर्वयाम सडक | कि.मि. | ४५ | ५० | ६० | ७० | ८० | ९० | ९० | |
| असर | योजनाको दीर्घकालीन उपयोगको लागि निर्माण भइसकेको पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मत संभार भएको हुनेछ । | यातायात सुचारु सडक लम्बाइ | कि.मि. | १६० | १६५ | १७० | १७२ | १७५ | १७५ | १७५ | |
| | | नियमित मर्मत संभार भएको सडकको लम्बाइ | कि. मि. | ४० | ४५ | ५० | ५५ | ६२ | ७० | ७० | |
| प्रतिफल | पालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुर्याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ भएको हुनेछ । | अन्तर पालिका सडक सञ्जाल विस्तार | कि.मी. | ३० | ३२ | ३५ | ४० | ४२ | ४५ | ४५ | |
| | छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अवलम्बन हुनेछ । | वायोइञ्जिनिरिङ्ग प्रविधि र सडक साइट वृक्षारोपण | कि.मी. | २ | २ | ३ | ४ | ६ | ७ | ७ | |
| | | पहिरो नियन्त्रणका लागि ग्याभिन वाल निर्माण | कि.मी. | ४ | ५ | ६ | ७ | ८.५ | १० | १० | |
| | प्रत्येक वडाहरूमा र महत्त्वपूर्ण स्थलहरूमा, बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गरिनेछ । | पालिकामा संचालित ४ पाङ्ग्रे यातायातका साधन | सङ्ख्या | २५ | २८ | ३२ | ३५ | ३८ | ४० | ४० | |
| | | ग्राभेल सडक | कि.मि. | १५ | २० | २५ | ३० | ४५ | ६० | ६० | |
| | | ट्र्याक खोलिएको सडक | कि.मि. | १६० | १६५ | १७० | १७५ | १७५ | १७५ | १७५ | |
| | | पक्की पुल | सङ्ख्या | ५ | ५ | ६ | ६ | ६ | ७ | ७ | |
| | | झोलुङ्गे पुल | सङ्ख्या | २५ | २५ | २६ | २६ | २७ | २७ | २७ | |
| | | आकासे पुल | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | १ | |
| | | सडक नाली | कि.मि. | ३३ | ३३ | ४५ | ५५ | ६५ | ८० | ८० | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | | सडक पेटी | कि.मि. | ० | १ | ३ | ५ | ८ | १० | १० | |
| | | पदमार्ग स्तर उन्नति | कि.मि. | २० | २२ | २४ | २६ | २८ | ३० | ३० | |
| | | नयाँ पदमार्गको निर्माण | कि.मि. | १ | १ | १ | २ | २ | २ | २ | |

### ६.२.७ अनुमान तथा जोखिम पक्ष

**जनताको माग अनुसार यातायातको व्यवस्थापन भएको हुने, सडक पूर्वाधारमा लगानी वृद्धि हुने, स्तरीय तथा फराकिलो सडक बन्ने ।**

क. अति वृष्टि, अति वर्षा, बाढी पहिरो भूकम्प आदि कारणले सडक पुल तथा यातायातसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालनमा अवरोध आउन सक्छ ।

ख. महामारीका रोगहरूको प्रकोपका कारण सङ्क्रमण फैलिए निर्माण कार्य सहज नभएमा जोखिम हुन सक्छ ।

ग. समयमा ठेक्का नभएर वा ठेकेदारले तोकिएको समयमा काम सम्पन्न नगरेका कारण समस्या आउन सक्छ ।

घ. बाह्य स्रोतको बजेट प्राप्त नभएर काम समयमा सम्पन्न नहुँदा समस्या आउन सक्छ ।

ङ. स्थानीय राजस्व वृद्धिमा समस्या आइ योजना सम्पन्न गर्न बजेट अभाव भएमा पनि समस्या आउन सक्छ ।

च. देशबाट निर्मित कानुन आदेश वा अन्य संवैधानिक प्रावधानका कारण पनि समयमा नै योजना सम्पन्न गर्ने कार्यमा जोखिम आउन सक्छ ।

## ६.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

जलविद्युत् आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण साधन हो । नेपाल सरकारले आउँदो बाह्र वर्षमा १५,००० मेघाबाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ । प्रदेशमा दिगो र भरपर्दो विद्युतको पहुँच सबै नागरिकमा पुगि नसकेको र प्रदेश सरकारले ऊर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको सन्दर्भमा जल विद्युत् विकास र व्यवस्थापनमा गण्डकी प्रदेश सरकारको महत्त्वपूर्ण भूमिका आवश्यक छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहु उपयोगी विकास गर्ने नीति गत व्यवस्था गरेको छ । प्रकाश ऊर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत् ऊर्जालाई लिने गरिन्छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार जलजला गाउँपालिकामा जम्मा ५९६१ घर धुरीहरू मध्ये ५८७८ घर धुरीहरू अर्थात् ९८.६०% घरधुरीहरू विद्युतीकरणमा आबद्ध भइ सकेका छन् । गाउँपालिका भित्र जम्मा ८३ (१.४०%) घर धुरीहरू मात्र केन्द्रीय विद्युतीकरण भन्दा बाहिर रहेका छन् । यहाँका बाँकी ८३ घर धुरीहरू मध्ये सोलार प्रयोग गर्ने घर धुरीहरू ५२ रहेका छन् भने मट्टीतेल बाल्ने घर धुरीहरू १८ रहेका छन् । बायो ग्याँस प्रयोग गर्ने घर सङ्ख्या जम्मा १ रहेको छ भने १२ घरले अन्य स्रोत (दाउरा लगायत) प्रयोग गर्दै आएका छन् । उल्लिखित तथ्याङ्कबाट गाउँपालिकाका अधिकांश स्थानमा राष्ट्रिय प्रसारणको लाइन जडान भइसकेको पुष्टि हुन्छ । गाउँपालिकामा एल.पी. ग्यास खाना पकाउने मुख्य ऊर्जाको स्रोतका रूपमा विकास हुँदै गइरहेको छ । यद्यपि करिब ७५% घर परिवारले अहिले पनि दाउरालाई नै मुख्य इन्धनका रूपमा प्रयोग गर्दै आइरहेका छन्

### ६.३.२ समस्या तथा चुनौती

सबै स्थानमा विशिष्ट उपयोगका लागि ३ फेज लाइनको विद्युत् सेवा उपलब्ध हुन सकेको छैन भने उपलब्ध विद्युत् सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन । स्वच्छ ऊर्जाको रूपमा गोबर ग्याँस, बायो ब्रिकेट र धुवाँ रहित सुधारिएको चुलोको उपयोग द्रुतगतिमा विस्तार हुन सकेको छैन । अधिकांश घरहरूमा परम्परागत रूपमा दाउराबाट खाना पकाउने चलन यद्यपि रहिरहेको छ ।

बस्ती विकास, सहरीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग सँगै आपूर्ति व्यवस्थालाई पनि चुस्त बनाइएको छ । दिगो विद्युतीकरणको लागि काठको पोल विस्थापित गर्दै

स्टिल पोल स्थापित गरिएको छ । तर पनि विद्युत् आपूर्तिका लागि भौगोलिक विकटता भएका तथा छिरलिएर रहेका ग्रामीण बस्तीहरूका कारण विद्युतीकरण आफैमा चुनौती पूर्ण बनेको छ ।

### ६.३.३ सम्भावना तथा अवसर

गाउँपालिका क्षेत्रभित्र वडा नं. १ गलेश्वर हुँदै वडा नं. २ र ३ बनी बजारको किनार हुँदै बग्ने कालीगण्डकी नदीबाट विद्युत् उत्पादन गर्ने सन्दर्भमा सर्भे भइसकेको छ । यहाँ बग्ने ठाडा खोलाहरू जस्तै राम्चे खोला, लुङदी खोला, लस्ती खोला र दम्खा खोला पनि विद्युत् उत्पादनको लागि सम्भाव्य स्रोतहरू हुन सक्छन् । तर यी खोलाहरूको सर्भे अहिलेसम्म भएको छैन । ठूला आयोजना मार्फत जल विद्युत् उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहेको भएतापनि सम्भाव्यता अध्ययन गर्ने अधिकार सहित लाइसेन्स लिएर बसेका सीमित व्यक्तिहरूले काम अघि नबढाएको अवस्था छ । यद्यपि लघु जल विद्युत् तथा नवी करणीय ऊर्जाका रूपमा सौर्य ऊर्जामा लगानी गरी विद्युत् उत्पादन गर्न सकिने सम्भावना रहेको छ । जनसमुदायमा ऊर्जाको आवश्यकता बारे चेतना अभिवृद्धि हुँदै गएको छ । ऊर्जा विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने देखिन्छ ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

वातावरण मैत्री, दिगो, भरपर्दो, गुण स्तरीय र सस्तो ऊर्जामा सबै स्थानीयवासीको पहुँच वृद्धि गर्ने ।

**उद्देश्य**

१. विद्युत् उत्पादनको लागि कालीगण्डकी नदी लगायत अन्य ठाडा खोलाहरूको सम्भाव्यता अध्ययन गरी स्थानीय उत्पादनमा जोड दिनु ।
२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको सहज प्रयोगमा वृद्धि गर्नु ।

**रणनीति र कार्य नीति**

तालिका ८१: ऊर्जाका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १:** विद्युत् उत्पादनको लागि कालीगण्डकी नदी लगायत अन्य ठाडा खोलाहरूको सम्भाव्यता अध्ययन गरी स्थानीय उत्पादनमा जोड दिनु । | |
| **१.१:** ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम उपयोगको आधार तयार गर्ने । | १. विद्युत् उत्पादनको लागि स्थानीय स्रोतहरूको सम्भाव्यता अध्ययन गरी उत्पादनमा जोड दिइनेछ ।<br>२. सङ्घीय स्वरूप अनुसार ऊर्जा क्षेत्रको स्थानीय स्तरमा संस्थागत संरचना तयार गरिनेछ ।<br>३. सङ्गठनात्मक संरचना अनुसार विद्युत् जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. विद्युत् वितरण लाइनमा उच्च क्षमता तथा गुण स्तरीय ट्रान्सफरमरहरू प्रतिस्थापन गरिनेछ ।<br>५. घरायसी प्रयोजनका लागि अधिकतम ऊर्जा प्रयोग गर्ने परिवारलाई सम्मान/प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| **१.२**: उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान, उत्पादन, वर्तमान तथा भविष्यमा ऊर्जाको माग र आपूर्ति सम्बन्धी डेटाबेस तयार गरी संस्थागत विकासमा जोड दिने । | १. सामुदायिक विद्युत् उपभोक्ता समिति र नेपाल विद्युत् प्राधिकरणको समन्वयमा सामुदायिक विद्युतलाई क्रमशः राष्ट्रिय प्रसारण लाइनमा आबद्ध गरिनेछ ।<br>२. गाउँपालिका मा ऊर्जाको स्रोत पहिचान, कुल सम्भाव्य जल विद्युत् क्षमता, माग र आपूर्तिको अध्ययन गरिनेछ ।<br>३. उत्पादित ऊर्जा, वर्तमान तथा भविष्यको माग र आपूर्तिको तथ्याङ्क सङ्कलन गरी डेटाबेस तयार गरिनेछ ।<br>४. निर्माण सम्पन्न भई सञ्चालनमा रहेका लघु तथा साना जल विद्युत् आयोजनाको मर्मत, सम्भार र संस्थागत विकास गरिनेछ ।<br>५. यस क्षेत्रमा रहेका मुख्य ऊर्जा उत्पादन केन्द्र सम्मको सडक र प्रसारण लाइनको सञ्जाल निर्माण गरिनेछ । |
| **उद्देश्य २: परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।** | |
| **२.१**: ऊर्जाको प्रयोगलाई दिगो, भरपर्दो गुण स्तरीय र प्रभावकारी रूपमा विकास गरी बहु उपयोगी बनाउने । | १. ऊर्जाको खपत प्रभावकारी ढङ्गबाट गर्नका लागि विशेष सचेतनमा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिक स्थल, सडक, पर्यटकीय स्थल, आदिमा आधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ ।<br>३. कृषि तथा सहरी क्षेत्रबाट निस्किने फोहर जन्य वस्तुबाट वायोग्यास तथा प्राङ्गारिक मल उत्पादन तथा प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>४. सिँचाइ तथा खानेपानीको पहुँच पुऱ्याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको सञ्चालन गरिनेछ ।<br>५. जल विद्युत्, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउँदै परम्परागत इन्धनको प्रयोग घटाइनेछ।<br>६. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गर्न बैङ्क तथा वित्तीय क्षेत्रबाट सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ। |

## ६.३.५ कार्यक्रम तथा आयोजना

### तालिका ८२: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | सडक बत्ति व्यवस्थापन योजना (बेनीबजार, लामाखेत, मिलनचोक, सल्यान, बाँसकोट, धारापनी, माझफाँट, सल्यान प्रमुख बजार उन्मुख वस्तिहरू) । | एकमुस्ट | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | २.२३ |
| | वैकल्पिक ऊर्जाको प्रयोगमार्फत वातावरण संरक्षण तथा ऊर्जामा आत्म निर्भरता सम्बन्धी सचेतन कार्यक्रम । | पटक | | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | ०.१८ |
| | जैविक ऊर्जा उत्पादन तथा प्रवर्द्धन । | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.४५ |
| | विद्युत् लाइनमा केवल तार प्रयोग गरी १२ मिटरको पोल प्रतिस्थापन। | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | १.७८ |
| | एक घर एक सोलार विस्तार कार्यक्रम । | एकमुस्ट | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | २.२३ |
| | **जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | | | | ७७०० | ७७०० | ७७०० | ७७०० | ७७०० | ३८५०० | ६.८६ |

### तालिका ८३: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिगाल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सडक बत्ति व्यवस्थापन योजना (बेनीबजार, लामाखेत, मिलनचोक, सल्यान, बाँसकोट, धारापनी, माझफाँट, सल्यान प्रमुख बजार उन्मुख वस्तिहरू) । | एकमुस्ट | | | १२५०० | | बेनीबजार, लामाखेत, मिलनचोक, सल्यान, बाँसकोट, धारापनी, माझफाँट, सल्यान | ७ | १ | २ | ३ | ३ |
| | वैकल्पिक ऊर्जाको प्रयोगमार्फत वातावरण संरक्षण तथा ऊर्जामा आत्म निर्भरता सम्बन्धी सचेतन कार्यक्रम । | पटक | | ५ | १००० | | | ७ | १ | २ | ३ | २ |
| | जैविक ऊर्जा उत्पादन तथा प्रवर्द्धन । | एकमुस्ट | | | २५०० | | | ७ | १ | २ | ३ | २ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिगाल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्युत् लाइनमा केवल तार प्रयोग गरी १२ मिटरको पोल प्रतिस्थापन। | एकमुस्ट | | | १०००० | | | ७ | १ | २ | ३ | २ |
| | एक घर एक सोलार विस्तार कार्यक्रम । | एकमुस्ट | | | १२५०० | | | ७ | १ | २ | ३ | २ |
| | **जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | | | | **३८५००** | | | | | | | |

## ६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

### तालिका ८४: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधारवर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | परम्परागत ऊर्जाको प्रतिस्थापन गरी वैकल्पिक ऊर्जा प्रयोगमा बृद्धि भएको हुनेछ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९८.६१ | ९९ | ९९ | १०० | १०० | १०० | १०० | गाउँपालिका प्रोफाइल, प्राविधिक शाखा, सम्वन्धित शाखाको प्रतिवेदन |
| **असर** | नविकरणिय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा ऊर्जा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा बृद्धि हुनेछ। | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | ० | ० | ० | ० | ० | ० | ० | |
| | | प्रतिव्यक्ति विद्युत् उपभोग | किलोवाट घण्टा | १५० | १५५ | १८० | २१० | २५० | ३०० | ३०० | |
| | | थ्री फेज लाइनको बिस्तार | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९५ | ९५ | ९५ | |
| **प्रतिफल** | ऊर्जा वितरण प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो बनाई विद्युत पहुँचमा वृद्धि गरी खपत बढाइनेछ ।<br>वैकल्पिक ऊर्जाको विस्तार गरी दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाइने छ । | राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युतीकरण भएको परिवार | प्रतिशत | ९९.५ | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | | खाना पकाउने इन्धनका रूपमा बिद्युत प्रयोग गर्ने परिवार | प्रतिशत | २० | २२ | २५ | ३० | ३५ | ४० | ४० | |
| | | सोलार उर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ४ | ४ | ५ | ६ | ७ | ८ | ८ | |
| | | सोलार उर्जा उत्पादन | कि.वा. | ५ | ६ | ७ | ८ | ९ | १० | १० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बायोग्यास (गोवरग्यास) प्रयोग गर्ने घरपरिवार | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ | १० | १० | |

### ६.३.७ अनुमान तथा जोखिम पक्ष

**सम्वन्धित कार्यलयहरूले आफूलाई समसामयिक अध्यावधिक गरेको हुने, सबै पालिका बासीको सहज र पर्याप्त ऊर्जामा पहुँच भएको हुने ।**

क. खोला नाला तथा पानीका मुहानहरूको उचित संरक्षणको अभावमा पानीको मूल सुक्न गइ समस्या आउन सक्छ ।

ख. कुनै प्राकृतिक प्रकोपका कारण योजना/आयोजना कार्यान्वयनमा समस्या आउन सक्छ ।

ग. महामारीका रोग व्याधिका कारण काममा सहज नहुन सक्छ ।

घ. मानव जन्य कारणहरू जस्तै हडताल, सडक जाम, आन्दोलन चक्का जाम आदि कारणबाट निर्माणको काममा अवरोध आउन सक्छ ।

ङ. कानुन संशोधन वा परिवर्तनले पनि निर्माण कार्यमा अवरोध आउन सक्छ ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

जलजला गाउँपालिकाले गाउँ कार्यपालिकाको कार्यालय लगायत सबै वडा कार्यालयहरूलाई सफ्टवेयर मैत्री बनाउने प्रयास विगत वर्षदेखि नै गर्दै आएको छ । गाउँपालिकाका सबै वडा कार्यालयहरूमा कर भुक्तानी लगायतका कार्यहरू अनलाइन सेवा मार्फत प्रवाह भइरहेको अवस्था छ । तर सबै वडा वासीमा भने सूचना तथा प्रविधिको उपयोगमा पहुँच पुगेको छैन । गाउँपालिकाको अबको प्रयास वडा वासीको पहुँच विस्तारमा हुनुपर्ने देखिन्छ । त्यसैले सूचना तथा सञ्चारको पहुँच अब वडा कार्यालयबाट बस्ती तथा घरसम्म विस्तार गर्न आवश्यक छ । सबै वडाहरूमा एन.टि.सि र एन सेलको सामान्य सुविधा उपलब्ध भएको देखिएको छ । गाउँ क्षेत्रका सबै वडामा मोबाइल फोन सेवाको सुविधा पुगे ता पनि सेवा पहुँच भने ७५.४४% मात्रै छ । अप्टिकल फाइबर विस्तार हुन नसक्दा इन्टरनेट सुविधा एकदमै कमजोर छ भने वडा स्तरबाट प्रवाह हुने अनलाइन सेवाहरू सबै वडाहरूमा सुचारु हुन सकेको छैन साथै ४३.६६% प्रतिशत स्थानीयवासीहरू इन्टरनेटको पहुँचमा रहेको देखिन्छ ।

गाउँपालिकामा जम्मा ५९६१ घर धुरीहरूमा एकभन्दा बढी सञ्चारका साधनाहरू प्रयोग गर्ने घर धुरीहरू २०४ रहेका छन् भने एक मात्र सूचना तथा सञ्चारको साधन प्रयोग गर्ने हरू को सङ्ख्या ५७५७ रहेको छ । ती मध्ये पनि रेडियो १९९०, टेलिभिजन ३४८७, लाइनको टेलिफोन ४७२१, मोबाइल ४४९७, कम्प्युटर/ल्यापटप ६९१, इन्टरनेट २६०३, कार/जिप/म्यान १५०, मोटरसाइकल/ स्कुटर ५८२, साइकल १५३, फेन १०६१, फ्रिज ८८५, वा सिङ मेशिन ५८, एयर कन्डिसन ३ घरले उपयोग गर्दै आएका छन् । म्याग्दी जिल्लाको बेनी बजार र बागलुङ जिल्लाको बागलुङ बजार यहाँबाट नजिक भएका कारण पत्रपत्रिका तथा एफ.एम. स्टेसनहरूले सञ्चार सुविधामा कठिनाइ छैन । तर गाउँपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित स्थानीय एफ. एम. स्थापना भने गरिएको छैन । यद्यपि, टेलिभिजन, केवल नेटवर्क, र इन्टरनेटको सरल पहुँचका कारण सूचना तथा सञ्चार क्षेत्रको विकास दिनानुदिन बढ्दै गइरहेको छ ।

### ६.४.२ समस्या तथा चुनौती

भौगोलिक विकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई दुर्गम वडासम्म द्रुतता दिन सजिलो छैन । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन सकेको छैन । सूचना तथा सञ्चारको संरचनागत विकासका पूर्वाधारमा कमी देखिन्छ । सूचना प्रविधिको विकास र साईवर सुरक्षाको लागि पर्याप्त संरचना गत व्यवस्था भएको भने छैन । केही स्थानहरूमा मोबाइल नेटवर्क अनियमित तथा ज्यादै

कमजोर भएकोले सेवा प्रयोग एवं वडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुगेको छ । हालसम्म अप्टिकल फाइबर पुग्न सकेको छैन ।

अप्टिकल फाइबर विस्तारमा गति दिने कार्य, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नविनत प्रविधि समय सापेक्ष प्रयोगमा ल्याउने कार्य, विद्युत् प्रसारण भरपर्दो बनाउने कार्य, गाउँ क्षेत्रको ऐतिहासिक महत्त्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्ने कार्य, साइ वर सुरक्षा सम्बन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य, र सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरुपयोग तथा विकृतिलाई रोक्ने कार्य चुनौती पूर्ण देखिएको छ ।

### ६.४.३ सम्भावना तथा अवसर

विद्यमान योजना तथा नीति अनुरूप गाउँलाई सञ्चार तथा सूचना प्रविधिमैत्री बनाउन सकिन्छ । स्थानीय सञ्चार माध्यम र सञ्चारकर्मीको क्षमता विकास गरी गाउँलाई मिडियामैत्री बनाउन सकिन्छ । आधुनिक सूचना प्रविधिको प्रयोग गरी गाउँपालिकाको प्रशासनिक लगायत दैनिक कामकाजका प्रणालीहरू सहज एवम् चुस्त बनाउन सकिने सम्भावना प्रशस्त छ ।

विद्यालय, स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूको कार्य प्रणालीलाई सूचना प्रविधिको प्रयोगबाट थप चुस्त दुरुस्त र प्रभावकारी बनाउन सकिन्छ । प्रविधिको भरपूर उपयोग गरी पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने र सार्वजनिक सेवा प्रवाहलाई थप सर्व सुलभ बनाउन सकिन्छ । सूचना तथा सञ्चारको विकासले समग्र आर्थिक विकासको गतिविधिलाई पारदर्शी, चुस्त दुरुस्त र प्रभावकारी बनाउन टेवा पुऱ्याउनेछ ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सूचना, सञ्चार तथा प्रविधिको विकास गरी आम नागरिकको जीवनस्तरलाई सहज बनाउने ।

**उद्देश्य**

१. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादीत, विश्वसनीय बनाई सबै नागरिकको पहुँचमा पुऱ्याउनु ।
२. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्व सुलभ, गुण स्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु।

**रणनीति र कार्य नीति**

तालिका ८५: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| **उद्देश्य १: आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादीत, विश्वसनीय बनाई सबै नागरिकको पहुँचमा पुऱ्याउनु।** | |
| **१.१:** सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नयाँ खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार गर्ने । | १. सञ्चार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाइनेछ ।<br>२. सूचना प्रविधि क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहरीकरण गरिनेछ।<br>३. केवलमा आधारित सञ्चार प्रविधिलाई ताररहित प्रविधिमा रूपान्तर गर्न विभिन्न अध्ययन गरिनेछ । |
| **१.२:** बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने । | १. यस क्षेत्रलाई परिचित गराउने खालका भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पृष्ठभूमि झल्कने प्रवर्द्धनात्मक सूचनाका सामग्रीहरूको निर्माण र निर्माण भएका सामग्रीहरूको डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुऱ्याउन सूचना तथा सञ्चार प्रविधि युक्त पर्यटकीय योजना बनाइनेछ।<br>२. यस क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक तथा गुण स्तरीय लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ ।<br>३. टेलीमेडिसिन केन्द्रको स्थापना गरी सबै नागरिकलाई घरमै बसी स्वास्थ्य उपचार सम्बन्धी परामर्श सेवा लीन अवसरको सु निश्चितता गरिनेछ ।<br>४. विज्ञापन बजारको व्यवस्थापन एवम् नियमन गर्न नियामक निकायको स्थापना तथा सञ्चालन गरिनेछ ।<br>५. सार्वजनिक क्षेत्रबाट प्रचार प्रसार हुने विज्ञापनमा समानुपातिक वितरण प्रणालीको व्यवस्था गरिनेछ। |
| **१.३:** समग्र प्रविधिका विकासका लागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने । | १. सार्वजनिक तथा निजी सेवाहरू क्रमशः सफ्टवेयर अनलाइन मार्फत सूचना तथा सेवा प्रदान गरिनेछ।<br>२. सञ्चार तथा सूचना प्रविधिको विकासका लागि स्थानीय प्राविधिक जनशक्ति उत्पादनको आधार तयार गरिनेछ ।<br>३. राजस्व भुक्तानी प्रणालीलाई डिजिटल माध्यमबाट भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ ।<br>४. डिजिटल डिभाइस कम गर्नको लागि डिजिटल साक्षरता र सचेतन अभिवृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>५. सूचना प्रविधिको प्रयोग मार्फत स्थानीय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण गरिनेछ ।<br>६. आधारभूत तह देखि नै हरेक विद्यार्थीले कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी अध्ययन गर्न पाउने अवसरको सु निश्चितता गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य २ः सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्व सुलभ, गुण स्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।** | |
| २.१ः सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादीत, सर्व सुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने । | १. गाउँपालिका का सबै वडाहरूमा अप्टिकल फाइबरको विस्तार गरी इन्टरनेटको पहुँच सर्व सुलभ बनाइनेछ ।<br>२. सबै कार्यालयका वेबसाइट, इमेल, ट्वीटर, भाइबर जस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ ।<br>३. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सु सूचित हुने अधिकारको सु निश्चितता गरिनेछ ।<br>४. सार्वजनिक आम सञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादीत, उत्तरदायी र व्यावसायिक बनाइनेछ।<br>५. गाउँपालिका का सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैका लागि सहज एवम् सर्व सुलभ सेवाको सुनिश्चित ता गरिनेछ । |
| २.२ः सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सु निश्चितता गर्ने । | १. सञ्चार क्षेत्रका लागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ।<br>२. गाउँपालिका का सबै ठाउँमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ।<br>३. गाउँपालिका का सबै वडाहरूमा स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूको ताजा खबर नियमित रूपमा अनलाइन संस्करणमा समेत पढ्न पाउने व्यवस्था मिलाइनेछ । |

## ६.४.५ कार्यक्रम तथा आयोजना

### तालिका ८६: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | अप्टिकल फाइबर नेट विस्तार (साबिक सबै वडा) । | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.४५ |
| | युवा लक्षित कम्प्युटर सम्बन्धी तालिम सञ्चालन (साबिक सबै वडा) | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.४५ |
| | सबै वडाहरूमा डिजिटल नागरिक बडा पत्र स्थापना । | सङ्ख्या | | ९ | १५०० | १००० | | | | २५०० | ०.४५ |
| | प्रमुख ग्रामीण सडकहरूमा ट्राफिक नियम अनुसार सडक सूचना बोर्ड स्थापना । | सङ्ख्या | | १५० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.४५ |
| | सबै वडामा डिजिटल सूचना बोर्ड स्थापना । | सङ्ख्या | | ९ | | | १००० | १००० | १००० | ३००० | ०.५३ |
| | आधुनिक उच्च प्रविधि मैत्री गाउँपालिका निर्माण योजना । | एकमुस्ट | | | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | २.६७ |
| | सबै सार्वजनिक कार्यालयहरूमा ई-हाजिरी र सि. सि. क्यामेराको व्यवस्थापन । | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १.३४ |
| | **सञ्चार र सूचना प्रविधिको जम्मा** | | | | ७५०० | ७००० | ७००० | ७००० | ७००० | ३५५०० | ६.३३ |

### तालिका ८७: सञ्चार तथा सूचना प्रविधिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्टिकल फाइबर नेट विस्तार (साबिक सबै वडा) । | एकमुस्ट | | | २५०० | | | ११ | १ | ५ | ३ | ३ |
| | युवा लक्षित कम्प्युटर सम्बन्धी तालिम सञ्चालन (साबिक सबै वडा) | पटक | | ५ | २५०० | | | ११ | १ | ५ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सबै वडाहरूमा डिजिटल नागरिक बडा पत्र स्थापना । | सङ्ख्या | | ९ | २५०० | | | ११ | १ | ५ | ३ | ३ |
| | प्रमुख ग्रामीण सडकहरूमा ट्राफिक नियम अनुसार सडक सूचना बोर्ड स्थापना । | सङ्ख्या | | १५० | २५०० | | | ११ | १ | ५ | ३ | ३ |
| | सबै वडामा डिजिटल सूचना बोर्ड स्थापना । | सङ्ख्या | | ९ | ३००० | | | ११ | १ | ५ | ३ | ३ |
| | आधुनिक उच्च प्रविधि मैत्री गाउँपालिका निर्माण योजना । | एकमुस्ट | | | १५००० | | | ११ | १ | ५ | ३ | ३ |
| | सबै सार्वजनिक कार्यालयहरूमा ई-हाजिरी र सि. सि. क्यामेराको व्यवस्थापन । | एकमुस्ट | | | ७५०० | | | ११ | १ | ५ | ३ | ३ |
| | **सूचना र सञ्चार प्रविधिको जम्मा** | | | | **३५५००** | | | | | | | |

## ६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

### तालिका ८८: सूचना, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | सूचना तथा सञ्चार प्रविधिको विकास मार्फत पालिका बासीको जीवनस्तरमा सहजता हुनेछ । | मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ९८ | ९९ | १०० | १०० | १०० | १०० | १०० | गाउँपालिका प्रोफाइल, सूचना प्रविधि शाखा, CBS |
| | | इन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत | ५२ | ५५ | ६० | ७० | ८० | ९० | ९० | |
| **असर** | सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्व सुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम प्रयोग भएको हुनेछ । | टेलिफोन लाइन भएको परिवार | प्रतिशत | २ | २ | २ | २ | २ | २ | २ | |
| | | अप्टिकल फाइबरको बिस्तार | प्रतिशत | ५० | ६० | ७० | ८० | ८० | ८५ | ८५ | |
| | | सूचना प्रविधि नियमन कानुन निर्माण | सङ्ख्या | १ | १ | २ | ३ | ३ | ३ | ३ | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रतिफल | सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नया खोज तथा अनुसन्धानको लागि कानुनी आधार तयार हुनेछ । | इन्टरनेट उपलब्ध भएका विद्यालय | सङ्ख्या | ३५ | ३८ | ४० | ४५ | ४७ | ४७ | ४७ | Report २०७८ |
| | समग्र प्रविधिका विकासका लागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार भएको हुने । | इन्टरनेट उपलब्ध भएका सरकारी कार्यालयहरू | प्रतिशत | ८६ | ९० | ९५ | ९८ | ९८ | ९८ | ९८ | |
| | | फ्रि वाईफाई उपलब्ध भएका सार्वजनिक स्थलहरू | सङ्ख्या | १ | ५ | १० | १५ | १८ | १८ | १८ | |
| | | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत | २ | ३ | ४ | ५ | ८ | १० | १० | |
| | | ई-कक्षा सञ्चालन गर्ने विद्यालयहरू | सङ्ख्या | ३ | ५ | १५ | २५ | ४४ | ४४ | ४४ | |
| | | डिजिटल सूचना पाटी | सङ्ख्या | १ | २ | ५ | ७ | ९ | १० | १० | |
| | सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चित हुनेछ । | रेडियो टेलिभिजन प्रयोग गर्ने घरधूरी | प्रतिशत | ९० | ९५ | ९८ | ९८ | ९८ | ९८ | ९८ | |
| | | सञ्चारका कुनै एक साधन उपलब्ध घर धूरी | प्रतिशत | ९९ | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | | राष्ट्रिय पत्रपत्रिका नियमित रूपमा उपलब्ध हुने सार्वजनिक पुस्तकालय | सङ्ख्या | १ | १ | २ | ३ | ४ | ५ | ५ | |

## ६.४.७ अनुमान तथा जोखिम पक्ष

**सूचना प्रविधिमा थप लगानी विद्धि भएको हुने ।**

क. थप उच्च तहको प्रविधिको विकास तथा हस्तान्तरणले वर्तमान प्रविधि विस्तारको काममा चुनौती ल्याउन सक्छ ।

ख. अन्तर मन्त्रालय समन्वयको अभावमा योजना कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।

ग. राज्यले समय समयमा कानुन संशोधनमा गर्ने अभ्यासले पनि निर्माण कार्यमा बाधा वा कठिनाइ ल्याउन सक्छ ।

घ. विनियोजित बजेट समयमा प्राप्त नहुँदा काममा ढिलाइ हुन गइ विभिन्न जोखिमहरू देखिन सक्छन् ।

**ङ.** प्राविधिक जनशक्तिको अभावका कारण पनि काममा कठिनाइ आउन सक्छ ।

# परिच्छेद — ७: वन, वातावरण तथा विपद व्यवस्थापन विकास

मानवका लागि मात्र नभएर समस्त जीवजन्तुका निम्ति समेत प्राण-वायु, पानी र जमिन-माटो अस्तित्व, वृद्धि र विकासका प्रमुख आधार हुन् । ती तीन जीवन धारको धरातललाई सबल, सुदृढ, स्वच्छ एवं सुसज्जित पार्नमा वनस्पतिको अत्यन्त ठूलो योगदान रहन्छ, यद्यपि वन-वनस्पतिलाई पनि माटो र पानीमा भर पर्नुपर्छ, आफ्नो अवस्थिति, पोषण, वृद्धि, उत्पादकत्व र निरन्तर अस्तित्वका लागि । मानिस आफ्नो सृष्टि कालदेखि नै जीविका र जनजीवनका विविध महत्त्वपूर्ण उद्देश्य परिपूर्ति गर्न विभिन्न प्रकारले बोट बिरुवा, वन-जङ्गल माथि अत्याधिक मात्रामा आश्रित रहेको छ ।

हाम्रो देशको अधिकांश भूभाग भिरालो, अस्थिर, कमजोर, संवेदनशील भएको र अत्याधिक जनता ग्रामीण बस्ती र कृषिमा आधारित रहेको हुँदा पनि यहाँको वन-जङ्गलको महत्त्व र आवश्यकता तुलनात्मक रूपले अझै बढी प्रस्ट र प्रगाढ छ; त्यसैगरी यसको संरक्षण र संवर्द्धनको अनिवार्यता पनि । केही समय यता कृषि विकास, वातावरणीय सन्तुलन, उद्यमशीलता, विकासका मानवीय पक्ष, आर्थिक योजना र नीति, व्यवस्थापकीय अर्थशास्त्र, प्राकृतिक संसाधन व्यवस्थापन र दिगो विकास संरक्षण तथा ग्रामीण विकास जस्ता सवालहरू जटिल बन्दै आएका छन् । मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक स्रोतको दिगो व्यवस्थापन विना मानव जीवन सम्भव छैन । वन संरक्षण, भू तथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् व्यवस्थापन जस्ता विषयहरू गाउँपालिका को कार्यक्षेत्र भित्र पर्छन् । दिगो विकास र विपद् उत्थानशीलतामा अभिवृद्धि नै जलजला विकासको समृद्धि भन्ने अभियानका साथ उद्देश्य, नीति र कार्यक्रम निर्धारण गरिएको छ ।

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

नेपालको दिगो विकासमा वन क्षेत्रको महत्त्वपूर्ण योगदान रहि आएको छ । देशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घाँसपात, गैर काष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ । जनसहभागिता मूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ । वन पैदावारहरूलाई प्रयोग नै नगरी सुरक्षित मात्र राख्न खोज्नु पनि व्यावहारिक र दिगो विकासको अवधारणा र अभ्यास होइन । व्यवस्थित, वैज्ञानिक, मितव्ययी, न्यून क्षति

हुने र सदाका लागि संरक्षित र सदाबहार रूपमा रहि रहने गरी वन सम्पदाको प्रयोग र प्रवर्द्धन गर्नु दिगो विकास अनुरूपको यथोचित अभ्यास र मानवीय अभिभारा हो। हरेक सुसंस्कृत समाजमा रुख-बिरुवा रोप्नु-हुर्काउनु लाई पुण्य कार्यको रूपमा पनि मान्ने गरिन्छ । सन्तुलित वातावरणको लागि प्रमुख कारक तत्त्वमा सुशासनको सु निश्चितताका साथै पर्यावरणको उत्कृष्ट समृद्धि, संरक्षण र उचित उपयोग र व्यवस्थापन नै हुन् । सर्वतोमुखी र दिगो विकासका लागि आर्थिक, सामाजिक र वातावरणीय पक्षहरूको सन्तुलित र समुन्नत समायोजन अनिवार्य हुन्छ । विकास, वातावरण, वन सम्पदा एक-अर्काका अन्तर विरोधी नभई सधैं परिपूरक हुन्छन् । यस तथ्यलाई ध्यानमा राखेर महत्त्व दिई व्यवहारमै देखाएर बनाएको र कार्यान्वयन गरिएको विकासको ढाँचाले मात्र देशलाई शान्ति, समुन्नति, समृद्धि र सुखतिर उन्मुख गर्न सक्छ ।

समुद्र सतहबाट ७६० मिटर कालीगण्डकी नदी देखि ३१०० मिटर कालञ्जर हम्पालको उचाइमा अवस्थित जलजला गाउँपालिकामा उष्ण, शीतोष्ण र समशीतोष्ण गरी तीन प्रकारको हावापानी पाइन्छ । पहाडी भूभागको विस्तारित भूगोल, बाक्लो उष्ण देखि समशीतोष्ण वन क्षेत्र, कालीगण्डकी नदी, खोला खोल्सि तथा प्रशस्त मात्रामा छरिएर रहेका धार्मिक तथा ऐतिहासिक स्थानहरूका कारण जलजला गाउँपालिका जैविक विविधताका दृष्टिकोणले धनी रहेको देखिन्छ ।

जलजला गाउँपालिकाको कूल क्षेत्रफलको ३२५४.१५ हेक्टर अर्थात् ४४.५२% जग्गा वन/जङ्गलले ओगटेको छ । जलजला गाउँपालिकामा विभिन्न वडामा ६८ वटा सामुदायिक वनहरू (वन/जङ्गल) दर्ता भएका छन् । यस पालिकामा कबुलियत वन भने दर्ता भएका छैनन् । जलजला गाउँपालिकाको वन/जङ्गलमा विभिन्न प्रकारका जनावर र चराचुरुंगीहरू पाइन्छन् । यहाँ विभिन्न ८४ प्रकारका गैर-काष्ठ वन पैदावार पाइने बारेमा उल्लेख गरिएको छ । विज्ञको सहयोग लिएर यहाँ पाइने प्रजाति तथा गैर-काष्ठ वन पैदावारका बारेमा अध्ययन गरी सोही बमोजिम कार्यक्रम तर्जुमा गर्न आवश्यक रहेको छ । जैविक विविधतालाई संरक्षण र प्रवर्द्धन गर्न पालिकाले वर्षै पिच्छे विभिन्न कार्यक्रम/योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गरेको छ ।

### ७.१.२ समस्या तथा चुनौती

बैज्ञानिक भूउपयोग सम्बन्धी नीति तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन नगर्दा सम्म वन क्षेत्रमा धेरै समस्याहरूको अतिरिक्त चुनौतीहरू समेत बहन गर्नुपर्ने अवस्था रहन्छ । वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षणका प्रयास पूर्ण सफल हुन सकेका छैनन् । वृक्षारोपण, वन नर्सरी, जडीवुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार भएको

छैन । वन्यजन्तुहरू खासगरी बाँदर, र दुम्सीबाट खेतीपाती एवं बालीनालीहरू क्षती हुने गरेको छ । सडकको दायाँ वायाँ किनारमा वृक्षारोपण गर्न बाँकी छ । ग्रामीण सडकहरू समेत वायोइन्जिनियरिङ्ग प्रविधिबाट निर्माण हुन सकेको अवस्था छैन । कतिपय खोलानालामा माछा मार्न विषको अत्यधिक प्रयोग हुने गरेकाले जल प्रदुषण बढ्दो समस्याको रूपमा रहेको छ ।

वन तथा जैविक विविधताको संरक्षणका लागि गाउँपालिका तहलाई जिम्मेवार बनाउनु भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्वको व्यवस्थापन गर्नु, स्थानीय जनतामा वन तथा जैविक विविधताको संरक्षणबारे ज्ञान अभिवृद्धि गरी सहकार्य गर्नु, छाडा चरी चरन, वन फँडानी, अव्यवस्थित बस्ती, र आगलागी जस्ता क्रियाकलापहरू नियन्त्रण गर्नु यस क्षेत्रका मुख्य चुनौती हुन् ।

### ७.१.३ सम्भावना तथा अवसर

व्यवहारिक तथा दिगो भू उपयोग नीति तथा यसको कार्यान्वयनबाट यस क्षेत्रको जैविक विविधताको संरक्षण गर्न सकिन्छ । यसबाट उर्वर कृषि भूमि र वन जङ्गलको निकै हद सम्म संरक्षण र उपयोग गर्न सकिन्छ । हरित पूर्वाधार विकासको अवधारणालाई आयोजना चक्रमा आत्मसाथ गर्न सकिन्छ । वनमा आधारित सहकारी संस्था मार्फत वन पैदावार सङ्कलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन गर्न, र होमस्टे सञ्चालन गरी वन पैदावारबाट रोजगारी तथा आय आर्जनका अवसरहरू श्रृजना गर्न सकिने अवस्था छ । सामुदायिक र कबुलियत वनको विकास र विस्तारमा महिला, विपन्न, र दलितहरूको सहभागिता बढाउँदै जीविकोपार्जनमा टेवा पुग्ने देखिन्छ । वन पैदावारमा आधारित जडीबुटी खेती तथा उद्यमशीलता विकास गर्दै सहकारी संस्थाका सदस्यहरूको क्षमता अभिवृद्धि गर्न सकिन्छ । वन तथा काठ जन्य लघु उद्योग तथा व्यवसायहरू स्थापना गरी आय आर्जन गर्न सकिन्छ । स्थानीय स्तरमा कृषि, वन तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावनालाई परिचालन गरी प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण गर्न समेत सकिन्छ ।

वन क्षेत्रलाई संरक्षण तथा आम्दानी मुखी बनाउन सामुदायिक वन, कबुलियत वनसँग सहकार्य गरी वनमा कृषि कार्यको प्रवर्द्धन गर्ने, वन सम्पदा तथा वन्य जीवजन्तुको उचित संरक्षण, संवर्द्धन र उपयोग गर्न सकेको खण्डमा आय आर्जनको महत्त्वपूर्ण स्रोतको रूपमा विकास गर्न सकिने प्रचुर सम्भावना रहेको छ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

वन र जैविक विविधताको उचित संरक्षण तथा विस्तार गरी नागरिकको जीवनस्तरमा सुधार गर्ने ।

**उद्देश्य**

१. स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु ।
२. वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।

**रणनीति र कार्य नीति**

तालिका ८९: वन तथा भूसंरक्षणका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १: स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु।** | |
| २.१: वनलाई उत्पादन मुखी बनाई वन जन्य उत्पादनको व्यवसायीकरण गर्ने । | १. वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्री वितरणको व्यवस्था गरिनेछ ।<br>२. काठ जन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।<br>३. गैर काष्ठ वन पैदावारको प्रबल सम्भावना भएको खेती विस्तार तथा बजारी करण गरिनेछ।<br>४. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>५. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायी करणका लागि स्थानीय जनतालाई प्रेरित गरिनेछ।<br>६. वन जन्य व्यवसाय प्रति स्थानीय युवा युवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ। |
| १.२: समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | १. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ ।<br>२. वनको सीमा निर्धारण गरी तार बार गरिनेछ ।<br>३. खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>४. वन नर्सरी स्थापना गरिनेछ ।<br>५. सामुदायिक वनहरूका कार्य योजना अनुसार वनको संरक्षण गरिनेछ ।<br>६. स्थानीय जनतालाई फलफूलका बिरुवाहरू वितरण गरिनेछ ।<br>७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य २: वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।** | |
| २.१: जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । | १. वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्निरेखा, झाडी सफाइ जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षण गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | २. वन्य जन्तुहरूबाट हुन सक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जङ्गल क्षेत्रमै उपयुक्त हुने घाँस, बिरुवा, फलफूलहरू रोपण गरी वन्यजन्तुको आहारा व्यवस्था मिलाइनेछ ।<br>३. व्यावसायिक मूल्य भएका जडीबुटी लगायतका बोट बिरुवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दिगो उपयोगमा जोड दिइनेछ।<br>४. छाडा चरी चरन, वन फँडानी गरी बस्ती विकास, आगलागी जस्ता क्रियाकलापहरूलाई पूर्ण बन्देज लगाई दण्ड जरिबानाको व्यवस्था गरिनेछ । |
| २.२: बाह्य र आन्तरिक स्रोत साधनको परिचालन गर्ने । | १. योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न सङ्घीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।<br>२. गैरसरकारी संस्थाहरूलाई वन तथा जैविक विविधताको संरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ ।<br>३. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमका लागि छुट्याइनेछ ।<br>४. वन जन्य उद्योगको विकास र व्यवसायी करणका लागि स्थानीय निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |

### ७.१.५ कार्यक्रम तथा आयोजना

#### तालिका ९०: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | सामुदायिक वनमा विज्ञद्वारा गैर काष्ठ वन पैदावारको पहिचान कार्यक्रम । | सङ्ख्या | | १ | २००० | | | | | २००० | ०.७५ |
| | सामुदायिक वनमा फलफूल तथा जडीबुटी खेतीको विकास र विस्तार कार्यक्रम । | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | ३.७६ |
| | वन-जङ्गलमा अग्नि रेखा निर्माण । | कि.मि. | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.८८ |
| | बाँदर नियन्त्रण कार्यक्रम । | एकमुस्ट | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | ४.७० |
| | सामुदायिक वनमा बजारमा माग भएको काठको अतिरिक्त पानीको स्रोत वृद्धिमा सहयोग पुऱ्याउने वनस्पतिको विकास र विस्तार । | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.९४ |
| | **वन र जैविक विविधता जम्मा** | | | | ८००० | ६००० | ६००० | ६००० | ६००० | ३२००० | १२.०४ |

#### तालिका ९१: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिगाल सङ्केत | प्रदेश समष्टि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक वनमा विज्ञद्वारा गैर काष्ठ वन पैदावारको पहिचान कार्यक्रम। | सङ्ख्या | | १ | २००० | | | १२ | ७ | ८ | ३ | १ |
| | सामुदायिक वनमा फलफूल तथा जडीबुटी खेतीको विकास र विस्तार कार्यक्रम । | एकमुस्ट | | | १०००० | | | १२ | ७ | ८ | ३ | १ |
| | वन-जङ्गलमा अग्नि रेखा निर्माण । | कि.मि. | | ५ | ५००० | | | १२ | ७ | ८ | ३ | १ |
| | बाँदर नियन्त्रण कार्यक्रम । | एकमुस्ट | | | १२५०० | | | १२ | ७ | ८ | ३ | १ |
| | सामुदायिक वनमा बजारमा माग भएको काठको अतिरिक्त पानीको स्रोत वृद्धिमा सहयोग पुऱ्याउने वनस्पतिको विकास र विस्तार । | एकमुस्ट | | | २५०० | | | १२ | ७ | ८ | ३ | १ |
| | **वन र जैविक विविधता जम्मा** | | | | ३२००० | | | | | | | |

### ७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ९२: वन तथा जैविक विविधताका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रभाव | गाउँपालिका क्षेत्रका वनको उचित व्यवस्थापन, भूसंरक्षण र जैविक विविधताको संरक्षणका माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार भएको हुनेछ । | रुख बिरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | प्रतिशत | ४० | ४० | ४१ | ४२ | ४३ | ४४ | ४४ | वन कार्यालय, गाउँपालिका प्रोफाइल, सम्वन्धित शाखा |
| | | सामुदायिक वनबाट प्राप्त हुने राजस्व बृद्धि | प्रतिशत | ० | १० | १० | १० | १० | १० | १० | |
| असर | वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण भएको हुनेछ । | स्थानीय फर्निचर उद्योग | सङ्ख्या | १६ | १८ | २० | २२ | २५ | २८ | २८ | |
| | | आयमूलक कार्य संचालित वन क्षेत्र | सङ्ख्या | ६ | ७ | १० | १५ | २० | २० | २० | |
| प्रतिफल | समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण हुनेछ । | सामुदायिक वन सङ्ख्या | सङ्ख्या | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ | ६८ | |
| | | सामुदायिक वन उपभोक्ता समितिका सदस्यको क्षमता अभिबृद्धि तालिम | पटक | ० | १ | १ | १ | १ | १ | ५ | |
| | | वार्षिक बृक्षारोपण | सङ्ख्या | ५०० | १००० | ३००० | ५००० | ७००० | १०००० | १०००० | |
| | | सामुदायिक वनले ओगटेको क्षेत्रफल | हेक्टर | ३२५४.१५ | ३२५४.१५ | ३२५४.१५ | ३२५४.१५ | ३२५४.१५ | ३२५४.१५ | ३२५४.१५ | |
| | | सरकारी वनले ओगटेको क्षेत्रफल | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | |
| | | नीजी वनले ओगटेको क्षेत्रफल | प्रतिशत | १० | १० | १२ | १३ | १४ | १५ | १५ | |
| | वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्बर्द्धन गरी चोरी-निकासी तथा अतिक्रमण नियन्त्रण भएको हुनेछ । | चोरी-निकासी नियन्त्रणकालागि नियमन इकाई गठन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | |
| | | पालिकास्तरीय वन इकाई स्थापना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| | | जैविक विविधता युक्त क्षेत्र | हेक्टर | १ | १ | २ | २ | २ | २ | २ | |
| | | वन क्षेत्रको तारवार | कि.मि. | ९ | ९ | १० | १० | ११ | १२ | १२ | |

### ७.१.७ अनुमान तथा जोखिम पक्ष

**वैज्ञानिक वन व्यवस्थापनको अवधारणा अनुसार जैविक विविधता र वन पैदावारको उपयोग भएको हुने ।**

क. वन क्षेत्रमा आगलागी भएमा वन संरक्षणमा चुनौती आउन सक्छ ।

ख. वन क्षेत्रमा खोला, बाढी पहिरो, भूक्षय वा मानव जन्य क्रियाकलापबाट वन संरक्षण तथा विस्तारका काममा समस्या आउन सक्छ ।

ग. जैविक विविधताको क्षेत्रमा दक्ष जनशक्ति अभावका कारण गैर काष्ठ वन पैदावार तथा जैविक विविधताको पहिचानमा कठिनाइ आउँदा काममा अवरोध हुन सक्छ ।

घ. अन्य क्षेत्रको वातावरण प्रदूषणका कारण सम्बन्धित क्षेत्रमा स्वच्छ वातावरण सिर्जना गर्ने कार्यमा अवरोध आउन सक्छ ।

ङ. प्रचलित वन ऐनले स्थानीय सरकारलाई नचिनेका कारण पनि यसको संरक्षणमा कठिनाइ आएको छ ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

एकीकृत जलाधार व्यवस्थापन मार्फत माटो र पानीको संरक्षण तथा प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गरी जनताको जीविकोपार्जनमा टेवा पु¥याउने राष्ट्रिय लक्ष्यलाई तीनै तहका सरकारले अपनत्व लिई कार्यक्रम सञ्चालन गर्दै आएका छन् । चुरे क्षेत्रमा वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन लगायतको एकीकृत विकास अवधारणा अनुसार राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास कार्यक्रमको विस्तार गरिएको हो । जिल्ला भूसंरक्षण कार्यक्रम र सामुदायिक विकास तथा वन जलाधार संरक्षण आयोजनालाई आवश्यकताका आधारमा उप-जलाधारहरूको प्राथमिक करण गरी कार्यक्रम कार्यान्वयन गर्न आवश्यक छ । उप-जलाधार योजना तर्जुमा, बहु प्रकोप अवस्थाको विश्लेषण सहित प्राथमिक करण र भू-जलाधार संरक्षण सेवा प्रवाह पहिरो पूर्व-सूचना प्रणाली विकास गर्नु का साथै राष्ट्रिय पहिरो व्यवस्थापन केन्द्रको स्थापना गरी सोही अनुसारका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । ताल तलैया तथा भू-संरक्षणको लागि सिमसार र तिनमा भएका जैविक विविधताको संरक्षण तथा व्यवस्थापनमा स्थानीय सरकारको भूमिका बढी हुने गर्दछ । भूकम्पबाट प्रभावित क्षेत्रका बस्ती नजिकको पहिरो, क्षतिग्रस्त भूमिहरूको पुनरुत्थानको लागि कम खर्चिलो भू तथा जलाधार संरक्षण, जैविक प्रविधि, बाँस रोपण जस्ता क्रियाकलापहरू र कृषि वन प्रणालीको विकास गरी प्रविधि हस्तान्तरण नीति गत सुधारको लागि कृषि वन नीति तर्जुमा तथा कार्यान्वयन आदिमा स्थानीय सरकारले जोड दिन आवश्यक छ ।

जलजला गाउँपालिकाको पश्चिमतिर कालीगण्डकी नदी बगेको छ भने बीचाबीचमा ठाडा खोलाहरू जस्तै राम्चेखोला, लुङदीखोला, लस्तिखोला, दम्बाखोला लगायतका खोलाहरू रहेका छन् । यी खोलाहरू वर्षाको समयमा बाढी पहिरो आदिका कारण भू-क्षय हुन गई माटो सहित धमिलो पानी बग्ने गर्दछ । यी लगायत अन्य साना तथा वर्षामा मात्र बग्ने खोला खोल्सीहरू यहाँ धेरै छन् । यी सबै ठूला तथा साना खोला/खोल्सीहरूमा सङ्लो पानी बगाउन सके मात्र गाउँपालिका को भू-संरक्षण सम्बन्धी लक्ष्य पुरा भएको मानिन्छ । त्यसैगरी यहाँ विभिन्न स्थानहरूमा महत्त्वपूर्ण पानीका मूलहरू सहित तालहरू रहेका छन् जस्तै पूर्णगाउँ, वराहताल, पानी अर्सेनी, ठूलोचौर, जलजला, रोहीनी, ओखेनी, बराहताल,भेडाबारी, सल्यान, फेराको डिल, बाँसकोट, धारापानी,गुण्टेखेत, ठूलास्वारा लगायत दर्जन बढी पोखरी र २०० बढी पिउने पानीको स्रोत रहेका छन् । तिनीहरूले गाउँपालिकाको लागि पानी जलाधारको रूपमा काम गर्दछन् । जलजला गाउँपालिकाभित्र रहेका पानीका स्रोतहरू धेरै जङ्गल भित्र रहेका छन् ।

यस गाउँपालिकाको समग्र भू-उपयोगको स्थिति हेर्दा कुल क्षेत्रफल ८५९९.७ हेक्टर मध्ये सबैभन्दा बढी वनजङ्गलले ढाकेको क्षेत्र (४०.५२%) रहेको छ। खेति गरिदै आएको जग्गामा खेतको अंश जम्मा ९.५४ प्रतिशत र पाखोबारीको अंश २४.४१ प्रतिशत बराबर रहेको छ । गाउँपालिकामा समावेश भएका साविकका गा. वि. स.मा क्षेत्रफलको हिसाबले सबैभन्दा सानो बाँसखर्क (वडा नं. १) रहेको र ठूलो लेकफाँट (वडा नं. ५) रहेको छ । हाल कायम गरिएको वडा नं. ९ बनौंमा खेतीयोग्य जमिनमा खेतको अश अत्यन्त कम रहेको देखिन्छ । जलजला गाउँपालिकामा ८५९९.७ हेक्टर जमिन मध्ये वन जङ्गलले ढाकेको क्षेत्रफल, ४०.५२%, पाखोबारी २४.४१%, खेत ९.५४% र घर बाँझो तथा अन्य २५.५३% रहेको छ ।

### ७.२.२ समस्या तथा चुनौती

वन अतिक्रमण बढदै जानु, कटान, भू-क्षय, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा सङ्कलन तथा निकासी हुनु, विस्तारित सडक सञ्जाल, फोहरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहर निष्कासन र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नू, नागरिक सचेतना कम हुनु यहाँका प्रमुख समस्या हुन्।

अवैज्ञानिक तरिकाले प्राकृतिक स्रोतको दोहन, वन क्षेत्रको विनाश, जथाभाबी सडक निर्माण, वातावरणीय प्रभाव मूल्याङ्कन नगरी विकास निर्माणको काम हुनु जस्ता समस्याहरू देखिएका छन् भने परिणाम स्वरूप अनावृष्टि, अतिवृष्टि, हुनुका साथै पानीको मुहान सुकेर सुक्खा क्षेत्रको विस्तारमा वृद्धि हुँदै गएको छ । मानव बस्तीको विकास र बसाई सराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी-खोलामा भूक्षय भई पुरिने क्रम जारी छ भने अर्का तर्फ, खोलाले धार परिवर्तन गर्नु पनि संरक्षणमा थप चुनौती बनेको छ ।

### ७.२.३ सम्भावना तथा अवसर

गाउँपालिका मा माटोको बनावट, खेती योग्य जमिन, संरक्षित क्षेत्र, बस्ती योग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भू उपयोग योजनाका आधारमा समग्र गाउँपालिका को बस्ती विकास गर्ने गाउँपालिका को कार्यक्रमलाई अवसरको रूपमा लीन सकिन्छ । गाउँ बासीहरूको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षण गरी गाउँपालिका अन्तर्गतका सबै खोला खोल्सीमा सङ्लो पानी बगाउनको लागि गाउँपालिका सँग भएको सोचलाई सम्भावनाको रूपमा लिन सकिन्छ । गाउँपालिका मा उपलब्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जबाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँपालिका भित्र रहेका जलाधारको उचित संरक्षण गर्दै खोला तथा खोल्सीमा सङ्लो पानी बगाउने ।

**उद्देश्य**

१. वैज्ञानिक व्यवस्थापनबाट जलाधार क्षेत्रको पहिचान गरी उचित संरक्षण गर्ने ।

२. भूसंरक्षण र जलाधार व्यवस्थापनको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

**रणनीति र कार्य नीति**

तालिका ९३: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १:** वैज्ञानिक व्यवस्थापनबाट जलाधार क्षेत्रको पहिचान गरी उचित संरक्षण गर्ने । | |
| १.१ गाउँपालिका भित्र रहेका जलधाराहरूको पहिचान गरी उचित संरक्षण तथा व्यवस्थापन गर्ने । | १. सम्बन्धित क्षेत्रका विज्ञहरूको सहयोग लिई गाउँपालिका क्षेत्राधिकार भित्र रहेका जलाधार क्षेत्रहरूको पहिचान गरिने छ ।<br>२. जलाधार क्षेत्रको उचित संरक्षण तथा उपयोगको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । |
| उद्देश्य २: भूसंरक्षण र जलाधार व्यवस्थापनको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | |
| **१.१:** भूमि संरक्षणका लागि वृक्षारोपण र मुहान संरक्षणको क्रियाकलाप मार्फत जलाधार व्यवस्थापन गर्ने । | ३. भूमि तथा जलाधार क्षेत्र संरक्षण क्षेत्रसँग सम्बन्धित स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने गरिनेछ ।<br>४. सडक निर्माण कार्य गर्दा एवम् प्राकृतिक उत्खनन गर्दा वातावरण प्रभाव मूल्याङ्कन गरी वातावरण जोगाउने उचित उपाय अवलम्बन गरिनेछ, ।<br>५. नदी जन्य लगायत प्राकृतिक स्रोतमा आधारित कच्चा पदार्थको उत्खनन प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वयनमा सहजी करण गरिनेछ ।<br>६. भएका वन सम्पदाको उपयोगको अवस्था अध्ययन गरी वन विकास तथा सिमसार क्षेत्रको गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>७. भू क्षय नियन्त्रणका लागि बायो इन्जिनियरिङ प्रविधिको उपयोग, सिमसार क्षेत्रको उचित संरक्षणका लागि वृक्षारोपण, पोखरी जस्ता अभियान सञ्चालन गरी जलाधार क्षेत्रहरूको संरक्षण गरिनेछ ।<br>८. गाउँपालिका ले भूमि संरक्षण तथा जलाधार व्यवस्थापनको ठोस तथा दीर्घकालीन नीति लिइनेछ ।<br>९. अनावृष्टि, अतिवृष्टि, अल्प वृष्टि रोक्न सूचना दिने संयन्त्र स्थापना गरिनेछ । |
| **१.२:** जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूसंरक्षण गर्ने । | १. नदी कटान हुने विभिन्न वडाहरूमा बाँस, निगालो खेती तथा बायो इन्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दिगो पन सुनिश्चित गर्ने प्रयास गरिनेछ ।<br>२. वडा स्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी खाली जमिन, भिरालो क्षेत्र तथा नदी किनारमा वृक्षारोपण गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **१.३:** पहिरो जाने समस्याको दीर्घकालीन समाधानका लागि उपाय अवलम्बन गर्ने । | १. सडक नालीहरू व्यवस्थित बनाइनेछ ।<br>२. खोला तथा नदी किनारामा दीर्घकालीन तटबन्ध निर्माण गरिनेछ । |

### ७.२.५ कार्यक्रम तथा आयोजना

**तालिका ९४: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | पहिरो तथा नदी कटान नियन्त्रण । | कि.मि. | | २० | १०००० | १५००० | २०००० | २५००० | ३०००० | १००००० | ३७.६२ |
| | बाढी तथा पहिरोको पूर्व सूचक यन्त्र जडान । | सङ्ख्या | | २ | ५००० | ५००० | | | | १०००० | ३.७६ |
| | पूर्वाधार विकाससँग सम्बन्धित योजनाहरू कार्यान्वयन गर्नु अघि विस्तृत परियोजना प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन जस्ता कार्यहरूको अनिवार्यता । | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | ३.७६ |
| | पानीका मूलहरू, खोला खोल्सीहरूको उचित संरक्षण लगायत कालीगण्डकी नदी सफाइ अभियान । | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.९४ |
| | **भूमि तथा जलाधार व्यवस्थापनको जम्मा** | | | | **१७५००** | **२२५००** | **२२५००** | **२७५००** | **३२५००** | **१२२५००** | **४६.०९** |

**तालिका ९५: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिरो तथा नदी कटान नियन्त्रण । | कि.मि. | | २० | १००००० | | | १२ | ७ | ८ | ३ | १ |
| | बाढी तथा पहिरोको पूर्व सूचक यन्त्र जडान । | सङ्ख्या | | २ | १०००० | | | १२ | ७ | ८ | ३ | १ |
| | पूर्वाधार विकाससँग सम्बन्धित योजनाहरू कार्यान्वयन गर्नु अघि विस्तृत परियोजना प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन जस्ता कार्यहरूको अनिवार्यता । | एकमुस्ट | | | १०००० | | | १२ | ७ | ८ | ३ | १ |
| | पानीका मूलहरू, खोला खोल्सीहरूको उचित संरक्षण लगायत कालीगण्डकी नदी सफाइ अभियान । | एकमुस्ट | | | २५०० | | | १२ | ७ | ८ | ३ | १ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समष्टि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भूमि तथा जलाधार व्यवस्थापनको जम्मा | | | | १२२५०० | | | | | | | |

### ७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ९६: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | गाउँपालिका क्षेत्र भित्र भूसंरक्षण र जलाधार व्यवस्थापन भएको हुनेछ । | संरक्षित भूक्षय संवेदनशील क्षेत्र | सङ्ख्या | ६ | ६ | ५ | ५ | ४ | ४ | ४ | गाउँपालिका प्रोफाइल, सम्वन्धित शाखा प्रतिवेदन |
| **असर** | वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी स्वच्छ एवम् सफा वातावरण सहितका विकास कार्यक्रमहरू सञ्चालन हुनेछ । | पहिरो नियन्त्रणकालागि तटबन्ध निर्माण | कि.मि. | ५ | ६ | ७ | ८ | ९ | १० | १० | |
| | | संवेदनशील क्षेत्रको पहिरो नियन्त्रण | सङ्ख्या | २ | २ | ३ | ३ | ४ | ४ | ४ | |
| **प्रतिफल** | भूसंरक्षण गरी वातावरणीय सन्तुलन कायम हुनेछ ।<br>प्राकृतिक स्रोत साधनलगायत स्थानीय सम्पदाहरूको संरक्षण हुनेछ<br>स्थानीय स्रोत साधनहरूमा बाढी तथा पहिरो पर्ने प्रभाव कम हुनेछ | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | |
| | | विपद जोखिम क्षेत्र पहिचान | सङ्ख्या | ९ | ९ | १० | १० | १२ | १५ | १५ | |
| | | विपद जोखिम क्षेत्र नक्साङ्कन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | |
| | | लोप हुनलागेका बालीनालीको पुनस्थापन (बाली नाली को सङ्ख्या) | सङ्ख्या | ५ | ४ | ३ | २ | १ | ० | ० | |
| | | स्थानीय वातावरणमैत्री नीति | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ | |
| | | वातावरण तथा जलवायु सम्बन्धी सचेतना कार्यक्रम सङ्ख्या | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ | |

### ७.२.७ अनुमान तथा जोखिम पक्ष

**गाउँपालिका मा भूसंरक्षण तथा जलाधार व्यवस्थापन भइ ठाडा खोलाहरूमा सङ्लो पानी बगाउनका लागि थप कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।**

क. वर्षा बाढी पहिरो, अनावृष्टि अति वृष्टि, सुका मौसम आदिले कार्यक्रम कार्यान्वयनमा असर गर्न सक्छ ।

ख. खोला नाला तथा पानीका मूलहरूको उचित संरक्षण हुन नसक्दा जलाधार व्यवस्थापन कार्यमा समस्या आउन सक्छ ।

ग. ठूलो र लामो समयको वर्षाले भू संरक्षणको कार्यक्रमलाई प्रभाव पार्न सक्छ ।

## ७.३ वातावरण तथा फोहोर मैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

एकीकृत जलाधार व्यवस्थापन मार्फत माटो र पानीको संरक्षण तथा प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गरी जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने राष्ट्रिय सोचलाई कार्यान्वयन गर्न तीनै तहका सरकारहरूले जोड दिँदै आएका छन् । नेपालको संविधान तथा अन्य प्रचलित कानुनहरूमा वातावरण संरक्षणको लागि उचित व्यवस्था गरिएको छ । नेपालको संविधानको भाग ३ धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनिएको छ भने उपधारा (२) मा वातावरणीय प्रदूषण वा त्यसबाट हुने क्षति बापत पीडितलाई प्रदूषणबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । त्यसैगरी उपधारा (३) मा राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकास बीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ भनिएको छ । दिगो विकासका लक्ष्य नं. ६ मा सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने भनिएको छ । त्यसैगरी लक्ष्य नं. १५ मा स्थलीय पर्यावरणको संरक्षण, पुन स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमि करण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने भनिएको छ ।

जलजला गाउँपालिकामा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक ऊर्जा क्षेत्रमा नीतिगत रूपमा प्रवर्द्धन गर्ने, सौर्य ऊर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, दुर्गम वडाहरूमा वायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भैरहेको अवस्था छ । गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । गाउँपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

अझै पनि ग्रामीण वडाहरूमा खाना पकाउनका लागि दाउराको प्रचलन यथावतै छ । गाउँपालिकामा अहिले पनि झन्डै ८० प्रतिशत घर धुरीहरू दाउरामा आश्रित छन् । त्यसै गरी वन पैदावारमा आधारित उद्योग धन्दा पनि दिनानुदिन बढेकै छन् । विकास निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्त्व दिने एउटा संस्कृति नै बनेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेका छन् । गाउँपालिकामा दिगो ल्याण्डफिल साइड को व्यवस्थापन हुन नसक्दा फोहरमैला व्यवस्थापनमा कठिर्नाइ उत्पन्न भएको छ । पानीका स्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोगहरू मा वृद्धि हुनुका साथै कुपोषण, तनाव, जस्ता समस्याहरू देखाह पर्न थालेका छन् । खेती

फसलमा कमी आएको छ । वातावरणीय प्रदूषणका प्रभावहरू क्रमसः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

### ७.३.२ समस्या तथा चुनौती

गाउँपालिका भित्र विभिन्न बस्तीहरू जस्तै वारी बेनी लामा खेत, मोहनचोक, मिलन चोक, लस्ती, खनिया घाट आदि क्षेत्रहरू बजार केन्द्रका रूपमा विकास भइरहेको हुँदा ती क्षेत्रमा प्लास्टिक र सिसा जन्य फोहर व्यवस्थापन सम्बन्धी समस्या क्रमशः देखाह पर्न थालेको देखिन्छ । अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको हुँदा धूलो व्यवस्थापनमा समस्या, सरसफाइ सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम नहुनु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । दाउरा उपयोग घटाउन नसकिएको तथा सोको कारण आगलागीका घटनाको जोखिममा वृद्धि, वातावरण प्रदूषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमी ल्याउन नसकिएको, वैकल्पिक ऊर्जा वा बायो मास, सौर्य ऊर्जा, विद्युतको उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु आदि प्रमुख समस्या र चुनौतीका रूपमा रहेको छन् ।

फोहर व्यवस्थापनका नाममा फोहरहरू खोला खोल्सीका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति हाम्रो समाजमा नयाँ होइन । यसरी फालिएको फोहर वर्षाका समयमा पानीले बगाएर खोला खोल्सी तथा नदीका तल्लो भाग सम्म पुऱ्याएर प्रदूषणलाई विस्तारित गर्दछ ।

फोहर मैला व्यवस्थापनका लागि सरसफाइ केन्द्र ल्याण्ड फिल्ड साइटको स्थायी व्यवस्थापन हुन सकिरहेको छैन । प्लास्टिक जन्य फोहर दिनानुदिन बढ्दै गएको र यसको नियन्त्रणको लागि वैकल्पिक व्यवस्था गर्न न सक्नाले गाउँपालिकाको सरसफाइमा समस्या देखिएको हो । स्रोतमा फोहरको उचित वर्गीकरण (कुहिने फोहर, नकुहिने फोहर, धातु सिसा जन्य फोहर र अस्पताल जन्य) गर्न नसक्नू र यसको कडाइका साथ कार्यान्वयनका लागि गाउँपालिकामा जनप्रतिनिधि सहितको संरचना बन्न नसक्नू पनि फोहर मैला व्यवस्थापन प्रभावकारी हुन नसक्नुका कारणहरू हुन् । धेरै सार्वजनिक ठाउँहरूमा सार्वजनिक शौचालयहरूको अभाव रहेको छ भने कतिपय घर धुरीमा खानेपानीको व्यवस्था छैन । पूर्ण सरसफाइमा अझै पनि कमी कमजोरीहरू रहेका छन् । विद्यालयहरूमा सेनिटरी प्याडको विसर्जन एवं किशोरी मैत्री शौचालय लगायतका समस्याहरू यथावत् छन् ।

### ७.३.३ सम्भावना तथा अवसर

वातावरण संरक्षण तथा फोहर मैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, ध्वनि तथा वायु प्रदूषण नियन्त्रणका लागि स्थानीयहरूलाई अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी सचेतन वृद्धि गर्ने, वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छता कायम गर्ने आदि

रहेका छन् । त्यसैगरी सामुदायिक संस्थाहरूसँग सहकार्य गरी फोहर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहर मैलाको व्यवस्थापन तथा स्रोतमै न्यूनीकरण गरी गाउँलाई सुन्दर बनाउने स्थानीय समुदायसँगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने सम्भावनाहरू रहेका छन् ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

वातावरण संरक्षण गर्दै गुण स्तरीय र दिगो सरसफाइ सम्बन्धी सेवा विस्तार गर्ने ।

**उद्देश्य**

१. समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।
२. सरसफाइ सुविधाको पहुँचको सुनिश्चित ता गर्नु।

**रणनीति तथा कार्य नीतिहरू**

तालिका ९७: फोहोर मैला व्यवस्थापनका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १: समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।** | |
| **१.१:** समुदायका बाक्लो बस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहर मैला व्यवस्थापनको गुरु योजना बनाई फोहोर सङ्कलनको व्यवस्था गर्ने । | १. समुदायका फोहर मैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ।<br>२. प्रत्येक बाक्लो बस्ती, बजार र बजार-उन्मुख ठाउँहरूमा डम्पिङ साइटको व्यवस्था गरी फोहर मैला व्यवस्थापन गरिनेछ ।<br>३. फोहर मैला व्यवस्थापनको गुरुयोजना बनाइनेछ।<br>४. वडाका बस्ती र फोहर मैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्तो ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ ।<br>५. निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रको फोहर मैलाबाट बायो ग्याँस र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ । |
| **१.२:** गाउँपालिका क्षेत्रमा शौचालय तथा सरसफाइको सु निश्चितता गर्ने । | १. सामुदायिक तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ।<br>२. घरहरूबाट निस्कने फोहोर पानीलाई प्रशोधन गरे पछि मात्र नदी खोला तथा खोल्सीमा प्रवाह गर्न मापदण्ड बनाई लागू गरिनेछ।<br>३. सहरी तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरवृद्धि गरिनेछ ।<br>४. अपाङ्ग मैत्री तथा महिला मैत्री शौचालयको निर्माण गरिनेछ। |
| **उद्देश्य २: सरसफाइ सुविधाको पहुँचको सु निश्चितता गर्नु।** | |
| **२.१:** प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुण स्तरीय सरसफाइको पहुँच वृद्धि गर्ने। | १. सार्वजनिक स्थानहरूमा फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ ।<br>२. उपभोक्ताहरू बाटै समिति गठन गरी सरसफाइ गरिनेछ।<br>३. फोहर मैला सङ्कलन र व्यवस्थापनको लागि सामूहिक कोषको व्यवस्था गरी फोहर मैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| २.२ः सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । | १. लक्षित समुदायमा फोहरको उचित व्यवस्थापनको लागि जन चेतना सञ्चालन गरिनेछ। |

### ७.३.५ कार्यक्रम तथा आयोजना

तालिका ९८: वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | फोहर मैला व्यवस्थापनको गुरुयोजना निर्माण । | सङ्ख्या | | १ | २००० | | | | | २००० | ०.७५ |
| | फोहर मैला सङ्कलन र व्यवस्थापनको लागि सामूहिक कोषको व्यवस्था । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | १.८८ |
| | फोहोर व्यवस्थापनका लागि आवश्यक सामग्री तथा ट्याक्टर व्यवस्था । | सङ्ख्या | | २ | ३००० | ३००० | ५०० | ५०० | ५०० | ७५०० | २.८२ |
| | फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था (एकाघर एक डष्टबिन) । | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.९४ |
| | लक्षित समुदायमा सरसफाइ सम्बन्धी तालिम । | जना | | १०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.९४ |
| | फोहोर व्यवस्थापनका लागि फोहोर विसर्जन केन्द्रको व्यवस्थापन । | सङ्ख्या | | १ | | | १५०० | १०००० | १०००० | २१५०० | ८.०९ |
| | सरसफाइका लागि टोल स्तरीय समिति गठन एवम् परिचालन । | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.९४ |
| | **वातावरण तथा फोहर मैला व्यवस्थापनको जम्मा** | | | | **७५००** | **५५००** | **४५००** | **१३०००** | **१३०००** | **४३५००** | **१६.३७** |

तालिका ९९: वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिगाल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | फोहर मैला व्यवस्थापनको गुरुयोजना निर्माण । | सङ्ख्या | | १ | २००० | | | १३ | ७ | ८ | ३ | १ |
| | फोहर मैला सङ्कलन र व्यवस्थापनको लागि सामूहिक कोषको व्यवस्था । | एकमुस्ट | | | ५००० | | | १३ | ७ | ८ | ३ | १ |
| | फोहोर व्यवस्थापनका लागि आवश्यक सामग्री तथा ट्याक्टर व्यवस्था । | सङ्ख्या | | २ | ७५०० | | | १३ | ७ | ८ | ३ | १ |
| | फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था (एकाघर एक डष्टबिन) । | एकमुस्ट | | | २५०० | | | १३ | ७ | ८ | ३ | १ |
| | लक्षित समुदायमा सरसफाइ सम्बन्धी तालिम । | जना | | १०० | २५०० | | | १३ | ७ | ८ | ३ | १ |
| | फोहोर व्यवस्थापनका लागि फोहोर विसर्जन केन्द्रको व्यवस्थापन । | सङ्ख्या | | १ | २१५०० | | | १३ | ७ | ८ | ३ | १ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सरसफाइका लागि टोल स्तरीय समिति गठन एवम् परिचालन । | एकमुस्ट | | | २५०० | | | १३ | ७ | ८ | ३ | १ |

## ७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

### तालिका १००: वातावरण तथा फोहोर मैला व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधारवर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रभाव | आधारभूत सरसफाइमा सुधार गरी समुदाय प्रदूषणमुक्त हुनेछ । | वायु प्रदूषणको औसत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घन मिटर | | | | | | | | |
| | | पुर्ण सरसफाइयुक्त वडा | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | |
| असर | गाउँपालिकामा भरपर्दो र गुणस्तरीय सरसफाइ सेवा विस्तार भएको हुनेछ। | धुवाँमुक्त घरधुरी | प्रतिशत | ३७ | ४० | ४५ | ५० | ५५ | ६० | ६० | |
| | | फोहोरमैला बिसर्जन केन्द्र | सङ्ख्या | १ | १ | २ | २ | ३ | ३ | ३ | गाउँपालिका प्रोफाइल, सम्वन्धित शाखाको प्रतिवेदन |
| प्रतिफल | दिगो सरसफाइ व्यवस्थापनको क्षेत्रमा सुधार हुनेछ | फोहोरमैला बिसर्जन नीति | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| | संक्रामक रोगको फैलावटमा कमी आउनेछ । प्राविधिकहरूको आधारभूत तथा पुनर्ताजकी तालिम मार्फत सरसफाइको क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्था गर्न सकिनेछ । | संक्रामक रोगबाट बिरामी हुने जनसङ्ख्या | प्रतिशत | ५ | ४ | ३ | २ | १ | १ | १ | |
| | | गाउँटोल सरसफाइकोलागि उपभोक्ता समिति | सङ्ख्या | १३५ | १३५ | १४० | १४५ | १५० | १५० | १५० | |
| | | डस्टबिन व्यवस्थापन भएका घरधुरी | सङ्ख्या | ६५० | ७०० | ७५० | ८०० | ९०० | १००० | १००० | |
| | | फोहरबाट जैविक मल उत्पादन गर्ने परिवार | सङ्ख्या | ७६० | ८०० | ८५० | ९०० | १००० | १२०० | १२०० | |
| | | फोहोरमैला व्यवस्थापनकालागि दक्ष जनशक्ति | सङ्ख्या | ५ | ५ | १० | १५ | २० | २५ | २५ | |

### ७.३.७ अनुमान तथा जोखिम पक्ष

**फोहोरमैला र वातावरण प्रति जनचेतना वृद्धिभएको हुने, फोहोरमैला व्यवस्थापनमा गाउँपालिकाले थप लगानी गरेको हुने, वातावरण प्रति जनचेतना वृद्धि भएको हुने ।**

क. वातावरण संरक्षणका कार्यक्रमहरू सँगै वातावरणमा प्रतिकूल प्रभाव पार्ने मानव जन्य क्रियाकलापहरूलाई नियन्त्रण गर्न नसकेमा वातावरण संरक्षणमा सुधार आउन कठिन हुन सक्छ ।

ख. वातावरण संरक्षणको क्षेत्रमा विनियोजित बजेट पर्याप्त नभएका कारण वातावरण संरक्षणको कार्यले लक्ष्य प्राप्त नगर्न पनि सक्छ ।

ग. वातावरण संरक्षणको कार्य विश्व व्यापी, देश व्यापी हुँदै क्षेत्र व्यापी हुने हुँदा यसलाई समन्वय तथा साझेदारी तामा व्यापक रूपमा विस्तार गर्न सकिएन भने सम्भव नहुन पनि सक्छ ।

घ. प्राकृतिक तथा दैवी प्रकोपलाई तुरुन्तै नियन्त्रणमा लिन सकिएन भने फोहोर मैलामा वृद्धि तथा विस्तार हुन गइ मानव जगतको लागि चुनौतीका रूपमा खडा हुन सक्छ ।

ङ. महामारीका रोगहरू व्यापक संक्रमण भएमा फोहोर मैला व्यवस्थापनमा कठिनाइ हुन सक्छ ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

जलजला गाउँपालिका गण्डकी प्रदेशभित्र बाढी पहिरो तथा विपद् जोखिमको क्षेत्रमा अग्र स्थानमा आउने गाउँपालिका हो । यहाँ गाउँपालिकाको तल (पश्चिम) तिर कालीगण्डकी नदी र माथिबाट बग्ने ठूला तथा ठाडा खोलाहरूका कारण वर्षेनी बाढी पहिरो तथा विपद् आइ लाग्ने गर्दछ । विपद् जोखिम नियन्त्रण तथा राहत विवरणको लागि प्रत्येक आ.व. मा गाउँपालिकाको ठूलो धनराशि खर्च हुँदै आएको छ । यस क्षेत्रका सन्दर्भमा गाउँपालिकामा अध्ययन गर्दा विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साङ्कन भई सो अनुसारको भू—उपयोग पद्धति अवलम्बन गर्ने नीति कार्यान्वयन भएको छैन । विपद्को त्रासले स्थानीयहरू घर तथा बस्ती छाडी अन्यत्र बसाइँसराइ सर्ने सम्मको अवस्था सिर्जना भएको छ । विपद्को जोखिमले जग्गा र जमिन बिक्री गर्ने वा भू—उपयोग परिर्वतन गर्ने प्रवृति रोक्न सकिएको छैन । पालिका स्तरमा वैज्ञानिक भू—उपयोग प्रणाली स्थापना तथा विपद् न्यूनीकरण गर्न नयाँ प्रविधिको प्रयोग गर्ने अभ्यासहरू पनि भएका छैनन् ।

जलजला गाउँपालिकाभित्र रहेका बजार क्षेत्रहरू जस्तै वारी बेनी, लामा खेत, मिलनचोक, लस्ती, खनियाघाट आदि बजार उन्मुख बस्तीहरू कालीगण्डकी नदी किनारमा रहेका तथा ठाडा खोलाहरूको चेपुवामा पर्दै आएका छन् । पालिकाका संवेदनशील क्षेत्रहरू विशेष गरी पहिरो र नदी कटानका कारण जोखिममा छन् भने भूकम्प र डढेलो यहाँका थप चुनौतीहरू हुन् । यहाँ वर्षेनी मानवीय तथा आर्थिक क्षति भई नै रहेको छ ।

जलजला गाउँपालिकामा अधिकांस बर्षातको समयमा स्थानीय खोलामा ठूलो बाढी आउने गर्छ । त्यस्तै बाढी, पहिरो र सर्पदंशको जोखिम विशेष गरी वर्षा याममा (असार, साउन, भदौ) हुने गर्छन् । यहाँ आगो, महामारी, खडेरी जस्ता जोखिमहरू (चैत्र, वैशाख) पनि हुने गर्दछन् । सडक, शैक्षिक संस्था र पुलहरू प्रायः जलजला गाउँपालिकामा विभिन्न प्रकोपबाट प्रभावित छन् । सडक पूर्वाधारमा सबै भन्दा बढी क्षति हुने गरेको छ ।

### ७.४.२ समस्या तथा चुनौती

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु गाउँपालिकाको प्रमुख चुनौतीका रूपमा रहेको छ । नाङ्गा डाँडोहरूमा हुने भूस्खलन, विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदाय स्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख बस्तीहरूमा सामुदायिक आश्रय स्थलहरू छैनन् । आपत्कालिन सेवाका लागि पर्याप्त एम्बुलेन्स सेवा तथा दमकलको व्यवस्था नहुनु, विपद्

आइ पर्दा आवश्यक पर्ने न्यूनतम औषधी एवम् उपकरणहरूको व्यवस्था नहुनु, पालिकामा शव वाहन सेवा नहुनु, विपद् पूर्व सूचना प्रणालीको अभाव जस्ता समस्या तथा चुनौतीहरू रहेका छन् ।

जलवायु परिवर्तन जन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन । जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिँदैन । अव्यवस्थित भू–उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । गाउँ क्षेत्रमा जम्मा हुने प्लास्टिक जन्य फोहर मैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ ।

### ७.४.३ सम्भावना तथा अवसर

गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीति गत प्रयास सकारात्मक छन् । नागरिक स्तरमा केही हद सम्म ज्ञान तथा चेतना अभिवृद्धि भएको छ । गाउँपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्न सक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने धेरै सम्भावनाहरू रहेका छन् ।

विपद् पूर्व तयारी कार्यका लागि मोबाइल एस.एम.एस. मार्फत सूचना दिने तथा विपद् सङ्कट उन्मुख बस्ती स्थानान्तरणको तथ्याङ्क सङ्कलन गरी विपद् न्यूनीकरणमा गर्न सकिने सम्भावना छ ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना

**लक्ष्य**

विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

**उद्देश्य**

१. जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु।
२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपदको जोखिमलाई न्यूनीकरण गरी गाउँपालिका लाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।
३. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।

**रणनीति तथा कार्य नीतिहरू**

तालिका १०१: विपद् व्यवस्थापनका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु ।** | |
| १.१: विपद् रोकथाम मार्फत विपद् न्यूनीकरण गर्दै विपद् उत्थान शील समाजको निर्माण गर्ने । | १. पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | २. विपद् सूचना केन्द्र, आपतकालिन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एक द्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ ।<br>३. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिक करण गरिनेछ ।<br>४. विपद् जोखिम पूर्व तयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ । |
| १.२ः सरोकारवालाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने । | १. विपद् पूर्व तयारीका लागि तालिम तथा सचेतन कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथ्याङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन एकाइहरू स्थापना गरिनेछ ।<br>३. गाउँपालिका मा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ ।<br>४. गाउँपालिका कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिका हरूमा अवलोकन भ्रमण गराइनेछ ।<br>५. विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन एकाइहरू बीच समन्वयात्मक सहभागिता कायम गरिनेछ । |
| १.३ः विपद् व्यवस्थापन सम्बन्धी जन चेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार/प्रसारका कार्यहरू सञ्चालन गर्ने । | १. विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तरक्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ ।<br>२. गाउँपालिका मा कार्यरत निकायहरूले आ आफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचार प्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ ।<br>३. विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विशेष रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ ।<br>४. विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ ।<br>५. विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य २ः मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपदको जोखिमलाई न्यूनीकरण गरी गाउँपालिका लाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।** | |
| २.१ः विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने । | १. बाढी, चट्याङ, डूवान खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्तो क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ ।<br>२. जोखिम युक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ ।<br>३. भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ।<br>४. साथै निर्माण भइ सकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ । |
| **उद्देश्य ३ः जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।** | |
| ३.१ वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्य गर्ने । | १. जलजला बजार क्षेत्रमा वायु, ध्वनि प्रदूषणको स्तर चेक जाँच गरी मापदण्ड बनाइ चेतना अभिवृद्धि गर्दै प्रदूषण नियन्त्रण गर्न सरोकारवालासँग समन्वय गरिनेछ ।<br>२. जलजला गाउँपालिका लाई वातावरण मैत्री गाउँपालिका को रूपमा विकास गरिनेछ।<br>३. पूर्वाधारका योजनाहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्न उत्थान शील योजना कार्यान्वयन गरिनेछ । |

## ७.४.५ कार्यक्रम तथा आयोजना

### तालिका १०२: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | विपद् न्यूनीकरण, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण । | सङ्ख्या | | १ | ८०० | | | | | ८०० | ०.३० |
| | सूचना सङ्कलन, प्रशोधन, विपद् न्यूनीकरण, पूर्व तयारी, पुनर्निर्माणबारे तालिम सञ्चालन । | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.९४ |
| | ड्याम निर्माण, गल्छी, पहिरो नियन्त्रण, खोला किनारमा तटबन्ध निर्माण । | कि.मि. | | ५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | १८.८१ |
| | विपद् व्यवस्थापन कार्यमा प्रयोग हुने आवश्यक भौतिक साधनहरू (प्राथमिक उपचारका साधन, स्ट्रेचर, पर्याप्त राहत सामाग्रीहरू) । | एकमुस्ट | | | १५०० | १५०० | ५०० | ५०० | ५०० | ४५०० | १.६९ |
| | उपयुक्त खाली स्थानहरू पहिचान गरी विपदका बेला राहत सामग्रीहरू भण्डारण र पीडितहरूलाई आपत्कालिन बस्ने संरचनाहरू निर्माण । | सङ्ख्या | | ९ | २००० | २००० | २००० | २००० | २००० | १०००० | ३.७६ |
| | **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा उत्थानशीलताको जम्मा** | | | | १४८०० | १४००० | १३००० | १३००० | १३००० | ६७८०० | २५.५१ |

### तालिका १०३: विपद् जोखिम न्यून करण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विपद् न्यूनीकरण, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण । | सङ्ख्या | | १ | ८०० | | | १३ | ७ | ८ | ३ | १ |
| | सूचना सङ्कलन, प्रशोधन, विपद् न्यूनीकरण, पूर्व तयारी, पुनर्निर्माणबारे तालिम सञ्चालन । | पटक | | ५ | २५०० | | | १३ | ७ | ८ | ३ | १ |
| | ड्याम निर्माण, गल्छि, पहिरो नियन्त्रण, खोला किनारमा तटबन्ध निर्माण । | कि.मि. | | ५ | ५०००० | | | १३ | ७ | ८ | ३ | १ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिगल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विपद् व्यवस्थापन कार्यमा प्रयोग हुने आवश्यक भौतिक साधनहरू (प्राथमिक उपचारका साधन, स्ट्रेचर, पर्याप्त राहत सामाग्रीहरू) । | एकमुस्ट | | | ४५०० | | | १३ | ७ | ८ | ३ | १ |
| | उपयुक्त खाली स्थानहरू पहिचान गरी विपदका वेला राहत सामग्रीहरू भण्डारण र पीडितहरूलाई आपत्कालिन बस्ने संरचनाहरू निर्माण । | सङ्ख्या | | ९ | १०००० | | | १३ | ७ | ८ | ३ | १ |
| | **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा उत्थानशीलताको जम्मा** | | | | ६७८०० | | | | | | | |

## ७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

### तालिका १०४: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी आएको हुनेछ । | विपद्जन्य घटनाबाट विगत ३ वर्षको औसत मानवीय क्षति सङ्ख्या | सङ्ख्या | १२ | ० | ० | ० | ० | ० | ० | गाउँपालिकाको प्रोफाइल, सम्वन्धित शाखाको प्रतिवेदन |
| | | प्रमुख नदी/खोलामा बाढी सूचना प्रणाली स्थापना | सङ्ख्या | ० | १ | १ | २ | २ | ३ | ३ | |
| **असर** | विपद् जोखिमको पूर्वानुमान सूचना र उद्धारका लागि प्रभावकारी सूचना प्रणालीको व्यवस्थापन भएको हुनेछ | आपत्कालिन कार्य सञ्चालन केन्द्र | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | |
| | | विपदबाट क्षति भएको घरधूरी | सङ्ख्या | २५० | १५० | १०० | ५० | २० | १० | १० | |
| | | विपद् व्यवस्थापन योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| **प्रतिफल** | विपद् व्यवस्थापनसम्बन्धी कार्य योजना विकास हुनेछ | स्थानीय विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन कार्ययोजना तर्जुमा | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| | | विपद् व्यवस्थापनमा क्रियाशिल सङ्घ-संस्थाहरू | सङ्ख्या | १७ | १७ | १८ | १९ | २० | २० | २० | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याईंको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | सूचना/तथ्याङ्क सङ्कलन सही र सरल रूपमा प्राप्त हुने संयन्त्र विकास हुनेछ | विपद् व्यवस्थापन स्थानीय कोष (हजारमा) | रू. | ४००० | ५००० | ६००० | ७००० | ८००० | ९००० | ९००० | |
| | | सामान्य खोज उद्धारमा तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ० | ० | ५ | ५ | ५ | ५ | ५ | |
| | सरोकारवाला र स्थानीय जनसमुदायहरूको क्षमता अभिवृद्धि हुनेछ | तालिम प्राप्त स्वयम् सेवक | सङ्ख्या | ० | ० | ५ | १० | १० | १० | १० | |
| | | प्रमुख नदी कटान स्थलमा तटबन्ध निर्माण | सङ्ख्या | १० | १२ | १४ | १६ | १८ | २० | २० | |
| | | विपद् व्यवस्थापनका लागि खुल्ला क्षेत्र र स्थान | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ | ११ | ११ | |
| | | वस्तिका लागि अयोग्य स्थानमा बसोबास गरेका घरधुरिया | सङ्ख्या | ५५० | ५०० | ४५० | ४०० | ३२५ | २५० | २५० | |

### ७.४.७ अनुमान तथा जोखिम पक्ष

**विपद् व्यवस्थापनका सम्बन्धमा गाउँपालिका तथा समुदाय सम्बेदनशील भएको हुने ।**

क. प्राकृतिक तथा मानव जन्य क्रियाकलापका कारण ठूला प्रकृतिका विपदहरू आइ लागेमा यससँग सम्बन्धित क्रियाकलापहरूको कार्यान्वयनमा कठिनाइ हुन सक्छ ।

ख. आवश्यकता अनुसारको बजेट प्राप्त नभएमा विपद् लाई नियन्त्रणमा लिन सजिलो नहुन सक्छ ।

ग. विपद् अचानक र अपर्झट हुने हुँदा पूर्व तयारी सम्बन्धी कार्यहरू व्यवस्थित हुन सकेनन् भने विपद् न्यूनीरकण गर्न सहज नहुन सक्छ ।

# परिच्छेद — ८: संस्थागत तथा सुशासन विकास

नेपालको संविधानले राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी सबै तहको छुट्टाछुट्टै एवम् साझा अधिकारहरूको खाका स्पष्ट गरी निर्धारण गरेको छ । सबै तहका सरकारलाई जनताको नजिक राखी शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्ने र विकास एवम् सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम गर्ने व्यवस्थाको परिकल्पना संविधानले गरेको छ । संविधान अनुसार गठन भई सञ्चालन हुँदै आएका स्थानीय सरकारहरूले आफ्नो भूमिकालाई निर्वाह गर्दै जवाफदेहितालाई दिगो रूपमा वहन गर्न उनीहरूले काम गर्ने संस्थाको संरचनात्मक ढाँचा, तौर तरिका तथा योजना तर्जुमाको शैली र चिन्तनलाई परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणामुखी बनाउन पर्ने हुन्छ । अतः यीनै विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरूको (संस्थागत र सङ्गठनात्मक व्यवस्था, मानव संसाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन आवश्यक छ ।

सङ्घीय व्यवस्था अनुसार स्थानीय सरकार जनताको सबैभन्दा नजिकको अभिभावक हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा निर्वाचित स्थानीय सरकारसँग नागरिकले ठूलो अपेक्षा राखेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवाको प्रवाह र पूर्वाधार विकासका योजनाको जिम्मेवारीलाई विधि सम्मत प्रक्रियाबाट जन अपेक्षा अनुसार कुशल, पारदर्शी, र जबाफदेही ढङ्गले सम्पादन गर्न आवश्यक छ । बदलिँदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, र साधन स्रोतमा बढोत्तरीसँगै जनआकाङ्क्षा पनि चुलिएको छ । यसरी चुलिएको जनआकाङ्क्षालाई सम्बोधन गर्नको लागि सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र प्रभावकारी उपायहरू अवलम्बन गर्न जरुरी छ । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्त्व दिएको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य–१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य–१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसँग जोडिएका लक्ष्यहरू हुन् । सुशासन तथा संस्थागत विकास योजना अन्तर्गत कानुन, नीति र सुशासन, सङ्गठन तथा क्षमता विकास, जवाफदेहिता, राजस्व तथा स्रोत व्यवस्थापनका क्षेत्र पर्छन् ।

शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै जानु आजको आवश्यकता हो । शासन प्रणालीमा सबै क्षेत्र, वर्ग, समुदाय र सरोकारवालाको पहुँच र सहभागितालाई सुनिश्चित गर्न आवश्यक छ । सङ्घीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जन विश्वास अभिवृद्धि गर्नु प्रशासकीय सुशासनको मूल मर्म हो ।

## ८.१ संस्थागत विकास तथा सुशासन

स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाम मुखी विकास तथा प्रभावकारी सेवा प्रवाहको लागि संस्थागत संरचना, दक्ष मानव संसाधन, संस्थागत क्षमताको आवश्यकता पर्दछ । स्थानीय सरकारको संस्थागत विकास तथा सुशासनबाट मात्र सङ्घीयता अनि राज्य प्रणाली सुदृढ हुन सक्दछ । तीनै तहको सरकारहरूले विधिको

शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचार मुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजा मुखी बनाउनु आवश्यक छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहका सरकारहरूबाट सम्पादन हुने सबै काम तथा सेवालाई सरल, सुव्यवस्थित, सेवा ग्राही मैत्री र जबाफदेही बनाई नागरिक प्रति उत्तरदायी हुने अपेक्षा गरेको छ ।

### ८.१.१ पृष्ठभूमी

आवधिक योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत विकास, क्षमता विकास र सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरूलाई यस भित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ । जबाफदेही, पारदर्शी र परिणाम मुखी शासकीय व्यवस्था र सार्वजनिक सेवाहरूमा सबै गाउँपालिका वासीको पहुँचको सोच सहित गाउँपालिका को सुशासन प्रवर्द्धन गर्नका लागि प्रमुख प्रशासकीय नया निर्मित भवनबाट नागरिकलाई सेवा प्रवाह गर्ने कार्य अन्तिम चरणमा रहेको छ । नव निर्मित प्रशासकीय भवनमा विद्युतीय नागरिक वडा पत्र र अन्य ९ वटै वडा कार्यालयहरूमा देखिने गरी नागरिक वडा पत्र राखी त्यसलाई क्रमशः कार्यान्वयन गर्ने काम विगत वर्षहरूबाट हुँदै आएको छ । सार्वजनिक सुनवाइ, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण प्रणालीको उपयोग मार्फत सेवा प्रवाह र सुशासनको प्रत्याभूत हुँदै आएको छ । गुनासो पेटिका, वेबसाइट, सामाजिक सञ्जाल, फेस बुक र हेल्लो सरकार जस्ता सूचना सम्प्रेषणका विभिन्न तरिका प्रयोग गरी जन सरोकारका विषयहरू सम्बोधन तथा सार्वजनिक गर्ने कामहरू हुँदै आएको छ ।

सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउदै लगिएको छ । उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको लागि योजना सफ्टवयर मार्फत सञ्चालन गर्ने सुरुवात भएको छ । सुशासन कायम राख्नका लागि पालिका स्तरमा नागरिक वडापत्र राख्ने, सूचना पाटी तथा गुनासो पेटिका व्यवस्थापन र विद्युतीय हाजिरी एवं सि.सि. क्यामेरा जडान लगायत कार्यहरू भइरहेका छन् । नव निर्वाचित जनप्रतिनिधिका साथ साथै प्राविधिक र अप्राविधिक सबै कर्मचारीहरूलाई विभिन्न समयमा क्षमता विकास लगायतका तालिमहरू को व्यवस्था हुने गरेको छ । गाउँपालिका को सूचनाहरू वेवसाईटमा मार्फत सार्वजनिक करण गर्ने गरिएको छ । हालसम्म पालिकाद्वारा स्विकृत नीति तथा कानुनको सङ्ख्या ठूलो रहेको छ । गाउँपालिका को सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न जलजला गाउँ कार्यपालिकामा जम्मा ७ वटा विभिन्न विषयगत समितिहरू रहेका छन् । सवै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना भएको छ र सामान्य विवादको आपसी छलफल र मेलमिलापको माध्यमवाट निरुपण गर्ने गरिएको छ । गाउँपालिकाबाट हुने सबै आर्थिक कारोवारको लेखांकन चुस्त, दुरुस्त, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी सुत्र प्रणाली मार्फत कार्य थालनी गरिएको छ ।

### ८.१.२ समस्या तथा चुनौती

आवश्यक सबै ऐन, कानुन र कार्यविधि तर्जुमा पूर्ण रूपमा भई नसक्नू, व्यवस्थित र प्रविधि युक्त सेवा प्रदायक शाखा, उपशाखाहरू नहुनु, घुम्ती सेवाहरू नियमित नहुनु, विद्युतीय सेवा प्रवाहमा विविधता हुन नसक्नू र गाउँपालिका बासीमा प्रविधि सम्बन्धी ज्ञानमा कमी आदि प्रमुख समस्या हुन् । त्यस्तै, दक्ष कर्मचारी पर्याप्त नहुनु, आवश्यक मात्रामा जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास नहुनु, कर्मचारीहरूको सरुवा भइरहनु, क्षतिपूर्ति सहितको नागरिक बडापात्र कार्यान्वयन नहुनु, कर्मचारीहरूको कार्य विवरण तयार भए पनि पूर्ण रूपमा कार्यान्वयन नहुनु, केही वडा कार्यालयहरूको सुविधा सम्पन्न आवश्यक पूर्वाधार निर्माण नहुनु, कर्मचारीहरूको नियमित कार्यसम्पादन मूल्याङ्कन अनुसार क्षमता अभिवृद्धि हुन नसक्नू, तथ्याङ्की आधार तयार नसक्नू, योजनाका आधारमा बजेट नभई बजेटका आधारमा योजना बन्नु, र टुक्रे योजना उल्लेख्य हुनु आदि प्रमुख समस्या हुन् ।

परम्परागत शासन मुखी कार्य प्रवृत्तिलाई सेवामुखी तथा सेवा ग्राही प्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु, क्षमावान् र गुण स्तरीय कर्मचारीको पदपूर्ति गर्नु, शासकीय प्रणालीमा पारदर्शीता तथा जवाफदेहीता सुनिश्चित गर्नु, सार्वजनिक क्षेत्रमा सदाचार पद्धतिको विकास गर्नु, विकास निर्माणका कार्यहरू समयमै गुण स्तरीय ढङ्गले सम्पन्न गरी आम नागरिकको स्थानीय सरकार प्रति विश्वास आर्जन गर्नु गाउँपालिका का चुनौती हुन् ।

### ८.१.२ सम्भावना तथा अवसर

साङ्गठनिक प्रणालीलाई प्रभावकारी बनाउन आफ्नै कानुन बनाउने अधिकार हुनु, कार्यसम्पादन मूल्याङ्कन नजिकबाट गर्न सक्नु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु आदि यस क्षेत्रका बलियो सम्भावनाहरू हुन् । सङ्घीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्व मूल्याङ्कन कार्यविधि तयार भई कार्यान्वयनमा आउनु, सुशासन गाउँपालिकाको प्राथमिकतामा पर्नु, गै.स.स., नागरिक समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु पनि संस्थागत विकासका लागि अवसरहरू हुन् । भ्रष्टाचार मुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जन चासो र चेतना बढ्दै गए कोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवा ग्राही मैत्री बनाउन सकिन्छ भन्ने मान्यताको विकास हुँदै गएको छ । सङ्घीयता को मूल मर्म बमोजिमका कानुनी आधारहरू तयार हुँदै आएको हुँदा गाउँ कार्यपालिकाको नेतृत्वमा स्थानीय स्तरको विकासको सम्भावना बढेको हो । गाउँपालिका को विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता बढेको छ । जनप्रतिनिधि र कर्मचारीहरू बीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुनु, सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्नु र देख्न पाउनु, सेवा प्रवाहका लागि विभिन्न तह गत संरचना तयार हुनु आदिलाई अवसरको रूपमा लीन सकिन्छ ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सेवा प्रवाहमा प्रभावकारीता एवम् सुशासन अभिवृद्धि गर्नु ।

## उद्देश्य

१. सुशासनका लागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
२. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
३. सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।
४. वित्तीय सुशासन कायम गर्नु ।

## रणनीति तथा कार्यनीति

तालिका १०५: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्य नीतिहरू

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १: सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।** | |
| **१.१:** शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने । | १. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ।<br>२. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ ।<br>३. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनगमन प्रणाली सुदृढ गराइनेछ ।<br>४. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ ।<br>५. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ ।<br>६. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ । |
| **१.२:** सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने । | १. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ ।<br>२. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ। |
| **उद्देश्य २: सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।** | |
| **२.१:** गाउँपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने । | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तीकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।<br>३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ ।<br>४. जनताको गुनासो सिधै अध्यक्षसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ ।<br>५. सूचना पविधिको प्रयोग र पहुँच बढाइनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| २.२: गाउँपालिकाको कार्यसम्पादनलाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने । | १. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ।<br>२. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ ।<br>३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक सङ्घसस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ।<br>४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>५. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ।<br>७. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि)लाई प्रभावकारी र नियमित गराइनेछ ।<br>८. पालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत् नियमित रूपमा सार्वजनिक गरिनेछ ।<br>९. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ ।<br>१०. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ । यसका लागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ ।<br>११. सेवा प्रदायकप्रति नागरिकहरूको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ। |
| २.३: सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु। | १. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको वडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ।<br>२. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ।<br>३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ। |
| **उद्देश्य ३: सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।** | |
| ३.१: जनशक्ति विकास गर्ने । | १. पालिकाका लागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगका लागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ।<br>२. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानका लागि विनियोजन गरिनेछ ।<br>३. पालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनसार अभिमुखीकरण तालिम र क्षमता विकासका लागि आधुनिक प्रविधि युक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| ३.२: अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने । | १. सङ्घीय र प्रदेशसरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ ।<br>२. पालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ ।<br>३. पालिकाको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>४. गाउँपालिका स्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ । |
| **उद्देश्य ४: वित्तीय सुशासन कायम गर्नु ।** | |
| ४.१: सार्वजनिक आय—व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १. गाउँपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ।<br>२. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्वन गरिनेछ ।<br>४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । |
| ४.३: आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने । | १. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ।<br>२. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |

### ८.१.५ कार्यक्रम तथा आयोजना

तालिका १०६: संस्थागत विकासका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | मानव संसाधन विकास एवम् संस्थागत क्षमता विकासका लागि गाउँ कार्यपालिकाको कार्यालयमा मानव संसाधन शाखाको व्यवस्थापन तथा रोष्टर तर्जुमा कार्यक्रम । | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १२.१८ |
| | सेवा प्रवाह सरलीकृत एवम् संस्थागत विकास तथा अध्ययन-अवलोकन भ्रमण । | पटक | | ५ | १००० | १००० | १००० | १००० | १०० | ४१०० | ६.६६ |
| | जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति, आमा समूह, युवा क्लब, सामुदायिक संस्था आदिलाई क्षमता विकास, संस्थागत विकास लगायतका तालिम सञ्चालन । | पटक | | १५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १२.१८ |
| | चुस्त पारदर्शी तथा छिटो सेवा प्रवाहको लागि कानुनको तर्जुमा । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ८.१२ |
| | विद्युतीय माध्यमको प्रयोगबाट सार्वजनिक सेवा तथा सामग्रीहरूको खरिद प्रक्रिया कार्यान्वयन । | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ८.१२ |
| | हरेक विकास योजना तथा कार्यक्रमको वडा र पालिका स्तरमा नियमित सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण सञ्चालन । | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १२.१८ |
| | सबै कार्यालयमा नागरिक वडा पत्रको व्यवस्था र सोको प्रभावकारी कार्यान्वयन । | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ४.०६ |
| | विद्युतीय शासन प्रयोग र पहुँचमा वृद्धि । | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १२.१८ |
| | पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा । | पटक | | २० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १२.१८ |
| | विकास आयोजनाको खर्च निर्माण स्थलमै सार्वजनिक करण (सार्वजनिक परीक्षण) | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ८.१२ |
| | प्रत्येक चौमासिक खर्चको विवरण सार्वजनिक कार्यक्रम । | पटक | | २० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ४.०६ |
| | **संस्थागत विकास तथा सुशासन क्षेत्रको जम्मा** | | | | १२५०० | १२५०० | १२५०० | १२५०० | ११६०० | ६१६०० | १००.०० |

तालिका १०७: संस्थागत विकासका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजना को कुल लक्ष्य | अनुमानित स्रोत (रू. हजारमा) | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिगल सङ्केत | प्रदेश समृद्धि सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मानव संसाधन विकास एवम् संस्थागत क्षमता विकासका लागि गाउँ कार्यपालिकाको कार्यालयमा मानव संसाधन शाखाको व्यवस्थापन तथा रोष्टर तर्जुमा कार्यक्रम । | एकमुस्ट | | | ७५०० | | | १६ | ९ | ७ | ३ | ३ |
| | सेवा प्रवाह सरलीकृत एवम् संस्थागत विकास तथा अध्ययन-अवलोकन भ्रमण । | पटक | | ५ | ४१०० | | | १६ | ८ | ७ | ३ | ३ |
| | जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति, आमा समूह, युवाक्लव, सामुदायिक संस्था आदिलाई क्षमता विकास, संस्थागत विकास लगायतका तालिम सञ्चालन । | पटक | | १५ | ७५०० | | | १६ | ८ | ७ | ३ | ३ |
| | चुस्त पारदर्शी तथा छिटो सेवा प्रवाहको लागि कानुनको तर्जुमा । | एकमुस्ट | | | ५००० | | | १६ | ८ | ७ | ३ | ३ |
| | विद्युतीय माध्यमको प्रयोगबाट सार्वजनिक सेवा तथा सामग्रीहरूको खरिद प्रक्रिया कार्यान्वयन । | एकमुस्ट | | | ५००० | | | १६ | ८ | ७ | ३ | ३ |
| | हरेक विकास योजना तथा कार्यक्रमको वडा र पालिका स्तरमा नियमित सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण सञ्चालन । | एकमुस्ट | | | ७५०० | | | १७ | ९ | ७ | ३ | ३ |
| | सबै कार्यालयमा नागरिक वडा पत्रको व्यवस्था र सोको प्रभावकारी कार्यान्वयन । | एकमुस्ट | | | २५०० | | | १६ | ८ | ७ | ३ | ३ |
| | विद्युतीय शासन प्रयोग र पहुँचमा वृद्धि । | एकमुस्ट | | | ७५०० | | | १६ | ८ | ७ | ३ | ३ |
| | पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा । | पटक | | २० | ७५०० | | | १७ | ९ | ७ | ३ | ३ |
| | विकास आयोजनाको खर्च निर्माण स्थलमै सार्वजनिक करण (सार्वजनिक परीक्षण) | एकमुस्ट | | | ५००० | | | १६ | ८ | ७ | ३ | ३ |
| | प्रत्येक चौमासिक खर्चको विवरण सार्वजनिक कार्यक्रम । | पटक | | २० | २५०० | | | १६ | ८ | ७ | ३ | ३ |
| | **संस्थागत विकास तथा सुशासन क्षेत्रको जम्मा** | | | | ६१६०० | | | | | | | |

## ८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका १०८: संस्थागत विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रभाव | गाउँपालिकाको शासन प्रणाली, समावेशी कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी हुनेछ | कर्मचारीको पदपूर्ति | प्रतिशत | ९० | ९० | ९२ | ९५ | ९५ | ९५ | ९५ | प्रशासन शाखा, लेखा शाखा, लेखापरीक्षण प्रतिवेदन, राजस्व शाखा, वार्षिक प्रगती प्रतिवेदन, गाउँ प्रोफाइल |
| | | कार्यपालिकाको बैठक | सङ्ख्या | १५८ | १५ | १५ | १५ | १५ | १५ | ७५ | |
| | | गापाद्वारा स्विकृत नीति तथा कानुन | सङ्ख्या | ७० | ८० | ९० | १०० | १२० | १३० | १३० | |
| | | गापा तथा वडा कार्यालय लगायत सेवा प्रवाही कार्यालयमा नागरिक बडापत्र निर्माण | सङ्ख्या | १५ | १६ | १७ | १८ | २० | २० | २० | |
| | | औसत वार्षिक बेरुजु | प्रतिशत | ५ | ४ | ३ | २ | १ | ० | ० | |
| | | औसत वार्षिक पुँजिगत खर्च | प्रतिशत | ३६ | ३८ | ४० | ४२ | ४५ | ५० | ५० | |
| | | आन्तरिक आय | रु लाखमा | २८० | ३०० | ३५० | ४०० | ४५० | ५०० | ५०० | |
| असर १ | सरकारी तथा गैरसरकारी निकायहरूबाट जनताहरूले सरल र सर्वसुलभ तरिकाले सेवा प्राप्त गर्न सक्नेछन् । | सामाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | १ | ५ | |
| | | आवधिक योजना तर्जुमा | सङ्ख्या | १ | २ | २ | २ | २ | २ | २ | |
| | | मध्यमकालिन खर्च संरचना तयार गरेका वडा | सङ्ख्या | ० | १ | १ | २ | २ | २ | ९ | |
| | | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा | सङ्ख्या | ४ | ५ | ७ | ८ | ९ | ९ | ९ | |
| | | पालिका तथा वार्डको सार्वजनिक सुनुवाई | पटक | ३ | १० | १० | १० | १० | १० | ३० | |
| प्रतिफल | सरकारी तथा गैरसरकारी संस्थाहरूबाट कार्यान्वयन हुने कार्यक्रम र प्रवाह हुने सेवा सुविधामा पारदर्शिता कायम भई सर्वसाधारण जनता सुसूचित हुनेछन् । | कर्मचारी तथा जन प्रतिनिधिको कार्यप्रगतिको समीक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | १२ | |
| | | अनुगमन | पटक | १२ | १२ | १२ | १२ | १२ | १२ | ६० | |
| | | कार्यक्रमको कार्य प्रगति समीक्षा | पटक | ३ | २ | २ | २ | २ | २ | १० | |
| | | अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूको सार्वजनिक सुनुवाइ | पटक | ५ | २ | २ | २ | २ | २ | १० | |
| असर २ | | क्षमता विकास योजना | सङ्ख्या | १ | १ | २ | २ | २ | ३ | ३ | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | गुणस्तरीय मानव संसाधन र सक्षम स्थानीय संस्थाहरूका माध्यमबाट पालिकाको आर्थिक समाजिक विकास हुनेछ । | कार्यपालिकामा कर्मचारीको कुल दरबन्दी | सङ्ख्या | ३७ | ३७ | ४० | ४० | ४० | ४० | ४० | |
| | | स्वीकृत ओएनएम प्रतिवेदन | सङ्ख्या | १ | १ | १ | २ | २ | २ | २ | |
| प्रतिफल | गाउँपालिकाबाट हुने गरेका सेवाप्रवाह छिटोछरितो भई जनतालाई लाभ पुग्नेछ । | सेवाग्राहीको सन्तुष्टि स्तर | प्रतिशत | ७५ | ७८ | ८० | ८५ | ८८ | ९० | ९० | |
| | दैनिक जीवन सञ्चालनमा सहयोग पुगेर जीवनस्तर माथि उठ्नेछ। | जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास | पटक | ३ | १ | १ | १ | १ | १ | ५ | |
| असर ३ | सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी, विकासमैत्री, विद्युतीय-सुशासन युक्त र सेवामूलक बनाइनेछ । | अनलाइन सेवामा आवद्ध सुविधा | सङ्ख्या | २ | ४ | ६ | ८ | १० | १० | १० | |
| | | सफ्टवेयरमा आधारित सेवा | सङ्ख्या | ५ | ५ | ६ | ८ | १० | १० | १० | |
| | | एकैदिनमा सम्पन्न गरिने सार्वजनिक सेवा | सङ्ख्या | १५ | १५ | १६ | १८ | २० | २० | २० | |
| प्रतिफल | सूचना प्रविधिको प्रयोग र विस्तारबाट स्वचालित कार्यप्रणालीको विस्तार भएको हुनेछ | ई-हाजीरीको व्यवस्था भएका कार्यालय | सङ्ख्या | २ | २० | ४० | ५० | ५० | ५० | ५० | |
| | | पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरू | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| | गुणस्तरीय सेवाप्रवाह भएको हुनेछ । | आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको सङ्ख्या | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| | | आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरू | सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| | उत्प्रेरित र उच्च मनोबलयुक्त कर्मचारीबाट प्रभावकारी सेवा प्रवाह भएको हुनेछ । | आवश्यक कानूनहरूको निर्माण | सङ्ख्या | ७० | ८० | ९० | १०० | १२० | १३० | १३० | |
| | | कार्यदक्षताका आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्ड | पटक | ४ | १ | १ | १ | १ | १ | ५ | |
| | | कर्मचारीको कार्यविवरण तर्जुमा | सङ्ख्या | २ | २ | २ | ३ | ३ | ३ | ३ | |
| असर ४ | | वार्षिक खरिद योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रिया प्रभावकारी हुनेछ । | आन्तरिक लेखापरीक्षण प्रतिवेदन | पटक | ३ | २ | २ | २ | २ | २ | १० | |
| | | आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| प्रतिफल | खरिद योजना समयमै तयार भई खरिद कार्य भएको हुनेछ । | समयमा फछ्र्यौट भएका वार्षिक योजना | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० | १०० | १०० | |
| | राजस्व परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । | नियमित अनुगमन भएका कार्यक्रम | प्रतिशत | ९५ | ९८ | १०० | १०० | १०० | १०० | १०० | |
| | | भ्रष्टाचार नियन्त्रणका लागि स्थानीय नीति तथा ऐन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | |
| | | इ विडिंग मार्फत खरिद भएका कार्यक्रम | सङ्ख्या | १५ | २० | २५ | ३० | ३५ | ४० | ४० | |

### ८.१.७ अनुमान तथा जोखिम पक्ष

**गाउँ कार्यपालिकाको संस्थागत क्षमता विकास भएको हुने, मानव संसाधन विकास, पारदर्शीता, तथा सामाजिक जबाफदेहीता वृद्धि भइ सुशासन कायम भएको हुने ।**

क. सुशासनका औजारहरू र निर्माण भएका सम्बन्धित कानुनहरूको प्रयोग प्रभावकारी रूपमा हुन सकेन भने सुशासन सम्बन्धी कार्यक्रमहरू पनि प्रभावकारी नहुन सक्छन्, कार्यान्वयनमा चुनौती आउन सक्छ ।

ख. आवश्यकता अनुसारको बजेट अभावमा सुशासनका औजारहरू उपयोग नहुन सक्छन् ।

ग. प्राकृतिक प्रकोप वा मानव जन्य प्रकोपका कारण सुशासन तथा संस्थागत विकाससँग सम्बन्धित कामहरूले निरन्तरता नपाउन सक्छन् ।

घ. स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको छिटो छिटो सरुवा हुने, जनप्रतिनिधि र कर्मचारीहरू बीच बलियो सम्बन्ध नहुने, अध्यक्ष र उपाध्यक्ष बीच सम्बन्ध कमजोर हुने जस्ता परिस्थितिहरू तथा कारणहरू सिर्जित भएमा संस्थाभित्र सुशासन तथा संस्थागत विकासका कार्यक्रमहरू कार्यान्वयन गर्न सहज नहुन सक्छ ।

# परिच्छेद — ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

जलजला गाउँपालिकाले गाउँपालिकाको योजनाबद्ध विकासका लागि डिजिटल पार्श्वचित्र, तथ्यको विश्लेषण, सरोकारवाला तथा समुदायसँगको अन्तरक्रियाबाट दोस्रो पञ्चवर्षीय योजना तयार गरेको छ । यस सन्दर्भमा विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा विषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा भएको छ । योजना तर्जुमाको क्रममा गाउँपालिकाले नेपाल सरकारको पन्ध्रौं योजना तथा गण्डकी प्रदेशको योजनाहरू लाई समेत आधारको रूपमा लिएको छ । गाउँपालिकाले आवधिक विकास योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागिता मूलक ढङ्गबाट नतिजा खाका तयार गरिएको छ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन गर्न तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएको छ ।

आवधिक पञ्चवर्षीय योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद् अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक स्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक स्रोत परिचालनका लागि नीजि क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरू सँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठुलो भूमिका हुन्छ ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

सङ्घीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट यस गाउँपालिकाको दोस्रो स्थानीय तहको निर्वाचतबाट निर्वाचित गाउँ कार्यपालिका मार्फत गाउँपालिकाको कार्य सञ्चालन हुँदै आएको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा रहने गरी गाउँ कार्यपालिकामा १४ वटा शाखाहरू र आन्तरिक लेखा परीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ भने ९ वटा वडा कार्यालय सञ्चालनमा छन् ।

जलजला गाउँपालिकाको विद्यमान कर्मचारी दरबन्दी विवरण अनुसार प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरूको दरबन्दी यस कार्यालयमा रहेका छन् । जलजला गाउँपालिकामा दैनिक प्रशासनिक कार्य र योजना व्यवस्थापनका लागि ४६ जना कर्मचारी गाउँ कार्यपालिकामा कार्यरत रहेको देखिन्छ । गाउँपालिकाको आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न मौजुदा संगठन संरचना परिमार्जनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसारको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## ९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनामा विभिन्न पाँच वटा विषयतगत क्षेत्रहरू तथा गाउँ गौरवका आयोजनाका निर्धारित कार्यक्रमहरूका लागि आवश्यक लागतको अनुमान गरिएको छ । कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान गाउँपालिकाका सम्बन्धित शाखाका प्रतिनिधि र सरोकारवालाहरूको कार्यशाला तथा वडास्तरीय छलफलबाट प्रस्ताव गरिएको हो । यसरी तय गरिएको आवश्यक लागत गाउँपालिकाको आन्तरिक आय, सङ्घ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान, गैसस तथा दातृ निकायहरूबाट हुन सक्ने सहयोग, निजी क्षेत्रबाट हुन सक्ने लगानी र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

तालिका १०९: विषयक्षेत्र अनुसार अनुमानित बजेट

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| | **गाउँ गौरवका आयोजना** | **२७३००** | **७५५००** | **११५०००** | **१६५०००** | **२४५०००** | **६२७८००** | |
| १ | **आर्थिक क्षेत्र** | **४५२००** | **७५८००** | **९७५००** | **११९९००** | **१४४१००** | **४८२५००** | २७.२० |
| १.१ | कृषि तथा पशु पन्छी | १७३०० | ३०००० | ३८२०० | ४९१०० | ६४३०० | १९८९०० | ११.२१ |
| १.२ | सिँचाई | ४५०० | १३००० | २३००० | ३३००० | ४३००० | ११६५०० | ६.५७ |
| १.३ | पर्यटन, संस्कृति तथा सम्पदा | ७४०० | ७८०० | ९३०० | ११८०० | ९८०० | ४६१०० | २.६० |
| १.४ | उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | ७८०० | १६८०० | १८८०० | १७८०० | १८८०० | ८०००० | ४.५१ |
| १.५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ८२०० | ८२०० | ८२०० | ८२०० | ८२०० | ४१००० | २.३१ |
| २ | **सामाजिक क्षेत्र** | **५८५००** | **६१७००** | **६५७००** | **८९२००** | **१२७७००** | **४०२८००** | २२.७१ |
| २.१ | स्वास्थ्य तथा पोषण | १४००० | १५५०० | १५००० | २४००० | ३४५०० | १०३००० | ५.८१ |
| २.२ | शिक्षा, विज्ञान तथा नवप्रवतन | १३३०० | १३५०० | १४००० | ६५०० | ८५०० | ५५८०० | ३.१५ |
| २.३ | खानेपानी तथा सरसफाइ | ८००० | ९५०० | १०५०० | १२५०० | १७५०० | ५८००० | ३.२७ |
| २.४ | महिला, बालबालिका तथा लक्षित वर्ग | १४२०० | १४२०० | १५७०० | २५२०० | ३५२०० | १०४५०० | ५.८९ |
| २.५ | युवा तथा खेलकुद | ९००० | ९००० | १०५०० | २१००० | ३२००० | ८१५०० | ४.५९ |
| ३ | **पूर्वाधार क्षेत्र** | **६४७००** | **९३७००** | **११२२००** | **१२४७००** | **१६५७००** | **५६१०००** | ३१.६३ |
| ३.१ | बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | १२५०० | २०००० | १८५०० | २३००० | १४००० | ८८००० | ४.९६ |
| ३.२ | सडक, पुल तथा यातायात | ३७००० | ५९००० | ७९००० | ८७००० | १३७००० | ३९९००० | २२.५० |
| ३.३ | जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ७७०० | ७७०० | ७७०० | ७७०० | ७७०० | ३८५०० | २.१७ |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | ७५०० | ७००० | ७००० | ७००० | ७००० | ३५५०० | २.०० |
| ४ | **वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | **४७८००** | **४८०००** | **४६०००** | **५९५००** | **६४५००** | **२६५८००** | १४.९९ |
| ४.१ | वन तथा जैविक विविधता | ८००० | ६००० | ६००० | ६००० | ६००० | ३२००० | १.८० |

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | १७५०० | २२५०० | २२५०० | २७५०० | ३२५०० | १२२५०० | ६.९१ |
| ४.३ | वातावरण तथा फोहर मैला व्यवस्थापन | ७५०० | ५५०० | ४५०० | १३००० | १३००० | ४३५०० | २.४५ |
| ४.४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा उत्थानशीलता | १४८०० | १४००० | १३००० | १३००० | १३००० | ६७८०० | ३.८२ |
| **५** | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | **१२५००** | **१२५००** | **१२५००** | **१२५००** | **११६००** | **६१६००** | **३.४७** |
| | **जम्मा योजना बजेट** | **२२८७००** | **२९१७००** | **३३३९००** | **४०५८००** | **५१३६००** | **१७७३७००** | १००.०० |
| **गाउँपालिका गौरव तथा विषयगत क्षेत्र जम्मा बजेट** | | | | | | | २४०१५०० | |

गाउँपालिकाको आवधिक विकास योजना अवधिको लक्ष्य प्राप्तीका लागि कुल लागत बजेट **रू. २ अर्ब ४० करोड १५ लाख** अनुमान गरिएको छ । गाउँपालिका गौरबका आयोजना कार्यन्वयनका लागि कुल **रू. ६२ करोड ७८ लाख** अनुमान गरिएको छ । विषय क्षेत्र अन्तरगत सबै भन्दा बढी पूर्वाधार क्षेत्र विकासका लागि करिब **३१.६३ प्रतिशत** बजेट लागत अनुमान गरिएको छ । त्यसैगरी, आर्थिक विकासका लागि **२७.२ प्रतिशत**, सामाजिक विकासका लागि **२२.७१ प्रतिशत**, वन वातावरण तथा विपद् व्यवस्थापनका लागि **१४.९९ प्रतिशत** र संस्थागत तथा सुशासन क्षेत्र विकासका लागि **३.४७ प्रतिशत** खर्च हुने अनुमान गरिएको छ ।

## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

आवधिक विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक स्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक स्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरू सँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढी प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई विशेष जिम्मेवारी दिइएको छ ।

### ९.४.१ राजस्व परिचालनको अवस्था

जलजला गाउँपालिकाको नेतृत्वमा तर्जुमा भएको पञ्चबर्षिय आवधिक विकास योजना गाउँपालिका विकासका सबै सरोकारवालाहरूको सार्थक जोस जाँगर आँट तथा सक्रिय सहभागिता बाट मात्र कार्यान्वयन हुनेछ । नतिजा तालिकामा उल्लेखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा

गाउँपालिकाले आन्तरिक र वाह्य स्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ ।

आ.व. २०७८/७९ को यथार्थ आय **रू. ५१ करोड ९८ लाख ९७ हजार** रहेको छ । गत आ.व.को यथार्थ र चालू आ.व.को अनुमानित आयका आधारमा विश्लेषण गरी कम्तिमा पनि वार्षिक १० प्रतिशतका दरले आयवृद्धि हुनसक्ने आधारमा ५ वर्षको कुल अनुमानित आय गणना गर्दा गाउँपालिकाको कुल अनुमानित आय करिव **रु. ३ अर्व २२ करोड २८ लाख ५ हजार** हुने देखिन्छ ।

गत वर्षको आय विवरणको वृद्धि प्रवृतिका आधारमा गाउँपालिकाको आय बढ्दो रूपमा परिचालन भएको देखिन्छ । आन्तरिक राजस्व अन्तर्गत सङ्कलन हुने राजस्वमा सामान्य वृद्धि भएको देखिन्छ ।

आन्तरिक स्रोतको योगदान गत आ.व.मा कुल आयको **८.१६ प्रतिशत** रहेको छ । गाउँपालिकाको आन्तरिक आय आ.व. ०७८/७९ भन्दा आ.व. ७९/८० मा कमी भएको देखिन्छ । त्यसैगरी बाह्य स्रोतबाट आएको अनुदान सहयोग तथा ऋण परिचालनबाट प्राप्त हुने रकमको कुल आयको **८६.१३ प्रतिशत** योगदान रहेको छ । बाह्य स्रोतको आय पछिल्लो बर्षमा भन्दा केही प्रतिशतले घटेको देखिन्छ । त्यस्तै गत आ.व.मा कुल आयमा **५.७१ प्रतिशत** रकम नगद मौज्दात रहेको छ । लागत सहभागिता भने रहेको छैन ।

तालिका ११०: राजस्व परिचालनको अवस्था

| आ.व. (रकम रु. हजारमा) | | आन्तरिक श्रोतको आय | बाह्य श्रोतको आय | लागत सहभागिता | जम्मा |
|---|---|---|---|---|---|
| आ.व. ०७९/०८० को यथार्थ | रकम | ४२४३३ | ५३३११ | ० | ९५७४४ |
| | प्रतिशत | ४४.३२ | ५५.६८ | ० | १००.०० |
| आ.व. ०८०/०८१ को अनुमानित | रकम | २१२२२ | ८४५८४ | ० | १०५८०६ |
| | प्रतिशत | २०.०६ | ७९.९४ | ० | १००.०० |

*स्रोतः जलजला गाउँपालिका कार्यालय, लेखाशाखा*

### ९.४.२ खर्च अवस्थाको विश्लेषण

गाउँपालिकामा चालू खर्च अन्तर्गत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च र कार्यक्रम खर्च गरी ५ प्रकारका खर्च रहेका छन् । आ.व. २०७८/०७९ को व्यय विवरण अनुसार चालू खर्च कूल खर्चको करिब **६५ प्रतिशत** रहेको छ भने पूँजीगत खर्च **३५ प्रतिशत** रहेको छ । गाउँपालिकाको विगतका वर्षको व्यय विवरणको तुलनामा यस आ.व.मा चालू खर्च बढेको अवस्थामा छ भने आ.व. ०७९/०८० मा चालू खर्च विगत वर्षको तुलनामा कम रहेको छ । त्यसैगरी पूँजीगत तर्फ हुने खर्च भने कुल खर्चको अनुपातमा यस आ.व.मा कम भएको देखिन्छ ।

तालिका १११: खर्च बाँडफाँटको प्रक्षेपण

| क्र. सं. | विवरण | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण | २०८५/८६ को प्रक्षेपण | आवधिक योजनाको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| १.१ | चालू खर्च | ३४१०९१ | ३४७२३९ | ३५१०८१ | ३८७२८० | ३८८४२१ | १८१५११३ |
| १.२ | पुँजीगत खर्च | १८३६६५ | २३१४९३ | २८७२४८ | ३१६८६६ | ३८८४२१ | १४०७६९२ |
| जम्मा बजेट | | ५२४७५६ | ५७८७३१ | ६३८३३० | ७०४१४६ | ७७६८४२ | ३२२२८०५ |
| २ | | | | | | | |
| २.१ | आर्थिक विकास | ४५२०० | ७५८०० | ९७५०० | ११९९०० | १४४१०० | ४८२५०० |
| २.२ | सामाजिक विकास | ५८५०० | ६१७०० | ६५७०० | ८९२०० | १२७७०० | ४०२८०० |
| २.३ | पूर्वाधार विकास | ६४७०० | ९३७०० | ११२२०० | १२४७०० | १६५७०० | ५६१००० |
| २.४ | वन वातावरण तथा विपद् व्यवस्थापन | ४७८०० | ४८००० | ४६००० | ५९५०० | ६४५०० | २६५८०० |
| २.५ | संस्थागत विकास तथा सुशासन | १२५०० | १२५०० | १२५०० | १२५०० | ११६०० | ६१६०० |
| २.६ | गौरवका योजना | २७३०० | ७५५०० | ११५००० | १६५००० | २४५००० | ६२७८०० |
| जम्मा बजेट | | २५६००० | ३६७२०० | ४४८९०० | ५७०८०० | ७५८६०० | २४०१५०० |

## ९.४.३ अपुग स्रोत व्यवस्थापन

आवधिक विकास योजना कार्यान्वयनका लागि गाउँ गौरवको योजना समेत कुल लगानी बजेट **रू. २ अर्ब ४० करोड १५ लाख** अनुमान गरिएको छ । आ.व. २०७९/०८० को यथार्थ र चालू आ.व.को अनुमानित तथा आ.व. २०८०/८१ को प्रस्तावित आयका आधारमा आगामी पाँच वर्षको गाउँपालिकाको अनुमानित आय करिब **रू. ३ अर्व २२ करोड २८ लाख ५ हजार** देखिन्छ । यसरी कुल स्रोत परिचालनबाट **रू. १ अर्व ८१ करोड ५१ लाख १३ हजार** चालू खर्च हुने अनुमान भएकोमा **रू. १ अर्व ४० करोड ७६ लाख ९२ हजार** मात्र पुँजीगत शीर्षकमा खर्च गर्न सकिने देखिन्छ तसर्थ लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेट विच करिब **रू. ९९ करोड ३८ लाख ८ हजार** बजेट अपुग देखिन्छ ।

तालिका ११२: अपुग स्रोत व्यवस्थापन

| क्र.सं. | शीर्षक | आर्थिक वर्ष र अनुमानित रकम रू. हजारमा | | | | | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | कुल स्रोत परिचालन | ५२४७५६ | ५७८७३१ | ६३८३३० | ७०४१४६ | ७७६८४२ | ३२२२८०५ |
| २ | कुल चालू | ३४१०९१ | ३४७२३९ | ३५१०८१ | ३८७२८० | ३८८४२१ | १८१५११३ |
| ३ | कुल पुँजीगत | १८३६६५ | २३१४९३ | २८७२४८ | ३१६८६६ | ३८८४२१ | १४०७६९२ |
| ४ | कुल लगानी अनुमान | २२८७०० | २९१७०० | ३३३९०० | ४०५८०० | ५१३६०० | १७७३७०० |

| क्र.सं. | शीर्षक | आर्थिक वर्ष र अनुमानित रकम रू. हजारमा | | | | | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ५ | गाउँ गौरवका योजना | २७३०० | ७५५०० | ११५००० | १६५००० | २४५००० | ६२७८०० |
| ६ | **स्रोतको न्यूनता** | -७२३३५ | -१३५७०७ | -१६१६५२ | -२५३९३४ | -३७०१७९ | -९९३८०८ |

## ९.५ स्रोत परिचालन रणनीति

जलजला गाउँपालिकाको **आवधिक विकास योजना (आ.व. २०८१/०८२ देखि २०८५/०८६ सम्म)** का लागि विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ । गाउँ कार्यपालिकाको कार्यालय, नीजि क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्न सक्ने परिमाणलाई आधार मानी यसको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ । यस आवधिक योजनाको कार्यान्वयनको लागि विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू समेत परिचालन गरिने छ । उक्त स्रोतहरूमा गाउँपालिकाको आन्तरिक स्रोत तथा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू, स्थानीय तहलाई राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, विकास साझेदार संस्थाहरूबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

यस आवधिक योजना अवधिमा कुल **रू. २ अर्ब ४० करोड १५ लाख** खर्च हुने अनुमान गरिएको छ भने करिब **रु. १ अर्व ४० करोड ७६ लाख ९२ हजार** (५८.६२ प्रतिशत) रकम विभिन्न स्रोतहरूबाट प्राप्त हुने अनुमान गरिएको छ । कुल अनुमानित खर्च गर्न अपुग हुने रकम करिब **रू. ९९ करोड ३८ लाख ८ हजार** (४१.३८ प्रतिशत) बजेटका लागि गाउँपालिकाले थप स्रोत परिचालन गर्नुपर्ने हुन्छ । सोको लागि गाउँपालिकाले निम्नानुसारका रणनीतिहरू अवलम्बन गरी स्रोत व्यवस्थापन गर्न सकिने देखिन्छ ।

यस आवधिक विकास योजना अवधिमा गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुने गरी तर्जुमा गरिनेछ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद कोष) नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिनेछ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट गाउँपालिकामा आउने रकमलाई गाउँपालिका स्तरीय महत्त्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिनेछ ।

१. गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२. अन्तराष्ट्रीय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूवाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिनेछ । कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी गाउँपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइनेछ ।
३. स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक संस्थाहरू, टोल विकास संस्थाहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
४. सङ्घीय तथा प्रदेश सरकारबाट विशेष तथा समपुरक अनुदान प्राप्त गरिनेछ ।
५. गाउँपालिका क्षेत्रभित्र राष्ट्रिय र प्रदेशस्तरीय महत्त्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न गाउँपालिकाले सङ्घ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा गाउँपालिकाको लगानी न्यूनीकरण गरिनेछ ।
६. गाउँपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, स्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी गाउँपालिकाको स्रोत वृद्धि गरिनेछ ।
७. मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पुरातत्व विभागको सहभागिता वृद्धि गरिनेछ ।
८. स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिनेछ ।
९. आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।

## ९.६ आवधिक योजना कार्यान्वयन

### ९.६.१ योजना कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्याङ्कनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समय चित परिमार्जन गरिनेछ । जलजला गाउँपालिका को विकास गाउँपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र सम्भव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्न अनुसारका विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ ।

**<u>(क) सरकारी क्षेत्र</u>**

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात् गाउँपालिकाको हो । गाउँपालिकाले नै सबै क्षेत्रसँगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । गाउँपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न सङ्घीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानुनी, संरचना गत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्ने छ ।

मौलिक हक अधिकार र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका वर्गको संरक्षण र विकास, समावेशीता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा गाउँपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्ने छ ।

**(ख) निजीक्षेत्र**

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्त्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशु विकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुनेछ । सरकारबाट भएको नीति गत, कानुनी र संरचना गत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुण स्तरीय उत्पादन र बजारी करण गर्ने, बजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व बुझाउने जस्ता महत्त्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रबाट गरिएको छ । यस क्षेत्रबाट करिब **१.२५ प्रतिशत** लगानी हुने अपेक्षा गरिएको छ ।

**(घ) सहकारी क्षेत्र**

सहकारीले संस्थामा आबद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि हासिल गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । स-साना बचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई सङ्गठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय स्रोत र साधनको उपयोग गर्न, सहकारिताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्त्वपूर्ण योगदान दिएका छन् । गाउँपालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरिबी निवारण आदिमा सहकारी क्षेत्रको विशेष भूमिका अपेक्षा गरी यस क्षेत्रबाट योजना अवधिमा **०.४२ प्रतिशत** लगानी प्रक्षेपण गरिएको छ ।

**(ङ) गैह सरकारी क्षेत्र (गैसस)**

समूह परिचालन, सचेतन मूलक कार्यक्रम, स-साना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तीकरण, समूह बचत तथा ऋण परिचालन, स-साना आय मूलक कार्यक्रम सञ्चालन, रोजगारी सृजना, नीति गत पृष्ठपोषण आदि कार्यमा गैससले गाउँपालिकासँग महत्त्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । आफ्ना वैशिष्ट्यताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रबाट **०.८३ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

**(च) उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक सङ्घ सस्था**

विकास प्रदायकले जतिसुकै प्रयास गरे तापनि यसका प्रापक अर्थात् उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन । त्यस कारण यिनी हरू बाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ । विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान **१.७३ प्रतिशत** हुने अनुमान गरिएको छ ।

**(छ) अन्तर स्थानीय तह**

गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय तहहरूसँग मिलेर रणनैतिक महत्त्वका विकासका योजनाहरू साझेदारीमा विभिन्न विकास निर्माणका कार्यमा लगानी हुने अनुमान गरिएको छ । यस किसिमका अन्तर स्थानीय तह साझेदारीमा करिब **२.०८ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

### ९.६.२ कार्यान्वयन प्रक्रिया

**(क) सूची तयारी**

गाउँपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, सङ्घीय सरकारबाट कार्यान्वयन हुने, प्रदेश सरकारबाट कार्यान्वयन हुने, तीनै तहका सरकारबाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा सङ्घ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने, गैसस तथा अन्तरराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारबाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

**(ख) छलफल एवं अन्तरक्रिया**

सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रले सञ्चालन गर्ने कार्यका लागि गाउँपालिकाले सम्बन्धित क्षेत्रहरूसँग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजी करण गर्नेछ । छलफल र अन्तरक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

**(ग) मध्यमकालीन खर्च संरचना तयारी**

गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम बीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिक करण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यम कालीन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यम कालीन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

**(घ) नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा**

आवधिक योजनासँग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रमसँग निम्न तालिका संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिनेछ । कार्यक्रम सञ्चालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्बन्धित ऐन नियम अन्तर्गत रही योजनाको प्रकृति अनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समिति मध्ये उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस तथा विकास साझेदारहरूसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

तालिका ११३: वार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसङ्ख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | इकाई | परिमाण | | इकाई | परिमाण | | | | | |
| आर्थिक विकास | | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | | |
| वातावरण तथा विपद व्यवस्थापन | | | | | | | | | | | |
| संस्थागत र सुशासन | | | | | | | | | | | |
| अन्तरसम्बन्धित क्षेत्र | | | | | | | | | | | |
| जम्मा कार्यक्रम खर्च | | | | | | | | | | | |
| जम्मा चालू खर्च | | | | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | | | |

द्रष्टव्यः विषय क्षेत्र र उपक्षेत्रहरूले आ–आफ्नो कार्यक्रमहरू प्रस्तुत गर्दा चालू र पूँजीगत खर्च खुलाई गाउँपालिकामा पेस गर्नु पर्ने छ ।

## ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

नीति, योजना, कार्यक्रम तथा आयोजनामा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ छैन र कार्यान्वयन कार्यतालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई अपेक्षित प्रतिफल हासिल हुने अवस्था भए नभएको निगरानी राख्ने र पृष्ठपोषण गर्ने कार्य अनुगमन हो । यसका लागि आयोजना समयमै सम्पन्न हुन यथोचित रूपमा कार्य भए नभएको कुरालाई निरन्तर तथा आवधिक रूपमा निगरानी गर्नु पर्दछ । यसरी गरिएको निगरानीबाट प्राप्त पृष्ठपोषण तथा सुझावका आधारमा सुधार गर्दै जानु पर्दछ । अनुगमनको उद्देश्य नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याको पहिचान गरी तत्काल समाधान गर्नु हो ।

नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन प्रक्रिया तथा प्राप्त नतिजाको बारेमा नियमित, व्यवस्थित र समय बद्ध रूपमा तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रतिवेदन गर्ने कार्य गर्नु पर्दछ । यसबाट समयमै समस्या पहिचान गरी समाधान गर्न महत्त्वपूर्ण सहयोग पुग्दछ । अनुगमनको लागि नतिजा तालिका, कार्यान्वयन कार्य योजना, आयोजना विवरण तालिका र जिम्मेवारी तालिका आदि दस्तावेजहरूको उपयोग गर्नु पर्दछ ।

स्थानीय तहको नीति, योजना, कार्यक्रम तथा आयोजनाको नियमित, प्रभावकारी तथा नतिजा मूलक अनुगमन तथा प्रतिवेदन प्रणालीको लागि अनुगमन योजना बनाउनु आवश्यक हुन्छ ।

अनुगमन योजना बनाउँदा सङ्घीय, प्रदेश तथा स्थानीय तहका समसामयिक विषय, मानव विकास सूचकाङ्क, दिगो विकासका लक्ष्य सूचकलाई स्थानीय तहको अधिकार क्षेत्रका विषयमा योगदान गर्ने सूचक स्थापित गरी अनुगमन गर्ने र सोको प्रतिवेदन विषयगत समिति, कार्यपालिका तथा सभामा पेस गर्नु पर्दछ । यसैगरी नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रकृति हेरी प्रदेश सरकार र नेपाल सरकार समक्ष पेस गर्नु पर्दछ । गाउँपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नतिजा सूचकमा आधारित भई सहभागीता मूलक प्रक्रियाबाट अनुगमन तथा मूल्याङ्कन गर्नेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ । अनुगमनका लागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्ष समेतलाई सहभागिता गराइनेछ । नतिजा सूचकमा आधारित अनुगमन खाका तयार गरी सोही अनुसार नियमित अनुगमन, वार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरिनेछ । गाउँपालिकाले देहायको उद्देश्य प्राप्तिका लागि अनुगमन गर्नेछः

- कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्न,
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न,
- कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्न,
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न,

गाउँपालिकाले देहाय अनुसार अनुगमन गर्नेछः

- निरन्तर अनुगमन,
- दिगो पनाको अनुगमन ।

गाउँपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछः

- गाउँपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू,
- गाउँपालिकाबाट लगानी भएका आयोजनाहरू,
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिका क्षेत्रभित्र गैरसरकारी संस्था मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनको साथै जबाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सु

निश्चितता लागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनु पर्दछ । अनुगमन एउटा निरन्तर चली रहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालू परियोजनाको प्रगति र ढिला-सुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिँडाउनु हो ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

अनुगमनमा देहायका तरिकाहरू अपनाउनेछः

- नियमित प्रतिवेदन लिएर,
- स्थलगत अवलोकन गरेर,
- सरोकारवालाहरू सँग छलफल गरेर,
- नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि),
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन्ः

- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- उप प्रमुख/उपाध्यक्ष (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,
- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य),
- वडा स्तरीय आयोजनाको हकमा वडा अध्यक्ष र सदस्यहरू ।

गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहने छन्ः

| | |
|---|---|
| गाउँपालिका का उपाध्यक्ष | संयोजक |
| अध्यक्षले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरू मध्येबाट | सदस्य (दुई जना) |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| प्रमुख, योजना शाखा | सदस्य सचिव |

**आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।**

देहायको अनुगमन कार्य योजना बनाई लागू गरिनेछः

- कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्य योजना पेस गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्य योजना बनाइ कार्यान्वयन गरिनेछ ।

- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेस गरी छलफल गरिनेछ । समितिले समाधान गर्न नसकेका समस्याहरूलाई यस बैठकबाट सम्बोधन गरिनेछ । वडा स्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछः
  - सम्बन्धित वडाको वडा अध्यक्ष — संयोजक
  - वडा सदस्यहरू — सदस्य
  - वडा सचिव — सदस्य सचिव

  आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेस्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्याङ्कन गरिनेछ ।

- योजनाको लक्ष्य बमोजिम प्रगति भए नभएको,
- लाभ ग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

आवधिक तथा वार्षिक गाउँ विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनु पर्नेछः

तालिका ११४: अनुगमन तथा मूल्याङ्कन खाका

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| अनुगमन प्रक्रिया | | | | |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी कार्यालय र गैसस | आवश्यकता अनुसार, मासिक, चौमासिक र वार्षिक | ▪ स्थलगत अनुगमन<br>▪ वार्षिक योजनाको चौमासिक कार्य योजनामा उल्लिखित लक्ष्य र प्रगति विवरणको तुलना<br>▪ बृहत् योजनाको कार्यान्वयन योजनाको<br>▪ वार्षिक लक्ष्य र प्रगतिको तुलनात्मक अध्ययन | ✓ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेस गर्ने<br>✓ गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिस कार्यान्वयनका लागि पालिका समक्ष कार्य योजना पेस गर्ने |
| प्रतिफल अनुगमन | गाउँपालिका कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्ध वार्षिक, वार्षिक र मध्यावधि | ▪ स्थलगत अनुगमन<br>▪ वार्षिक कार्य योजनाको लक्ष्य र प्रगति विवरणको तुलना<br>▪ सञ्चालित योजनाहरूको कार्यान्वयनबाट सोच तालिकामा उल्लिखित अपेक्षित प्रतिफल के कति कारणले हासिल हुने देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेस गर्ने | |

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| | | **अनुगमन प्रक्रिया** | | |
| असर तह अनुगमन | गाउँपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | ▪ लक्षित समूह तथा सहभागीता मूलक छलफल<br>▪ नमुना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन<br>▪ योजनाबाट विषयगत उद्देश्य, अपेक्षित प्रतिफल के कति कारणले प्राप्त हुने वा नहुने विषयमा अध्ययन<br>▪ प्रतिवेदन तयारी र गाउँपालिका मा छलफल | |
| | | **मूल्याङ्कन प्रक्रिया** | | |
| असर तह मूल्याङ्कन | स्वतन्त्र तेस्रो पक्ष | योजनाको मध्य अवधि | ▪ लक्षित समूह तथा सहभागीता मूलक छलफल<br>▪ नमुना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन<br>▪ असर तहका सूचना सङ्कलन गर्दा प्रारम्भिक तहका असरमा ध्यान दिने<br>▪ प्रतिवेदन तयारी र गाउँपालिका मा छलफल | ▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेस गर्ने<br>▪ गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिस कार्यान्वयनका लागि पालिका समक्ष कार्य योजना पेस गर्ने |
| प्रभाव तह मूल्याङ्कन | गाउँपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | योजना सम्पन्न भएको दुई वर्षपछि | ▪ लक्षित समूह तथा सहभागीता मूलक छलफल<br>▪ नमुना सर्वेक्षण मार्फत योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरू हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दिगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन<br>▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल | |

आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यवस्था गरिनेछः

- गाउँपालिका ले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।
- प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिनेछ ।

# सन्दर्भ सामाग्री


क. नेपालको संविधान

ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग. दिगो विकासका लक्ष्यहरू

घ. नेपाल सरकारको पन्ध्रौं आवधिक योजना

ङ. नेपाल सरकारको १६औं पञ्चवर्षीय योजनाको अवधारणा पत्र

च. गण्डकी प्रदेशको पहिलो पञ्चवर्षीय योजना (२०७५/०७६-२०८०/०८१)

छ. गण्डकी प्रदेशको दोस्रो आवधिक योजनाको अवधारणा पत्र २०८०

ज. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

झ. नव प्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८

ञ. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७

ट. राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७

ठ. जलजला गाउँपालिकाको गाउँ वस्तुगत विवरण २०७५

ड. जलजला गाउँपालिकाद्वारा विभिन्न मितिमा प्रकाशित राजपत्रहरू

ढ. जलजला गाउँपालिकाको विगत ३ वर्षको वार्षिक आय व्यय विवरण

ण. जलजला गाउँपालिकाको पहिलो त्रिवर्षीय योजना २०७८

त. राष्ट्रिय जनगणना, २०७८

थ. राष्ट्रिय कृषि गणना, २०७८

द. जलजला गाउँपालिकाको वार्षिक प्रगति प्रतिवेदन, २०८०

ध. जलजला गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्व मूल्याङ्कन प्रतिवेदन २०७९/०८०

# अनुसूचीहरू

## अनुसूची — १: वडा गत छलफलका आधारमा सङ्कलित आगामी ५ वर्षका लागि प्रस्तावित कार्यक्रमहरू

## वडा नं. १ — बाँसखर्क

### आर्थिक विकास

**क. कृषि**

१. सामुदायिक व्यवसायीका कृषि तथा फलफूल खेतीका लागि अनुदान सहायता कार्यक्रम
२. किबी सुन्तला दाँते ओखरको खेती विस्तार तथा प्रवर्द्धन
३. उन्नत बीउ वितरण कार्यक्रम
४. फलफूलको बिरुवा उत्पादनको लागि नर्सरी स्थापना
५. उत्कृष्ट कृषक सम्मान तथा प्रोत्साहन कार्यक्रम
६. फलफूल तथा तरकारी सङ्कलन केन्द्रको स्थापना
७. कृषि एम्बुलेन्स खरिद कार्यक्रम
८. कृषि व्यवसाय सञ्चालन तालिम
९. सुन्तला चिस्यान केन्द्र स्थापना
१०.बजार मारेमा स्थापना भएको चिस्यान केन्द्रसम्म मोटर बाटो निर्माण
११.सुन्तला चिस्यान केन्द्रमा सुन्तला सङ्कलन केन्द्र स्थापना गर्ने
१२.बजारमारेबाट पिपलडाँडासम्म गोरेटो बाटो निर्माण गर्ने

**ख. पशुपक्षी**

१३.सामुदायिक पशुपालनको लागि अनुदान सहायता कार्यक्रम सञ्चालन
१४.व्यावसायिक बाख्रा तथा कुखुरा पालन कार्यक्रम
१५.गोठ/ खोर सुधार कार्यक्रम

**ग. सिँचाई**

१६.पुङदीखोला मालगाउँ चिनाखेत साउलाउनी ओख्ले बजारमारे बजारमारे विनामारे तल्लो गाउँ लिफ्टिङ
१७.बराइनी रोहटे सिंचाईं योजना
१८.चिनाखेत बज्रमारा सिंचाई योजना
१९.लुङग्रेबगर सिंचाईं योजना
२०.सिस्नारा खोला दाससम्म कुलो मर्मत योजना
२१.रोहटे बज्रमारे सिंचाईं योजना
२२.पुङ्दीखोला-वडा कार्यालय-मालगाउँ-चिनाखेत-साउलानी-ओखले-बजमारे-सिस्नारा-तल्लेगाउँ (लिफ्टिङ सिँचाइ)
२३.बराइनी-रोटे (लिफ्टिङ सिँचाइ)
२४.चिनाखेत-बजियारा सिँचाइ कुलो मर्मत सम्भार
२५.झोलुङ्गे-बगर सिँचाइ कुलो मर्मत सम्भार
२६.सिस्वारा खोला-दास सिँचाइ कुलो मर्मत सम्भार
२७.रोटे-बगरमोट सिँचाइ कुलो निर्माण

**घ. पर्यटन संस्कृति तथा सम्पदा**

२८.कल क्लाइमिङ सेतो पहरामा निर्माण तथा सञ्चालन

२९.घुमाउने तालदेखि बाँसखर्क होमस्टे डाँडाकटेरी हम्पाल २० कि.मि. पद मार्ग निर्माण

३०.डोरा भूमे मन्दिर संरक्षण तथा खानेपानीको व्यवस्था

३१.दर्शन अभिषेक चर्च मर्मत

३२.बराइ मन्दिर संरक्षण तथा मैदान निर्माण

३३.ओख्ले गणेश मन्दिर संरक्षण र पोखरी निर्माण

३४.देवीडाँडा मन्दिर संरक्षण

३५.भूमे मन्दिर संरक्षण योजना

**ङ. उद्योग व्यापार व्यवसाय आपूर्ति**

३६.सुन्तला किवी जूस उत्पादन उद्योग सञ्चालन गर्ने

३७.मौरी घार निर्माण योजना

३८.ढुङ्गा र खरि ढुङ्गा कटिङ उद्योग स्थापना

**सामाजिक विकास**

**च. स्वास्थ्य तथा पोषण**

३९.स्वास्थ्यचौकी मर्मत सम्भार

४०.स्वास्थ्य चौकी ल्याब तथा उपकरण व्यवस्थापन

४१.वडा नं १ लागि एम्बुलेन्स सञ्चालन

४२.बर्थिङ सेन्टर स्थापना

४३.स्वास्थ्यचौकीमा गिजर व्यवस्थापन

**छ. शिक्षा विज्ञान तथा नव प्रवर्तन**

४४.मगर भाषा शिक्षण कार्यक्रम

४५.विद्यार्थीहरूलाई व्यावसायिक तालिम

**ज. खानेपानी तथा सरसफाइ**

४६.पँधेरो खानेपानी रिजर्भ टेकी निर्माण

४७.ओख्ले खानेपानी मर्मत

४८.पुँधीखोला खानेपानी दलित वस्तिमा

**झ. महिला बालबालिका तथा लक्षित वर्ग**

४९.लालीगुराँस आमा समूह भवन ढलान

५०.चिनाखेत नव जागरण आमा समूहको भवन मर्मत योजना

**ञ. युवा तथा खेलकुद**

५१.माल गाउँ खेल मैदान निर्माण

५२.उपल्लो गाउँ खेल मैदान निर्माण

५३.बहराइनी क्लब खेल मैदान निर्माण

## पूर्वाधार विकास

**ट. वस्ति आवास तथा सार्वजनिक निर्माण**

५४.पहिरोबाट जोखिम वस्ति स्थानान्तरण

५५.युवाक्लव तथा आमा समूहका लागि सामुदायिक भवन निर्माण ।

**ठ. सडक पूल तथा यातायात**

५६.बाँसखर्क वडा कार्यालय हुँदै मालगाउँ सिमलचौर नागी सडकको स्तर उन्नति

५७.बाँसखर्क जलजला १ देखि अन्नपूर्ण महाभिर मोटर बाटो निर्माण

५८.घुमाउने तालदेखि साउनीपानी गुरुङडाडा चिनाखेत मालगाउँ गोरेटो बाटो निर्माण

५९.बजारमारे डाइनिङहल वडा कार्यालय गोरेटो

६०.विरामारे सिराने तल्लो गाउँ उपल्लो गाउँ एकराते मालगाउँ गोरेटो बाटो निर्माण

६१.बराइनी कलवदेखि सिस्नारा मोटरबाटो निर्माण

६२.ओख्ले साउलाउनी चिनाखेत मालगाउँ गोरेटो बाटो निर्माण

६३.बराइनी क्लवदेखि सिस्नारा मोटर बाटो निर्माण

६४.सानमारे बाँसखर्क मोटरबाटो स्तर उन्नती

६५.जलजला १ झोलुङ्गेबगरदेखि ल्यासी ओख्ले सडक निर्माण

६६.मालागाउँ कुवापानी गोरेटो बाटो निर्माण

६७.ल्यासीबाट गुरुङडाडासम्म गोरेटो बाटो निर्माण

६८.बगर ओख्ले विरमारे हुँदै वडा कार्यालयसम्मको मोटरबाटोको स्तर उन्नती

६९.जनज्योती प्रा वि बाट साउलोन हुँदै बेहोकोटसम्मको मोटर बाटो स्तर उन्नती

७०.बाँसखर्क मालगाउँ लोप्रे बन्जाडे नागी मोटरबाटो निर्माण

७१.बौरादेखि लोप्रेसम्म मोटरबाटो स्तर उन्नती

७२.ढाडखर्क ओख्ले हुँदै डाडाँसम्म ढलान

७३.ओख्लेदेखि ल्यासी जाने घोरेटो बाटो निर्माण

७४.सम्मारे बाँसखर्क मोटरबाटो स्तर उन्नती

७५.सिस्नेरा-महभिर सडक (नयाँ ट्र्याक खोल्ने — ३.५ कि.मि.)

७६.ढुङ्गाबोट-उपल्लो बिदमारे सडक (नयाँ ट्र्याक खोल्ने — ३.५ कि.मि.)

७७.बाँसखर्कका साविक वडा नं. १,२,३ र ४ मा खानेपानी समस्या समाधान

७८.बाँसखर्क वडा कार्यालय - मालगाड - सिमेल्टेचौर - नागी सडक (स्तरोउन्नति २३ कि. मि.)

७९.बाँसखर्क- म्याग्दी अन्नपूर्ण-८ महभिर मोटर बाटो निर्माण (स्तरोउन्नति ५ की. मी.)

८०.साउलाउनि - जनज्योती मोटर बाटो मर्मत (स्तरोउन्नति २ कि. मि.)

८१.ब्राहीनी खेल मैदान - सिस्नारा मोटर बाटो निर्माण (स्तरोउन्नति २ कि. मि.)

८२.साम्मारे - बाँसखर्क मोटर बाटो (स्तरोउन्नति ३ कि. मि.) गोरेटो बाटो (पैदल मार्ग)

८३.घुमाउने ताल - ल्यासी -साउलाउनि - गुरुङ डाँडा — चिनाखेत- माल्काम गोरेटो (६ की. मी.)

८४.बजार मारे -हस्पीटल -डाइनिङ्ग हल- वडा कार्यालय गोरेटो बाटो निर्माण (२ की. मी.)

८५.विरमारे- सिरेन -तल्लो गाउँ - उपल्लो गाउँ - एकराते - माल्गाउँ गोरेटो बाटो निर्माण (३ की. मी.)

८६.ओख्ले - साउलाउनी — चिनाखेत- माल्गाउँ गोरेटो बाटो निर्माण (१ की. मी.)

**ड. जलस्रोत विद्युत् तथा वैकल्पिक ऊर्जा**

८७.विद्युत् लाइनमा केवल तार प्रयोग गरी १२ मिटरको पोल फेर्ने

**ढ. सूचना सञ्चार प्रविधि**

८८.ओख्ले टोल विकास समितिमा सूचना प्रविधि लगायत जिन्सी सामाग्रीहरूको व्यवस्थापन

**वन वातावरण तथा विपद् व्यवस्थापन**

**ण. वन तथा जैविक विविधता**

८९.सामुदायिक वनमा फलफूल खेती प्रवर्द्धन

९०.वन-जङ्गलमा अग्नि रेखा निर्माण (१० वटा)

९१.बाँदर नियन्त्रण कार्यक्रम

**त. भूसंरक्षण तथा जलाधार व्यवस्थापन**

९२.जुके पानी मूल संरक्षण

९३.पदिरा मुल संरक्षण

९४.सिस्नेखाल्टी मूल संरक्षण

९५.थिरजरा मूल संरक्षण

९६.ओखरवोट मूल संरक्षण

९७.ओख्ले मूल संरक्षण

९८.खरिवोट मूल संरक्षण

९९.मालगाउँ मदिरा मूल संरक्षण

१००. घोप्टेखोला मूल संरक्षण

१०१. प्लास्टिक पोखरी १५० वटा

१०२. रिचार्ज पोखरी ३ वटा

१०३. बराइनी पहिरो नियन्त्रण तथा बर्खे भेल व्यवस्थापन कार्यक्रम

१०४. कालीगण्डकी नदी तटबन्ध (२ कि.मि )

१०५. देउराली प्रा. वि. भवन स्थानान्तरण

१०६. ज्योती मण्डल मा. वि. मा पहिलो नियन्त्रण तथा खेल मैदान संरक्षण

१०७. एकराते पाखोको ढुङ्गा व्यवस्थापन (फोर्ने कार्यक्रम)

१०८. छहरो खोलामा तारे बन्धन

१०९. सिस्नारा पहिरो नियन्त्रण

**थ. वातावरण तथा फोहोर मैला व्यवस्थापन**

११०. कम्पोस्ट मल उत्पादन केन्द्र स्थापना तथा सञ्चालन

१११. वडा कार्यालयमा सार्वजनिक शौचालय निर्माण

११२. सामुदायिक वनमा फलफूल प्रवर्द्धन

११३. वन जङ्गलमा अग्नि रेखा निर्माण गरी १० वटा बन्दर नियन्त्रण निर्माण गर्ने

११४. फोहर मैला सङ्कलनका लागि ट्याक्टर व्यवस्थापन

११५. फोहर मैला प्रशोधनका लागि आधुनिक मेशिन खरिद तथा सञ्चालन

११६. टोल विकास समितिको सहकार्यमा हरेक टोलमा डस्टबिन वितरण तथा व्यवस्थापन

**द. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता**

११७. वर्षाको भेल नियन्त्रण योजना साबिक सबै वडा

११८. कालीगण्डकी नदी तटबन्ध कार्यक्रम

११९. एकराते पाखोको ढुङ्गा व्यवस्थापन

# वडा नं. — २

**आर्थिक विकास**

**क. कृषि**

१. वडा कार्यालयबाटै मल/बीउ वितरणको प्रबन्ध मिलाउने

२. बाँदर समस्या समाधान कार्यक्रम

३. बनमारा -नीलो हनुमान् अतिक्रमण नियन्त्रण कार्यक्रम

४. सुन्तला, मेवा, कागती, कि वी, दाँते ओखर, केरा, लिची, आँप, अम्बा तथा एभोकाडो खेती प्रवर्द्धन कार्यक्रम

**ख. पशुपक्षी**

५. वध शाला स्थापना तथा सञ्चालन (साबिकको वडा नं. ६)

**ग. सिँचाई**

६. नेहरपानी - साम्भारे शाखा कुलो निर्माण (१ कि. मि.)

७. कालीगण्डकी - बगरफाँट - कालिवेसी — माँझफाँट- रखाले लिफ्टिङ सिँचाइ आयोजना (३ कि. मि.)

८. सिँचाइ मर्मत सम्भार

क) चौराह -पानसिने -बिमिराबोट (१.५ कि. मि)

ख) कालमोड़ा -नेपाने (१ कि. मि.)

ग) दत्ते- पहरेपात्ले - साम्मारे - सल्यान (७ कि. मि.)

९. खेहले - ओखरबोट नाली निर्माण (१.५ कि. मि.)

१०.भिमपाइले- विमिराबोट सामुदायिक सिँचाइ (१ कि. मि.)

११.मल्लाज - पुङ्दी खोला सिँचाई आयोजनाको शाखा कुलो निर्माण

**घ. पर्यटन संस्कृति तथा सम्पदा**

१२.रक-क्लाइम्बिङ सम्भाव्यता अध्ययन

१३.पूर्ण गाउँको बराह ताल संरक्षण

क) क्रिया घर

ख) विमिराबोट - १

ग) नेहारपानी - १

घ) चोराहा -१

ङ) बगरफाँट -१

च) बगरफाँटमा सिद्ध बाबा मन्दिर निर्माण

१४.पर्यटकीय पद मार्ग

क) बगर- माझफाँट -रखाल बिसौना

ख) पूर्णगाउँ -ओखरबोट -फलामेडाँडा -नागी

ग) पूर्णगाउँ -ओखरबोट -फलामेडाँडा -जलजला

घ) राम मन्दिर -बराह ताल — पूर्ण गाउँ

१५.राम मन्दिर संरक्षण कार्यक्रम

१६.बराह ताल संरक्षण कार्यक्रम

**सामाजिक विकास**

**ङ. स्वास्थ्य तथा पोषण**

१७.आधारभूत स्वास्थ्यचौकीमा ल्याब व्यवस्था (जलजला -२)

१८.स्वास्थ्य सेवा भवन निर्माण — खाल्टो

१९.योग केन्द्र सञ्चालन

**च. शिक्षा विज्ञान तथा नव प्रवर्तन**

२०.कल्यान आ. वि. भवन तार वार तथा खेल मैदान निर्माण

२१.प्रविधि मैत्री विद्यालय कार्यक्रम

२२.विद्यालयमा दरबन्दी थप तथा दरबन्दी मिलान कार्यक्रम

२३.सिद्ध बाबा आ. वि. को स्वीकृति तथा भवन एवं शौचालय मर्मत/निर्माण

**छ. खानेपानी तथा सरसफाइ**

२४.विन्ध्यवासिनी आ. वि. मा खानेपानी, शौचालय र खेल मैदान व्यवस्थापन तथा पहिरो नियन्त्रण कार्यक्रम

२५.समाज कल्याण आ.वि.मा खानेपानी, शौचालय र खेल मैदान व्यवस्थापन तथा जग्गा व्यवस्थापन कार्यक्रम

**ज. महिला बालबालिका तथा लक्षित वर्ग**

२६.आमा समूह भवन -

२७.गैरी टोल (साबिक वडा नं. ६ को बीचमा) — १

२८.ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र (२ वटा)

२९.साबिक वडा नं. ८ मा -१

३०.साबिक वडा नं. ९ मा — १

३१.बगर आमा समूह भवनको भान्सा निर्माण

३२.महिलालाई पञ्चे बाजा (सिकाउने) प्रशिक्षण तथा बाजा संरक्षण कार्यक्रम

३३.आरन सुधार कार्यक्रम

३४.दलित बस्तीका सिलाइ कटाई तालिम तथा उपकरण सहायता कार्यक्रम

३५.दलित महिला प्रौढ शिक्षा कार्यक्रम

३६.दलित परिवारलाई बाखा पालन सहायता कार्यक्रम

३७.महिला उद्घोषण (सार्वजनिक समारोहमा प्रस्तुति सशक्तीकरण तालिम) प्रशिक्षण कार्यक्रम

३८.महिला/घरेलु हिंसा न्यूनीकरणका लागि मादक पदार्थ सेवन तथा बिक्री नियन्त्रण कार्यक्रम

**झ. युवा तथा खेलकुद**

३९.सिद्ध बाबा युवा क्लबको शौचालय निर्माण तथा खानेपानी व्यवस्थापन

४०.वास्केट बल/ भलिबल कोर्ट निर्माण (२ वटा)

४१.बगर फाँट-खेल मैदान निर्माण

४२.वडा नं.१,२,३ र ४ को संयुक्त कभर्डहल निर्माण

४३.युवाको आचरण सुधार कार्यक्रम

४४.लागू पदार्थ सेवन तथा दुर्व्यसनी नियन्त्रण अभियान

४५.बहुउद्देश्यीय उद्यान निर्माण

**भौतिक पूर्वाधार**

**ञ. सडक पुल तथा यातायात**

४६.सडक पिच / स्तर उन्नति

क) बगर - गौरेटे - रातमाटा- शिवालय (४ कि. मी.)

ख) बगर -गौरेटे — खाल्टी (५ कि. मि.)

ग) वडा कार्यालय जाने बाटो (५०० मि.)

घ) स्याल पुला - राता ढुङ्गा - नेहरपानी (२ कि .मि.)

ङ) स्यामबारे -बाँसखर्क (४ कि. मी.)

च) स्यालदुला - रहल बिसौना — पूर्ण गाउँ- ओखर बोट -धर्मशाला (६ कि. मि.)

छ) नेपाले बरबुटा -काभ्राबोट- खाल्टी (१.५ कि. मि.)

ज) खाल्टी -नेपाने (१ कि. मि.)

झ) शिवालय -बिमिराबोट (५०० मि.)

४७.साउँले गौंडा - रातो ढुङ्गा (ट्र्याक खोल्ने)

४८.बिमिरो बोट - उपल्लो बाटो (टयाक खोल्ने)

४९.गोरेटो बाटो

क) बगर- डिल फाँट विन्दवासिनी (४ कि. मि.)

ख) दह पिपलबोट - नेपाने (१ कि. मि.)

**ट. जलस्रोत विद्युत् वैकल्पिक ऊर्जा**

५०.सडक सौर्य बत्ती कार्यक्रम

५१.वायु ऊर्जा सम्भाव्यता अध्ययन

५२.बगरमा २१ वटा हाइ टेन्सन पोल व्यवस्थापन (सार्ने)

**ठ. सूचना सञ्चार प्रविधि**

५३.फाइबर नेट विस्तार कार्यक्रम

**वन वातावरण तथा विपद् व्यवस्थापन**

**ड. भू संरक्षण तथा जलाधार व्यवस्थापन**

५४.विन्दवासिनी विद्यालय मुनिको मोटर बाटोमा ग्याविन वाल निर्माण (६० मिटर)

५५.लोप्रेको पहिरो संरक्षण कार्यक्रम

५६.मूल संरक्षण

क) ढाँडखर्क मूल

ख) नेहारपाने मूल

ग) चौराह मूल

घ) झाँक्री खोला मूल

ङ) जल्किने मूल

च) पूर्ण गाउँ मूल

**ढ. वातावरण तथा फोहोर मैला व्यवस्थापन**

५७.वडा नं. २, ३ र ४ को संयुक्त ल्याण्डफिल साइट निर्माण

५८.चोक तथा मुख्य सार्वजनिक स्थलमा डस्टविन व्यवस्थापन

# वडा नं. — ३

## आर्थिक विकास

**छ. कृषि तथा पशुपंक्षी**

१. भेटेनेनरीमा कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने

**ज. सिँचाई**

२. पुङदीखोला बास्खर्क मल्लाज सिंचाई  आयोजना मर्मत

३. दत्ते पहेले पात्ले सिंचाई कुलो मर्मत

४. मताको खोलादेखि सिरानघर गैराबारीसम्म सिंचाई कुलो

५. पोखरीदेखि सल्यान डिलफाँटसम्म सिंचाई कुलो व्यवस्थापन गर्ने

६. स्कुलचोकदेखि विद्याज्योती मा.वि.सम्म सिंचाई कुलो व्यवस्थापन

७. हरीको घरदेखि तलको ठाडो सल्यानसम्म सिंचाई कुलो

८. हरीको घरदेखि डिलफाँटसम्म ३०/३० सि. एम.को दुबै सानो नहर व्यवस्थापन गर्ने,

**झ. पर्यटन संस्कृति तथा सम्पदा**

९. आस्ताकला केन्द्र महिला नौमती वाजा संरक्षण गर्नलाई प्रशिक्षण तथा वाजाको व्यवस्था गर्ने

१०.शिवमन्दिरको खोलामा पक्की वाल उठाइ शिवलिङ्ग स्थापना गर्ने

## पूर्वाधार विकासको क्षेत्र

**ञ. वस्ति आवास तथा सार्वजनिक निर्माण**

११.वडा कार्यालय व्यवस्थापन

१२.कालिगण्डकी आमा समुहको अधुरो भवन निर्माण

१३.वारिवेनी प्रहरी चौकीको स्थायी भवन निर्माण

१४.पर्वत बेनीमा ज्येष्ठ नागरिक बिश्राम स्थल निर्माण

१५.कवार्ड हल (आगटारीमा पिकनिक रिसोर्ट)

१६.हटिया भवन व्यवस्थापन गर्ने

१७.गुफाटोल क्रिया घर र शौचालय निर्माण

१८.१८) हेलिप्याड ग्राउन व्यवस्थापन

**ट. सडक पुल तथा यातायात**

१९.बेनी भुर्तुला सडकको भीरको बाटो ढलान
२०.गुफा टोलमा नाली व्यवस्थापन
२१.स्कुलचोकदेखि विध्याज्योती मा. वि. सम्म नाली सहित ढलान बाटो
२२.वेनी बसपार्क देखि प्रहरी चेकपोस्ट सम्म मोटरबाटो ढलान
२३.पिपलचोकदेखि बसपार्कसम्म मोटरबाटो कालोपत्रे
२४.पाउरोटी चोकदेखि जी. सी. भवनसम्म शाखा मोटर बाटो ढलान
२५.शिवमन्दिरदेखि स्यालदुलासम्म मोटरबाटो सोलिङ
२६.पर्वत बेनीदेखी बगरफाँटसम्म मोटर बाटो निर्माण
२७.हटियादेखि हस्पिटलसम्म मोटरबाटो
२८.हटिया सिमल्चोकदेखि चिप्लेढुङ्गासम्म ढलान बाटो
२९.मल्लाजचोकदेखि खानेपानी ट्यांकीसम्म मोटरबाटो कालोपत्रे
३०.कर्ण बहादुरको घरदेखि गैराको कुवासम्म ट्याक्टर बाटो
३१.कोटघरदेखि स्यालदुलासम्म गोरेटो बाटो विस्तार
३२.पोखरिफाँटदेखि रेडक्रसको भवनसम्म गोरेटो बाटो विस्तार
३३.पर्वत बेनीदेखि म्याग्दी बेनी जोडने झोलुङगे पुल मर्मत
३४.वगरफाँटमा अधुरो नाली निर्माण गर्ने
३५.बेनी बजार बसपार्कमा ढलान गरेको ठाँउमा लेवल मिलाउने
३६.जलजला ३ मा विगतमा भएको अधुरा योजनाहरु पुर्ण गर्ने
३७.पुरानो होराइजनदेखि भुर्तुलाको डिलसम्म पदमार्ग
३८.होराइजनदेखि जगत कर्माचार्यको घर हुदै मल्लाज जाने रेलिंग बाटोसम्म गोरेटो बाटो निर्माण
३९.बगरफाटदेखि थापाको डिलसम्म गोरेटो बाटो विस्तार
४०.रंसिंगको धारादेखी खानेपानीको कार्यालयसम्म पैदल बाटो
४१.शिदेश्वर शिवालयदेखि डिलफाँटसम्म गोरेटो बाटो  सिडी ढलान
४२.विध्याज्योती मा. बि. देखि दरिमबोटसम्म गोरेटो बाटो निर्माण
४३.टुनिको बोटदेखि खानेपानी कार्यालयसम्म ढलान बाटो निर्माण
४४.डाडाबारीमा मोटर बाटो विस्तार गर्ने
४५.मल्लाज चोक देखि खानेपानी कार्यालय सम्म नाली पिच गर्ने
४६.मल्लाज चोक देखि खानेपानी कार्यालय सम्म नाली पिच गर्ने
४७.साविक माझफाँट  ३ र ७ का हाल जलजला वडा ३ भित्र रहेका नापी नक्सा अंकितमा छुट भएका पुराना गोरेटो बाटो संरक्षण गर्ने

**ठ. जलस्रोत तथा वैकल्पिक उर्जा**

४८.वडा नं ३ का क्षेत्र भित्र नपुग ठाँउमा विजुली विस्तार गर्ने

४९.बेनि बजार वगरफाट मल्लाजको हटियादेखि सिदेश्वरसम्म पि. भी. सि. तार विस्तार

५०.बेनि कालीपुलदेखि सल्यान डिलफाँटसम्म सोलर बत्ती व्यवस्थापन गर्ने

५१.भुर्तला बारीबेनि सम्म सोलार बत्ति व्यवस्थापन

५२.रन्सेको गरो देखि स्यालदुलास सम्म बस्ति संरक्षणका लागी ब्यबस्थापन

५३.मोटर बाटोमा भएका विजुलीका पोलमा सोलर बत्ती जडान

५४.हटिया देखि सिदेश्वर मन्दिर सम्म सिसि टिभिको व्यवस्थापन

५५.गुफाटोलमा सोलर बतीको व्यवस्था गर्ने

५६.बेनिवजारमा नपुग ठाँउमा सिसि टिभी थप गर्ने

## सामाजिक विकासको क्षेत्र

### ड. स्वास्थ्य तथा पोषण

५७.मल्लाज स्वास्थ्य चौकी ल्याबको व्यवस्था

५८.मल्लाज स्वास्थ्य चौकीमा ल्याबको लागि आवश्यक सामाग्रीको व्यवस्था

### ढ. शिक्षा विज्ञान तथा नवप्रवतन

५९.विध्याज्योती मा.वि.को खेलकुद मैदान निर्माण

६०.वेनी बजार प्रा.वि.को स्तर उन्नति

६१.विध्याज्योती मा.वि को स्तर उन्नति

६२.भगवती कोतमन्दिरको सत्तल र शौचालय निर्माण

६३.विध्याज्योती मा.वि.लाई प्राविधिक शिक्षालय बनाउने

६४.विद्या ज्योति मा. वि.मा इलेक्ट्रोनिक हाजिरीको व्यवस्था गरी प्राविधिक शिक्षा सञ्चालन गर्ने ।

६५.विद्या ज्योती मा. वि. मा बालबालिकाका लागि बगैचा निर्माण

६६.विद्या ज्योती मा.वि. मा नवनिर्मित खेल मैदानलाई ब्यबस्थित वालमैत्री बनाउने

### ण. खानेपानी तथा सरसफाइ

६७.कालीगण्डकीको पानीलाई सिंचाई तथा खानेपानीको लिफ्टिङ योजना

६८.पुङदीखोला मल्लाज खानेपानी व्यवस्थापन गर्ने

६९.कालीपुलदेखि डिलफाँटसम्म रेलिङ बाटोमा खानेपानी व्यवस्थापन,

७०.माटेपानीको पानीको मुहान व्यवस्थापन गरी वितरण गर्ने

७१.पिउसे हम्पर्ने खानेपानी आयोजनालाई पुनः सुचारु गर्ने

७२.पर्वत बेनी खानेपानी आयोजनाको ट्याङकी संरक्षण गर्नलाई आटारी खोलामा नाली व्यवस्थापन

### त. महिला बालबालिका तथा लक्षित वर्ग

७३.कालीगण्डकी आमा समूहको अधुरो भवनको काम पुरा गर्ने

७४.सरस्वती आमा समूहलाई फर्निचर खरिद

७५.एकल महिलाको लागी सिपमुलक तालिम

७६. जेष्ठनागरिकका लागी सत्सङ भवनको व्यवस्थापन

७७. जलजला ३ मा नौमती बाजा व्यवस्थापन

७८. जलजला गाउँपालिकाको वडा नं. १ देखि वडा नं. ५ सम्मको कालीगण्डकी दोवानमा घाट व्यवस्थापन गर्ने

**थ. युवा तथा खेलकुद**

७९. कोतघर खेल मैदान तथा मन्च निर्माण

८०. जुगे धाराको खेदकुद मैदान स्तर उन्नति

८१. हिमशुसेलीयुथ क्लवको भवन निर्माण

८२. महिलाचेतना केन्द्रको भवन निर्माण

८३. वडा कार्यालयदेखि टुनीबुट मुनिसम्म बाटो मर्मत गर्ने

**वन वातावरण तथा विपद् व्यवस्थापन**

**द. भूसंरक्षण तथा जलाधार व्यवस्थापन**

८४. स्यालदुलादेखि सिरानघरसम्म वस्ति संरक्षण गर्नलाई बाढी ब्यबस्थापन योजना

८५. वगरफाँट कालीपुल बारीबेनी बस्ति संरक्षण गर्नका लागि नदी नियन्त्रण योजना

८६. सरकारी वन जङगल सिमान्कन गर्ने

८७. विपद व्यवस्थापन निरिक्षण गरी सवै क्षेत्रमा खोला नाली निश्चित ठाउँबाट छनोट गरी तल बगाउने

८८. बेनि कालीपुल संरक्षणका लागि व्यवस्थापन

८९. जलजला ३ को डाडाबारीमा बस्ती सुरक्षाका लागी तटबन्दन

**ध. वातावरण तथा फोहोरमैला व्यवस्थापन**

९०. जलजला ३ मा फोहरमैला व्यवस्थापन

# वडा नं. — ४

**आर्थिक विकास**

**क. कृषि**

१. कृषकहरूलाई तरकारी खेतीका लागि टनेलको योजना ।

**ख. सिँचाइ**

२. वडा नं २ को सिँचाई नालीबाट ४ सम्म ल्याउनका लागि नाली १५० मिटर ।

३. खिमको घरदेखि सार्वजनिक चौतारासम्मको सिँचाई योजना ।

४. तुसारो पानी वत्तासे सर्हस माय सिँचाई कुलो निर्माण ।

५. गुफाको छहरो देखी प्रेम वि.क.को घर हुँदै घोरेढुंगा सम्म सिँचाई कुलो निर्माण ६०० मि ।

६. लुङ्दी खोला शेर फाँट सिँचाइका लागि कुलाको मुहान निर्माण ।

७. फुर्सेखोला लुग्दी सिँचाई कुलोको मुहान पक्की संरचनाको निर्माण ।

८. बनको कुलो कोलकाटे देखी हिरा लाल बि.क. को घर माथि सम्म पक्की कुलो निर्माण ।

९. कदम को बोट देखी दान बहादुर को गोठ सम्मको लागि पाइप ।

१०.दो बिल्ला लुङ्दी फाँट सिचा२का लागि पक्की कुलो निर्माण ।

११.खोला देखी वनको भवन सम्म गोरेटो बाटो सहित सिँचाई कुलो ८०० मिटर

**ग. पर्यटन संस्कृति तथा सम्पदा**

१२.कजिन्न पन्चैबाजा खरिद ।

१३.जलजला ४ नं वडाको बीचमा रहेको सार्वजनिक चौतारी निर्माण ।

१४.भवानी पानी दधिका सुवेदीको घर देखी बोहरा टोल घोडेटो बाटो स्तर उन्नति १०० मिटर ।

१५.बोहरा टोलको अधुरो रहेको बाटो २ नं वडाको स्कूल सम्म बाटो निर्माण ६० मिटर ।

१६.डुँडको मुखदेखि कजिन्न राता ढुङ्गा सम्म गोरेटो बाटो ५०० मि. ।

१७.लुग्दी स्थित देवस्थान गोरेटो बाटो मन्दिर परिसर तार जाली व्यवस्थापन ।

१८.उपल्लो चिउरी पात्ला भूमेमाथि मन्दिर र चौतारी पुन निर्माण ।

१९.चिउरी पात्ला हुँदै गुफा सम्म मोटर बाटो ।

२०.भर्ती मल खोला तथा भर्ती मल भूमे थान मर्मत तथा संरक्षण

**घ. श्रम रोजगारी सामाजिक सुरक्षा**

२१.श्रम का लागि सहजि करण यान्त्रिक सहरीकरण

## सामाजिक विकास

**ङ. स्वास्थ्य तथा पोषण**

२२.सामुदायिक स्वस्थ चौकी निर्माण

**च. शिक्षा विज्ञान तथा नव प्रवर्तन**

२३.जनसेवा प्रा वि काजीनेरको विद्यालय बाल कक्षा सञ्चालन ।

**छ. खानेपानी तथा सरसफाइ**

२४.एक घर एक धारा पानीको व्यवस्था गर्नु पर्ने

२५.तुसारो पानी वत्तासे खानेपानी मर्मत ।

२६.लुग्दी खानेपानी अभावको दैनिक समस्या समाधानका का लागि स्रोतको व्यवस्था ।

२७.उपल्लो चिउरी पात्ला खानेपानी ट्र्याकको मर्मत ।

२८.वल्लो टोल काली आँप वस्तिमा काने पानी २० घरलाई खाने पानी ।

**ज. युवा तथा खेलकुद**

२९.नव जागरण युवा क्लब भवानी पानीका लागि खेलकुद मैदान निर्माण ।

३०.नुन थलामा खेल मैदान भलिबल मैदान काजिन्ने र चिउरी पात्लामा ।

३१.खेलकुद मैदान निर्माण ।

## भौतिक पूर्वाधार

**झ. वस्ति आवास तथा सार्वजनिक निर्माण**

३२.लामा खेतको लागि अव्यवस्थित बजारी करण व्यवस्थित गरी आवश्यक ढल निकासको बजेट

३३.भवानी पानी हरिको घरदेखि भन् थाना सम्म ढलान सिडि २०० मि ।

३४.पातली दमाईको घरदेखि जीवन मल्लको घर सम्म गोरेटो बाटो

**ञ. सडक पुल तथा यातायात**

३५.लामा खेत पालिका देखी लुग्दी पचभैया हुँदे पाल् सिङ खोला खेत ग्रामीण सडक स्तर उन्नति

३६.फट्के ढुङ्गा देखी कालीगण्डकी घाट सम्म  पक्की गोरेटो बाटो ।

३७.भवानी पानी आ खोला आम्वोट हुँदै वडा कार्यालय सम्म बाटो निर्माण ।

३८.गैर टोल बाट भूपति सुवेदीको दुर्ग बहादुर दमाईको घर सम्म मोटर बाटो निर्माण ।

३९.कमल नेपालीको घरदेखि दधि राम सुवेदीको बाटो को स्तर उन्नति ३०० मि. ।

४०.जिते परियारको घरदेखि वडा नं २ र ४ को सार्वजनिक चौतारासम्मको ग्रामीण सडक योजना

४१.उपल्लो चिउरी पात्लको भूमेमाथि देखी तल्लो चिउरी पात्ला सम्म गोरेटो बाटो निर्माण ।

४२.वडा कार्यालयदेखि सुवेदी टोल हुँदै लेख फाँट मुख्य जोडिने बाटो कालो पत्रे ।

४३.लेख फाँट जाने गोरेटो बाटो देखी जय दमाईको घर सम्म  गोरेटो बाटो ।

४४.उपल्लो भूमे थान हूँदै प्रेम  वि.क.को घर हुँदै  गुफा सम्म गोरेटो बाटो निर्माण ।

४५.तितौरी ट्याकी माथि देखी चिउरी पात्ला विलौने पानी सम्म मोटर बाटो ।

४६.चिउरी पात्ला नन्दे दमाईको घर देखी भन् थाना सम्म मोटर बाटो ।

४७.फट्के ढुङ्गाको स्कूल देखी चिउरी पात्ला सम्म गोरेटो  बाटो ।

४८.चन्द्र वि.क.को घर देखी भन थाना सम्मको गोरेटो बाटो ।

४९.लामा खेत बजारलाई लक्षित गरी तल्लो भागमा बाटोको निकास खोला चक्रपथ ।

५०.क्षेत्र बहादुर हमालको घर देखी ह्याचरी उद्रयो सम्म ढलान बाटो ।

५१.ह्याचरी देखि विनोद हमालको घर सम्म  सानो कृषि सडक ।

**ट. जलस्रोत विद्युत् तथा वैकल्पिक ऊर्जा**

५२.भवानी पानी देखी कजिन्न सम्म ४ लाइन तिन तले देखि लक्ष्मण दमाईको घर सम्म वियुत लाइन ।

५३.सडक बत्ती व्यवस्थापन ।

५४.चिउरी पात्लामा विहृतको पोल सहित ४ लाइन ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

**ठ. भू संरक्षण तथा जलाधार व्यवस्थापन**

५५.कालोमुडा र फटकेढुगा स्कूलको बीचमा रहेको पहिरो रोकथाम जाली  ४० थान ।

५६.माल ढुङ्गा बेनी सडक तथा अन्य जोखिम क्षेत्रका वरिपरि डाले घाँस अन्य वन पैदावार रोपण

५७.विनोद हमाल, कल्पना नेपाली, दुर्गा दमाई, दिप बुढा, लाल मायाको डिल भित्तामा मेसिनरी वाल ।

५८.वन तथा वातावरण संरक्षणको अतिरिक्त कच्चि सडकको तलमाथि वृक्षरोपण ।

५९.कालीगण्डकी प्रभावित क्षेत्रमा तटबन्ध ।

६०.खहरे खोला देखी काली आँप विनोद हमालको घरसम्म तटबन्ध ।

**ड. वातावरण तथा फोहोर मैला व्यवस्थापन**

६१.फोहोर व्यवस्थाकन का लागि डम्पीङ साइट निर्माण ।

# वडा नं. — ५

## आर्थिक विकाससँग सम्बन्धित

**क. कृषि**

१. चिस्यान केन्द्र निर्माण योजना (आलु र सुन्ताला) देउराली अन्यचौर र फलामेडाँडा
२. व्यवसायीक खेती प्रवर्द्धन जलजला ५
३. नर्सरी स्थापना तथा व्यवस्थापन फलामेडाँडा एकछाने
४. बहुउद्देश्यीय फलफूल खेती प्रवर्द्धन
५. जडीबुटी खेती प्रवर्द्धन
६. एक घर ५० वोट सुन्ताला, २० वटा किबी, १० वटा बाख्रा र ५० वटा स्थानीय जातको कुखुरा वडा नं साविक वडा नं १ र ३ रातमाटा
७. एक घर २० किबी, आलु, ५ वटा बाख्रा र ५० वटा कुखुरा वडा नं ५,६,४ र २
८. मौरीपालन विकास कार्यक्रम साविक वडा नं. ३ र ५
९. एक घर एक टनेल कार्यक्रम वडाका सबै भाग

**ख. पशुपालन**

१०. दुध सङ्कलन केन्द्र साविक वडा नं १,५ र ७
११. भैंसीका पाडा पाडी हुर्काउने कार्यक्रम
१२. बाख्रा, भैसी, गाई, कुखुरा फर्म आदीको फर्म विकास कार्यक्रम
१३. पशु सेवा केन्द्र स्थापना साविक ५
१४. दुग्ध उद्योग स्थापना साविक वडा नं ३

**ग. सिँचाई**

१५. घोप्टेखोला सिंचाईं योजना साविक वडा नं ५,६,२
१६. फुर्सेखोला सिद्धेश्वर सिटसबोट सिंचाईं योजना साविक वडा नं ५
१७. सिंचाईं पोखरी निर्माण साविक १ देखि ६ सम्म
१८. पँधेराखोला वारीफाँट सिंचाईं योजना साविक ९
१९. कमेराबोटी टिम्बरवोट सिंचाईं योजना साविक ५
२०. सिंचाईं पोखरी निर्माण कालीमाटी साविक ४ कुवापानी
२१. फर्से गडेंखोला रातमाटा सिंचाईं योजना मर्मत  साविक १,२ र ३ रातमाटा
२२. उपल्लो रोटेपानी सिंचाईं पोखरी साविक २ ढिक

**घ. पर्यटन, संस्कृति तथा सम्पदा**

२३. वारीबेनी मल्लाज दरवार चन्द्रेश्वर शिवालय पैदलमार्ग
२४. देवीस्थान गिद्धेश्वर कुमेस्थान कुवापानी पदमार्ग
२५. फलामेडाडा चरचरे डाँडाकटेरी वनवडे नागी पदमार्ग निर्माण
२६. फलामेडाँडा कालाञ्जर हम्पाल पदमार्ग
२७. पँधेराखोला वनवडे होमस्टे पदमार्ग निर्माण
२८. एक साविक वडा एक पाहुनाघर निर्माण तथा सञ्चालन
२९. तल्लो एकछाने खलहर्ने पञ्चमूल पदमार्ग साविक वडा नं २ र ३
३०. मगर संग्रालय स्थापना साविक वडा नं ७
३१. भजन मण्डली केन्द्र स्थापना साविक ५ गिद्धेश्वर

३२. लोप्रे मालिका प्यारागलाइडिङ अध्ययन वडा नं ७

**ङ. उद्योग व्यापार व्यवसाय आपूर्ति**

३३. किवीको रक्सी उद्योग स्थापना साविक ७ फलामेडाँडा

३४. धासिङग्रे उद्योग व्यवस्थापन साविक ७

३५. जडिबुटी उद्योग स्थापना

३६. फलफूल जुस उद्योग स्थापना साविक १ २ र ३

३७. बाँस निगालोको उद्योग स्थापना

३८. साना तथा घरेलु उद्योग विस्तार साविक ४

**च. श्रम रोजगारी तथा सामाजिक सुरक्षा**

३९. सीप मूलक तथा वैदेशिक रोजगार सम्बन्धी तालिम

४०. कृषि यन्त्र मर्मत संभार तालिम

४१. पशु तथा कृषि तालिम सञ्चालन

४२. शिवालय ज्येष्ठ नागरिक भलाकोसरी केन्द्र स्थापना

**सामाजिक विकास क्षेत्र**

**छ. स्वास्थ्य तथा पोषण**

४३. एम वि.वि एस डक्टर सहित १० सैयाको अस्पताल

४४. सामुदायिक स्वास्थ्य केन्द्रको स्तरउन्नती

४५. स्वास्थ्यचौकी तारवार सहित पर्खला निर्माण साविक ५

४६. गुणस्तरीय ल्याव विस्तार वडा नं ५

४७. गर्भवती सुत्केरी महिलालाई पोषण प्रबर्द्धन कार्यक्रम साविक ५

४८. एम्बुलेन्स सञ्चालन लेकफाँट साविक ५

**ज. शिक्षा विज्ञान तथा नवप्रवतन**

४९. मन्टेश्वरी विद्यालय स्थापना

५०. छात्रवास र यातायात सहितको विद्यालय व्यवस्थापन

५१. आइ सि टी सहितको विद्यालय निर्माण

५२. हिमालय प्रा वि को भवन निर्माण साविक ५

**झ. खानेपानी तथा सरसफाइ**

५३. सबै पानीका मुहानहरु एकिकृत गरी एक घर एक धारा योजना

**ञ. महिला बालबालिका तथा लक्षित बर्ग**

५४. कम्तिमा १०० जना युवा महिलाहरुलाई उद्घोषणा तथा क्षमता विकास तालिम

५५. कम्तिमा १०० जना महिलाहरुलाई सीपमूलक तालिम सञ्चालन

५६. महिला रोग सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन

५७. प्रत्येक साविक वडाहरुमा एक/एक वटा महिला उद्यमशील ब्यबसायहरु सञ्चालन

५८. महिला समुहलाई बाद्य बादनका बाजाहरु सञ्चालन

५९. पञ्चेबाजा प्रबर्द्धन तथा संरक्षण

६०. दलित विकास र आयआर्जनका कार्यक्रमहरु सञ्चालन

६१. महिलाहरुलाई पञ्चेबाजा बजाउने तालिम सञ्चालन

६२. मगर जातीहरुको क्षमता विकास र आयमूलक तथा सीपमूलक तालिम सञ्चालन

**ट. युवा तथा खेलकुद**

६३. लोप्रे फूडवल खेलमैदान मर्मत तथा निर्माण योजना साविक ७

६४. वनवडे बास्केटवल प्यारामिट निर्माण साविक ९
६५. भलिवल ग्राउण्ड निर्माण साविक १,२,३, ५ र ६
६६. ग्रामप्रकाश मा.वि. को ग्राउण्ड पिच र प्याराफिट निर्माण साविक ३
६७. युवा लक्षित रोजगार कार्यक्रम
६८. त्रिशक्ति आमा समुह ग्राउण्ड निर्माण साविक ३

**भौतिक पूर्वाधार विकास**

**ठ. वस्ति आवास तथा सार्वजनिक निर्माण**

६९. एकीकृत वस्ति विकास कार्यक्रम गैरीगाउँ, रातमाटा, पुतली विहान, ठूलोचौर, अन्यचौर, गिद्देश्वर,देउरालीडाँडा, गडेखोला र चिफ्लेटी
७०. रेडक्रस भवन निर्माण साविक १
७१. तल्लो दलित वस्ति आमा समुह भवन निर्माण साविक ३
७२. चिफ्लेटी आमा समुह भवन निर्माण साविक ६
७३. ज्येष्ठ नागरिक सत्संगत भवन निर्माण योजना साविक ५ गिद्धेश्वर
७४. सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण साविक १
७५. प्रगतिशिल युवा क्लव भवन निर्माण साविक १

**ड. सडक पूल तथा यातायात**

७६. मिलनचोक धवलापहरा रातमाटा, देउराली, गहते, गडेखोला अन्यचौर सडक अन्यचौर फलामेडाँडा डाँडाकटेरी वनवडे नाघी सडक स्तरउन्नती
७७. लालुडाँडा सुन्दरीडाँडा कुवापानी सडक साविक ४ र ५
७८. लोप्रे दोवसखोला मोटरेवल पुल निर्माण साविक ७
७९. वनवडे पँधेराखोला मोटरेवल पुल साविक ९
८०. रातमाटा कोटेडाँडा मोटरबाटो स्तरउन्नती साविक १
८१. गैरीगाउँ सिरुवारे कहरे डाँडापात्ले एकछाने ग्रामप्रकाश मोटरबाटो स्तर उन्नती
८२. गिद्धेश्वर कुवापानी सडक स्तर उन्नती
८३. नेक्पाखोला झोलुङ्गे पुल निर्माण साविक ९
८४. आरुवोट छहरा चिफ्लेटी मोटर बाटो निर्माण योजना साविक ६
८५. एकपाटे गहते देउराली सडक साविक ३ र ५
८६. लामापोखरी सिरानचौर रातमाटा सडक स्तरउन्नती साविक १ र ३
८७. फूर्सेखोला पाङग्रेढुङ्गा सडक स्तर उन्नती साविक २
८८. गनपानी पुतलाविहान धाराटा ग्रामीण सडक स्तरउन्नती
८९. जुकेपानी खलधर्ति घोरेटो बाटो निर्माण साविक २
९०. रातमाटा धाइरिङ झोलुङ्गेपुल निर्माण साविक १ र ७
९१. डाँडापात्ले एकछाने देउराली घोरेटो बाटो निर्माण साविक ३
९२. ढोलढुङ्गा नुलेहाउका चिफ्लेटी ठूलाचौर भूमेस्थान घोरेटो बाटो निर्माण साविक ४ ५ र ६
९३. तल्लो पँधेरा हिमालय प्रा वि कुकुर चिहान घोरेटो बाटो निर्माण साविक ९
९४. गैरगाउँ मूलकित्ता ठूलाढुङ्गा घोरेटो बाटो निर्माण साविक ५ ६
९५. दोवानखोला सिमले घोरेटो बाटो निर्माण साविक ७
९६. पहिराको डिल ठाडो सिंडी बाटो निर्माण साविक ४ कुवापानी
९७. उनीउखोरे डाँडाकटेरी वनवडे नागी पदमार्ग निर्माण साविक ७
९८. गहते ढिकुरादेखि शालिजा ढाडा ओडार सम्म पदमार्ग निर्माण

**ढ. जलस्रोत विद्युत तथा वैकल्पिक उर्जा**

९९. एक घर एक सोलार कार्यक्रम विस्तार योजना

**ण. सूचना, सञ्चार र प्रविधि**

१००. फाइवर नेट विस्तार साविक सबै वडा

१०१. कम्प्युटर सम्बन्धी तालिम सञ्चालन युवा लक्षित साविक सबै वडा

**वन वातावरण तथा विपद् व्यवस्थापन**

**त. वन तथा जैविक विविधता**

१०२. एककृत वन विकास वन संरक्षण वन व्यवस्थापन कार्यक्रम

१०३. वन डढेलो लाग्न नदिने र डढेलोले खाएको वनमा वृक्षरोपण गर्ने

**थ. भू-संरक्षण तथा जैविक विविधता**

१०४. एकछाने खलहर्नेदेखि आएको पानीलाई खोलामा मिलाउने साविक ६

१०५. पुतलीविहान बाढी नियन्त्रण साविक १ रातमाटा

**द. वातावरण तथा फोहोरमैला व्यवस्थापन**

१०६. प्रत्येक घर टोल सार्वजनिक संस्था र विद्यालयहरुमा डष्विन राख्ने कार्यक्रम

१०७. फोहोरमैला व्यवस्थापन सम्बन्धी सचेतन मूलक तालिमहरू सञ्चालन ।

**ध. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता**

१०८. रातमाटा पहिरो नियन्त्रण साविक १ रातमाटा

१०९. चिफ्लेटी पहिरो नियन्त्रण साविक ५ र ६

११०. तल्लो पँधेरा पहिरो नियन्त्रण साविक ९

# वडा नं. — ६

**आर्थिक विकास क्षेत्र**

**क. कृषि**

१. कृषि सडकको स्तर उन्नती (ढलान) योजनाः मिलनचोक-धौलापहरा-राहाले-भोटेडाँडा-शालिजा हुँदै जलजला ग्रामीण कृषि सडक स्तर उन्नति (ढलान) ।

२. शालिजाको तल्लोभागमा सुन्ताला चिस्यान केन्द्र निर्माण योजना ।

३. शालिजाको माथिल्लो भागमा आलु चिस्यान केन्द्र निर्माण योजना ।

४. सुन्तालाको फर्म लगायत अन्य तरकारी बालीमा तार वार निर्माण योजना ।

५. गाउँपालिकाबाट कृषि मलको ढुवानी लगायत व्यवस्थाका साथै सुन्ताला,कागती, अंगुर लगायतका फलफूलका बिरुवा वितरण कार्यक्रम ।

६. किसानहरुको पहिचान गरी मौरीका घार वितरण कार्यक्रम ।

७. वडाभित्र बाँदर नियन्त्रण कार्यक्रम सञ्चालन कार्यक्रम ।

**ख. पशुपक्षी**

८. शालिजाको तल्लो भागमा दुध सङ्कलन केन्द्र निर्माण योजना ।

९. हाँस, कुखुरा, (स्थानीय जातको) ४ वटा फर्महरू सञ्चालन कार्यक्रम ।

**ग. सिँचाई**

१०.च्यानकाटे- च्यानडाँडा हुँदै तल्लो डाँड घर ड डुङ्गा सिँचाई योजना ।

११.सिरमुगरादेखि बजेरीसम्म सिँचाई कुलो आयोजना ।

१२.अँधेरी खोला-काउरा वोट सुन्तला सिँचाई योजना ।

१३.रम्रोढुङ्गा-सहेले-ठाडो सिँचाई योजना ।

१४.ठाडो खोला-न्याहाल्नेपाखो-ओडारे हुँदै सल्लाखर्क- घट्टे खोला सिँचाई योजना ।

१५.दिनेशखोर सिँचाई टेकी निर्माण योजना ।

**घ. पर्यटन संस्कृति तथा सम्पदा**

१६.शालिजाको माथिल्लो भागमा ५ वटा पाहुनाघरको स्थापना तथा सञ्चालन कार्यक्रम ।

१७.कालञ्जर लगायत जलजला जाने बाटो र जलजलामा पाहुनाघर सञ्चालन कार्यक्रम ।

१८.दैडाँडा देवीमण्डली, विष्णुधाम भोटेडाँडा, गाम भूमेथान, दिप बराह लगायतका स्थानहरूको संरक्षण र सम् वर्द्धन ।

१९.दलित कुल मन्दिर निर्माण योजना ।

**ङ. उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति**

२०.अल्लो, लोक्ता लगायतका जडीबुटीहरूलाई निश्चित ठाउँ निर्धारण गरी विस्तार गर्ने योजना

२१.कालाञ्चार वनमा विज्ञको सहयोग लिइ गैर-काष्ठ वन पैदावर भित्र पर्ने वनस्पतिहरुको पहिचान गरी उचित संरक्षण सहित प्रशोधन गर्ने कार्यक्रम

२२.शालिजाको माथिल्लो भागमा अलैंची, अम्रिसो, ओखर, अंगुर लगायतका फलफूलका उद्यमहरू सञ्चालन कार्यक्रम

२३.शालिजाको तल्लोभागमा ओलन (दूध), अकबरे खुर्पानी, अदुवा आदिका उद्यमहरू सञ्चलन गर्ने ।

**च. श्रम, रोजगारी सामाजिक सुरक्षा**

२४.कृषि तथा गैर-कृषि क्षेत्रमा ठूला फर्महरुको विस्तार गरी स्थानीय रोजगारीमा बृद्धि गर्ने कार्यक्रम

२५.स्वदेशमा बस्न नचाहाने युवालाई कुन देश जाने हो सो देशमा जाने प्रक्रिया सहित सम्बन्धित देशमा पुगेपछि निर्वाह गर्नुपर्ने कानुनी व्यवस्थामा बारेमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,

## सामाजिक विकास क्षेत्र

**छ. स्वास्थ्य तथा पोषण**

२६.१५सैयाको अस्पताल निर्माण योजना

२७.गर्भवती महिला र सुत्केरी महिला तथा बालबालिकाको पोषणको अवस्था पहिचान गरी आवश्यकता अनुसार पोषणयुक्त खारनेकुराहरुको व्यवस्थापन गर्ने,

२८.सबै घरपरिवारले आफ्नो घर वरीपरी सागपात लगायतका हरियो तरकारी लगाउने योजना,

**ज. शिक्षा विज्ञान तथा नव प्रवर्तन**

२९.समुदायमा आधारित विकास सम्बन्धी अनुसन्धान केन्द्रको स्थापना गर्ने,

३०.शालिजा आधारभुत विद्यालयको ४ कोठे भवन निर्माण योजना

३१.शालिजा मा.वि.को खेल मैदान मर्मत संभार,

३२.जनचेतना प्रा.वि.को ३ कोठे भवन निर्माण र पिउने पानीको धाराको व्यवस्था ।

**झ. खानेपानी तथा सरसफाइ**

३३.बजेरी गाउँमा एक घर एक धारा खानेपानी योजना ।

३४.शालिजा खानेपानी मर्मत तथा सरसफाइ योजना ।

३५.ओखेनी खेल मैदान निर्माण योजना ।

**ञ. महिला बालबालिका तथा लक्षित बर्ग**

३६.महिलाको पाठेघर परीक्षण शिविर सञ्चालन कार्यक्रम ।

३७.१०० जना युवा महिलालाई उद्घोषण तालिम सञ्चालन ।

३८.गर्भवती तथा सुत्केरी महिलाहरुलाई आवश्यक पोषणको व्यवस्था कार्यक्रम ।

३९.महिला लक्षित व्यवसायीक तालिमहरू सञ्चालन कार्यक्रम ।

४०.लैससास परीक्षण तथा कार्य योजना निर्माण कार्यक्रम ।

४१.बालमैत्री स्थानीय शासन सहितका घर, वस्ति तथा विद्यालय निर्माण कार्यक्रम ।

४२.जातीय छुवाछुत अन्त्यको लागि सचेतन मूलक कार्यक्रमहरू सञ्चालन ।

**ट. युवा तथा खेलकुद**

४३.हिमशिखर युवाक्लव खेलकुद मैदान मर्मत तथा संभार

४४.सहेले काब्रावोट खेलकुद मैदान निर्माण योजना

४५.गाम खेलकुद मैदानको स्तर उन्नती गर्ने

## भौतिक पूर्वाधार विकास क्षेत्र

**ठ. वस्ति आवास तथा सार्वजनिक निर्माण**

४६.खरका छाना भएका घरहरु विस्थापित गरी ढुङ्गा वा जस्ता पाता सहितका घरका छानामा परिणत गर्ने योजना

४७.सिर्जनशिल दलित महिला समुहको भवनको मर्मत संभार

४८.स्वारा आमा समुह भवन निर्माण योजना

४९.गाम आमा समुह भवन मर्मत तथा संभार योजना

**ड. सडक पुल तथा यातायात**

५०.गाम, बजेरी, स्वारा, देउरालीसम्म मोटर बाटो निर्माण योजना,

५१.जीप खसेको घुम्तीदेखि काउरावोट भोटेडाँडा पदमार्ग निर्माण योजना,

५२.भुसुने,खोलाखेत, ठोट्नेरी, तारे, सिर्पु कालाञ्चर मोटर बाटो निर्माण योजना,

५३.पातलखर्क खरसुवास ग्रामीण सडक स्तरउन्नती योजना,

५४.चौतारा हुँदै डडुङ्गेसम्म पैदल मार्ग निर्माण योजना,

**ढ. जलस्रोत विद्युत् तथा वैकल्पिक उर्जा**

५५.भोटेडाँडादेखि काब्रावोटसम्म ४ पेज लाइन र ४ पेज लाइन नभएका सबै ठाउँहरुमा ४ पेज लाइनको व्यवस्था गर्ने,

## वन वातावरण तथा विपद् व्यवस्थापन

**ण. वन तथा जैविक विविधता**

५६.गाउँपालिकाको आर्थिक सहयोगमा भोटेडाँडा साविक वडा नं. ४ सामुदायिक वनको संरक्षण

५७.बराय ठूलो पहिरो नियन्त्रण तथा रोकथाम,

**त. भूसंरक्षण तथा जलाधार व्यवस्थापन**

५८.बाढी पहिरो नियन्त्रण गरी वस्ति तथा खेती योग्य जमिनको संरक्षण ।

५९.वडाभित्रका पानीका मूलहरूको संरक्षण गर्ने ।

६०.जलजलाको पानी संरक्षणको लागि प्रदेश सरकारको DPR मा भएको व्यवस्था अनुसारका क्रियाकलापहरू सञ्चालन ।

६१.ग्रामीण सडकका दुबै किनारमा भू-क्षय रोक्ने प्रकृतिका बोट बिरुवाहरू सहितको वृक्षरोपण ।

**थ. वातावरण तथा फोहोर मैला व्यवस्थापन**

६२.कुहिने र नकुहिने फोहोरमैलाको विभाजन गरी कुहिने फोहोरमैलालाई पुनः प्रशोधन गरी प्राङगारिक मल बनाउने,

**द. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता**

६३.दास साविक वडा नं ६ तथा योराय साविक वडा नं.४ लाम्पाटा ठाडो डाँडो साविक वडा नं ३ सम्मको वनको संरक्षण र सम्बर्द्धन गर्ने,

६४.ओखेनी पहिरो नियन्त्रण गर्ने,

६५.बर्षेखर्क पहिरो नियन्त्रण गर्ने

# वडा नं. — ७

**आर्थिक विकास क्षेत्र**

**क. कृषि**

१) तरकारी सङ्कलन केन्द्र स्थापना वडा साविक २,४,५, ७ र ८

२) चिस्यान केन्द्र ४ र ७

३) गाउँपालिकाबाट तरकारी तथा फलफूलको बजार व्यवस्थापन

४) गाउँपालिकाबाट किसानलाई बीउ बिजन तथा मलको व्यवस्थापन

५) कृषि बजारीकरण तथा यान्त्रीकरणको व्यवस्थापन (यान्त्रीक हलो,थ्रेसर मेशिन, कुटनपिसन मिल)

६) बाँदर नियन्त्रण योजना

७) सामुहिक खेती प्रणालीको विकास, सहकारीकरण र रोजगार निर्माण

८) माटो परीक्षण गरी माटो सुहाउँदो खेतीवालीको व्यवस्थापन

९) कृषक पेन्सनको पहल

१०)व्यवसायिक कृषि तालिमहरुको आयोजना

**ख. पशुपंक्षी**

११)दुग्ध सङ्कलन केन्द्र सल्यान र गुण्टेखेत

१२)लोकल कुखुरा र कालीज फारम गुण्टेखेत

१३)बाखापालन लालुङ र धारापानी

१४)नश्ल सुधारका लागि उन्नतजातका पशुहरुको व्यवस्था

**ग. सिंचाई**

१५)शाखा सिंचाईं पाइप मार्फत घाखेत र किराको खोर

१६)पाइप सिंचाईं योजना साविक ९

१७)घुम्तीखेत सिंचाईं योजना (बडिकुलो मूल) खानीगाउँ र सिरवारे

१८)पाइप सिचाईं किराको खोर र घाखेत

१९)पाइप सिंचाईं लालुङ

२०)राम्चे सिंचाईं योजना सल्यान ४

२१)बाँसकोट पानी बाङ्नेदेखि १४ मुरी हुँदै तल्लो खेत कुलो निर्माण योजना

२२)कुलौंचे सिंचाईं पोखरी

२३)केरावारी कदमबारी सम्मको सिंचाईं योजना

२४)सिंचाईंपोखरी धारापानी साविक ८

२५)ताङभाङ रामचारे सिंचाईं पोखरी

२६)कलैचे ठूलास्वारा थोपा सिंचाईं योजना

२७)सिंचाईं योजना लस्ती

२८)छेडाखानी गाउँ सिंचाईं योजना

२९)किराको खोर घाखेत सिंचाईं योजना

३०)अम्लाप सिंचाईं योजना

३१)सल्यान पाँचमुरे सिंचाईं योजना

३२)सिंचाईंपोखरी धारापानी ८

**घ. पर्यटन संस्कृति तथा सम्पदना**

३३)मिलन चोक भूमे थान जलजला केवल कारको सर्भे गर्ने योजना

३४)बाँसकोट रानीचौर धारापानी माटेडाँडा गुण्टेखेत धौलापहरा झोलुङ्गेपुल

३५)मिलनचोक सुनेचौर मोटरेवल पुल

३६)सल्यान राम्चे दोवियाडाँडा झोलुङ्गेपुल

३७)भूमेथान शिवालय देवालय वराह देउराली सिद्धको थान हम्पाल कालञ्जर पैदल मार्ग

३८)धाइरेनी देवी मन्दिर संरक्षण रामकुना शिव मन्दिर संरक्षण

३९)शिव गणेश मन्दिर तारवार बाँसकोट

४०)मिलनचोक सल्यान गुण्टेखेत धारापानी भूमेथान देउराली लालुङ पदमार्ग निर्माण

४१)डाँडाफिर्के वनभोज स्थल निर्माण योजना

४२)गौशला व्यवस्थापन योजना

४३)समीसारे भगवती मन्दिर तारवार तथा पर्खाल

४४)भेडावारी शिवालय मन्दिर तारवार तथा पर्खाल निर्माण

४५)देवीडाँडा मन्दिर संरक्षण योजना

४६)लिङ्गोगाडे पर्यटन क्षेत्र विकास योजना

४७)बाँसकोट फोक्सिङ्ग र बाँसकोट डिही झोलुङ्गे पुल निर्माण योजना

४८)धाइरिङ रत्नेचौर मोटरेवल पुल निर्माण योजना

४९)शंकरचार्य मन्दिर संरक्षण रामकुना

५०)शिवालय मन्दिर संरक्षण बाँसकोट

५१)देवी मन्दिर संरक्षण किराको खोर

५२)मार्कण्डेघाट सल्यान गुण्टेखेत वडा कार्यालय गौशला भूमेथान लिङ्गे गोरेटो बाटो

५३)लस्ति बाँसकोट गौशला गोरेटो बाटो निर्माण

५४)ज्योती प्रा.वि. डाँडा – रातमाटा कृष्णभवन गोरेटो बाटो निर्माण योजन

५५)बाहुन क्षेत्री भजन किर्तन सामाग्री खरिद योजना

५६)नौमती बाजा खरिद तथा व्यवस्थापन

५७)मगरभषा र पञ्चेबाजा खरिद योजना

५८)होमस्टे (पाहुनाघर) खानीगाउँ र धारापानी

५९)सेतेपानी भूमेथान गोरेटो बाटो निर्माण योजना

६०)फोक्सिङ बास्कोट गोरेटो बाटो निर्माण

६१)चिसापानी आठाङ्गे गोरेटो बाटो निर्माण योजना

६२)घुम्ति भुरेलो लोहोसे अम्लाय गोरेटो बाटो

६३)ताङमाङ खानीगाउँ कृष्णभवन गोरेटो बाटो

६४)साहुटोल डरकाडे कृष्णभवन गोरेटो बाटो निर्माण योजना

६५)ल्होसेदेखि सल्यान दलित वस्ति जोड्ने गोरेटो बाटो

६६)हेल्थपोष्टदेखि अम्लाएसम्म गोरेटो बाटो निर्माण सल्यान

६७)खौलादेखि वराहसम्म गोरेटे बाटो निर्माण योजना

६८)धारापानी घोढुङ्गा ज्योती प्रा.वि. बाटो निर्माण

**ङ. उद्योग व्यापार व्यवसाय आपूर्ति**

६९)बाँस निगालोको उद्योग

७०)फर्निचर उद्योग

**च. श्रम रोजगारी सामाजिक सुरक्षा**

७१)महिला पुरुष बीच ज्यलामा समानता कायम गर्ने बारेमा अभिमुखिकरण

७२)स्थानीय रोजगारको लागि युवालाई तालिम

७३)वैदेशिक रोजगारमा जाने युवालाई वैदेशिक रोजगार तथा सीपमूलक तालिम

७४)बाल उद्यान केन्द्रको स्थापना घाखेत र धारापानी

७५)ज्येष्ठ नागरिक सेवा केन्द्र वराहक्षेत्र

७६)उद्यमशिल महिला भवन निर्माण

**सामाजिक विकास**

**छ. स्वास्थ्य तथा पोषण**

७७)महिला तथा ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण शिविर सञ्चालन

७८)खोप केन्द्र सञ्चालनको लागि छुट्टै कोठा निर्माण योजना

७९)मिलनचोक स्वास्थ्य इकाईको स्थापना

८०)गाउँघर क्लिनिक चलाउन कोठा निर्माण लस्ती

८१)स्वास्थ्यचौकीमा स्वच्छ खानेपानीको व्यवस्था गर्ने योजना

८२)सुत्केरी भेटघाट कार्यक्रमलाई थप प्रभावकारी बनाउने

८३)गर्भवती महिला सुत्केरी महिला र बालबालिकाको पोषणको वितरण गर्ने

८४)१० सैयाको अस्पताल निर्माण योजना

८५)स्वास्थ्य इकाईको भवन निर्माण योजना

८६)स्वास्थ्य विमा कार्यक्रम सञ्चालन योजना

**ज. शिक्षा विज्ञान तथा नवप्रवतन**

८७)भूमे प्रा.वि. र ज्योती प्रा.वि. भवन मर्मत साविक ९

८८)घर विद्यालय र समुदायमा बालमैत्री स्थानीय शासन सहितको कार्यक्रम

८९)तल्लो र माथिल्लो धाइरिङमा १/१ वटा नमूना विद्यालयको स्थापना तथा सञ्चालन

९०)श्रीकृष्ण मा.वि. धाइरिङमा कृषि विषय थप गरी सञ्चालन गर्ने

९१)एक विद्यालय एक युवोर्डको व्यवस्था गर्ने

९२)श्री फर्से प्रा.वि खेलमैदान निर्माण योजना

९३)कृष्ण भवन मा.वि., अम्मर प्रा .वि. तारवार योजना

९४)भूमे प्रा.वि. मा ४ कोठे भवन निर्माण योजना

९५)ज्योती प्रा.वि. मा २ कोठे भवन निर्माण योजना

९६)सबै विद्यालयहरुमा स्माटबोडेको सञ्चालन

**झ. खानेपानी तथा सरसफाई**

९७)वडामा एक घर एक धारा कार्यक्रम सञ्चालन गर्ने

९८)चौरासी धारा मर्मत संभार योजना

९९)मिलनचोक खानेपानी मर्मत योजना

१००) बाँसकोट डिहीको कुवा मर्मत योजना

१०१) कालाकुवा मिलनचोक खानेपानी योजना

१०२) शेरेपानी, आङ्गेपानी गौंडा कुवा संरक्षण योजना

१०३) भवानी पूजे रात्माटा खानेपानी योजना साविक ८

१०४) धारापानी मूल व्यवस्थापन साविक ८

१०५) ठोट्नेरी झप्रेनी खानेपानी योजना गुण्टेखेत, सल्यान र किराको खोर

१०६) पूजारेखोला खानेपानी निर्माण योजना

१०७) चौरासी धारा खानेपानी मर्मत योजना

१०८) साउनेपानी खानेपानी मर्मत योजना

१०९) महबीर खानेपानी मर्मत योजना महबीर बाझखर्क

११०) पूर्जाखोला बाँसकोट खानेपानी मर्मत योजना

१११) भुसुने सल्यान खानेपानी योजना

११२) सुनभीर किराको खोर खानेपानी योजना

११३) जुकेपानी भेडाबारी खानेपानी योजना

११४) ठोट्नेरी झप्रेनी गुण्टेखेत सल्यान खानेपानी मर्मत योजना

११५) लस्ती खानेपानी योजना

११६) बाँझखर्क सिरवारे देउराली खानेपानी योजना

११७) कुलबाझ गुण्टाखेत खानेपानी योजना मर्मत

**ञ. महिला बालबालिका तथा लक्षित बर्ग**

११८) कम्तीमा १०० जना महिलालाई उद्घोषण  तथा क्षमता विकास सम्बन्धी तालिम

११९) महिलाको पाठेघर परीक्षण सिविर सञ्चालन कार्यक्रम

१२०) महिला सीपमूलक तालिम

१२१) लोकसेवा आयोग तयारी कक्षा सञ्चालन

१२२) लक्षित बर्गलाई सशक्तिकरण सम्बन्धी तालिम

१२३) छुवाछुत निरुत्साहित तालिम

१२४) उद्यमशिल महिला भवन निर्माण योजना

१२५) सहनशिल आमा समुह भवन निर्माण योजना

१२६) गुण्टेखेत माछापुच्छ्रे, भूमेवराह, बराह आमा, बाँसकोट पशुपति, सल्यान उन्नतीशिल, आमा समुह, जनजागृत आमा समुह लुङ्गदीखोला आमा समुह को भवनहरु निर्माण योजना

**ट. युवा तथा खेलकुद**

१२७) खेलमैदान निर्माण धारापानी, तल्लो स्वाँरा, घाखेत, गुण्टेखेत, सल्यान बाँसकोट, मिलनचोक,लस्ती

१२८) जनजागृती युवाक्लवको खेलमैदान निर्माण सल्लेरी, दाउरामारे

१२९) राष्ट्रिय खेलाडीका लागि प्रोत्सहान कार्यक्रम

१३०) मिलनचोक कवर्डहल निर्माण योजना

१३१) खेलमैदान निर्माण ठूलास्वाँरा

१३२) डाँफे युवाक्लव भवन तथा खेलमैदान निर्माण

१३३) गुण्टेखेत खेलमैदान निर्माण

१३४) दाउरामारे खेलमैदान निर्माण

१३५) सिर्जनशिल युवाक्लव खेलमैदान निर्माण

१३६) बाँसकोट युवाक्लव खेलमैदान निर्माण

१३७) मिलनचोक फूटवल मैदान निर्माण

१३८) युवा लक्षित सीपमूलक तालिमहरु

## भौतिक पूर्वाधार

**ठ. वस्ति आवास तथा सार्वजनिक निर्माण**

१३९) किराको खोर वस्ति स्थान्नतरण योजना साविक ३

१४०) खानीगाउँ, बाँसकोट वस्ति स्थानन्तरण साविक २,४ र ५

१४१) लस्ति, बाँसकोट, घाखेत, किराको खोर, धारापानी, ठूलास्वाँरा, सल्यान, भेडाबारी, मिलनचोक, प्रतिक्षालय निर्माण

**ड. सडक पुल तथा यातायात**

१४२) लस्ति-बाँसकोट- गौशला मोटरबाटो कालोपत्रे

१४३) मिलनचोक-सल्यान- गुण्टेखेत- धर्मपानी हुँदै भूमेथान कालोपत्रे

१४४) धारापानी-ठोट्नेरी- कालोपत्रे

१४५) लस्ति बाँसकोट हुँदै गौशला जाने ग्रामीण सडक कालोपत्रे कार्यक्रम

१४६) मिलनचोक-सल्यान-घाखेत- ठोट्नेरी प्रदेश नमूना सडकलाई सम्पन्न गर्ने

१४७) ताङमाङ खानीगाउँ गौशला सडक कालोपत्रे

१४८) गुण्टेखेत धारापानी ठोट्नेरी सडक कालोपत्रे
१४९) ओखलढुङ्गाडाँडा भूमेथान सानीदेउराली सडक स्तरउन्नती
१५०) देउराली बगालेटोल ग्रामीण सडक स्तर उन्नती
१५१) अम्लाए मोटरबाटो निर्माण योजना
१५२) कैलैचे निमेकी ठोट्नेरी मोटरबाटो स्तरउन्नती
१५३) वडा कार्यालय खानीगाउँ ग्रामीण सडक स्तरउन्नती
१५४) मुसेपानी रोटेपानी तथा लस्ती फोक्सि बनौ ग्रामीण सडक निर्माण
१५५) रामकुना- दोविल्ला मोटरबाटो निर्माण
१५६) घुम्ती दविसे महान्ते केराबारी मोटरबाटो
१५७) खोटेचौतारी तल्लाचौर ग्रामीण सडक निर्माण योजना
१५८) वडा कार्यालय घाखेत तल्लो वस्ति ग्रामीण सडक निर्माण योजना
१५९) सूचना संचार प्रविधि

**ढ. जलस्रोत विद्युत तथा वैकल्पीक उर्जा**

१६०) मिलनचोक गौशला घाखेत गुण्टेखेत सल्यान सडक बत्ति व्यवस्थापन

**वन वातावरण तथा विपद् व्यवस्थापन**

**ण. वन तथा जैविक विविधता**

१६१) गैर-काष्ठ वन पैदावरको पहिचान गरी जडिबुटी पहाचान सहित प्रवर्द्धन गर्ने

**त. भू-संरक्षण तथा जलाधार व्यवस्थापन**

१६२) सल्यान पहिरो नियन्त्रण साविक ३ र ४
१६३) बाँसकोट छहरा खोला बाढी नियन्त्रण साविक २ र ३
१६४) बाँसकोट डिहीको पहिरो नियन्तरण
१६५) चिसापानी रुपेन धारापानी पहिरो नियन्त्रण साविक ८ र ९
१६६) गुण्टेखेत रातमाटा सरस्वती प्रा.वि पहिरो नियन्त्रण साविक ८
१६७) वडा कार्यालय पहिरो नियन्त्रण वडा नं साविक ७
१६८) खानीगाउँ पहिरो नियन्तरण वडा नं १ र ६

**थ. वातावरण तथा फोहोरमैला व्यवस्थापनः**

१६९) घर वस्ती विद्यालय लगायत अन्य सार्वजनिक ठाउँहरुमा एक/एक वटा डष्वीनहरु व्यवस्थापन गर्ने

**द. विपद् जोखिम न्युनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता**

१७०) विपद् नियन्त्रणको लागि कम्मल, पाल,गैंची, बेल्चा, डोरी, गल, टोपी लगायतका सामाग्रीहरुको व्यवस्थापन
१७१) प्रत्येक टोलमा सूचना प्रवाहको लागि अर्थिङ्गको व्यवस्था गर्ने

# वडा नं. — ८

**आर्थिक विकास**

**क. कृषि**

१. कृषि ठाडो टोल विकास संस्थालाई अनुदानमा उन्नत जातका भैंसी डेरी पाउरोटी मेसिन वितरण

२. बास्कोटा कुमाले खोरिया कृषि तथा पशुपालन फर्म  सिँचाइ पाइप कुलो मर्मत थोपो सिँचाइ
३. कृषकलाई मल बीउ  विषादी र कृषि बिमा
४. कृषकलाई मल बीउ  विषादी र कृषि बिमा
५. नगदे बाली र तरकारी का लागी बीउ विजन विवादी मा ७५ प्रतिशत अनुदान
६. जनता प्रगति टोल संस्थालाई पशुपालन तथा कृषि पेसा गर्न रकम विनियोजन
७. नियम अनुसार दर्ता गरी सञ्चालनमा रहेका कृषकहरूलाई सोही अनुसारको तालीम
८. क्लेश वर मजुवा टोल विकास संस्थालाई कृषि पशुपालन
९. सिँचाइ पोखरी लुप राङ
१०. नगदे बाली र तरकारीको बीउ वजन

**ख. पशुपक्षी**

११. दूधको अनुदान भाडा
१२. पशु पक्षी बिमा कार्यक्रम
१३. बाख्रा र कुखुरा पालनका लागी अनुदान

**ग. सिँचाइ**

१४. तल्लो बास् कोट रुम्टो सिँचाइ योजना
१५. बास् कोट घैयावारि सिँचाइ योजना
१६. सिमा छरछरे ओखले दह सिँचाइ योजना
१७. सारडी खोला सिमले सिँचाइ योजना
१८. लस्ती फर्से  ओखले सिँचाइ योजना
१९. फर्से सिँचाइ कुलो
२०. लुवा खेत सिँचाइ
२१. भुतभुते सिँचाइ कुलो डिपिआर
२२. राधाकृष्ण टोल विकास सस्थालाइ ४ इन्चको सिचाइ पाइप
२३. फर्से दह पाले वन सिँचाइ लिप्टिन
२४. रातडाँडा वडारे सिँचाइ योजना
२५. लुवा खेत सिँचाइ कुलो
२६. सिँचाइ पाइप खरिद

**घ. पर्यटन संस्कृति तथा सम्पदा**

२७. माला रानी भ्यु पार्क र कालीका भगवती मन्दिर व्यवस्थापन
२८. फर्सेको शिव मन्दिरमा जाने सिडि र गेट निर्माण
२९. घैयावारि मा मन्दिर निर्माण
३०. कालीका भगवती मन्दिर तरबार तथा व्यवस्थापन
३१. गणेश मन्दिर पर्खाल
३२. धनधान्यस्तर शिव मन्दिर संरक्षण तथा स्तर उन्नति
३३. शालिग्राम बद्ध आश्रम निर्माण

३४. साबिक को ७ मा रहेको शालिग्राम  प्रा.वि. मा संस्कृत पाठशाला स्थापना
३५. शुक्लेश्वर शिव मन्दिर खनीयाघाट को प्रचार प्रसार
३६. भयर थान मन्दिर व्यवस्थापन
३७. लक्ष्मीनारायण मन्दिरको सत्तल निर्माण
३८. घैयावारि भ्यु पार्क निर्माण
३९. नाग्लीवाङ चिनारी म्युजिक भिडियो

**सामाजिक विकास**

**ङ. स्वास्थ्य तथा पोषण**

४०. नाग्लीवाङ स्वास्थ्य चौकी पक्की भवन निर्माण
४१. वडाभित्र १० सैयाको अस्पताल निर्माण
४२. एम्बुलेन्स को नियमित सञ्चालन
४३. ज्येष्ठ नागरिक ६० वर्ष माथिका को निःशुल्क बिमा
४४. सर्ने तथा नसर्ने रोगहरूको बारे जन चेतना मूलक कार्यक्रम
४५. गुणस्तर युक्त ओषधी प्राप्त मात्रमा व्यवस्था गर्ने
४६. लास व्यवस्थापनका लागी डि फ्रिज को व्यवस्था गर्ने
४७. गर्भवती सुत्केरी तथा २ वर्ष मुनीका बालबालिका को पोषण कार्यक्रम

**च. शिक्षा विज्ञान तथा नव प्रवर्तक**

४८. शैक्षिक गुणस्तर सुधार कार्यक्रम
४९. बालबालिकाको लागी खेलकुद तथा मनोरञ्जनका सामग्री
५०. कक्षा कोठाको भुइ ढलान
५१. न्यून आय भएका परिवारका विद्यार्थी लाइ शैक्षिक सामग्री व्यवस्था गर्ने
५२. वडा गत शिक्षा अनुभव आदान प्रदान कार्यक्रम
५३. बाल मैत्री वातावरण मा शिक्षण
५४. विद्यार्थीलाई स्वस्थ सम्बन्धी आवश्यक यन्त्र तथा उपकरण व्यवस्थापन
५५. टाढाका विद्यार्थीलाई छात्रावास को व्यवस्थापन
५६. जनकल्याण मा. वि. मैदान निर्माण

**छ. खानेपानी तथा सरसफाइ**

५७. लुप राङ खानेपानी निर्माण
५८. कोप्चे पानी खा पा विस्तार फर्से गाउ र मजुवा
५९. सारङ्गे खोला मजुवा खानेपानी मर्मत
६०. लस्ती बेर्ने टा खानेपानी विस्तार
६१. यावारि खानेपानी मुहान मर्मत
६२. शिव मा.वि. खानेपानी
६३. फुतफुतले मुहान मर्मत

**ज. युवा तथा खेलकुद**

६४. युवा रोजगार कार्यक्रम

६५. दह चौर खेर मैदान मर्मत

६६. खेल मैदान निर्माण तथा खेलकुद सामग्री

६७. उपल्लो चौर खेल मैदान मर्मत तथा संरक्षण

६८. एक पाटे पीपल बोट खेल मैदान निर्माण तथा तार जाली

६९. लुप राङ खेल मैदान

७०. खनीयाघाट युवा क्लब का लागी खेल मैदान

७१. जनजागृति प्रा.वि. तरबार र खेल मैदान

७२. शिव मा.वि.को खेल मैदान मा स्टेज बनाउने

७३. लस्ती खेल मैदान

## भौतिक पूर्वाधार

### झ. वस्ति आवास तथा सार्वजनिक निर्माण

७४. घैयावारि घिरघिरे डिलको बाटो तार बार

७५. देउराली डाँड मा प्रतीक्षालय निर्माण

७६. आमा समूह र बन को भवन निर्माण

७७. वडा कार्यालय खेल मैदान निर्माण योजना

७८. मादल बजाउने तालीम

७९. तारा प्रा वि भौतिक पूर्वाधार निर्माण

### ञ. सडक पूल तथा यातायात

८०. घिरघिरे सल्लेरी मोटर बाटो मर्मत

८१. सल्लेरी देखी विश्वकर्मा टोल सम्म गोरेटो बाटो मर्मत

८२. बागलुङ नाग्लीवाङ झोलुङ्गे पुल देखी वडारे ज्यामिरे पैदल मार्ग मर्मत तथा लाइट जडान

८३. आरुटेरा टिमुरे देखी पैयुँ पाटा गोरेटो बाटो

८४. लस्ती बेर्नेटा गोरेटो बाटो निर्माण

८५. ठाडो कुलो हुँदै घैयावारि गिरगिरे गोरेटो बाटो निर्माण

८६. शिवालय चौतारी नाग्लीवाङ लुप राङ बनौं सडक कालो पत्रे

८७. देउराली डाँड देखी लकुवा मोटर बाटो

८८. एक पाटे बास् कोट हुदै कुश्मा जोड्ने मोटर बाटो

८९. दमुवा खोला नाग्लीवाङ लुप्राङ सडक कालो पत्रे

९०. साबिकको १ देखी ४ हुँदै लुप राङ गोरेटो बाटो मर्मत

९१. खनीयाघाट नाग्लीवाङ सडक कालो पत्रे

९२. खनीयाघाट देखी वाग्लुङ निरहे मोटरेवल पुल

९३. सविक ७ र ३ जोड्ने मोटरेवल पुल

९४. फर्से देखी वाग्लुङ जोड्ने मोटरेवल पुल

९५. लस्ती र ओख्ले जोड्ने झोलुङ्गे पुल

९६. धनधानेश्वर शिव मन्दिर देखी एक पाटे सम्म मोटर बाटो मर्मत
९७. दुई भवन जोड्ने आकाशे पुल निर्माण जनकल्याण मा बी
९८. कालीगण्डकी नदी घाट जाने बाटो निर्माण
९९. छापाको डिल नेवार हटिया गोरेटो बाटो निर्माण
१००. रात डाड गोरेटो बाटो मर्मत
१०१. शाखा बाटो नाली निर्माण

| वन वातावरण तथा विपद् व्यवस्थापन |
|---|

**ट. वन तथा जैविक विविधता**

१०२. ओसेप रुख कटान कार्यक्रम

**ठ. भूसंरक्षण तथा जलाधार व्यवस्थापन**

१०३. खनीयाघाट देखी लस्ति सम्म कालीगण्डकी मा तटबन्ध
१०४. लस्ति खोला तटबन्ध
१०५. शिव मा बी कालीगण्डकी तटबन्ध
१०६. सात खोल्से मजुवा पहिरो नियन्त्रण
१०७. घैयावारी बस्ती संरक्षण
१०८. मुलाको खोला नियन्त्रण
१०९. बास्कोटा बस्ती संरक्षण
११०. फर्से र खनीयाघाट मा घाट संरक्षण

**ड. विपद् जोखिम न्यून करण र व्यवस्थापन तथा जलवायु उत्पादनशीलता**

१११. टिमुरे आरु कटेरा बस्ती संरक्षण
११२. खनीयाघाट ज्यामिरै फर्से हुँदै लस्ती सम्म पुरानो बाटो संरक्षण
११३. अमला बोट मोटर बाटो संरक्षण
११४. यु रे स का लागी राहत व्यवस्थापन

# वडा नं. — ९

| आर्थिक विकास |
|---|

**(क) कृषि**

१. बनौमा रहेका कृषकहरूलाई कृषिमा आधारित कार्यक्रम
२. आलु भण्डारणका लागि कोलस्टोर निर्माण
३. कृषकहरूलाई मौसमी तथा बेमौसमी खेती सम्बन्धी तालिम

**(ख) पशुपंक्षी**

४. पशुपक्षी, सम्बन्धि तालिम / आधारित कार्यक्रम मौरी पालन सम्बन्धी तालिम

**(ग) सिंचाई**

५. सिँचाई नपुगेको ठाउँहरूमा सिँचाइको कार्यक्रम
६. थोपा सिंचाईको कार्यक्रम

**(घ) पर्यटन, संस्कृति तथा सम्पदा**

७. बनौंमा गोरेटो बाटो/ पैदलमार्ग निर्माण

८. निलिदह सरस्वती मन्दिर निर्माण

९. मणि बराह मन्दिर सभा हल निर्माण

१०. आन्तरिक पर्यटन प्रवर्द्धनका लागि वनभोज स्थल व्यवस्थापन

११. आन्तरिक पर्यटक तथा बाह्य पर्यटकहरू भित्र्याउन आवश्यक पूर्वाधारहरू निर्माण

१२. बाग्लुङ, पर्वत र म्याग्दीको सदरमुकाम दृश्य अवलोकनका लागि पिक्निक स्पोर्टमा भ्यूटावर निर्माण

**(ङ) उद्योग, व्यापार व्यवसाय आपुर्ति**

१३. आलु सङ्कलन तथा चिस्यान केन्द्र मार्फत व्यवसाय

१४. आलुबाट विभिन्न परिकारहरू उत्पादन गर्ने उद्योग/उद्यम

**(च) श्रम रोजगारी सामाजिक सुरक्षा**

१५. युवा तथा श्रमिकहरूका लागि विभिन्न सीप मूलक तालिम कार्यक्रम

१६. स्थानीय रोजगारीको लागि स्थानीय स्रोत र साधनको परिचालन

**सामाजिक विकासतर्फ**

**(छ) स्वास्थ्य तथा पोषण**

१७. बनौं स्वास्थ्य चौकी भवन निर्माण

१८. पूर्ण खोप सुत्केरी महिला तथा विपन्न वर्गका व्यक्तिहरूलाई आवश्यक्ता अनुसार कार्यक्रम

१९. आवश्यक्ता अनुसार स्वास्थ्य शिविर सञ्चालन

२०. विपन्न वर्गका व्यक्तिहरूलाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम

२१. डाँडाखोर स्वास्थ्य इकाईको भवन निर्माण

२२. महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई प्रोत्साहन कार्यक्रम

**(ज) शिक्षा, विज्ञान तथा नवप्रवृतन**

२३. बनौं भित्र रहेका विद्यालयहरूको भौतिक संरचना / आवश्यक्ता अनुसार सुधार तथा निर्माण

२४. बनों मा.वि लाई +2 सम्म सञ्चालन गर्ने बनौं मा.वि लाई कक्षा १० सम्म स्थायी स्वीकृति

२५. बनौं मा. वि चमेनागृह निर्माण

२६. बनौंमा रहेका विद्यालयहरूमा अपुग भएका तहगत र विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन

२७. बनौं मा रहेका बाल विकासको केन्द्रहरूको सुधार

२८. बनौंमा रहेको विद्यालयहरूमा कम्प्युटर विषय सञ्चालन

**(झ) खानेपानी तथा सरसफाइ**

२९. जलजला-९ बनौंमा एक घर एक धारा निर्माण, फोहोर व्यवस्थापनका लागि डस्बिनको व्यवस्था गर्ने

३०. बनौमा रहेका खानेपानीका मुहानहरूको संरक्षण तथा मर्मत

३१. आवश्यकता अनुसारका खानेपानीका पाइपहरू वितरण

**(ञ) महिला बालबालिका तथा लक्षित वर्ग**

३२. मृतक परिवार भेटघाट कार्यक्रम सञ्चालन

३३. आमा समूहका भवनहरू निर्माण

३४. महिलाहरूका लागि क्षमता विकास, उद्घोषण तथा सीप मूलक तालिमहरू सञ्चालन

३५. ज्येष्ठ, अपाङ्ग, विपन्न घर परिवारका लागि सुरक्षा, सम्मान र आय मूलक कार्यक्रमहरू

## पूर्वाधार विकासको क्षेत्र

**(ट) वस्ति आवास तथा सार्वजनिक निर्माण**

३६. जनता आवासका लागि कार्यक्रम

३७. वडा कार्यालय निर्माण व्यवस्थापन

३८. पातल भवन व्यवस्थापन

३९. माग बमोजिम सामुदायिक भवन निर्माण

४०. देउराली र डाडाखोरमा यात्रु प्रतीक्षालय निर्माण

**(ठ) सडक पुल तथा यातायात**

४१. बनौं देउराली डाँड खोर लस्ति सडक कालो पत्रे

४२. बनौं हल जुरे तारे नागी पक्की सडक निर्माण योजना

४३. बनौं देउराली भ्वाङ नाग्लीवाङ सडक कालो पत्रे

४४. बनौं भित्र रहेका शाखा सडकहरूको स्तर उन्नति गरी कालो पत्रे गर्ने

**(ड) जलस्रोत विद्युत तथा वैकल्पिक उर्जा**

४५. बनौं खनडाडादेखि पातलसम्म सौर्य बत्ति निर्माण

४६. अव्यवस्थित तरिकाले गाडिएका विद्युत् पोलहरूलाई व्यवस्थित

४७. सहरीकरण भएका ठाउँहरूमा ABC केवल तार जडान गर्ने

४८. हरेक विद्युत् ट्रान्सफरमरबाट क्रमिक रूपमा थ्रिफ्रेजमा विस्तार गर्दै जाने

**(ढ) सूचना सञ्चार र प्रविधि**

४९. नेपाल टेलीकमको ल्याण्डलाइन फोन सञ्चालन गर्ने

५०. नेपाल टेलिकम/एन सेलको टावर निर्माण गर्ने

## वन वातावरण तथा विपद् व्यवस्थापन

**(ण) वन तथा जैविक विविधता**

५१. खाली वनहरूमा वृक्षारोपण

५२. सामुदायिक वनहरूको काँटछाँट र सरसफाइ

**(त) भू-संरक्षण तथा जलाधार व्यवस्थापन**

५३. लस्ति खोला जेसरामा पहिरो नियन्त्रण

५४. सोली घोप्टेको पहिरो नियन्त्रण

५५. आवश्यकता अनुसार ग्याविन जालीको व्यवस्थापन

**(थ) वातावरण तथा फोहोर मैला व्यवस्थापन**

५६. वडाभित्र प्रत्येक घर परिवार, वस्ति, समुदाय/ सङ्घ संस्था तथा सार्वजनिक स्थानहरूमा एक/एक थान डस्दिन वितरण तथा उपयोग कार्यक्रम

**(द) विपद् जोखिम न्यून करण तथा जलवायु उत्पादनशीलता**

५७. जोखिम युक्त वस्ति तथा ठाउँहरूको पहिचान गरी रोकथामको लागि आवश्यक पहल गर्ने योजना

## संस्थागत विकास तथा सुशासन

५८. संस्थाका अध्यक्ष र सचिवहरूलाई संस्थागत क्षमता विकास र आय आर्जन सम्बन्धी तालिम

५९. विपन्न वर्गका व्यक्तिहरूलाई सुशासन सम्बन्धी तालिम

# परामर्श विज्ञहरू

कृष्ण प्रसाद लम्साल — सल्लाहकार

पुरुषोत्तम खतिवडा — टोली नेता

लिलाधर सुवेदी — सामाजिक विकास विद्

हिरालाल रेग्मी — आर्थिक विकास विद्

श्रीकृष्ण पौडेल — संस्थागत विकास, सुशासन तथा लैससास विद्

नर बहादुर श्रेष्ठ — जिआइएस तथा वातावरण विद्

प्रकाश पौडेल — पूर्वाधार विकास विद्